“पञ्ञा नरान रतन”

# परियत्तिशिक्षा

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

### (कक्षा ९, पञ्चम पत्र)

(प.स.पा. को कोविद मध्यम वर्षको पाठ्य-पुस्तक)

पूर्णाङ्क १००, उत्तीर्णाङ्क ४०

| | |
|---|---|
| १) विश्वमा बुद्धधर्म | - ३५ अंक, १४ घण्टा |
| २) बुद्ध र बुद्धवाद | - ३० अंक, ९ घण्टा |
| ३) दशपारमिता | - ३५ अंक, १५ घण्टा |

Dhamma.Digital

संकलन

**भिक्षु निग्रोध स्थविर**

(सचिव, ने. बौ. शिक्षा परिषद्)

Downloaded from http://dhamma.digital/

"पञ्ञा नरान रतन"

# विश्वमा बुद्धधर्म

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

### (कक्षा ९, पञ्चम पत्र)

विश्वमा बुद्धधर्म प्राप्ताङ्क ३५ अंक, १४ घण्टा

लेखक - भिक्षु सुदर्शन महास्थविर

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# जापानमा बुद्धधर्म

जापानमा चार ठूला ठूला र ससाना निकै द्वीपहरूको समूह भएको एउटा राम्रो देश हो । अनि इतिहासको उषाकालमा जापानीहरू त्यसै स्वतन्त्र रुपले प्रकृति र मृत आत्माको पूजामा लागि रहेको देखिन्छ । फेरि विस्तारै विस्तारै यिनकै पृष्ठभूमिमा वीर पूजा र पूर्वज हुर्के । यहि शिन्तोधर्मको पहिलो स्वरुप हो । यसैको पछि जापानमा ईसाको तेश्रो शताब्दीमा कन्फ्युसियस धर्म र छेठौं शताब्दीमा बुद्धधर्मको आगमन भयो । अनि यसबाट जापानीहरू नयाँ नयाँ विचारबाट समृद्ध भयो । तिनीहरूलाई बुद्धधर्मले उच्च स्तरको विचार र प्रेरणा दियो । यो नयाँ धर्मले जापानलाई शिल्प कला सिकाइ दियो साहित्य र संगीत दियो, विज्ञान र दर्शन दियो फेरि स्वयं यो धर्मले यस्तो प्रगति दियो कि सातौं शताब्दीमा जापान देश नै एकरुपले बौद्धदेश भयो ।

५२२ ईस्वीमा जुनबेला कोरियाले जापानलाई बुद्धको मूर्ति र पुस्तक उपहार दियो, यहीबेला जापानमा बुद्धधर्मले पहिलो प्रवेश गरेको भन्छन् । प्रामाणिक रुपबाट पनि यसपछि मात्र भिक्षु भिक्षुणीहरू आए, मन्दिर र मूर्तिका शिल्पीहरू, कलाकारहरू आए । पाँच दशक वर्ष पछि सम्राट् शोतुकुका संरक्षण के पायो बुद्धधर्मले राजदरबारमा मात्र होइन देशका सबै ठाउँमा दरिलो कदम चालेर धर्म प्रचार भए । सम्राट् अशोकले भारतमा बुद्धधर्मको निम्ति जुन कार्य गर्नुभयो सोही काम जापानमा बुद्धधर्मको निम्ति शोतुकुले गर्न सफल भयो । उनले बुद्धधर्म आफ्नो शासनको धर्म मात्र गरेको होइन सम्पूर्ण शासन व्यवस्था बौद्ध शिक्षा अनुसार गर्ने प्रयास गऱ्यो । उनले बौद्धविहार बनायो, अस्पताल बनायो, अनाथालय बनायो । बासस्थान नपाएकाहरूलाई र अनाथ टुहुरा वृद्ध र बिधवाहरूलाई आश्रम बनाइदियो । अझ उनले सेत्सु (ओसाका) प्रदेश र नाराको नजिकै यस प्रदेशमा शिन्तेनौजि र होन्युजी जस्ता ठूला मन्दिर बनाए । अनि बौद्ध विहार र बुद्धमूर्ति मात्र बनाएको होइन उसले आफैल बौद्धसूत्रको आधारमा निकै व्याख्यान पनि गऱ्यो ।

शोतुकुले झण्डै बीसवर्ष राज्य गरिसकेपछि नक नो ओए गद्दीमा बसे । उसले फुजिबारा कामातरिको मद्दत लिएर ठूलो राजनैतिक सुधार गऱ्यो । आर्थिक सुधारको रुपमा सम्पूर्ण भूमि र जनता राज्यको सम्पत्ति गऱ्यो । अनि ६ वर्ष भएपछि एक निश्चित भूभाग जापानी जनतालाई कृषिकर्मको निम्ति सुम्पि दिए, जुन त्यसको शेषपछि पुनः स्वतः राज्याधीन नै भएर जान्थ्यो ।

पहिलेको सामान्य प्रथा सम्राट् गद्दीमा बसेपछि एउटा आफ्नो नयाँ राजधानी बनाउँथ्यो । परन्तु एकतिसौं सम्राट् गेम्पोले (६६१-७२१) मा यमतो प्रदेशमा स्थायी दरबार बनायो । यही हेइ जो क्यो पछि गएर नारा हुनगयो । ७० वर्ष सम्म सातजना सम्राट्हरूबाट यहींबाट राज्य गरेको थियो । त्यसकारण यो युग नारायुग हो ।

बुद्धधर्मको प्रचार र अभिवृद्धि नै नारायुगको विशेषता हो । यही समयमा नारामा बुद्धको प्रसिद्ध कांसको मूर्ति निर्माण गऱ्यो । यो युगमा शिल्प र कला कौशलले निकै नै उन्नति गरेको थियो । यो युगको वास्तुकला र शिल्पकलाको प्रतिनिधित्व गर्न सक्ने निकै वस्तुहरू आजसम्म पनि

Downloaded from http://dhamma.digital/

जापानमा रहिरहेको छ । नाराको तोदाइजी विहारस्थित तीन हजारभन्दा बढी एकसे एक राम्रो कलाहरूले नै आजसम्म यो कुरा प्रमाणित गर्दछ ।

## नाराको दाईबुत्सु (महान बुद्ध)

तोदेजो सम्राट् शोमु (७०१-७५६) ले बाधि विहार बनाउने इच्छा गरे अनुसार ७४५ ई. मा जग राखी ७५२ मा यो विहार सम्पूर्ण गरी बनायो । नाराको सात महान विहार वा मन्दिर मध्ये यो पनि एक हो ।

यो विहारमा भएका मूर्तिहरू मध्ये सबभन्दा बढी पूजनीय मान्ने दाइबुचु (महान बुद्ध) हो । भन्नलाई कांसको बुद्धमूर्ति मध्येमा संसारमा कामाकुराको दाइबुचु (महान बुद्ध) सबभन्दा विशाल भन्छन्, तैपनि वास्तवमा नाराको दाइबुचु नै विशाल र संसारको कांसको बुद्ध प्रतिमा मध्ये महानतम बुद्ध प्रतिमा, महान बुद्ध थियो । सम्राट् सोमुको यो महान बुद्ध बनाउने आशा ७४३ ई. मा सफल नभए पनि ७४५ ईस्वीमा थालनी गरी ७४९ ईस्वीमा पुरा भयो । यो महान बुद्धको निर्माण कार्य तेश्रो पटकमा मात्र सफल भएको थियो । यो महान बुद्ध पद्मासमा अनि अभय मुद्रामा छ ।

यो मूर्तिको तौल ४५२ टन छ  भन्छन्, उँचाइ ५०.५ फुट् । अनुहार मात्रै पनि १६ फुट् लम्बाइ र ९.५ फुट् अग्लो छ, मुखको चौडाइ ३.५ फुट्, कान ८.५ फुट्, हात ६.८ फुट्को छ । अब हामी आफै यस मूर्तिको विशालताको, महानताको कल्पना गर्न सक्छौं ।

यो मूर्ति बनाउन ४.७ टन त कांस नै चाहिएको थियो । यसको अतिरिक्त १६५ पौण्ड पारो, २८८ पाउण्ड शुद्ध सुन, ७ टन मैन र निकै गोल (कोयला) र अन्यान्य चीज यस मूर्तिको निर्माणमा लागेको थियो ।

यो बुद्धमूर्ति १० फुट् अग्लो ६८ फुट् गोलाई भएको पेटिमा (मंचमा) रहेको कांसको १० फुट् अग्लो ५६ वटा कमलको पातमा प्रतिष्ठापित छ । यो खुड्किलो सुमेरु पर्वतको आकारमा बनाएको छ । अनि यसमा धेरै बुद्ध र बोधिसत्वहरूको चित्र अंकित गरिराखेको छ । यो महान बुद्धको रुपरेखा एकजना कोरिया निवासी कुनिकोक-नो-मुरजि-किमिमरो ले बनाएको भन्छन् । यो बनाएको र ढालेको काममा आफुलाई समर्पित गर्नेहरू मध्ये तर्कचि मकुनि (कुनिहितो) र तर्कचि ममरोयाको नाउँ उल्लेखनीय छ ।

यो महान बुद्धको समुद्घाटन ७५२ ईस्वीको अप्रैलमा भएको थियो । यतिबेला सम्राट् र साम्राज्ञीको अतिरिक्त दस हजार भिक्षु भिक्षुणीहरू र असंख्य श्रद्धालुहरू यहाँ भेला भएका थिए । महान बुद्धको अगाडी दुईवटा मूर्ति छन् एउटा अवलोकितेश्वरको, अर्को आकाशगर्भको ।

यो महान बुद्धको शिर्षभाग ८५५ ईस्वीमा केही बिग्रेकाले ८६१ ईस्वीमा सच्यायो । ११८० ईस्वीमा भवनमा पूनः आगो लाग्दा महान बुद्धको हात गोडा गल्यो । १५६७ ईस्वीमा भूकम्पले

Downloaded from http://dhamma.digital/

टाउको हल्लियो । १६६२ ईस्वीमा यो फेरि सच्यायो । त्यसबेला देखि अहिलेसम्म बखत बखतमा बिग्रिने र सच्याउने काम भइराखेका छन् ।

## बुद्धधर्मको जापानीकरण

जापनमा बुद्धधर्म कुन रुपले स्थापित भएको थियो त्यो महायान बुद्धधम भनि भन्छन् । फेरि त्यसमा कुनै निकाय भेद पनि थिएन, परन्तु पछि हुँदा निकै निकायहरू देखापरे । अनि यी भिन्न भिन्न निकायका आचार्यहरूले बौद्ध सुत्रमा अद्‌भुत अद्‌भुत भाष्यको रचना गरे । वास्तवमा यी सबै कुरा जापानीहरूले उत्साहपूर्वक बुद्धधर्म अपनाइएको दरिलो प्रमाण हो । तिनीहरूको निम्ति बुद्धधर्म एउटा नयाँ दर्शन थियो, नयाँ संस्कृति थियो, कुशल प्रेरणाका अनवरत प्रवाहित एक गतिशील श्रोत थियो । आज जापानी जनजीवनलाई यी सबै निकै मनपर्ने र आफ्नै हुनगयो ।

सातौं सम्राट् कम्मुले आफ्नो राजधानी नाराबाट हटाई हचानको भन्ने ठाउँमा स्थापित गरे । एउटा नयाँ नगर बनाए, जुन आजको क्योटो हुन गयो । यहाँको चार सय बर्षको शासनकाललाई हचान युग भन्छ ।

पहिले पहिले जापानी बुद्धधर्मको रंग ढंक एक किसिमले ठ्याक्कै चीनी रंग ढंगको थियो । यही युगमा अथवा आठौं शताब्दीमा यो निकै नै राष्ट्रिय रंगमा आयो । शिन्तो धर्मको देवीदेवताहरूलाई बुद्धधर्ममा समावेश हुनु नै बुद्धधर्मको जापानीकरण हो ।

बुद्धधर्ममा यस धार्मिक क्रान्ति ल्याउनुको श्रेय दुईजना जापानी भिक्षुहरूलाईृ छ । एउटा लो तेन्दाइ र शिन्गोन् निकाय दुईवटा नै जापानी बुद्धधर्मका निकाय थिए । परन्तु समयले यसको धारिलो उपयोगितामा खिया लगाइदियो, अनि यसको परिमार्जन भएर बाऱ्हौं र तेऱ्हौं शताब्दीमा अर्को चार बौद्ध निकाय आविर्भाव भए । यी चार निकायहरू हुन् :-

१. जेन,

२. जोदो,

३. शिन्शु र

४. निचिरेन ।

जेन शब्द पालीमा ज्ञान र संस्कृतमा ध्यानको नै क्रमगत रुप हो । “जेन” जापानी निकायको ध्यानी निकाय हो । यिनीहरूले आचरणमा जोर दिन्छन् अनि चित्त शुद्धिको निम्ति ध्यान भावनाको अभ्यास अनिवार्य भनी मान्छन् । त्यसकारण जुनसुकै जेन विहारमा जहिले पनि पद्मासनस्थ शान्ति स्वरुपका भिक्षुहरू देखा पर्छन् । यही यस निकायको विशेषता हो । जेनको भनाई

Downloaded from http://dhamma.digital/

हो भित्र हेर त्यहाँ तिमीलाई तथागतको दर्शन प्राप्त हुन्छन् । इसे (११४५-१२१५) र दोगेन (१२००-१२५३) नै यो निकायको प्रवर्तक मानिन्छ ।

यस निकायका अनुयायीहरू निकै नै प्रभावशाली नेता र योद्धा भैसकेका थिए । यो एक किसिमको शारीरिक र मानसिक साधनाको फराकिलो सुविधापूर्ण मार्ग हो । यो साधना युद्धभूमिका सेनाहरूको निम्ति पनि उत्तिकै काम लाग्छ, जति शान्तिसेनाका सैनिकहरूको निम्ति ।

हानेत (११३३-१२१२) को तर्फबाट संस्थापित जोदो निकाय र शिनरन (११७३-१२७३) को तर्फबाट संस्थापित शिन्शु निकाय सिद्धान्त रुपले एउटै भनेपनि हुन्छ । दुवै निकायहरू ऋमिताभ बुद्धको कृपाले नै मुक्ति प्राप्त हुन्छ भन्ने विश्वास गर्छन् । तैपनि यी दुई निकायमा केही अन्तर छ । जोदोले "नमु आमिदां बुत्सु" (नमो अमिताभाय बुद्धाय) को मन्त्रोच्चारण नै धर्म कमाउने साधन मान्छन् । त्यसकारण यो निकायले मन्त्रको उच्चारणमा नै जोड दिन्छन्, परन्तु शिन्शुले अमिताभ बुद्धप्रति अनन्त विश्वास गर्नाले नै मुक्ति लाभ हुन्छ भन्ने मान्छन् । यसमा मन्त्रोच्चारणको स्थान गौण छ ।

शिन्शुको एउटा विशेषता यो पनि हो, उसले आफ्ना धर्मानुयायी श्रमणहरूलाई विवाह नगरी बस्ने कत्ति पनि आवश्यक मान्दैनन् । शिन्शु निकायका संस्थापक आफै पनि विवाहित थिए । फेरि उनका सन्तान नै क्रमैसँग परम्परानुरुपबाट शिन्शु निकायका गुरु हुने अधिकारी पनि भए । यिनकै फेरि दसवटा शाखा निकाय पनि छन् ।

महान देशभक्त निचिरेन (१२२२-१२८२) द्वारा संस्थापित निचिरेन निकायको शास्त्रीय आधार हो "सद्धर्म पुण्डरिक" यस अन्तर्गतकाहरूले यही सद्धर्म पुण्डरिकको स्वाध्याय गर्नु पर्दछ । साधारण अनुयायीहरूको निम्ति भने "नाम्यो हो रंगे क्यो" मन्त्रोच्चारण नै पर्याप्त हुन्छ । यो मन्त्र ठूलो ठूलो स्वरले टम् टम् गरी बाजा बजाई पढिन्छ । एक्लै वा विशेष समहूप समूह भेला भएर यो मन्त्र पाठ गर्छन् । यिनीहरूको पनि नौवटा शाखा निकाय छन् । यिनीहरूको मुख्य केन्द्र यामानासि जनपदस्थित मिनो दु का क्योनजी हो । आज भारतको कलकत्ता र राजगृह आदि ठाउँमा जुन जापानी बौद्धविहार बनाइ राखेका छन्, ती यही निकायका भिक्षुहरूको प्रयासको फल हो ।

जापानमा यी चार निकायको अतिरिक्त अरु अरु पनि धेरै निकाय र शाखाहरू छन् । अनि यिनीहरूको आआफ्नै विशेषता र आआफ्नै प्रधान विहार अनि मन्दिरहरू छन् । (शायद यो निकायभेद झण्डै नेपालको भिन्न भिन्न विहार बहिखलक जस्तै मात्र हो) यी सबै निकायका आआफ्ना इतिहास छन्, परम्परा छ । उदाहनार्थः-

| **निकायको नाम** | **संस्थाको नाम** | **समय** | **मुख्य विहारहरू** |
|---|---|---|---|
| होस्सो | दोशो | ६५५ | कोफ्युफ्यजी |
| | | | र क्युशीची (नार) |

Downloaded from http://dhamma.digital/

| | | | |
|---|---|---|---|
| हेगोन | रोवेन | ७४० | तोदेजी (नारा) |
| रित्सु | गन जिन | ७५४ | ताशोदेजी (नारा) |
| जिभु | इप्पेन | १२२६ | पुग्योजी |

जापानमा बौद्ध निकायहरूको स्थितिसँगै बौद्धहरूको स्थिति यसबाट स्पष्ट हुन्छ -

| बौद्ध निकाय | विहार संख्या | तिनका अनुयायी संख्या |
|---|---|---|
| होस्सो शू | ३८ | ४०० |
| केगोन शू | ४३ | ५०,९०० |
| रित्सु शू | २१ | ४,९०० |
| मेन्दे शू | ४,१०३ | २,०७,४०० |
| थिन् मोन् शू | १०,८६५ | ९,९८,९०० |
| युजनम् बत्सु शू | ३५७ | ३५,००० |
| जोदो शू | ८,७५८ | ३,९०,३७००० |
| शिनु शू | २१,१९१ | ९८,५०,७०० |
| जि शू | ४२० | ३०,८०० |
| रिन् जे | ५,८८० | २०,२५,००० |
| जेन् शू सोतो | १४,४६६ | १९,९५,२०० |
| ओक्कू | ४९३ | ४०,६०० |
| निचिरेन शू | ५,३११ | १०,०४,००० |
| अन्यान्य | ९७२ | ३,१८,५०० |
| | ७२,९१८ | २०,४६,६६,७०० |

## होम्प होन गांजी

यी बौद्ध निकायका भित्री बाहिरी व्यवस्था बुझ्न होम्प होन् गांजी शाखाको संगठनको विषयमा केही उदाहरणको रुपमा उल्लेख गरौं ।

होम्प होन् गांजी निकायको लार्ड एवट् अथवा उत्तराधिकारी (स्थबिर) शिनरनको रक्तसम्बन्धी परम्पराबाट आएका हुन् । यसको मुख्य उत्तराधिकारीको मुनि एकजना सोचो (निर्देशक) अनि तीनजना सोमो (उप निर्देशक) हुन्छन् । यिनीहरू नै सम्पूर्ण व्यवस्थाको निम्ति उत्तरदायी हुन्छन् । फेरि व्यवस्थाको निम्ति यिनीहरूको एउटा धर्मसभा पनि हुन्छ ।

Downloaded from http://dhamma.digital/

प्रधान उत्तराधिकारीले दीक्षित गरी राखेका मानिसहरूलाई नै यिनीहरूले आफ्नो निकायमा भिक्षु दीक्षा दिन्छन् । फेरि पहिले पहिले यो दीक्षा पुरुष वर्गले मात्र दिन्थ्यो । दीक्षा महिनाको एकपटक १५/१५ तारिखको दिन स्वयं प्रधान उत्तराधिकारीको अध्यक्षतामा दिइन्छ ।

आजभोली यो शाखाले दीक्षा दिईराखेका २२,१४७ जवान भिक्षुहरू छन् । यसमै २००५ महिला पनि सम्मिलित छन् । यो शाखाको मुख्य काम हो -

१. देशमा र देश बाहिर धर्म प्रचार,

२. सामाजिक सेवा कार्य,

३. शिक्षा प्रचार कार्य ।

यो निकायले संचालन गरी राखेका ११ शिक्षा संस्थान मध्येमा एउटा रपुकोक्पु विश्वविद्यालय पनि हो । यो १६३९ ईस्वीमा स्थापना गरेको हो । यसमा बुद्धधर्म, शिन निकायका सिद्धान्त, धर्मको तुलनात्मक अध्ययन, इतिहास, दर्शन, नीतिशास्त्र, जापानी साहित्य अनि युरोपिय साहित्य आदि कतिपय विषयमा सिकाउने प्रबन्ध भई रहेको छ । १२३० विद्यार्थीहरूले यहाँ शिक्षा ग्रहण गरिरहेका छन् ।

४. प्रकाशनको काम:

| | |
|---|---|
| आफ्नो निकायको रिपोर्ट (शुहो) | २,२०० प्रति |
| हांग वां जी समाचार | १५,००० प्रति |
| बौद्ध पत्रिका | ४५,००० प्रति |
| बौद्ध बालक समाचार | ३,२०० प्रति |

यी सबै प्रकाशनहरू महिना महिनामा हुन्छन् । फेरि आफ्नो शाखा र सम्पूर्ण विहारमा र धर्म केन्द्रमा पठाउँछन् । यो शाखाको एक सालको आम्दानी १०,०७,३२,६०,००० येन छ । खर्च पनि झण्डै यत्ति नै हुन्छ । यसैले यो शाखाको कामको विषयमा केही अनुमान गर्न सकिन्छ । फेरि यसबाट नै अरु अरु बौद्ध निकायको बारेमा कल्पना गर्न सकिन्छ ।

विश्वबौद्ध सम्मेलन, टोक्यो र दोश्रो क्योतोको दुई अधिवेशन गरी हांग वां जी शाखाको विहारमा भयो । यी विहारहरू निकै नै ठूला छन् । प्रसंगवश जापानको निर्माण कार्यक्रमको रुपमा केही केही विहारको उल्लेख गर्छु, जसबाट जापानमा बुद्धधर्म बुझ्न मद्दत होला ।

Downloaded from http://dhamma.digital/

## जापानका विहार र मन्दिर

तोरितेनजोजि । २,२९३ अल्गो माया पर्वतको टुप्पामा रहेको मन्दिर ६४६ ईस्वीमा स्थापना गरिएको हो । यहाँको भवनमा एघारवटा टाउको भएको करुणामयको मूर्ति छ । यहीँ एउटा माया भवन पनि छ । यी माया नाम बुद्धकी माता महामायादेवीलाई समर्पण गरी राखेकाले रहेको हो ।

जेन्फुजी । शिंगोन निकायका पहिलो उपदेशक (७७४-८३५) मा नवौं शताब्दीमा यसको स्थापना भएको थियो । यहाँ धेरै पटक नै आगो लागेका थिए । वर्तमान मन्दिर दोश्रो विश्वयुद्ध भन्दा पछिको हो । मन्दिरमा सुरक्षित निधि मध्येमा कोवोदेशीले लेखिराखेको एउटा रचना पनि हो ।

तपो ओंकोगुजी । यो जनताको बीचमा तोजि नामबाट प्रख्यात छ । यो ८२३ ईस्वीमा शिन्गोन निकायका तेजस्वी संस्था "पक कोवे देशी" ले स्थापना गरेको थियो । यो पाँचतले मन्दिर जापानमा सबभन्दा अल्गो मन्दिर हो । यसमा काठ बाहेक कीला र फलामको चुकुल एउटा सम्म पनि छैन ।

श्योन इन । यो जोदो निकायका प्रधान केन्द्र १२११ ईस्वीमा बनाएको थियो । जोदो विश्वासीहरूको अन्तिम आकांक्षा हो, मृत्यु पछि जोदो (अमिताभ बुद्धको स्वर्ग भूमि) मा जन्महुन पाउँ । यसको निम्ति यिनीहरूले रातदिन "नमु अमिदु बुत्सु" पढी रहन्छन् । यो विहार र मन्दिर ३० एकड भूमिमा फैलिएको छ । मन्दिरको दक्षिण पूर्वतर्फ एउटा घण्टा छ, जुन जापानी ढंगको जापानको सबभन्दा ठूलो घण्टा पनि हो । यो १६३३ ईस्वीमा बनाएको थियो । यो घण्टाको उचाइ १७.४ फुट छ, घेरा **.४ फुट अनि १**५० मन यसको तौल छ। मुख्य भवनको पूर्वमा एउटा शास्त्रगृह पनि छ, जुन १६१६ ईस्वीमा बनाएको थियो । यहाँ ४८ खण्ड भएको मित्सुयोशीले सम्पादन गरी राखेको सचित्र जीवनी सहित शुंग वंशमा चीनमा मुद्रित सम्पूर्ण बौद्धसूत्र संग्रह गरी राखेको छ ।

होम्मोनजी । यो इकेगामी स्टेशन सँगैको निचिरेन निकायको प्रधान केन्द्र स्थल हो । यो १२४७ ईस्वीमा स्थापना भएको हो । यहाँ निचिरेनको समाधि पनि राखेको छ । १२ वर्षमा एकपटक अक्टुवरमा निचिरेनको स्मृतिमा ठूलो उत्सव गर्छन् ।

देतो कुजी । यो रिंजाइ निकायको सबभन्दा ठूलो विहार हो । यसको स्थापना १३२४ ईस्वीमा भएको थियो, यहाँ सुशासनको निम्ति खुबै नामी छ । वर्तमान भवन १४७९ मा बनाइराखेको हो, यसको माथिको भवनमा बुद्ध र उनका दुई शिष्य आनन्द र काश्यपको प्रतिमा राखेको छ । यहाँको उद्यान जापानी उद्यान निर्माण कलाको पराकाष्ठा सम्झिन्छ ।

## कामाकूरा दाइबूसू

नारामा जस्तै कामाकुरामा पनि दाइबुत्सु (महान बुद्ध) छ । नाराको बुद्धमूर्ति वैरोचन माने कामाकुराको बुद्धमूर्ति अमिताभ मान्दछन् । यो मूर्ति पनि पहिले नारामा जस्तै एक विशाल भवन भित्रको मूर्ति थियो । परन्तु १४१५ देखि आजसम्म पनि यो खुला आकाशमुनि परिरहेको छ ।

Downloaded from http://dhamma.digital/

मूर्तिको उचाइ ४२.५ फुट, मुख ७ फुट ८ इञ्च, आँखाको चौडाइ ३ फुट ५ इञ्च छन् । मूर्ति भित्र भरेङ् छ ।

नाराको बुद्ध बनाएर सारेपाँचसय वर्षपछि कामाकुराको बुद्धमूर्ति बनाएको हो । यो भूमिस्पर्श मुद्राको मूर्ति हो ।

युशिमा सीदो । यो १६९० ईस्वीमा बनाएको हो । यो विशाल मन्दिर चालिस एकड भूभागमा फैलिएको छ । मन्दिरको मुख्य देवता करुणाको मूर्ति हो ।

होंगोजी । क्योटो स्टेशनबाट अलिकति उता परिसकेको जोदोशिंशु निकायका दुईवटा विहारहरू छन् । साना विहार हिंगशी चारपटक आगोमा पऱ्यो । वर्तमान विहार देशका सबै श्रद्धालुहरूको श्रद्धाबाट १८९५ मा बनाएर तयार गरेको थियो । जापानी बौद्धहरूको श्रद्धाको अर्को प्रतिक वस्तु सुरक्षित गरी राखेको छ । यो बनाउँदाखेरि भक्तहरूले दिईराखेको एक दुईवटा कपाल बाट बनाइ राखेको कपालको डोरी मात्रै पनि ५० वटा छन्, जुन अहिलेसम्म छन् । यी डोरीहरू भवन निर्माणमा काम लिइसकेका हुन् । यहाँ सिनरनको एउटा स्वयं निर्मित काष्ठमूर्ति छ, दायाँबायाँ यसका उत्तराधिकारीहरूको ठूलो विहारहरू छन् । निशी होंगोजी क्योतोको सबभन्दा राम्रो विहार मध्य एउटा हो । कला समिक्षकहरूको भनाई अनुसार बौद्ध स्थापत्यकलाका नमूनामा यही विहार सर्वश्रेष्ठ विहार हो ।

शिफुकुशो अतो । यो १९२३ ईस्वीमा भूकम्पले बिगारेको र त्यसपछि ३५००० मानिसहरू खरानी हुने गरी महान अग्निकाण्ड भएको दुःखद स्मृतिमा तिनीहरूको पुण्यार्थ बनाइराखेको छ । यहाँ पैगोडामा ठूलाठूला भाँडा र गोल तथा मानिसहरूको अवशेष अस्थि राखी छोडेको छ । फेरि अग्निकाण्डको हेरिनसक्नु चित्र भित्ताभित्तामा लेखिराखेका छन् ।

नोकोकुजी । यो तन्दाइ निकायका हचोणा स्टेशनसँगै पर्छ । युद्धभन्दा अगाडी यसलाई हचागो दाइबुत्सु अर्थात् हचोगोको बौद्ध भन्दथ्यो । यहाँ कामाकुरामा जस्तै कांसको ३७ फुट र ६ इञ्च अग्लो बुद्धमूर्ति छ । परन्तु युद्धकालीन आवश्यकता पूर्ति गर्नलाई कम दुःख लागे परेको होइन होला ।

## बौद्ध साहित्य

जापानको बुद्धधर्म बुभ्न विहार र मन्दिरहरूको विषयमा केही जानिसकेपछि साहित्य, चित्रकला र नृत्य विषयमा केहि विचार गरौं ।

५२२ ईस्वीमा जापानमा बुद्धधर्म प्रवेश भैसकेपछि जापानी साहित्यको प्रगति भयो । पहिले त तिनीहरू चीनी वाङ्मयबाट परिचित भयो । कारण त्यतिबेला सम्ममा सबै धर्मग्रन्थ चीनी भाषामा अनुदित भैरहेको उपलब्ध भैसकेका थिए । यसपछि नारा युगमा साहित्यको धेरै विकास भयो । तसर्थ

Downloaded from http://dhamma.digital/

नारायुग (७१०-८४२) लाई साहित्यिक युग पनि भन्दछन् । कोजिकि नै जापानी भाषाको पहिलो कृति भन्छन् ।

सम्राट सग (७८६-८४२) को शासनकालमा जापानमा पहिले पद्यको विकास भयो । महारानी दनरिन स्वयं एक निकै श्रद्धावान बौद्ध उपासिका थिइन् । त्यसपछि सम्राट् देगोको राज्यकाल (८८५-९३०) मा धेरै नै साहित्यिक उन्नति भयो । अनि सम्राट् मुरकमिया तेनरयक्यु युग काव्यकाल वा काव्ययुग नै भने पनि हुन्छ ।

त्यसबेलादेखि आजसम्मको जापानी बौद्ध साहित्यको संक्षिप्त परिचय मात्र पनि एउटा महान ग्रन्थ हुन्छ । प्रत्येक निकायले आआफ्नो विचारपक्ष युग अनुकूल परिवर्तित परिवर्धित र परिमार्जित गर्दै नै आएको थियो । जापानी भिक्षुहरू साहित्य साधनामा यति तल्लीन थिए, आफ्नो यो आदतमा तिनीहरू युद्धको बमबारी भैरहेको बेलामा पनि कलम घोटी नै रहन्थे । युद्धको बेलामा जापानमा कला साहित्यमा एक्लै भिक्षुहरू नै मात्र अघि बढिरहेको नभएको भए त्यसबेला साहित्यको प्रवाह छुटिहाल्थ्यो । बौद्धहरू जति यसरी आफू साहित्य साधनामा तल्लीन थिए, त्यति नै निर्भयी पनि थिए । १९४५ ईस्वीमा जापानको पराजयपछि एउटा अन्तरराष्ट्रिय न्यायालयको नाटक रचिएर सैकडौं जापानीहरूलाई युद्ध अपराधी घोषित गऱ्यो । नाना प्रकारका यातना र दण्ड पनि दिए । त्यसमध्ये एउटा दण्ड प्राणदण्ड पनि हो । एउटा जापानी भिक्षुले तोजोआदि ती जापानी वीरहरूको जसलाई अन्तरराष्ट्रिय न्यायालयले प्राणदण्डले दण्डित गरेको थियो, साँचैको मार्मिक कथा लेख्यो । आज पनि राम्रा राम्रा आलोचनात्मक बौद्ध पुस्तक निकाल्नुमा विशेषतः अंग्रेजी भाषामा जापान बौद्ध देशहरूमा सबैभन्दा अगाडी छ ।

## चित्रकला

जापानमा बुद्धधर्म प्रवेश हुनुभन्दा अगाडी जापानी चित्रकलाको केही उन्नति भएको थिएन । वस्ततः बुद्धधर्मसँगै आएको कोरिया र चीनको चित्रकलाले जापानी चित्रकलाको विकासमा ठूलो मद्दत गऱ्यो ।

नवौं शदी शुरु हुँदा जापानी चित्रकलाले विशेष प्रगति गरे । यस युगको चित्रमा अमिताभ बुद्ध र बोधिसत्वको स्वर्ग अवरोहण चित्र सबभन्दा महत्त्वपूर्ण छ । अनि यही युगमा उपन्यासहरू चित्रले सम्पूर्ण गर्ने प्रयास पनि भयो । उदाहरणार्थ प्रसिद्ध लेखिका मुनासाकि सिकियेको "गेनजी मोनोगतरी" उपन्यासको कथावस्तुलाई ताकेयोसीले चित्रित गरेको प्रस्तुत गर्न सकिन्छ । यो कलाको विकासमा बुद्ध चरित्रको सचित्र पुस्तकले निकै प्रेरणा र मद्दत गरेको छ । यही युगमा मौलिक जापानी चित्रकलाको विकास भयो । अनि कामाकुरा युगमा चित्रकलामा रंग प्रधान र सेतो कालो प्रधान दुई शैली प्रस्फुरित भयो । अनि दशौं शताब्दी पुग्दा बल्ल युकिआ ए शैली प्रस्फुरित भयो । जसबाट विशेष रुपले निम्नस्तरका मानिसहरूको सामाजिक जीवनलाई चित्रित गर्ने आफ्नो उद्देश्य राखेको छ । फेरि यिनीहरूले नै नारा युगले स्थापना गरेको रंगीन मुद्रणकलाको पनि विकास गरे ।

Downloaded from http://dhamma.digital/

भारतको सारनाथ मूल गन्धकुटिस्थित भित्तिचित्र जापानी चित्रकलाको एक नमुना हो ।

## नृत्य र नाटक

जापानी नाट्यकलाको प्रारम्भ वालरविको पुरानो कुरामा उपेक्षा गरे पनि कलाको दृष्टिले कगुराको मूल्य नभए पनि नोह पुग्दाखेरि त यसको अस्तित्व मान्नै पर्छ । नोहको अर्थ नै नाटक हो । यो एक प्रकारले संगीत र नृत्य संयुक्त अभिनयात्मक प्रक्रिया हो । यसको निर्माण बौद्ध भिक्षुहरूले गरेको हुनाले यसमा पनि धार्मिक दृष्टिकोण बढी हुने भइहाल्यो । यसको बढी विकास चौधौं शताब्दीमा भयो । अनि स्वयं लेखकहरूबाट यस्ता नाटकमा भाग लिने चलन छ ।

नोह नाटक पछि क्योगेन अथाव (कमिक) ठट्यौलीको रुपमा विकास भयो । यसबाट सामाजिक कुरीति र व्यक्तिगत कमजोरी बेस्सरी घोचेर प्रहार गरेको हन्थ्यो । परन्तु यो पनि उच्च वर्गको छत्रछायामा हुर्केको हुनाले यसले जनताको निम्ति रुचिपूर्ण गर्न सकिएन, अनि काबुकी नाटक आएर यो आवश्यकता पूर्ण गर्न आयो । यसको श्रेय शिन्तो मन्दिरका देवदासी ओकुनी नाटक खेल्ने नाटककारलाई छ । यसको लोकप्रियताले यतिसम्म प्रतिक्रिया ल्याइदियो कि महिलाहरू मञ्चमा आउने नहुने कानुन नै निर्माण भयो । अनि यसैले गर्दा पुरुष नै महिला बन्नु पर्ने काम एघारौं शताब्दीको मध्यसम्ममा चालु भई रहयो ।

यसको अतिरिक्त कुनै बेला यहाँ कठपुतलीको नाटकको विकास भयो यसको प्राय कथा पनि धार्मिक नै हुने गर्थ्यो ।

## विहारमा सफाइ

ईमान्दारी र सफाई जापानी जनजीवनको अंग हो । विशेष मन्दिरमा वा विहारमा त झनै सफा गरिराख्नु तिनीहरूको नियम । जुनसुकै विहारमा पनि पुग्ने बित्तिकै आफ्नो जुत्ता ढोकामै छाड्नु पर्छ । विहारको तर्फबाट जुन चट्टी राखिएको हुन्छ सोही लाएर मात्र विहार भित्र पस्न सकिन्छ । फेरि यी चट्टी जुत्ताहरू पनि विहारका एकेक भवनमा अलग अलगै हुन्छन् । भवनभित्र मोजा लगाएर वा नंगा पाउले नै हिड्नु पर्छ । धेरैजसो कोठामा भुईंदेखि ओछ्यान (चटाइ) बिछ्याई राखेको हुन्छ । बस्न धेरैजसो कालो रंगको मोटो ओछ्यान बिछ्याएको हुन्छ ।

दिउँसो जुन कोठामा बस्ने गर्छ, त्यसैबाट भोजनालयको काम पनि दिन्छ, अझ बेलुका यहीँ सुत्न ओछ्यान पनि लगाउँछन् । परन्तु एउटै कोठामा यी सबै काम भए पनि सफाईमा भने हामीलाई कहीँ एक थोपा धुलो झार्न हामी आफैलाई डर मान्नु पर्ने हुन्छ । कोठामा मात्र होइन पाइखानामा सम्म पनि ओछ्यान र चटाइ बिछ्याएको हुन्छ । अझ कहीँ कहीँ ससाना फूलका गमलाहरू पनि हुन्छन् ।

Downloaded from http://dhamma.digital/

पाइखानाको सफाईको काम पनि भिक्षुहरू आफै गर्छन् । फेरि आश्चर्यको कुरा त यो छ कि यसमा तिनीहरूले अलिकति पनि विशेषता छ भन्ने मान्दैन ।

## जापानी भिक्षु

कृपाशरण महास्थविरको शब्दमा जापानी भिक्षु जुत्ता सिउनेदेखि पाठ गर्ने कामसम्म पनि तयार, जान्ने, बुझ्ने, मनपर्ने र अघिसर्ने हुन्छ । बौद्ध अर्थमा हामीले धेरैजसो जापानी भिक्षुहरूलाई भिक्षु भन्छौं । फेरि भिक्षु नै भएर पनि विहारमा नै घरबार गरिरहेका पनि हुन्छन् ।

## जापानी रीतिस्थिति

जापानी बुद्धधर्म रीतिस्थितिको परिपालन गर्ने धर्म मात्र होइन । रीतिस्थितिको परम्परागत अनुकरण त्यति मात्र गर्छन्, जुन सुखद पक्षको हुन्छ । यहाँको धर्म विशेषतः चित्त शान्तिका निम्ति व्यक्तिगत प्रयत्न हो । त्यसकारण यहाँ रीतिस्थितिले धर्मलाई त्यति अल्झाउँदैन । केही धार्मिक रीतिस्थिति भए ती यिनी हुन -

बुद्धजयन्ती । बुद्धजयन्तीमा सबै मानिसहरू फुल लिएर विहार विहारहरूमा जान्छन् । विहारमा एउटा सानु बुद्धमूर्ति राखेको हुन्छ । आफ्नो भक्ति भावना पोख्ने रुपमा तिनीहरूले त्यो बुद्धमूर्तिमा चिया खन्याउँछन् । जापानी प्राचीन परम्परा अनुसरा बुद्धजयन्ती अप्रैलको ८ तारेखमा पर्छ ।

श्राद्धोत्सव । गएको चौधसय वर्षदेखि यो उत्सव भई नै रहेको छ । यो जीवित र दिवंगतहरूको वा प्रेतहरूको मिलनको उत्सव हो । यस अवसरमा शमशान भूमिमा बत्ति बाल्न जान्छन् ।

बालकहरूको उत्सव । यो उत्सवको यथार्थ शब्द न्हस न्या स्व हो । गएको चारसय वर्षदेखि वर्षको एक पटक १५ नोवेम्बरको दिन यो उत्सव गर्छन् । जुन आमा बाबुहरूको सातवर्ष, पाँचवर्ष, तीनवर्ष भएका बालकहरू हुन्छन्, तिनीहरू आआफ्ना बालकहरू लिएर पारिवारिक देवताहरूप्रति कृतज्ञता प्रकट गर्न जान्छन् ।

विवाह । आजभोली शहरमा विवाह गर्न विहारमा पूजा गर्न जाने चलन छ ।

अन्तिम संस्कार । जापानी जनजीवनमा बुद्धधर्मको ठूलो स्थान छ । विशेषतः कुनैको प्राणान्त भएपछि नै कुनै बौद्ध भिक्षुलाई पाठ गर्न बोलाउँछन् । त्यसपछि मृतकलाई नुहाइकन मृतकलाई बाकसमा राख्छन् । कहिलेकाहीँ ममता देखाउन पुरुषहरू मर्दा तिनको जहानले आफ्ना टाउकाको दुईचार वटा कपाल मृतक राख्ने बाकसमा राख्छन् । स्मशान यात्रामा आफन्तहरू फूल र सुगन्ध

Downloaded from http://dhamma.digital/

लिएर पछि पछि जान्छन् । स्मशानको चितामा मृतकको निम्ति सूत्रपाठ गर्छन् । यो पूजापाठ एक हप्तासम्म हुन्छन् ।

**(भदन्त आनन्द कौशलयायनको आजको जापान पुस्तकबाट रचना । (भिक्षु सुदर्शन)**

Downloaded from http://dhamma.digital/

# चीनमा बुद्धधर्म

बुद्धधर्म हिमालको काखमा पाँचौं शताब्दी ईस्वी अगाडी उदय भयो । यसको संस्थापक शाक्यमुनि बुद्ध हुनुहुन्छ । फेरि यो धर्मको पहिलो स्वरुप एउटा जीवन दर्शन मात्र हो । यसबाट तीन शिक्षा दियो । त्यो हो अनित्य, दुःख र अनात्मा; जुन् दुखबाट मुक्ति प्राप्त गर्नुको निम्ति अनि निर्वाणको निम्ति हो । यसले आफ्ना अनुयायीहरूलाई आर्य अष्टांगिक मार्गको अनुशरण गर्ने सल्लाह दिनुभयो । त्यो अष्टांग मार्ग हो (सम्यक दृष्टि, सम्यक संकल्प, सम्यक वाक्य, सम्यक कर्म, सम्यक आजीविका, सम्यक व्यायाम, सम्यक स्मृति, सम्यक समाधि) ।

यी अनुयायीका केही पुस्तापछि पुरानो शिक्षामा नयाँ शिक्षा थपेर शाक्यमुनिको शिक्षामा नयाँ परिभाषा दिन थाल्यो । यो हो - मात्र बुद्ध भएर निर्वाण हुनुको प्रशंसा गर्नु । विशेषतः सम्यक्सम्बुद्धत्वको निर्वाण उपदेशको प्रशंसा नगर्नु । अनि चारौं शताब्दीको अन्ततिर बुद्धधर्म जीवनदर्शन परिवर्तन भई विश्वास र पूजा पद्धतिमा विकसित हुनगयो ।

तेश्रो शताब्दी ई. पुर्व मगधका राजा अशोकले बुद्धधर्म नै आफ्नो राज्यधर्म गऱ्यो । उनी एक उत्साही बौद्ध राजा थिए । उनले शाक्यमुनिको पवित्र उपदेश र सन्देशको सम्पादन (संगायन) गरेर आफ्नो साम्राज्यमा मात्र यो धर्मको व्यापक प्रचार गरी सम्पन्नता ल्याउने तर्फ नहेरिकन अरु अरु साम्राज्यमा पनि धर्मदूत पठाए । ती धर्मदूतहरूलाई प्राप्त सम्राट्को निर्देशन थियो - अत्यन्त असभ्य र दुर्गम देशमा जानु अनि तिनीहरूलार्य बुद्धको उपदेश दिनु तथा बुद्ध र बुद्धधर्मप्रति श्रद्धावान तल्याउनु ।

धर्मदूतहरू उत्तरमा तुर्किस्तानसम्म पुगन गए । तिनीहरूले आफू गएका देशवासीहरूलाई धर्म ग्रहण गरायो, परन्तु तलवारले होइन, शंका निवृत्ति रुपले अर्थात् हृदय परिवर्तनद्वारा । तिनीहरू राजा, राजकुमार, सैन्य, धनी, गरिब, कृषक, मजदूर, अझ जातीले तिरस्कृत नीच कहलिएकासँग घुलमिल भए । सायद यही धर्मदूतहरूले पश्चिमोत्तर चीनसम्म यात्रा गरे ।

यसरी उल्लेख गरिराखेको छ - चीन वंशका प्रथम सम्राट् चीन शीन व्हाँग (Chin Shing Huang २२०-२०७ ई.पू.) को राज्यकालमा बौद्ध उपदेश (ग्रन्थ) सँगसँगै निकै भिक्षुहरू शियांग (Sienyang) मा पुगे र तिनीहरू चीनका मानिस जस्ता नहुँदा अथवा फरक पर्दा बन्दी बनाए ।

यस्तो पनि उल्लेख गरेका छन् - हान वंश (१४०-८६ ई.पू.) का सम्राट् वु.टी. (Wu Ti) को राज्यकालमा जनरल हो चु पिंग (Ho Chu Ping) आफू मध्यएसियामा बसेर फर्केको बाटोबाट उनले एउटा सुनको मूर्ति ल्यायो । त्यो मूर्ति बुद्धको थियो, फेरि त्यसले त्यो मूर्ति राजालाई उपहार दियो । राजाले मूर्ति आफ्नो "रमाइलो बसन्त" (Sweet Spring) भन्ने दरबारमा स्थापना गऱ्यो ।

ई.सं. को प्रारम्भमा इन्दो साइदियनका कुशान वंशले उत्तरीय भारत जित्यो अनि त्यसलाई आफ्नो आधिपत्यमा राख्यो । कुशान राजाको सत्ता पूर्वमा चीनी तुर्कीस्तानको यार्कन्द र खोतानसम्म र पश्चिममा अफगानिस्तानसम्म व्यापक भयो । यस विराट साम्राज्यभित्र प्राचीन भारतीय

Downloaded from http://dhamma.digital/

परसियाको, प्राचीन ग्रीसको र रोमको संस्कृतिको संगम भयो । बुद्धधर्म प्रचारमा प्रभाव राख्नुको निम्ति सम्पूर्ण कार्यहरू फेरि निर्मितिक रुपले तिनीहरूको उद्योग हुनगयो ।

भारतको उदार एवं शिष्ट बौद्धहरूले यी विभिन्न संस्कृतिसँग सम्बन्ध राखी पुराना भारतीय विचार परम्पराका सिद्धान्त, ग्रीकहरूको मूर्ति निर्माण-कला, पर्सियनहरूको शिक्षण-पद्धति अपनायो अनि आफ्नो आध्यात्मिक विचारधारा उन्नत र विस्तृत गऱ्यो । तिनीहरूले राम्रा राम्रा उपाख्यानले शाक्यमुनि बुद्धको जीवनी र उपदेशको चक्र लिएर नयाँ धर्म विज्ञानको श्रृष्टि गऱ्यो । तिनीहरूले बुद्धको नयाँ प्रतिमा निर्माण गरे । जुन प्रतिमा राम्रो ग्रीसको अनुहार र राम्रो उन्नत शरीर व्यवस्थित क्रम (Rhythmic Lines) को चीवर वस्त्रको साथै शिरमा निलो घुंघुरिएको कपालको मुकुटजस्तो गरी तयार गरियो ।

नयाँ उन्नत बौद्धहरूले सिके कि निर्वाणको अर्थ मात्र एकजना अर्हत हुने होइन, अपितु एकजना बोधिसत्व हुनु पनि हो, जसले अरुको मुक्तिको निम्ति स्वयं आफूलाई पवित्र उत्सर्ग गर्छ भने तिनीहरूले आफूले आफैलाई स्वीकार गऱ्यो कि तिनीहरू महायान बुद्धधर्म अर्थात् ठूलो रथका यात्रीका अनुयायी हौं । फेरि जसले मात्र आफूलाई संयमित गरेर आफू एक्लै मुक्तिको निम्ति काम गर्छ तिनलाई हीनयान बुद्धधर्म अर्थात् सानु रथका यात्रुका अनुयायी भनी भने । महायानी बौद्धहरू उत्साही प्रचारवादी हुन्, तिनीहरू आफ्नो मार्ग प्रचारार्थ सबै ठाउँमा गए । यो सम्भव छ कि प्रथम शताब्दीको आधाआधीतिर तिनीहरूको उपदेश लोयांग मापनि पुग्यो ।

चीनी परम्परागत धारणा छ, उत्तरीय हान वंशका सम्राट् मिंग ति -Ming Ti ५८-७६ ई.) ले एकदिन आफ्नो मन्त्रीलाई भन्यो - सम्राट्ले आफ्नो राजकीय कोठामा सुवर्ण झैँ चम्किलो ज्योति निकाली घुमिरहेको चम्किला एकजना सपनामा देखे । फेरि सम्राट्ले उनलाई यो पनि भने कि यो बुद्धको मूर्ति हुनुपर्छ । अनि यस विषयमा बढी जान्ने इच्छाले सम्राट्ले बुद्धको भूमिमा यो सत्य अन्वेषण गर्न १८ जवान मानिसको एक प्रतिनिधि मण्डल समुद्रको बाटोबाट पठायो । यो प्रतिनिधिमण्डलले बुद्धको एउटा प्रतिमा, बौद्ध लेखको केही प्रति र दुईजना मध्य भारतका भिक्षुहरू साथमा लिएर ६७ ईस्वीमा लोयांगमा फर्के । सम्राट्ले तिनीहरूलाई भव्य समारोहका साथ स्वागत गरे । सम्राट्ले यी दुई भारतीय पण्डितहरूको आग्रहमा शाक्यमुनि बुद्धको जन्म र विनम्रताको सार संग्रह सम्बन्धी ४२ वटा उपदेश उपाख्यान संग्रह रचना गऱ्यो ।

लोयांगमा एकजना अर्को लोकरस भन्ने भारतीय सिथियन १४७ ई. मा आइपुग्यो । यसपछि आफ्ना राजकीय युवराज पद छाडी बौद्धभिक्षु हुने अंसिहकाओ (Ansihkao) भन्ने परसियन लोयांगमा आइपुगे । लोकरस र अंसिहकाओ दुवै साँचैको प्रतिभाशाली र विद्वान थिए । तिनीहरूले निकै बौद्धग्रन्थको अनुवाद गरे । जसमध्ये अनन्त प्रकाशनका सूत्र र अक्षय पवित्रताका सूत्र, विशेष व्यापक रुपले प्रचार भयो ।

तेश्रो शताब्दीदेखि छैठौं शताब्दीसम्म निकै विशिष्ठ श्रेणीका बौद्ध प्रचारकहरूको दल भारत र मध्य एसियाबाट चीनमा आए । फेरि तिनीहरूले आफ्नो धर्म सिद्धान्त विभिन्न दृष्टिकोणले प्रस्तुत

Downloaded from http://dhamma.digital/

गरे । यी प्रचारकहरूमा सबभन्दा ठूला एक प्रचारक कुमारजीव हुन् । जसलाई ४०१ ई. तिर तिब्बतियनहरूले छांगं (Changan) मा ल्याएको थियो । उनले छांगंमा झण्डै ८०० चीनी भिक्षुहरू जम्मा गरे । अनि उनले तिनीहरूको मद्दत लिएर तीनसय जति बौद्ध कृति पुस्तकहरू पनि अनुवाद गरे । ती मध्ये पचास वटा जति अनुदित पुस्तकहरू अहिले पनि उपलब्ध हुन्छ । यी ५० सूत्रमध्ये एउटा बज्रच्छेदिका प्रज्ञापारमिता सूत्रको सारांश सूत्र "महाप्रज्ञापारमिता सूत्र" हो । यो बौद्ध वाङ्मयमा मूल्यवान दर्शनकृति मध्येमा एउटा कृति भनी महायानले स्वीकार गरेको छ । चीनमा यो भिक्षु भिक्षुणी तथा सर्वसाधारण जनताको बीचमा निकै नै लोकप्रिय भएको थियो ।

बौद्ध परम्परा अनुसार ५२० ई. मा चान् अथवा जेन् सम्प्रदायका मान्य संस्थापक बोधिधर्म दक्षिण भारतबाट केन्टनमा आइपुगे । उनले सिधा मानिसको मनसँगको सिद्धान्त प्रचार गऱ्यो । फेरि मानिसले आफूले आफ्नो स्वभावमा अवलोकन गर्ने अनि बोधित्व लाभ गर्ने प्रयत्न गर्नुमा नेतृत्त्व प्रदान गरे । उनको सिद्धान्त हो बुद्धको वास्तविक उपदेश कुनै एक विशेष पुस्तकमा अझ कुनै पुस्तक भित्र पनि छैन, त्यो सत्यको गहनता र महानता शब्दले लेखेर वा भनेर व्यक्त गर्न सकिंदैन, अपितु त्यो सत्य मनमा छ र त्यो मौन भावना ध्यानबाट मात्र उसलाई प्राप्त गर्न सक्छ ।

बोधिधर्मको सिद्धान्तमा विश्वासी र अभिरुचि राख्नेहरूले आफ्नो अनुवादित कृति दृढ रुपले आफ्नो सिद्धान्तमा मात्र अपनाएन । बौद्धकृतिको अनुवादमा कन्फुसियस र ताओ विचारसँग पनि धेरै अगाडीदेखि सम्बन्ध जोडिराखेको देखिन्छ । तिनीहरूले बौद्धकृतिको अनुवादले आफ्नो विचार पोख्न धेरै नै त्यस्ता नयाँ उक्ति र शब्द वाक्य पनि बनायो, जुन चिनियाँहरूको निम्ति वास्तवमा नयाँ थियो । यी अनुदित कृतिहरूमा कति कृति त धेरै नै स्वदेशीय सम्प्रदायको आधारभूत मूल रचना नै हुनगयो । यस्ता मूल रचनामा सबभन्दा जनप्रिय तिइन्तइ वा तेनदइ (T,ien or Terdan) हो ।

तेन्दइ परम्पराका संस्थापक चिह काइ (Chih Kai) भयो । उनी विद्वान र शान्त प्रकृतिका प्रतिमूर्ति नै भने पनि हुन्छ । उनले भारत र मध्य एसियाबाट आएका विभिन्न प्रचारकहरूले प्रचार गरेको बुद्धधर्मको विभिन्न स्वरुपले एकीकरण वा समीपकरण गर्ने काम पूरा गर्न खोज्यो । चिहकाइले स्पष्ट गऱ्यो कि बुद्धको शिक्षा एउटै निश्चित स्वरुपमा मात्र होइन । कारण बुद्धकहाँ आएका विभिन्न श्रोता समुदायलाई स्वयं बुद्धले विभिन्न तरिकाबाट र विभिन्न अभिव्यञ्जनबाट उपदेश दिनुभएका थिए । जसरी विशिष्ट विशिष्ट रुपले मानसिक रोग भएकालाई विशिष्ट रुपले नै औषधी दिने यथार्थ चिकित्सकको काम हो । उसले भन्यो वास्तवमा मूल तत्त्व मनमा हो, जसरी जैन सम्प्रदायले पनि भन्यो, तसर्थ आध्यात्मिक अध्ययन अनिवार्य छ । बिना यो ज्ञानले सम्यक ध्यान सम्भव छैन । उनले भने बुद्धको पहिलो उपदेश हो मानिसहरूको दु:ख देख्न सक्नु, अनि अष्टांग मार्गको अनुशरण गर्नु जसबाट कि तिनीहरू अर्हत हुन सकून् । फेरि अनुयायीहरूलाई उच्च सत्य प्राप्त गर्न तयार भएको देखेर तिनीहरूलाई बोधिसत्व विचार सिकाउन र अन्तमा बुद्धहृदय बुद्धस्वभाव तिनीहरूमा विद्यमान गराउन उच्चतम् सत्य सर्वज्ञता बुद्धत्वको उपदेश दिनुभयो ।

चिहकाइको मृत्युको बत्तीस वर्षपछि ६२९ ई. मा तांग वंशका निकै प्रसिद्ध भिक्षु व्हेनसाङ्ग ( Hsuan Tsang) ले (५९६-६७५ ई.) मा गुप्तरुपले अर्थात् कसैले चाल नपाउने गरी सुटुक्क निस्केर

Downloaded from http://dhamma.digital/

भारतको यात्रा गऱ्यो । उनले उनी फाहियानको अनुकरणीय उदाहरणको अनुगमन गर्ने इच्छा गऱ्यो, जसले पाँचौं शताब्दीको सुरु सुरुमा बुद्धभूमिको दुरुह यात्रा गऱ्यो र बौद्ध ग्रन्थहरू लिएर स्वदेश फर्के ।

व्हेनसाङ्गले पृथ्वीमार्गमा त्यो मार्ग छान्यो, जुन दक्षिणीय तिंग शां पर्यटन बाटोको रुपमा थियो । त्यो निर्जन उजाड मरुभूमि पार गऱ्यो । महिनौं यात्रा गरिसकेपछि उनी अन्तमा भारत पुग । उनले २ वर्षसम्म विश्वविद्यालयमा संस्कृत र बौद्ध दर्शन अभ्ययन गऱ्यो । फेरि सम्पूर्ण भारतको यात्रा गऱ्यो । उनले प्राय बौद्ध विहारहरू उजाड भैरहेको देखे । फेरि यो समयमा स्वयं आफ्नो भूमिमा बुद्धधर्म पतनोन्मुखको अवस्थामा परिरहेको थियो । किनभने त्यो धर्म त्यतिबेला हिन्दु धर्ममा मिसिसकेको थियो ।

व्हेनसाङ्गले बौद्ध दर्हन र निकै संस्कृत वाङ्यको गहन ज्ञान प्राप्त गऱ्यो । फेरि उनले सोऱ्ह वर्ष भारतमा निवास गरिसकेपछि स्वदेश फर्के । उनलाई सम्राट् ताइत्सुंग (Tai Tsung) ले राजकीय रुपले स्वागत गरे र राजकीय तवरबाट शहरमा निमन्त्रण गरेर अनुवादको काम गर्न आग्रह गऱ्यो । आफ्ना विद्वान अनुयायीहरूको मद्दत लिएर केही वर्षभित्रै दर्शन सूत्र, विद्यामंत्र सिद्धि, अनुवाद गर्न व्हेनसाङ्ग सफल भयो । यो सूत्रलाई उनले बौद्ध करुणा र प्रेमसम्प्रदायको मूल रचनाको रुपमा प्रयोग पनि गऱ्यो । उनले “प्रज्ञापारमिता हृदय सूत्र” सहित प्रज्ञापारमिता सूत्रहरू चिनियाँ भाषामा प्रतिपादित र (अनुवाद) गरे, जसलाई जसलाई निकै आदरपूर्वक चीन, कोरिया र जापानका बौद्धहरूले आजसम्म पनि मानी रहेका छन् ।

चीनका प्रचारकहरूबाट नै चौंथो शताब्दीको अन्ततिर कोरियाका जनताहरूलाई बुद्धधर्म प्राप्त भयो । पछि एक ग्रुप कोरियाका श्रद्धालुहरू यो नयाँ धर्ममा साँच्चै नै दृढ दरिला भिक्षुहरू पनि भए । चीनका प्रचारकहरूको उदाहरणले गर्दा उत्साहित भएका कोरियन भिक्षुहरूलाई पनि जापानमा प्रचार गर्न उत्प्रेरित गऱ्यो, फेरि यो सिद्धान्त प्रचारार्थ तिनीहरू जपान गए र तिनीहरूले आफ्ना साथमा बुद्धधर्मका ग्रन्थ र बुद्धमूर्ति मात्र होइन अपितु सभ्य जीवनका विभिन्न कला पनि ल्याए ।

पाँचौं र छैठौं शदीमा निकै चीनका विद्वान र कलाकारहरू जापानमा बस्न गए । तिनीहरूले आफू बस्न गएको देशका जनताहरूमा चीनका अक्षर लेख्ने कला, माटाका भाँडाहरू बनाउने कला, रेशम बुन्ने काम, काठका बुट्टा कुँड्ने कला पनि पुऱ्याई दियो, तिनीहरूले कन्फ्युसियसको उच्चतम विचार, ताओको नियम निष्ठा र बौद्ध रचनाको कृति पनि तिनीहरूलाई परिचित गराई दियो । राजकुमार शोतोकु (Shotoku, ५७२-६२१ ई.) र साम्राज्ञी सुइको -Suiko, ५९३-६२८ ई.) लाई प्रभावित पाऱ्यो । बौद्ध संस्कृतिको उच्च विशिष्ठता र यसको आशावादी सन्देशले यिनी सम्राट् र साम्राज्ञीहरू पनि यति प्रभावित भयो कि तिनीहरूले यो सिद्धान्त स्वयं आफूले अपनायो, फेरि विभिन्न उपायद्वारा जापानमा सबैतिर यसको व्यापक प्रचारार्थ प्रयत्न पनि गऱ्यो ।

Downloaded from http://dhamma.digital/

सातौं, आठौं र नवौं शदीमा निकै नै कोरिया र जापानका भिक्षुहरू एवं विद्यार्थीहरू बुद्धधर्म अध्ययन गर्न र चीनको संस्कृति र सभ्यताको विभिन्न रुपले अध्ययन गर्न चीनमा आई नै रह्यो। यिनीहरूले फर्केर गइसकेपछि आफूले संग्रह गरी ल्याएका ज्ञानले यसका अनुयायीहरूको धार्मिक र बौद्धिक जीवन उन्नत र सम्पन्न गदिदिन परिश्रम गरे।

चीनमा दसौं शताब्दीदेखि आजसम्मको बुद्धधर्म उन्नति र प्रगति भएको इतिहासको चित्रण गरिरहन यहाँ आवश्यकता छैन, यति भन्नु नै पर्याप्त छ, यहाँको बुद्धधर्ममा अनेक कमजोरी र त्रुटि भएर पनि यो आध्यात्मिक धारा र जीवन प्रवृत्ति हो। त्यो सबै आज पनि व्यक्तिगत धर्म र जीवन दर्शनको निम्ति लोकप्रिय भएको छ। व्यक्तिगत रुपमा यो धर्म करुणापूर्ण अतुल्य संरक्षणको सन्देश दिन्छ। जस्तो अमिताभ बुद्ध र दयामूर्ति कुआन पिन् मध्ये एउटा आपत विपतमा त्राण दिने रुपमा पूज्य भने अर्को विनष्ट हुनेबाट मुक्ति दिने हो। फेरि यिनले नै चिरकालीन जीवन दिन्छन्, पापीहरूलाई क्षमा दिन्छन्, पापबाट मुक्ति, दुःखबाट त्राण दिएर सर्वोच्च आनन्दको स्वर्गानुभूति लिन आध्यात्मिक आर्शिवाद जीवन दर्शनको रुपमा यो अन्वेषकहरूलाई एक नयाँ दृष्टिकोण नभै नहुने र मूल्यवान कुरा बुझाई दिन्छ। जीवन र संसारलाई देख्न सक्छ। नयाँ दृष्टिकोण बनाउन मानिसले मानसिक संघर्ष पूरा गरिसकेपछि आध्यात्मिक अभ्यास पूरा गर्नुपर्छ, जसबाट तिनीहरूलाई बोधिज्ञानको निम्ति मार्ग दर्शन हुन्छ। यी विचार दृढ गर्न र अभ्यास पूर्ण गर्ने पुस्तकमा "हसिंग चिन्" र "चिकान्ग्" पुस्तकबाट ठूलो सहायता गर्छ।

चीनका जनताहरूको निम्ति साधारण बुद्धधर्म कन्फुसियस र ताओ धर्मसँग विरोधी धर्म होइन। तिनीहरू यी तीनै धर्म एउटै सम्झन्छन् र उस्तै सम्झन्छन्। यी धर्म एक अर्काको पारस्परिक पूरक र सहयोगी हो। यिनका सत्य एउटै मात्र छ, यसको अभिव्यक्तिको विभिन्न तरिका मात्र अर्को हो। पाँचौं शताब्दीका विद्वान चांगयुगको भनाई अनुसार सत्य भनेको त्यो जंगली राजहंस जस्तै हो, जुन उडेर हिंड्ने, पौड्ने खुट्टा भएको (जालपाद) चरा विभिन्न ठाउँमा विभिन्न नामले चिनेर पत्ता लगाई राख्ने हुन्छ। यस्तै नै आधारभूत सत्य विभिन्न नियुक्तिबाट प्राप्त हुन्छ, जुनबेला त्यो एक देशबाट अर्को देशमा प्रसार भई जाने छ। बुद्धधर्मको तिनताइ परम्पराको प्रस्तावित विचारधार अनुसार मनुष्य अवस्थाको (स्वभावको) अनेकता सीमा हीन हो, दार्शनिक सिद्धान्त अल्याख हो, तपस्या पद्धतिहरू बहुगुणात्मक हो। परन्तु सबैको अन्तिम लक्ष्य स्वयं पाप र मारबाट मुक्ति हुने अनि सत्य र सार्थकतामा पुग्ने एउटै हो। जसले यो अहिलेसम्म बुझेको छैन तिनीहरूले विभिन्न परम्परा र निकायमा तुलना गरी छलफल गरिरहन्छ, जसले यो बुझी सकेको छ, तिनीहरूले सबै एउटै स्वीकार गर्छ। यो सहनशक्ति र स्वीकृतिकरणको जोशमा सत्रौं शताब्दीका एक बौद्ध विद्वानले देश गाथाको एक संकलनमा सम्पूर्ण धर्म समावेश गऱ्यो। अन्तमा केही विशेष प्रकारका ती देनहरूको क्रमशः यहाँ गणना गर्न योग्य सम्झन्छु, जुन बुद्धधर्मले चीनको संस्कृति र सभ्यता विकास गर्न मद्दत गऱ्यो।

Downloaded from http://dhamma.digital/

१. बुद्धधर्मले चीनी जनतालाई व्यक्तित्वको नयाँ मूल्यांकन जीवनको नयाँ दर्शन, धार्मिक अभ्यासको नयाँ योजना दियो, जसबाट व्यक्तिगत रुपले आध्यात्मिक शान्ति पदस्थापना आफ्नै उद्योग बलले, आफ्नै अभ्यासले, आफ्नै सम्यक ज्ञानले पुग्न सकिन्छ ।

२. यसले चीनियाँहरूलाई नयाँ वाङ्मय, संगीत र कविताको नयाँ स्वरुप, निकै प्रभावकारी धार्मिक समारोहमा दियो, जुन शिक्षित र अशिक्षितहरूलाई उत्तिकै प्रेरणाप्रद र रुचिकर भयो ।

३. यसले चिनियाँहरूको सौर्न्य-शास्त्रको गति जगाई नवीकरण गरी तिनीहरूलाई हरेक दृष्टिकोणले राम्रो धार्मिक कलाका नयाँ स्वरुप श्रृष्टि गर्न प्रेरणा दियो ।

४. यसले कन्फुसियसवाद र ताओवादलाई जीवन प्रदान गर्‍यो अनि फेरि शान्तिप्रेमी, प्रकृतिप्रेमी र न्यायप्रेमी जस्ता विशिष्ट श्रेणीय चरित्रनायक चिनियाँहरूको आकृति निर्माण गर्न मद्दत दियो ।

५. यसले जंगल संरक्षण गर्नुमा प्रेरणा दियो । त्यसले जहाँसम्म बौद्धहरूको मन्दिर वा विहार छन् त्यहाँसम्म राम्रा राम्रा वृक्षहरू भए ।

६. यसले भातृत्व भावनाको चिनियाँ दृष्टिकोणलाई विस्तृत तुल्याइदियो । फेरि तिनीहरूको प्राणीमात्र प्रतिका सहानुभूतिलाई विकसित गरिदियो ।

७. यसले भारतीय संस्कृति चीनमा पुर्‍याउन, चीनी सभ्यता कोरिया र जापानमा पुर्‍याउन साधन प्रदान गर्‍यो । यसले चीनमा छपाइको विकासमा द्रुतगति ल्याइदियो ।

भिक्षुहरूको चलन थियो कि उत्साही मानिसहरूलाई आवश्यकता अनुसार पवित्र सूत्र सारिदिने । फेरि धार्मिक मानिसहरूले प्राय आफ्नो संकल्प अनुसार सर्वसाधारण जनतालाई वितरण गर्न ती ग्रन्थ अल्याख प्रति सारेर दियो । चीनमा प्रेसको आविष्कार र यसको पश्चिमतर्फ प्रचार (The invention of Printing in China and its spread westward) को लेखक डा. टी.एफ्. कार्टरको भनाई अनुसार संसारमा सबभन्दा पहिलो प्रेसबाट छापेर निकालेको पुस्तक एउटा बौद्ध सूत्र “चिन् कांगचिंग” (The Diamond Sutra) हो । यो सूत्र वाङ्ग चिह ( Wang Chieh) ले अत्यन्त आदरपूर्वक आफ्ना आमा बाबुप्रतिको स्मृति अमर गर्न सर्वसाधारण जनतामा निःशुल्क वितरणार्थ मे ११ तारिख ८६८ ईस्वीमा छापेको हो ।

Downloaded from http://dhamma.digital/

# इन्डोनेसियामा बुद्धधर्म

पाँचौं ईस्वी शताब्दीसम्ममा जावाद्वीपमा बुद्धधर्मको प्रभाव उत्तिको देखिंदैन । अन्दाजी ४१४ ईस्वीतिर यहाँ घुम्न आएका तीर्थयात्री फाहियानको भनाई अनुसार त्यस समयमा यो द्वीपमा जति ब्राम्हणधर्म विशेष उन्नत अवस्थामा पुगेको थियो त्यति बुद्धधर्म पुगेको थिएन । परन्तु भारतीय विद्वान गुणबर्मनको प्रयत्नले यहाँ बुद्धधर्म प्रचार मात्र भएको होइन, फाहियान आइसकेपछि पच्चीस वर्षभित्र यस जावाद्वीपमा बुद्धधर्म एउटा प्रमुख धर्मको रुपमा नै प्रतिष्ठित हुनगयो ।

सुमात्रा द्वीपमा भने बुद्धधर्मले पहिले नै प्रवेश गरिसकेको थियो । विशेष गरी श्री विजय अधिराज्यमा (जसलाई आजभोलि पेलेम्बंग भन्छन्) बुद्धधर्म निकै प्रचार हुन गयो । यस ठाउँमा भेट्टाइएका शिलालेख इत्यादिबाट ज्ञात भएको छ ६८३-६८४ ईस्वीतिर श्री विजय अधिराज्यको राजा एउटा बौद्ध नै थियो । सातौं शताब्दीको अन्ततिर भारत भ्रमणमा आएका चीनी यात्री इत्सिंगको भनाई अनुसार श्री विजयका राजाहरू र नजिकैका राज्यका राजाहरूले बुद्धधर्म निकै नै मन पराएका थिए । त्यति मात्र होइन दक्षिण एसियामा श्री विजय नै बुद्धधर्मको र ज्ञानको एउटा महान केन्द्र पनि हुन गएको थियो । श्री विजयमा भएका बौद्ध भिक्षुहरूको संख्या एकहजार भन्दा बढी थियो, अनि तिनीहरू सबै मध्यदेश भारतका बौद्ध भिक्षुहरू जस्तै नै अनेक विषयमा अध्ययन गर्ने गर्थ्यो । इत्सिंग बुद्धधर्म अध्ययन गर्न श्री विजयमा केही समयसम्म बसे पनि । वहाँले दक्षिण महासागरतर्फ पर्ने दशवटा जति देशमा बुद्धधर्मको लोकप्रियतालार्य लिएर एउटा राम्रो लेख र घटना लेखेर हामीलाई छोडी गएको छ । त्यस लेखमा ती दश देशका नामावलीको साथै त्यहाँको सबै भनेजसो देशमा स्थविरवाद बुद्धधर्मको निकै प्रचार भएको र श्री विजयमा, आधुनिक मलायामा मात्र महायानी भिक्षुहरू पनि भएको कुरा उल्लेख गर्नुभएको छ ।

सातौं शताब्दीदेखि एघारौं शताब्दीसम्म इन्डोनेसिया बुद्धधर्मको महत्त्वपूर्ण केन्द्र भएर गएको कुरा अरु अरु प्रमाणबाट पनि स्पष्ट गर्छ । सातौं शताब्दीमा नालन्दा विश्वविद्यालयको एकजना प्रसिद्ध प्राध्यापक आचार्य धर्मपालले सुवर्णभूमिको यात्रा गरेर गएको थियो । आजभोलिको इन्डोनेसिया नै त्यतिबेला सुवर्णभूमि भन्ने चलन थियो । एघारौं शताब्दीका प्रसिद्ध भिक्षु अतीश दीपंकर जुन पछि विक्रमशीला विश्वविद्यालयका नायक हुनुभयो अनि फेरि जसले तिब्बतमा बुद्धधर्मको दोश्रो युगको उद्‌घाटन पनि गर्नुभयो, बुद्धधर्म अध्ययन गर्नलाई आफ्नो यौवनकालमा भिक्षु चन्दकीर्तिसँगै सुवर्णद्वीपमा आइपुग्नु भयो । इन्डोनेसियाको धेरैजसो ठाउँमा र मलाया द्वीपमा राज्य गरिरहेका शैलेन्द्रवंशका राजाहरूले महायान बुद्धधर्म प्रचार गर्न अनेक प्रयत्न गरेका थिए । शैलेन्द्रवंशका राजाहरू महायान बुद्धधर्मका अनन्य भक्त थिए । तिनीहरूले बुद्धधर्म प्रचार र संरक्षणको निम्ति बोरोबुदुर, कालासान र मेन्दत जस्ता धेरै नै चिरस्मरणीय चैत्यहरू जावाद्वीपमा बनाएर गए । शिलालेखबाट ज्ञात छ, शैलेन्द्रवंशका राजाहरूमध्ये एक राजाको पालामा एक गुरु गौडदेश (बंगाल) बाट आउनु भएको थियो । शैलेन्द्रकालमा बंगालका पालवंशीय राजाहरूले र दक्षिणमा चोलवंशीय राजाहरूले धार्मिक क्षेत्रमा निकै नै प्रभाव राखी आएको थियो । शैलेन्द्रवंशी राजाहरूले नालन्दामा र नागपत्तिनम्‌मा ठाउँ ठाउँमा धेरै नै विहारहरू बनाएर गए । अनि यी

Downloaded from http://dhamma.digital/

विहारहरू बनाउन चाहिने जमिन मात्र बंगालका पालवंशी र नागपत्तिनम्का चोलवंशी राजाहरूले विनामूल्य दिएका थिए । यथार्थमा भन्ने हो भने शैलेन्द्रवंशी राजाहरूको संरक्षणमा धेरै समयसम्म सुमात्रा र जावाद्वीपमा बुद्धधर्म धेरै प्रचार भएको थियो । अनि जावा र सुमात्रामा जुन तान्त्रिक बुद्धधर्मको प्रचार भयो त्यसको कारण बंगालको प्रभाव नै हो भन्ने कुरामा केही सन्देह छैन । हीनयान र महायान दुवै निकायका अनुयायी राजाहरूको प्रभाव वंशावली अनुसार जावा र सुमात्रा दुवै द्वीपमा प्रभाव भएको हामी पाउँछौं ।

साङ्ग हचाङ्ग का महायान मन्त्रयान र साङ्ग हचाङ्ग का महायानिकम् जस्ता दुई महत्त्वपूर्ण ग्रन्थ पनि त्यहीँबाट हाम्रो अगाडी आएको छ । यी ग्रन्थले हामीलाई इन्डोनेसियामा महायान बुद्धधर्मको के प्रभाव छ भन्ने कुरा राम्रोसँग देखाउँछ ।

जवा र सुमात्रामा मात्र होइन, मलेसियाका अरु अरु द्वीपहरू विशेषगरी बालि र बोर्नियोतर्फ पनि बुद्धधर्म निकै प्रचार हुन गएको छ भन्ने कुराको हामीसँग प्रशस्त प्रमाण छ । हो अन्तमा ब्राम्हणधर्म उदया भएपछि फेरि बुद्धधर्मको त्यहाँ क्रमशः प्रभाव धमिलिँदै गयो । तैपनि त्यहाँको संस्कृति र सभ्यतामा गजुर जस्तै भएर जुन बौद्धतत्त्व बौद्धविश्वास अन्तर्निहित भएको छ त्यो अहिले पनि पहिले जस्तै चम्की रहेको छ, पछि पनि चम्की रहिरहने छ ।

**(आर.सी. मजुमदार द्वारा लिखित तथा प्रचार विभाग, सूचना तथा प्रसार मन्त्रालय भातर सरकार द्वारा प्रकाशित "बुद्धधर्मको पच्चिसौं वर्ष" पुस्तकबाट साभार नेपाल भाषामा अनुदित - (आशाराम शाक्य)**

Downloaded from http://dhamma.digital/

# तृतीय भाग

## अफगानिस्तानमा बुद्धधर्म

### भिक्षु अमृतानन्द महास्थविरको अफगानिस्तान यात्रा

लण्डन र स्वीट्जरलैण्डबाट मास्को फर्केपछि तासकन्द गएँ। १९७१ मई १३ तारिखको दिन तासकन्दबाट काबुल हवाइ ग्राउण्डमा बिहानको १० बजे पुगें।

काबलुल अफगानिस्तानको आजभोलिको राजधानी हो। अफगानिस्तान एसियाको माझमा पर्छ। यसको क्षेत्रफल २,५०,०० वर्गमील छ। जनसंख्या १ करोड ५० लाख छ। यो भूपरिवेष्ठित देश हो। यसको उत्तरी सिमानामा सोभियतसंघको ताजगिस्तान, टुर्कमेनिया र किर्गिजिया पर्छ। उत्तरपूर्व सिमानामा जनवादी गणतन्त्र चीनको सिकियांग प्रान्त पर्छ। पूर्व र दक्षिणमा छितलको पख्तून र बलुचिस्तान अनि पश्चिममा इरान सीमाना पर्छ।

अफगानिस्तानको पुरानो नाउँ अर्याना हो। ईसापूर्व १५०० वर्षमा यहाँ अर्याना अर्थात् आर्यनहरूले बास गरिरहेको थियो। ईसापूर्व ६०० वर्षसम्म जोरोष्टरको आबेस्ताहरूले बास गरिरहेक थिए। अफगानिस्तान हिन्दूकूश पहाडको श्रृंखला र ओक्सम अनि इन्दू नदीका मध्ये भागमा परिरहेको छ।

अफगानिस्तान प्राचीनकालमा विभिन्न धर्म र संस्कृतिको चार दोबाटो जस्तो हो। अफगानिस्तानको उत्तर तर्फको मजारि शरिफको वाल्ल शहरमा जसलाई पहिलेको प्रचीनकालमा बेक्ट्रिया भन्दथ्यो, जहाँ जरोष्टर जन्मेको थियो। यहाँ उनले आफ्नो धर्म स्थापना गर्नु थियो। अलेक्जेण्डरले ईसापूर्व ३३२ वर्ष अगाडी अफगानिस्तानमा हमला गर्‍यो। फेरि पछि उनकै एकजना जनरलले सत्तरमागमा ग्रेको-वेक्ट्रिया राजधानी बनायो। यो राजधानी दुईसय वर्षसम्म कायम पनि भयो। ईसापूर्व २५० वर्षदेखि अफगानिस्तानमा बुद्धधर्म प्रवेश भएको देखिन्छ। उत्तरपश्चिम बाटोबाट चीन जानु अगाडी ६८ ईस्वीमा बुद्धधर्मका दूत मातंगकाश्यप र धर्मरत्नले अफगानिस्तानमा पनि धर्मदूतको काम गर्‍यो भनी उल्लेख भैरहेको देखिन्छ। अनि पाँचौं शताब्दीदेखि सातौं शताब्दीभित्र यहाँ बुद्धधर्मको ठूलो विकास भयो। विशेषगरी वामियानभन्ने ठाउँ बुद्धधर्मको ठूलो स्थान भयो। त्यतिबेला त्यहाँ हजारौं भिक्षुहरूले बसोबास गरिहेको र विशेषगरी विश्वमा सबभन्दा ठूलो बुद्धमूर्ति भएको बारेमा चीनियाँ बौद्धयात्रीहरूले आफ्नो यात्रा वर्णनमा उल्लेख गरिराखेको छ। यी बुद्धमूर्ति वामियान उपत्यकाको उत्तरपट्टि एउटा पहाडको पत्थरमा कुँडेको छ। १७५ फिट अग्लो उभिइरहेको बुद्धमूर्ति अनि यसको ४०० गज जति पूर्वमा ११५ फिट अग्लो उभिइरहेको बुद्धमूर्ति अहिलेसम्म छन्।

Downloaded from http://dhamma.digital/

अफगानिस्तान जानुको मेरो खास उद्देश्य पुरातात्विक स्थान हेर्नु हो । काबुलबाट २४० किलोमिटर उत्तरपश्चिम तर्फ यो स्थान छ । त्यहाँ जान दिनहुँजस्तै काबुलबाट अफगानिस्तानको अन्तर हवाइ सर्बिस छ । परन्तु म कारबाट गएँ । काबुलबाट ६२ किलोमिटर उता चिरकाच भन्ने शहरसम्म राम्रो पिच भएको सार्वजनिक बाटो छ । यो शहरबाट बायाँतर्फ कच्ची बाटोबाट छिदिंखाल्मा भन्ने नदीका तीरैतीर गएर सियागेट्, चार्दिखार्वान, नागेपछि आजारा भन्ने गाउँ आइपुग्छ । आजाराका बासिन्दाहरू चंगेजखानका वंशज हुन् । तिनीहरूको अनुहार मंगोलियनहरूको जस्तो छ, यिनीहरूको घरको शैली र अफगानिस्तानका आदिवासीहरूको घरको शैली बिल्कुल फरक छ । यी आजारावासीहरूको घरमा काठका झ्यालहरू छन् । झ्यालमा बुट्टा कुँडेको र रंगरोगन गरेको देखिन्छ । आजभोलि यिनीहरूले कृषिको साथै भेडा बोका पाल्ने काम गरिरहेका छन् । यिनीहरू गोरो छन् । यो गाउँ पहाडको कोणमा अवस्थित छ । पहाडको मुनि नदी छ ।

आजारा गाउँ छाडी नदीबाट टाढा हुँदा सिवारपासको पहाड चढ्नु पर्छ । बाटोमा अफगानिस्तानका आदिवासीहरू सयौं उँठ र भेडा बोकासँगै दश बाह्रजनाको जमात तुल्याई एक ठाउँबाट अर्को ठाउँमा गइरहेको भेटिन्छ । यिनीहरू काला छन् । झ्वाट्ट हेर्दा डरलाग्दा छन् । यिनीहरू व्यापार गर्न निकै सिपालु छन् भन्छन् । यिनीहरूको भाषा अफगानिस्तानको सरकारी भाषा मास्तो र डारी अर्थात् अफगान पार्शिभन्दा फरक छ । मालसामान ओसार्ने काम उँठको पीठमा राखेर गर्छन् । गधाबाट पनि केही काम लिन्छन् । सिवारपासको टुप्पामा पुगेपछि फेरि तल झर्नु पर्छ । यो पर्वतको टुप्पामा पुगेर चारैतिर हेर्दाखेरि हिन्दूकूश पहाडको टुप्पा टुप्पामा हिउँ परिराखेको देखिन्छ । सबै पहाड नांगो छ । रुख बिरुवाहरू छैन । यो पहाडबाट बिस्तारै झरेपछि एउटा नदी भेटिन्छ । यसको बायाँपट्टि रातोमाटोको पहाडको टुप्पामा पुराना शहिरी-ओहाद अर्थात् रेड-सिटि देखिन्छ । त्यसपछि यस खोलालाई बायाँपारी छोडेर गएपछि वामियान गाउँ पुगिन्छ ।

वामियान गाउँमा एउटा सानो बजार छ । यसको दक्षिण ढुंगामा आजभोलिको होटल छ । यसको अतिरिक्त यहाँ अफगानिस्तानको आफ्नो पुरानो ढंगका होटल पनि छन् । होटलको व्यवस्था राम्रै छ । डबल रुपको निम्ति २५० भए पुग्छ । होटल डबल बेडको सामूहिक बाथरुम भएकोलाई १० डलर लिन्छ । १ डलरको अफगानिया ७५ देखि ८० रुपैयाँ सरकारी विनिमयमा प्राप्त हुन्छ । होटलमा ब्रेकफास्ट मात्र दिन्छ । अरु खानाको अलग्ग पैसा तिर्नु पर्छ । यो ठाउँको अगाडीको पहाडमा अभयमुद्रामा अभिनु भएको १७५ फीटको बुद्धमूर्ति राम्रैसँग देखिन्छ । दृष्य अत्यन्त राम्रो छ । यो वामिया गाउँ गोहिबाबा र हिन्दूकूश पहाडको बीचमा पर्छ ।

सातौं शताब्दीमा चीनबाट व्हेनसाङ्ग यहाँ आइपुग्दा उसले वामियान त्यसबेला राजधानी भैरहेको अनि त्यहाँ दशवटा विहारहरूमा हजारौं भिक्षुहरू बसिरहेको देखेको थियो । ती भिक्षुहरू हीनयान लोकोत्तरवादी थिए । यहाँका राजाले व्हेनसाङ्गलाई स्वागत पनि गरेका थिए । राजधानीमा महासांघिक निकायका आर्यदास र आर्यसेन महास्थविरहरू रहनु भएका थिए । यिनीहरू धर्मलक्षण समूहका थिए । व्हेनसाङ्गले लेख्नु भएको छ कि वामियान पहाडमा १५० फीट अग्लो ढुंगाको बुद्धको मूर्ति छ, यसको पूर्वतिर एउटा विहार छ, यसको पूर्वपट्टि शाक्यमुनि बुद्धको उभिइरहेको ढलौटको

Downloaded from http://dhamma.digital/

मूर्ति छ । यो मूर्ति १०० फीट अग्लो छ, विहारभित्र १००० फीटजति अग्लो भगवान बुद्धको निर्वाण शैयाको मूर्ति छ भन्छन् । परन्तु आजभोलि यो निर्वाण शैयाको मूर्ति कहाँ छ भने कसैले भन्न सकेको छैन ।

यो होटलको पूर्वपट्टि शाहारिघोलघोला अर्थात् साइलेण्ट सिटी (मौनघर) भन्ने प्राचीन शहरको भग्नावशेष छ । अझ यसको दक्षिण पूर्वपट्टि काकराक भन्ने ठाउँमा एउटा नदीको किनारमा रहेको पहाडमा २५ फीटजति अग्लो निकै राम्रो उभिइरहेको अभयमुद्राको बुद्धमूर्ति छ । यो मूर्ति अहिलेसम्म जस्ताको तस्तै छ ।

वामियानको भएजति पुराना स्मारक र ठाउँमा हिँडेर घुमेको खण्डमा पाँच छ घडी समय लाग्न सकिन्छ, मोटरबाट घुमे १० डलर दिनु पर्छ । म अफगानिस्तानको संस्कृति र पर्यटन विभागको पाहुनाको रुपमा गएको हुनाले मोटरकार र ठाउँमा घुम्नमा निकै सुविधा भयो । विभागबाटै उपलब्ध गराई दियो ।

१७५ फीट अग्लो उभिइरहेको बुद्धमूर्ति देख्दा मलाई निकै आश्चर्य लाग्यो । अनि पछि सारै आनन्द अनुभव पनि भयो । मनमा लाग्यो यो पहाड खोपेर यत्रो विशाल मूर्ति त्यतिबेलाका भिक्षुहरूले आफ्नो सम्पूर्ण जीवनको समय सिध्याएर पनि पूरा गर्न सकिएन होला, साँच्चै भनुँ भने बिना दूरबीन यहाँको गुफाको गारोमा लेखिराखेको चित्रहरू हेर्न सम्भवै थिएन । मलाई एकजना सहायकले इसारा गऱ्यो । भाषा नबुझे पनि मैले उसले भने बमोजिम उसको पछि लाग्दै गुफाबाट बाहिर आई पहाड चढें । उसले साँचो खोलेर सुरुंगभित्र लगे । यो सुरुंग बुद्धमूर्तिको शिरतिर पर्दछ । सुरुंग अर्धचन्द्राकारको थियो । सुरुंगको बाटोमा ठाउँ ठाउँमा निकै प्वालहरू छन् । ती प्वालबाट नै त्यो गुफाको भित्तामा लेखिराखेको चित्रकला राम्रोसँग देख्न सकें । यो चित्रकला बुद्धको शिरको दायाँ बायाँतर्फको भित्तामा छ । यी चित्रहरूमा तीनवटा चित्रकला अहिलेसम्म पनि सजीव छ । धर्मचक्रमुद्राको तीनवटा चित्र हेरेर मलाई खुब आनन्द लाग्यो । अरु चित्रहरू कहिँ अनुहारमा बिग्रेको भए कहिँ हातमा बिग्रेको छ । तैपनि यी भित्तामा लेखिराखेको चित्रकलाहरू निकै नै राम्रा अनि सौम्यसरले भरिएको थियो । यसको रंगरोगन अहिलेसम्म तालै देखिन्छ । यी चित्रका रंगरोगन र कलाले अजन्ता र श्रीलंकाको श्रीगिरि पहाडको चित्रकला सम्झाई दिन्छ ।

यो पहाडमा जहाँ पनि गुफाहरू छन् । निःसन्देह यी गुफाहरूमा पनि मूर्तिहरू थिए होलान् । उभिइ राखेको यो मूर्तिको दाहिने हात भाँचिएको छ । मूर्ति अभयमुद्रा हो । बायाँ हात पनि भाँचिएको छ । दुवै पाखुरा बिग्रेको छैन । अनुहार पनि लुम्बिनीको मायादेवीको मूर्ति झैं काटिराखेकोले चेप्टो परेको छ । केवल चिउँडोको भाग मात्र स्पष्ट छ । जमिनमा मूर्तिको दायाँ बायाँ र पछाडि तर्फ अर्ध गोलाकार पहाडमा आठवटा गुफाहरू छन् । यसको सिलिंगमा अनेक प्रकारका बुट्टाहरू लेखिराखेका छन् । गुफाभित्र अँध्यारो भएको हुँदा धेरैबेर बसिसकेपछि मात्र केही आकृति देख्न सकियो । बुद्धमूर्ति ग्रीकोरोमन शैलीको हो । प्रोफेद् मोहम्मदको देहान्त भएको वर्षमा व्हेनसाङ्ग यहाँ आएको थियो । १७ औं शताब्दीका ईस्लाम लेखक अब्दुल फाजीको भनाई अनुसार अफगानिस्तानमा १२००० जति गुफाहरू छन् ।

Downloaded from http://dhamma.digital/

वामियानमा धेरै नै अस्तिधातु सुन चाँदीको पात्रमा भेट्टाएको कुरा र काबुलको दक्षिण पश्चिममा दुईवटा शिलास्तम्भ भेट्टाइएको कुरा पनि उल्लेख भइरहेको छ । यो शिलास्तम्भलाई मिनार चक्कि भन्छन् । यो धर्मचक्र युक्त शिलास्तम्भको नै अर्को नाम हो । यसको अतिरिक्त अफगानिस्तानमा हालसम्म खुदाइ गरी भेट्टाइराखेका पुराना ठाउँमा अर्को दुईवटा पुराना ठाउँ हेर्न योगय छन् । यी हुन् जलालाबादको नगीचको हाडडा अनि बाज्नीको तपाइसर्दार ।

जलालाबाद पाकिस्तानको सिमाना तोरवाम भएर पेसावर जाने सिमानासँगै पर्छ । यो शहर काबुलबाट १४५ किलोमिटर पूर्वतिर पर्छ । बाटो पिच भएको हुँदा यहाँ आउन जान सजिलो छ । अफगानिस्तानमा रेलको बाटो कहिँ पनि छैन । खाली मोटरको बाटो र हवाईसेवा मात्र छ । बाटो ढुंगाको पहाडको बीच माझबाट गइराखेको छ । फेरि फारकिलो छ । पहाडमा कतै रुख देखिँदैन सबै पहाड नांगो नांगो । बाटोमा जाँदाजाँदा बीचमा एउटा ठूलो नदी भेटिन्छ । त्यहीँ ठूलो हाइड्रो इलेक्ट्रिक पाव स्टेशन बनाई राखेको छ । जलालाबाद अफगानिस्तानको नामी व्यापारिक शहर हो । यहाँ काबुलमा जस्तै जाडो महिनामा हिउँ पर्दैन । यो ठाउँ समुद्री सतहबाट १७९५ फीट माथि पर्छ ।

यहाँबाट तीनकोस जति पूर्वतिर हाड्डा भन्ने ठाउँ छ । यहाँ दोश्रो शताब्दीदेखि छैठौं शताब्दीसम्मको बीचमा निर्माण भएको बौद्धस्थानहरूको खुदाइ भएको छ । यहाँ पनि बोद्धविहार र विभिन्न मूर्तिहरू सयौं फेला परिएका छन् । यो ठाउँलाई व्हेनसाङ्गले नगराहार भनी राखेका छन् । यहाँ व्हेनसाङ्गले सम्राट् अशोकले बनाएको ३०० फीट अग्लो चैत्यको वर्णन गरिराखेका छन् । यही शहरमा बुद्ध पाल्नु हुँदा सुमेध ऋषिले आफ्नो जटा ओछ्याई स्वागत गरेको हो भनिकन यहाँको एउटा बुद्ध भिक्षुले बताएको कुरा लेखिराखेको छ । उही देशमा बुद्धको निधारको अस्तिधातु बनाई राखेको स्तुप देखेको कुरा पनि व्हेनसाङ्गले लेखिराखेका छन् । यस ठाउँको उत्खनन् फ्रेन्चहरूले गरेको थियो, मैले देखेको भग्नावशेष ठाउँमा ससाना चैत्यहरू र मूर्तिहरू माटोको बनाई राखेको थियो । यो विहारमा ईंट राखेको देखिँदैन । अहिले पनि अफगानिस्तानका घरहरू सानासाना छन् । ढुंगा मिसिएको माटोले नै यी घरहरू बनाई राखेका छन् । यहाँ भेट्टाइएका वस्तुहरूमा कुनै कुनै काबुलको संग्रहालयमा सुरक्षित छन् । संग्रहालयमा हाड्डामा भेट्टाइएको भगवान बुद्धको भिक्षापात्रको एउटा टुक्रा पनि देखाइ राखेको छ ।

घाज्नी काबुलबाट २३० किलोमिटर दक्षिणतिर पर्छ । यो शहर प्रचीनकालमा पहिलो र दोश्रो शताब्दीमा कुशान साम्राज्यको एक भाग थियो । त्यसपछि यो देशमा सानासाना राज्यहरू भए । यहाँ पनि चिनियाँ यात्री आएको थियो ।

केही वर्ष अगाडीदेखि यस प्रान्तमा तपाइसर्दार भन्ने ठाउँमा इटालियनहरूले उत्खनन् गर्दा एक माटोको ढिस्कामुनि एउटा विहार बाँकी रहेको भेटायो । यो ठाउँ हेर्न सरकारी विशेष आज्ञापत्र लिनुपर्छ । यो ठाउँ पनि मैले हेरेँ । उत्खनन्को काम पूरा नभैसकेकोले गरिसकेको उत्खनन् कामको सबै ठाउँमा बर्षाबाट बचाउन मान्द्रोले छोपिराखेको छ । पालो पहरा पनि छ । छोपी राखेको मान्द्रोको प्वालबाट यताउताबाट हेर्दा एक ठाउँमा मैले विहारको सिंहासनको आकार देखेँ । यहाँ पनि

Downloaded from http://dhamma.digital/

माटोको नै धेरै प्रयोग गरिराखेको छ । एउटा विहारको सिंहासनको आधार पोखरीमा छोपी राखेको पातलो ढुंगाको जस्तो देखिन्छ । मूर्तिहरू सबै नै माटोको मात्र थियो । अहिलेसम्म यहाँको उत्खनन्को काम सकिएको छैन । यस प्रान्तमा सम्राट् अशोकले १० वटा चैत्य बनाई राखेको छ भनी चीनी यात्रीले आफ्नो यात्रा वर्णनमा लेखिराखेको छ । पछि धाज्नीमा ईस्लामी राजा सुल्तान महमुदले शासन गऱ्यो । जुनबेला उनले धाज्नीबाट भारतमा इस्लामीहरू पठायो । कुशानकालमा एउता ठूलो गढ भएको पहाडको माथि आजभोलि एउटा मिलिटरी ट्रेनिङ्ग सुन्ट्रल राखेको छ । यहाँ जान हुँदैन । परन्तु त्यो प्राचीन गढ शहरको अर्को भागबाट राम्रैसँग हेर्न सकिन्छ । यो शहरमा धेरैजसो छाला र चाँदीका गहना र कपडाको व्यापार हुन्छ ।

आजभोलि अफगानिस्तान इस्लामी राज्य हो । ईस्वी १९३३ मा सिंहासनमा बस्ने राजा महम्मद जाहिर शाहले राष्ट्र विकासको निम्ति र प्रजातान्त्रिक रुपले शासन गर्न सन् १९६३ मा बनाउको नयाँ संविधान १९६५ मई १० तारिखकोदिन लालमोहर लगाई अफगानिस्तानमा प्रजातान्त्रिक शासन स्थापना गऱ्यो ।

काबुल अफगानिस्तानको राजधानी हो । यहाँ ५ लाखजति जनसंख्या छ । यो काठमाडौंभन्दा साने छ । शहरको दुवैतिर पहाड छन् । हिन्दूकूश पहाडको एकातर्फ शहर छ । काबुल नदीको एकातर्फ पहाडमा प्राचीन नगरको पर्खाल पनि भग्नावशेष अवस्थामा देख्न सकिन्छ । शहरको चारैतिरको पहाडमा सबै ठाउँमा माटाका घरहरू छन् । शहरमा पक्की घरहरू भए पनि अग्ला अग्ला घरहरू धेरै छैन । नयाँ शहरमा सबै ठाउँमा पक्की सडक छन् । काबुलका पुराना बजारहरू गल्ली गल्ली छन् । यहाँ पानीको अभाव जस्तो छ । पानी सफा छैन । आआफ्ना चोकमा इनार छन् । पर्यटकहरूको निम्ति धेरै किसिमका होटलहरू छन् । एक दिनको डबल बेडको ९०० अफगानिस्तानी रुपैया लिन्छन् । सस्तो र महंगो दुवै किसिमका होटलहरू ानिकै छन् । सस्तोमा १५० अफगानिस्तानका रुपैयाँसम्म जाने होटलहरू छन् ।

अहिले पनि महिलाहरू घुम्टो ओढी घुम्ने गर्छिन् । महिलाहरूको निम्ति र बालकहरूको निम्ति अलग अलग स्कूलहरू छन् । विश्वविद्यालयमा मात्र महिला र पुरुषहरू एकै ठाउँमा पढ्छन् । ७ प्रतिशत शिक्षित वर्ग छन् । झिलिमिलि पसलको बजार जुद्धसडकको तीनखण्डको एकखण्ड जतिमात्र होला । यही यहाँको मुख्य बजार हो । यस्ता अरु पनि बजारहरू छन्, धेरैजसो सडकहरू पक्की छन् । खाना र पेय पदार्थ इस्लामी ढंगका छन् । हरियो तरकारी धेरै छैन । च्यांग्रा, भेडा, गाई र बोकाका मासु मुख्य आहारमा एक हुन् । भात पनि खान्छन् । परन्तु धेरैजसो गहुँको पिठोबाट बनेको ठूलो ठूलो रोटी खाने चलन छ । फलफुलमा अंगूर, खर्बुजा र तर्बुजा पनि पर्छ, यो नामी छ । टैक्सि मोटर छैन । जे चीजको पनि मोलमोलाई गर्ने यहाँको चलन छ । काबुलको होटलको दक्षिण पूर्वपट्टि राजदरबार छ । ९९ प्रतिशत इस्लामीहरू छन् । अरु हिन्दु, शिख र जूसहरू छन् । अफगानिस्तानका बासिन्दाहरू पहिले सबै बौद्ध थिए भन्छन् । वृहस्पतिबारका दिन आधादिन र शुक्रबारका दिन एक दिन छुट्टि छ । अफिसमा बिहान ८ बजेदेखि बेलुकी ५ बजेसम्म काम गर्नुपर्छ । १२ बजेदेखि १ बजेसम्म खाना खान फुर्सद छ । भाषाको कठिनाइ त त्यहाँ छँदैछ, तैपनि आजभोलि

Downloaded from http://dhamma.digital/

स्कूलमा अंग्रेजी पनि पढाउँछ । मुद्रा विषयमा केही प्रतिबन्ध छैन । तिनीहरू नेपालसँग व्यापार वृद्धि गर्न चाहन्छन् । नेपालका श्री ५ सरकारप्रति निकै आदरभाव राख्दछन् ।

अन्तमा मई १९ तारिखका दिन विमान अरियाना अफगानिस्तानको जेटबाट लाहोर भएर दिल्ली फर्क्यौं । अफगानिस्तान बसुञ्जेलसम्म संस्कृति र पर्यटन विभागका अध्यक्ष श्री तेर्जी र निर्देशक श्री अलि लवांगिनले मलार्य निकै स्वागत सम्मान गर्नु भयो । नेपालबाट सर्वप्रथम आएका बौद्धभिक्षु भनी वहाँहरू निकै खुशी हुनु भएको छ । वहाँहरूप्रति मेरो हार्दिक धन्यवाद छ । मई २० तारिखको दिन म काठमाडौं आइपुगें ।

Downloaded from http://dhamma.digital/

# बंगलादेशमा बुद्धधर्म

बुद्धको शान्ति-सन्देश राजनैतिक वा प्राकृतिक बन्धनबाट मुक्त हुनुका लागि हो । त्यसकारण कुनै देशको बुद्धधर्म भन्नु नै युगले चाल पाएको आवश्यक ठाने अनुसारको राजनैतिक वा प्राकृतिक सिमानाको परिधिमा राखेर बुद्धधर्म अध्ययन गर्ने एउटा प्रयास हो ।

बंगलादेशको बुद्धधर्मको इतिहास भन्नु नै स्वयं बुद्धधर्मको इतिहास भन्नु जस्तै हो । किनभने बंगलादेशमा बुद्धधर्म यतिबेला प्रवेश गर्‍यो भन्न नसके तापनि यति त स्पष्ट छ कि अशोकको समय भन्दा अगाडी नै बुद्धधर्म यहाँ प्रवेश भैसकेको थियो । तेश्रो शताब्दीको एउटा शिलालेख अनुसार आजभन्दा सत्र अठारसय वर्ष अगाडी नै यहाँ बंगलादेशमा बुद्धधर्मले राम्रोसँग जरा गाडिसकेको थियो । पाँचौं शताब्दीसम्ममा त यहाँ कौमिलाको चारैतिर धेरै धेरै विहार र चैत्यहरू निर्माण भैसकेको थियो ।

सातौं शताब्दीको प्रसिद्ध चिनियाँ यात्री व्हेनसाङ्गले यहाँको राजधानीमा तीस वटा विहारमा दुई हजार भन्दा भढी भिक्षुहरू भएको र बुद्धधर्मको उन्नति अभिवृद्धि भैरहेको कुरा देखेको थियो । अझ स्मरणीय र उल्लेखनीय कुरा यो हो कि त्यसबेला बंगलादेशमा पनि भारतका विभिन्न ठाउँमा जस्तै महायानी र स्थविरवादी बौद्धभिक्षुहरू सँगसँगै बसेर धर्म पालन र प्रचारप्रसारको काम गर्दथे । यसको दुई वर्षपछि अर्को चिनियाँ यात्री तेंगचीले समततको राजधानीमा चार हजार भिक्षुहरू भएको वर्णन गरी राखेको छ । खडग राजवंशको शुरुदेखि बाऱ्हौं शताब्दीमा पालवंशको पतन नहोउञ्जेल यो काम उत्तरोत्तर उन्नति भैरहेको थियो । साँच्चै यो समयमा त कहिँकहिँ बुद्धधर्मको विकास बन्द नै हुँदै गइरहेको समय हो । विशेषतः गुप्त साम्राज्यको पतनपछि मगधमा । परन्तु यो समय बंगलादेशमा बुद्धधर्मको स्वर्ण युग थियो ।

तेऱ्हौं शताब्दीदेखि बंगलादेशमा अनेक आन्तरिक र बाह्य संघर्ष शुरु भयो । मुस्लिम, पोर्टुगीज र अंग्रेजहरूको शासन भयो । तैपनि बंगला र अरकन जातीय मानिसहरूले शहर र नगरबाट टाढा बसेर अथवा भिन्नै अलग्ग बसेर आफूलाई बुद्धधर्म र संस्कृतिको अनुयायी नै तुल्याइराख्यो । त्यसकारण कसैकसैको धारणा अनुसार बंगलादेशमा बौद्ध परम्परा नेपालमाजस्तै पहिलेदेखि अहिलेसम्म अविछिन्न रुपले प्रवाहित भएर नै आइरहेको छ । जुनबेला पुनः नवजागरण आयो त्यतिबेलानै सजिलोसँग बंगलादेशमा बुद्धधर्मको प्रचारसँग बौद्धभिक्षु परम्परा सरलपूर्वक सललल प्रवाहित भयो । आज कक्स बजार र अरकन सीमाको दायाँबायाँ रहेका तथा पहाडमा बसेका समते गरी अरकन जातीय बौद्धहरूको संख्या १,३६,००० छन् । अरु बंगलादेशका बौद्ध र चकमा भन्ने ठाउँका निवासीहरू हुन् । चकमाका बौद्धहरूले आफू कपिलवस्तुका शाक्यवंशज भन्छन् । आजभोलि यिनीहरूको संख्या १,०८,००० छन् । धेरै बौद्धहरू चटगाउँका पहाडी भागमा बसोबास गरेका हुनाले बंगलादेशका खास बौद्ध जनसंख्या बढी भएको ठाउँ चट्गाउँ भने पनि हुन्छ ।

बंगलादेशका बंगाली बौद्धहरूको पनि आफ्नै महत्त्वपूर्ण इतिहास छ, यद्यपि यिनीहरूको संख्या ७२,००० मात्र छन् । चटगाउँको उत्तरपूर्वमा १५ वटा यस्ता गाउँ छन्, जहाँ चौक्खै बौद्धहरू

Downloaded from http://dhamma.digital/

मात्र बसोबास गरिरहेका छन् । यस ठाउँलाई बिजीखालि भन्छन् । यो बिजीखालि नाउँको विषयमा पनि रोचक प्राचीन जनश्रुति छ । कृतिम सरोवरको छेउमा रहेको बिजीखालि वैशालीबाट आएका विजय भन्नेले खनेर बनाएको हो भन्ने प्राचीन परम्पराको विश्वास हो । उता एउटा अर्को नदीलाई मौगदीर भन्छन् । साँच्चै नै नाउँ अनुसार यसको दुवै किनारामा मघहरूले बसोबास गरिरहेका छन् कक्स बजारमा रहेको बरुवाखालि पनि निकै नै अघि सार्न योग्य छ । बंगाली बौद्धहरूलाई बरुवा भन्छन् ।

बरुवाको अर्थ आर्य अथवा उच्च सैनिक कमाण्डर हो । बरुवा भन्ने बित्तिकै प्राचीन परम्परा अनुसार छोराहरू सबै एकपटक भिक्षु वा श्रामणेर हुनु पर्ने बौद्ध हुन् भनेर हामी जान्न सक्छौं । जस्तो नेपालमा शाक्य वा बज्राचार्य भनेपछि एकपटक भिक्षु भैसकेका बोद्ध भन्ने जान्न सकिन्छ ।

बरुवा बौद्धहरूको सम्पूर्ण क्रियाकर्म बौद्ध चारित्रानुसार हुन्छ । जन्मदेखि मरणसम्म बौद्ध भिक्षुहरू चाहिन्छ । विवाह कर्मसमेत शील प्रार्थना गराई शील परिपालनबाट पुरुष र महिलालाई लाभ हुने कुरा सम्झाई दिनु जति रमाइलो छ उति नै बौद्ध संस्कृति अनुसार जीवन परिस्पन्दन गर्ने हुन्छ । तिम्रा श्रीमानले अरु मारी हिँडे, अरुको चोरी गरी हिँडे, अरुसँग सम्बन्ध राखे, तिमीलाई छक्याई छली झुक्याई राखे, पिएर आई तिमीलाई पिटे वा तिम्रो संसार बिगारेको तिमीलाई मनपर्छ कि भनी श्रीमती हुनेसँग सोध्छन् । फेरि यही कुरा श्रीमती हुनेबाट गऱ्यो भने पुरुष हुनेलाई दुःख हुने कुरा सम्झाई दिन्छ । मंगलसूत्रको पाठ गरेर जीवन मंलयमय हुने उपदेश दिन्छ । यस्तै गृहमंगल आदि हुने काम बौद्ध चारित्रानुसार हुन्छ ।

बंगाली बौद्ध वा बरुवाहरूलाई मघ पनि भन्छन् । यसरी यिनीहरूमा मघ भने अनुसार बुद्धकालीन मगधको संस्कार भए त केही आश्चर्य छैन । एकजना अरकनी शासकले बंगलादेशमा मघसम्वत् नै चलायो । यो मघसम्वत् जमिनको लेनदेनमा अहिलेसम्म लेख्ने गर्छन् । यहाँ भएको मगधेश्वरी देवी चटगाउँ र यसका दायाँबायाँका मानिसहरूले अहिलेसम्म निकै मान्छन् । यो देवी मगधबाट आउका महायानीहरूले ल्याएका हुन् भन्ने जनश्रुति छ । मगधेश्वरी एउटा महायानी देवी वा बोधिसत्वको स्थानीय प्रचलित नाउँ पनि हुन सक्छ । किनभने यहाँ अरु देवीहरू देवताहरू पनि देखिन्छन् । आजसम्म वर्षको एकपटक पाटिका चटगाउँको सँगैको क्षेत्रपालको सम्मानमा मेला लाग्दैछ ।

बंगलादेशले निकै बौद्ध दार्शनिक, कलाकार र धर्मदूतहरू दिएका छन् । बंगाली बौद्ध विद्वान भिक्षु शीलभद्र प्रसिद्ध बौद्ध विश्वविद्यालय नालंदाका प्रमुख आचार्य भएर गए । अनेक विषयका विभिन्न देशबाट आएका दशहजार विद्यार्थीहरूसँग ब्हेनसाङ्ग पनि यही दार्शनिकको छत्रछायामा रहेर बौद्धदर्शन र संस्कृतिको अध्ययन गरे । दीपंकर श्रीज्ञानले तिब्बतमा बुद्धधर्म प्रचार गर्न आफ्नो बुढेसकालमा नै हिमालय चढेर पुगे । एकजना दानशील भन्ने दार्शनिक प्राध्यापकले तन्त्रयानका ६० वटा पुस्तक तिब्बती भाषामा अनुवाद गरे । क्षेमाकर गुप्तले बौद्धतर्फको आधारमा तर्कभाषाको पुस्तक लेखे । विभूतिचन्द्रले २३ वटा पुस्तक आफैले लेखे र १७ वटा पुस्तकको अनुवाद गरे । यस्तै नै कति अज्ञात बौद्ध बंगालीहरूले धर्मदूतको रुपमा र कलाकारको रुपमा समुद्रको यात्रा गरी जंगल

Downloaded from http://dhamma.digital/

र मैदान पार गरी बर्मा, थाईलैण्ड, जावा, सुमात्रा, चीन र जापान पुगे । बंगाली जातीय संगीतमाजुन मधुरता छन्, त्यो बौद्ध करुणायुक्त अनुरागको कारणले हो । कति बंगलादेशका प्राचीन बौद्धभजन भनिने नेपालको दाफा भजनजस्तै तालमा पर्छन्, कति प्राचीन संगीत भनिने त वेवारहरूका देवदेवीको नृत्यमा ताः बजाएर खिँ बजाएर गाउने गीतजस्तै छन् ।

बंगलादेशमा प्राचीन गौरव देखाउने निकै प्राचीन विहार र चैत्यहरूका अवशेषहरू पनि भेट्टाएका छन् । जयपुर हाटबाट चारकोस पर जगदक भन्ने ठाउँमा खण्डहरको एउटा संसार नै छ । यो विहारको अवशेषले पालवंशी बौद्ध राजा रामपालले एघारौं शताब्दीको उत्तरार्द्धसम्मको इतिहास उघारेको छ । बोगरा र बरंदाको धेरै नै प्रसिद्ध विहार र चटगाउँका पण्डिताको विहारको अवशेष हेर्न योग्य छ । बोगराको पहारपुरको सोमपुर महाविहार, महास्तनगढको बौद्धवर्धन महाविहार, दिनाजपुरको देवीकोट विहार, विशेष उल्लेखनीय छ । पहारपुरका भग्नावशेषमा देखिएका वास्तुकलाको जोडा बर्मा र जावामा छाडी अन्त देखिँदैन । ७ फिट अग्लो ९०० फिट गोलाकार विशाल चैत्य खुलनामा भरत बहेनामा अहिलेसम्म पनि छ । चटगाउँमा अथवा चटग्राममा यत्ति असंख्य चैत्य छन् कि यस्तो चैत्य धेरै भएको ठाउँ वा गाउँ भएर नै यसको नाउँ चेतियग्राम, चैत्यग्राम, चटगाउँ भयो । कोमिलासँगैको मैनमति भन्ने ठाउँमा भैरहेको पुरातात्विक उत्खनन्ले निकै नै विहार र विहारको माझमा चैत्य भएको तथ्य प्रकाशमा ल्याएको छ । ऐतिहासिक मूल्य अनुसार निकै महत्त्वपूर्ण राजमुद्रा सहित भएको ताम्रपत्र पनि यहाँ भेटिएको छ ।

यो विहार एघारौं शताब्दीको आधी जाँदा चन्द्र शासनकालमा बनेको हो । पच्चीसवर्ष अगाडी चटगाउँ बजारबाट ६ कोस दक्षिण पर भेरी भन्ने ठाउँमा एउटा ठूलो विहारको अवशेष पनि भेटिएको छ । यहाँ निकै खोज गर्नु पर्छ । तैपनि यहाँ भएको अलिकति उत्खनन्ले नै एउटा ठूलो ढलौटको बुद्धमूर्ति र साना साना धेरै नै मूर्तिहरू भेट्टाइएका छन् ।

१९५४ ईस्वीमा बौगरामा एक किसानको खेतमा गोरु जोत्दाखेरि सुनको एउता बुद्धमूर्ति भेट्टायो । १९७३ ईस्वीमा चटगाउँ अस्पताल बनाउन जग खन्दा पनि एउटा ४ फीटको शीलाको बुद्धमूर्ति भेट्टाइयो । राजशाही बसेको वरेन संग्रहालयमा र चटगाउँका चिन्तामणि संग्रहालयमा धेरै नै बौद्ध संस्कृति सम्बन्धी सामाग्रीहरू संग्रह गरिराखेका छन् ।

यसरी बंगलादेशको बुद्धधर्म अतीतका स्मरणीयको रुपमा मात्र महत्त्वपूर्ण होइन वर्तमान बौद्ध परम्पराको रुपमा पनि महत्त्वपूर्ण छ । बौद्ध परम्परा जीवित भएको र प्राचीन बौद्ध इतिहास पनि भएको दुईचार देशहरूमा बंगलादेश पनि एउटा हो । बंगलादेशमा पहिले बुद्धको विशुद्ध धर्मको प्रचार भयो । अनि अनेक युगमा युगअपेक्षित रुपले धर्मको विकास भयो । परन्तु बंगलादेशको बुद्धधर्मको एउटा विशेषता हो कि जसरी अरु ठाउँमा बज्रयान आइसकेपछि बुद्धधर्म हराएर गयो त्यस्तो हुन नपाउँदै नै फेरि त्यहाँ स्थविरवाद धर्म स्वीकारको काम प्रारम्भ भयो । त्यसैले भारत, पाकिस्तान, अफगानिस्तानमाजस्तै अतीतको गौरव, धर्म र संस्कृतिको विकासको लहर, दर्शनको परिवर्तन, परिवर्द्धनको लहर आएर पनि जीवित परम्पराको बुद्धधर्म स्वीकार गर्ने बौद्धहरू नभएको स्थिति बंगलादेशमा आउन सकेन । यो विशेषता बंगाली बौद्धजनताले बुझेको छ । त्यसकारण नै

Downloaded from http://dhamma.digital/

बंगलादेशले नेपालमा स्थविरवाद धर्मप्रचारमा बाधा आउँदा सहानुभूति राख्यो । बंगलादेशका बौद्धहरूले आफूले नबुझे पनि नेपालभाषाका पुस्तक धातुभेदानुपस्सना महा जयमंगल पाठ आदि प्रकाश गर्न मद्दत गऱ्यो । बंगलादेशका बुद्धधर्मका साहित्य र संस्कृतिका इतिहास तुलनात्मक रुपले अध्ययन भए, अन्वेषण भए अति राम्रो हुनेछ । साँच्चै नै महत्त्वपूर्ण उपलब्धि दिने छ ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# कोरियामा बुद्धधर्म

## (नेपालस्थित कोरिया गणराज्यका कन्सल जनरल)

**अनुवादक :- प्रा. गणेश बहादुर माली**

**शिक्षा शास्त्र संस्थान,**

**त्रि. वि. वि.**

## परिचय

शाक्यमुनिले देशना गर्नु भएको शिक्षा संकलन नै बुद्धधर्म हो । प्राचीन भारतमा प्रचलित विभिन्न विचारधारा, दर्शन तथा धर्मको अध्ययन गरेर यिनले शान्तिपूर्ण सहअस्तित्व एवं पारस्परिक मेलमिलापमा आधारित एक सुनियोजित विचार पद्धति बनिएको थियो । भारतबाट बुद्धको शिक्षा चीनमा भित्रियो । प्राचीन चीन देशका सुविकसित संस्कृति र ज्ञानसँगै चिनियाँ समाजको आवश्यकता सुहाउँदो रुपले त्यसमा केही परिवर्तन पनि भयो । यसरी प्रचलित भएको उनको शिक्षालाई चिनियाँ बुद्धधर्म पनि भन्न सकिन्छ ।

त्यसपछि कोरिया देशले यसलाई आफ्नो संस्कृति सुहाउँदो रुपले भित्र्याए । यसरी कोरियाली जनजीवनमा भिजिएको उनको शिक्षालाई कोरियाली बुद्धधर्म भन्न सकिन्छ । अर्को शब्दमा भन्ने हो भने कोरियाली बुद्धधर्म चिनियाँ बुद्धधर्मले प्रभावित कोरियाको सांस्कृतिक उत्पादन हो । मूल बुद्धधर्म, चिनियाँ बुद्धधर्म र कोरियाली बुद्धधर्ममा समान तत्त्व धेरै भएपनि यी तीन विभिन्न राष्ट्रियपद्धतिहरूमा परस्पर निकै भिन्नता पनि छ । शुरुदेखि नै कोरियाले बुद्धधर्मलाई दार्शनिक र वैज्ञानिक विचारपद्धतिसँगै तान्त्रिक तत्त्वहरू पनि ग्रहण गर्‍यो । त्यसकारण यो एउटा धर्म र दार्शनिक पद्धति मात्र नभएर भएभरको तन्त्र, धर्म, साहित्य र कला अंगिकार गरेको कोरियाली संस्कृतिको आन्तरिक रुप पनि भइरहेको छ । यसकारणले हामीले गौतमबुद्धको शिक्षालाई कोरियाली धर्मको रुपमा हेर्न सकिन्छ ।

कोरियाली बुद्धधर्मको लक्षणहरूमा के के प्रमुख हुन् त्यस विषयमा पहिले केही विचार गर्नु योग्य छ । पहिले त प्रचारात्मक भारतीय बुद्धधर्म र धेरै प्रादेशिक भैरहेको चिनियाँ बुद्धधर्म हेर्दा कोरियाली बुद्धधर्म एउटा एकसूत्रमा उन्ने माध्यम धर्म भैरहेको छ ।

दोश्रो कुरा अरु अरु देशमा भन्दा पनि कोरियामा बौद्ध साहित्यका धेरै नै पुस्तकहरू आजसम्म सुरक्षित गरी राखेको छन् । ती पुस्तकहरू मध्ये थुप्रै पुस्तकहरू अरु देशमा प्रायः अप्राप्य भैसकेका छन् । उनिचोन भन्ने भिक्षुले बौद्ध साहित्यको संग्रह गरी बौद्धग्रन्थको सूची बनाएर गएको छ । त्रिपिटक कोरियाना र सम्बन्धित टिप्पणी पुस्तिकाहरू बनाइयो । यी अहिलेसम्म बुद्धधर्मको

Downloaded from http://dhamma.digital/

निम्ति ठूलो श्रोत पुस्तिकारु (Source Books) भइरहेका छन् । त्रिपिटक कोरियानाको प्रकाशन कोरियो कालमा भएको हो । राम्रोसँग शुरु गरेको, विषयवस्तु भएको र काठको फलेकबाट छापी राखेको पुस्तकहरूबाट बुद्धधर्मलाई नै रक्षा गर्नुका साथै महत्त्वपूर्ण मुद्रणकालको इतिहासमा पनि एक कल्पकारी घटना स्पष्ट गरेको छ ।

तेश्रो कुरा कोरियाली जीवनको प्रत्येक पक्षमा कोरियाली बुद्धधर्मले आफ्नो स्पष्ट प्रभाव राखेको तथ्य यस धर्मबाट कोरियाली चेतना उत्पादनशील बनाइएको मात्र होइन कि यसबाट कोरियाली चालचलन, परम्परा र सामाजिक रीतिरिवाजमा पनि ठूलो परिवर्तन ल्याएको छ ।

तीनवटा राज्य कालमा र संयुक्त सिल्ल कालमा बुद्धधर्मको सिद्धान्त अध्ययन गरेर कोरियाली भिक्षुहरूले आफ्नो देशमा मात्र होइन आफ्नो देशभन्दा बाहिर पनि निकै बोध गर्ने तथा गहन ज्ञानको वृद्धि गर्नुमा योगदान गरे । वास्तवमा कोरियो राज्यले चीनलाई यस्तो समयमा बौद्धसाहित्य र ज्ञान दिलायो, जुन बेला चीनको केन्द्रिय राज्यमा बौद्ध उत्साह र उमंग अत्यधिक कम भइरहेको थियो । कोरियो राज्यले नै जापानमा बुद्धधर्म प्रवेश गरायो फेरि जापानी द्वीपसमूहलार्य बौद्धराष्ट्रको रुप दियो ।

बुद्धधर्म प्रवेश हुनुभन्दा पहिले तीन राज्यको कालमा कोरियालीहरूले स्वर्गमा रहेका सम्राट्मा विश्वास गरिराखेका थिए । त्यसबेला मानव जीवनको परम उद्देश्य स्वर्गमा रहेका सम्राट्को निर्देशन जानेर चल्नु थियो । त्यसकारण मानिसहरूले ती सम्राट्को पूजा गरिरहेका थिए । अनि ठूला ठूला पदका मानिसहरू सबै ती सम्राट्का तर्फबाट आएका भइरहेका थिए । मानिसहरूको भएभरको प्रमुख कार्यहरू न्यायको तराजुमा राखी उनी सम्राट्ले हेर्छ भन्ने विश्वास हुँदा त्यतिबेला बलि दिएर पनि ती सम्राट्लाई कुरा बुझाईदिने प्रयास गर्दथे । छोटकरीमा भन्न हो भने त्यतिबेला सम्पूर्ण मानव जीवन एउटा परप्राकृतिक शक्तिको वशमा परेको थियो, जुन शक्ति मानव कारेबारको न्यायकर्ता र अन्तिम निर्णायक पनि सिद्ध भएको थियो । त्यसपछि त्यस्तो समाजमा मानिस मानिसका बीचमा सम्बन्ध स्थापना गर्दै नैतिक विचारधारामा आधारित भैरहेको कन्फुसियानिज्मको प्रवेश भयो । कन्फुसियानिज्मको केही समयपछि बुद्धधर्म पनि प्रवेश भयो । कोरियाली जनताले बुद्धधर्म सहृदय स्वागत गरी लियो र त्यसले छिट्टै नै समाजको प्रत्येक तह प्रभावित गर्दै लग्यो । यसबाट कोरियाली संस्कृति आफ्नो विषयवस्तु एवं क्षेत्रमा पनि निकै नै धनी हुन गयो ।

बुद्धधर्म एउटा धर्म मात्र होइन, दार्शनिक पद्धति पनि हो । तसर्थ कोरियाली समाजमा बुद्धधर्म भित्रिँदै जाँदा यसबाट कोरियाली कला, संगीत र वैज्ञानिक शिक्षा आदि हराएका क्षेत्रमा यसले प्रभावित गऱ्यो । बुद्धधर्मको सफलताको एक गोप्य रहस्य के भने यसबाट कोरियालीहरूलाई अभाव भैरहेको एउटा सुरक्षाको भावना र आशाको ज्योति ल्याइदिएको तथ्य हो । मेरा विचारमा यो कोरियाली जीवनको निम्ति एउटा ठूलो र महत्त्वपूर्ण देन हो ।

Downloaded from http://dhamma.digital/

## इतिहास

सन् ३७२ मा कोगुरिओका राजा सोसुरिनको राज्यकालमा बुद्धधर्म सर्वप्रथम कोरियामा प्रवेश गऱ्यो । शुन-ताब भन्ने प्रसिद्ध चिनियाँ भिक्षुले पश्चिम कोरियाका तीन राज्य मध्ये एउटा कोगुरिओ राज्यमा घुम्न जाँदा उसले आफूसँगै एउटा बुद्धमूर्ति र निकै बौद्धग्रन्थहरू पनि लिएर गएका थिए । तीन सालपछि सोसुरिन राजाले पियोंग-यांगमा दुईवटा विहार बनायो । त्यहाँ २० वर्षपछि त्यो संख्या ९ वटा पुग्न गयो ।

सन् ३८४ मा दक्षिण चीन भएर कोरियामा आएका मारानदस भन्ने एकजना भारतीय भिक्षुले अर्को कोरियाली राज्य पायकचे भन्ने ठाउँमा बुद्धधर्मको प्रचार गरे । बुद्धधर्म चाँडै नै पायकचेको राज्यधर्म हुनगयो । सन् ५३८ मा पायकचेका भिक्षुहरूले जापानमा बुद्धधर्म प्रचार गरे । त्यसको ५० वर्षजति पछि बुद्धधर्मको प्रवेश कोगुरिओ राज्यमा हुनगयो । सिल्ल भन्ने ठाउँमा अदो भन्ने भिक्षु गयो, जहाँ कि स्थानीय धर्मको प्रशस्त प्रभाव थियो सिल्ल राज्यले बुद्धधर्म सजिलोसँग ग्रहण गरेन । पछि त्यहाँ बुद्धधर्म प्रचार गर्न प्रयत्न गरिरहेका भिक्षु सन् ५५७ मा शहिदगति प्राप्त भएपछि मात्र केही प्रभाव पर्न गयो । अनि सिल्ल राज्य कोरियाली प्रायद्वीप एकीकरण गरी केही शताब्दीपछि अभ्युदय भएको कोरियो देशमा बुद्धधर्म राज्यधर्मको रुपमा प्रतिस्थापन भयो । भिक्षुहरू राजकीय सभासद एवं सल्लाहकारको रुपमा नियुक्त हुन थाले । तिनीहरूको स्थान राज्यमन्त्री भन्दा पनि माथि पर्छ । तीनराज्यको एकीकरण भएको केही समयपछि एकजना ठूलो भिक्षु बोनहियो निस्के, जसले कि बुद्धधर्म र २४० वटा ग्रन्थहरू सम्पादित गरेर ९९ वटा पुस्तक लेखे ।

राजा मुनजोङ १०४७-१०८३ को राज्यकालमा सुङ्ग चीनबाट फर्केर कोरियो वंशका नामी भिक्षु उनि-चों भन्नेले आफूले चीन, जापान र कोरियामा संग्रह गरी राखेको ४८५७ वटा ग्रन्थहरू सम्पादन गरी १०८५ वटा पुस्तक प्रकाशित गरेर किन्तु यी बुद्धग्रन्थहरू कोरियामा हमला गर्न आएका मंगोलहरूले विनाश गरिदियो । त्यसपछिका राजा को-जोङले ग्रन्थको पुनर्मुद्रणको निम्ति प्रयत्न गऱ्यो । उच्चकोटीका विद्वान र प्राविधिज्ञहरू नियुक्ति गरेर छाप्नुको निम्ति सामान संग्रह गरे । १६ वर्ष मुद्रण गर्दा ६५२९ चाङ् भएको ८०००० काठको पाताको पुस्तक बनाएर सिध्याए । यी काठको पुस्तकमा दुवैपट्टि कुँडेको हुँदा त्यसमा १६०००० पृष्ठ भयो । त्यसबेलादेखि दक्षिण सियांग-सांग राज्यको हीन्सा मन्दिरमा यी काठका बौद्ध पुस्तकहरू सुरक्षित भइरहेका छन् । आजभोलि संसारमा भएका २० प्रकारका यस्ता बौद्धग्रन्थमध्ये सबभन्दा राम्रो मानी राखेका यिनै हुन् । यी वंशको अभ्युदय भएपछि कोरियो राज्यमा कन्फुसियानिज्मको प्रचार भयो । त्यसपछि कन्फुसियन विद्वानहरूले बौद्ध भिक्षुहरूको अविनय कामको विरुद्धमा आन्दोलन गरे । यी वंशको समयमा कन्फुसियानिज्म राष्ट्रिय धर्मको रुपमा ग्रहण गऱ्यो र त्यसबेला बुद्धधर्मको केही अवरोहण हुन गयो ।

## वर्तमान स्थिति

Downloaded from http://dhamma.digital/

सन् १९१० मा अधिकारी वर्गले बौद्ध विहारको निम्ति विधि विधान बनाइदियो । यसरी कोरियामा सबै बौद्ध मन्दिरहरूमा क्रमबद्ध तरिकाले बन्दोबस्त गर्न खोज्यो । एउटा गोश्वारा प्रधान कार्यालय, अनि जिल्ला प्रधान कार्यालय । जिल्लाका प्रधान कार्यालयमा रहेका ३१ वटा विहार र जिल्ला प्रधान कार्यालयले १२०० बौद्ध विहार र मन्दिरहरूको सुपरिवेक्षण गर्ने भयो । हरेक विहारमा एकेकजना मुख्य भिक्षु रहने भयो । गोश्वारा प्रधान कार्यालयको तीन विभागले एउटा मुख्य भिक्षुको अन्तर्गतको कामुरा हेर्ने भयो । सन् १९४६ मा बौद्धहरूको एउटा साधारण सभा भयो । यसमा एउटा प्रस्ताव पास गऱ्यो । बौद्ध संगठन एउटा आत्मानुशासित समुदाय हो । जापानी राज्यकालका भएभरको विधि विधान खारेज हुनु पऱ्यो । राजधानीमा हेडक्वार्टरको कार्यालय रहनु पर्छ , प्रत्येक राज्यको आफ्नो सभाले राज्यको हेरविचार हुनु पर्छ । हेडक्वार्टरले सबै राज्य सभाको सुपरिवेक्षण हुनु पर्छ । हेडक्वार्टरसँग प्रस्ताव बनाउने र निरीक्षण गर्ने अधिकार हुनु पर्छ भन्ने नियम नीति बन्यो ।

सन् १९४६ मा यो हेडक्वार्टरबाट एउटा साधारण सभा बोलायो । यो सभाले एउटा नयाँ विधान बनायो । आजभोलि कोरियाको बुद्धधर्म सम्बन्धी सबै कामकुरा यही विधान अन्तर्गत भइरहेको छ ।

पहिले पहिलेका सबै मन्दिरहरूसँग हजारौं रोपनी खेत र वन भएको जग्गा थियो । भूमिसुधार भइसकेपछि यी जमिन सरकारले अधिग्रहण गऱ्यो । अनि भाकलपत्र (Bonds) बनाई क्षतिपूर्तिको प्रयत्न भयो । किन्तु धेरै मात्रामा मन्दिरहरूको आर्थिक स्थिति कमजोर भएर गयो । पछि फेरि ५० एकड जति जग्गा प्रत्येक मन्दिरलाई दिने गऱ्यो । धेरै मन्दिरले नयाँ वन जग्गा सम्हाल्दै लगे ।

आजभोलि कोरियामा जम्मा १८,६०० भिक्षु भिक्षुणी र २००० भन्दा बढी मन्दिरहरू छन् । धेरै भिक्षुहरू शिक्षा, साहित्य, राजनीति, उद्योग र अरु अरु क्षेत्रमा उद्यमशील छन् । तैपनि भिक्षुहरूको प्रयासले शिक्षामा जस्तो बढी अरु क्षेत्रमा काम भएको देखिँदैन । बौद्धहरूले एउटा बौद्ध विश्वविद्यालय परिचालन गरिराखेको छ । यसभित्र ४ कलेज, एउटा स्नातक स्तरको स्कूल, तीनवटा अरु कलेज, ७ वटा अरु माध्यमिक विद्यालय, १३ वटा निम्न माध्यमिक शिक्षालय, फेरि अरु उच्च नागरिक स्कूल, किंडर गार्डेन, भाषणगृह र जेन (Zen) गृह सञ्चालन भएको छ । कोरियामा जम्मा ३३ वटा बौद्ध संगठनहरू छन्, जुन शिक्षा र सामान्य संस्कृतिको उत्थानको निम्ति प्रयत्नशील भैरहेका छन् ।

यतिमात्र होइन बौद्धहरूले आमाबाबु नभएका टुहुरा बालकहरूको निम्ति संस्था, वृद्धहरूको निम्ति आवासगृह, गरिबहरूको निम्ति सितैमा खाने ठाउँ, आदि गरी १२ वटा सामाजिक कल्याण संस्था चलाई राखेका छन् । यसलाई आवश्यक आर्थिक सहयोग १० वटाभन्दा बढी फैक्ट्री खोली राखेको कारखानाबाट भैरहेको छ । जुन कारखानाहरू भूमिसुधार कार्यक्रम अन्तर्गत सरकारबाट अधिग्रहण भएको जग्गाको क्षतिपूर्तिको हिसाबले दिइराखेको भूमिसुधार दण्डबाट प्राप्त भएको धनबाट स्थापना भएको हो ।

Downloaded from http://dhamma.digital/

कोरियाली बुद्धधर्ममा १६ प्रकारका संघ, शाखा र प्रशाखाहरू छन् । कोरियामा सबभन्दा ठूलो बौद्धसंघ चो-ग्ये-जोङ्ग भन्ने चीनबाट सन् ३७२ मा भित्रिएको हो । सन् १९७२ को जन तथ्याङ्क अनुसार बौद्ध जनसंख्या ७९,८०,००० थिए । चो-ग्ये संघमा जम्मा ५०,००,००० सदस्य भएको अनुमान छ । यो संघको १५०० जति बौद्ध विहार फेरि कोरियाका १८,६०० जति बौद्ध भिक्षु भिक्षुणीहरू मध्ये १३,००० भिक्षु भिक्षुणीहरू यस संघ अन्तर्गत छन् । दोश्रो ठूलो संघ टायृगे-जोङ्ग हो । यसको १७० मन्दिर, २६५७ भिक्षु भिक्षुणीहरू र १४,८०,००० धर्मावलम्बीहरू छन् । तेश्रो ठूलो संघ बोप-खा-जोङ्ग हो । यसमा ४४५ विहार, १३११ भिक्षु भिक्षुणीहरू र ९,५०,००० धर्मवलम्वीहरू छन् ।

## लुम्बिनी विकास परियोजना

यसरी बुद्धधर्म कोरियाको एक प्रमुख धर्म र कोरियाली जीवनको बाटो हुनाले कोरियाली जनता लुम्बिनी परियोजना जस्ता भगवान बुद्धसँग सम्बन्धित परियोजनामा सदा सर्वदा उत्सुकतापूर्वक सहभागी हुन हौसला राख्ने भएको छ ।

लुम्बिनी विकास परियोजनालाई सहयोग गर्ने प्रयासमा नै नवेम्बर १९७२ को अन्तिम सप्ताहमा काठमाडौंमा कोरियान-फोक-आर्टस्-ट्रुपले पनि एउटा च्यारिटी शो देखाइ ४२,००० सहायता दियो । आजभोलिमा अप्रेल १५ तारेखका दिन अरु अरु बौद्ध संगठन समेत मिलीकन कोरियाली बौद्ध संगठन मध्ये ठूलो चो-ग्ये-जोङ्ग संघले एक वर्षसम्म विकास योजनाको निम्ति चन्दा संकलनको निम्ति राष्ट्रव्यापी आन्दोलन संगठन गर्न लुम्बिनी विकासको निम्ति राष्ट्रिय समिति बनाएको छ । फेरि चोग्ये संघले लुम्बिनीमै कोरियाली छाँटको एउटा मन्दिर पनि बनाउने ईच्छा गरी राखेको छ । कोरियाली चोग्ये बौद्धसंघका सेक्रेटरी जनरल आदरणीय भिक्षु कियुगसाले सातौं विश्व बौद्ध सम्मेलनमा भाग लियो । पवित्र देशमा भ्रमण गर्नु भयो । फेरि १६ फेब्रुअरी १९७३ को दिन वहाँले आफ्नो मनोभाव यसरी व्यक्त गर्नु भयो -

“भगवान बुद्ध जन्मनु भएको स्थान उपेक्षित अवस्थामा देख्दा मलाई अपसोच भयो, जहाँ कि भारतमा भने भएभरको विहार राम्रोसँग बनाई राख्यो । हामीले लुम्बिनी विकासको निम्ति राष्ट्रिय समिति श्री ५ सरकार नेपालको आग्रहलाई सहयोग गर्दछौं ।”

**(LUMBINI पत्रिकाबाट अनुदित)**

Downloaded from http://dhamma.digital/

# कम्बोडियामा बुद्धधर्म

आजभोलि स्थविरवादी बुद्धधर्म प्रचार प्रसार भइराखेको देशहरूमा कम्बोडिया पनि एउटा हो । आज कम्बोडियामा जहाँ हेरे पनि भइरहेको बौद्ध विहार र यहाँ देखिने सयौं बौद्ध भिक्षुहरूको उपस्थितिले कम्बोडियाको र बुद्धधर्मको इतिहास अनुमान गर्न नै गाऱ्हो हुनेछ, जुन वास्तवमा कम्बोडियाको माटोमा घुलमिल भैसकेको छ । ढुंगामा रेखा र चित्रको रुपमा अंकित भैसकेको छ र सांस्कृतिक सौन्दर्यमा सुगन्ध भए रहेको छ ।

कम्बोडियालाई कम्बुज पनि भन्छन् । यो देश यहाँको जातीय भाषामा खमेर देश हो । धार्मिक सहअस्तित्वको प्रतिक तर मानव जीवनको निम्ति उपयुक्त भएपछि परिवर्तन र परिवर्द्धन सजिलै र सहर्ष स्वीकार गर्न सक्ने क्षमताको उदाहरण भएको देश कम्बोजको नाउँ कम्बोज राजाको नामले रहेको कसैले भन्छन् भने ९४७ ईस्वीको अभिलेखले कंबु ऋषि र अप्सरा मेराबाट कंबुज राजवंशको उत्पति भएको कुरा बताउँछ । अझ स्वर्गीय राहुलज्यूको भनाई अनुसार कम्बोज नाउँ पनि चंपा जस्तै भारतीय प्रदेशको नै नाउँ हो ।

पुरातात्विक तथ्य अनुसार र चिनियाँ प्राग्इतिहासिक कथन अनुसार कम्बोडियामा बुद्धधर्म आउनु अगाडि वर्णाश्रमधर्मको प्रभाव रहेको देखिन्छ । यहाँ महेन्द्रबर्मा जस्ता राजाहरू सिंहासनमा बस्दा ब्रम्हदत्त र ब्रम्हसिंहजस्ता ब्राम्हणहरूले मद्दत गरेको र ब्राम्हणधर्मको प्रभाव गरेको थियो । दास, पशु, भूमि र सुवर्ण सारा सम्पत्ति देवसम्पत्ति भन्ने अनि त्यसमा देवताका विरागी सेवकहरूको अधिकार भन्ने त्यतिबेलाको साधारण कुरा हो । किन्तु जुनबेला कम्बोडियामा बुद्धधर्म प्रवेश भयो, वर्णाश्रमधर्म शोषक शोषणमा निर्भर धर्म आस्थामा कमजोर हुँदै गयो । फेरि यसको निम्ति बुद्धधर्मको कम मेहेनत लागेन भन्ने कुरा यहाँको इतिहास पढे थाहा हुन्छ । अझ भनौं कति समयसम्म बुद्धधर्मले खुल्ला परिस्थितिको लागि आफू पनि संकीर्ण परिधिमा थुनिन पऱ्यो । बिहान सबेरै भिक्षाटन हुने आजको बुद्धधर्म आउनुभन्दा अगाडि यहाँका भिक्षुहरूले दतिवन, दाउरा, चामल, पान र दास दासीको सेवा, श्रम, सिरालिने परिस्थितिले थामेको बुद्धधर्मको केही समय पनि देखिन्छ ।

कम्बोडियामा सर्वप्रथम पाँचौं शताब्दीमा बुद्धधर्म प्रवेश भएको मानेको छ । अहिलेसम्म भेट्टाइए अनुसार जयबर्मा प्रथम (६६५ ई.) को अभिलेखमा नै सबभन्दा पहिलेको बुद्धधर्मको उल्लेख भइरहेको देखिन्छ । यो अभिलेखमा लेखिएको छ, उनको राज्यमा एउटै आमाका दुईजना श्रेष्ठ पुत्रहरू भिक्षु भएका थिए । दुवै नै शील, श्रुत, दया, संयमका निधि हुन् । तिनीहरूको नाउँ रत्नभद्र र रत्नशेन हो । यस वर्णनको आफ्नै महत्त्व छ । एक दृष्टिबाट यतिबेला दुई दाज्यूभाई पनि भिक्षु बनेको अभिलेखले पाँचौं शताब्दीमा बुद्धधर्म कम्बोडियामा भित्रिसकेको देखाइराखेको छ भने अर्कोतिर सुन चाँदी गाउँ दास दासी संग्रह प्रवृत्तिको धर्मको प्रतिक्रिया देखाउँछ ।

यसपछि कम्बोडियामा शैलेन्द्रहरूको प्रभाव बढ्दै आयो । उनी विजयी राजाहरू जवाका बोरोबदुर जस्ता विशाल र अद्भूत बौद्धचैत्य तथा बौद्ध विहारका संस्कारले परिचित थिए । यसले गर्दा जयदेव द्वितीय स्वयं जावाबाट आएर प्रशासनिक काम गर्दै स्वतन्त्र राज्य स्थापना गर्नै भएता

Downloaded from http://dhamma.digital/

पनि बुद्धधर्म विकास गर्नुमा अघि सरेको थियो । जयदेव द्वितीय वायोले बौद्धविहार निर्माण गऱ्यो, जुन पछि शैव देवालयमा परिणत हुन गयो । उनले जावाबाट आउने बित्तिकै एकपटक बौद्ध विहार र बुद्धमूर्तिको निर्माणमा निकै ध्यान दिनुभयो । परन्तु पछि विस्तार विस्तार शिवालयको निर्माणमा प्रयास गऱ्यो । यसको कारण सायद त्यतिबेलाको वर्णाश्रमधर्म र शैवीधर्मको प्रभाव हो, जेहोस् उहाँको पालामा कम्बोडियाको संस्कृति निकै उन्नति भयो । अंकोर थोमको ते प्रमाण (विहार) प्राहविथू (विद्यापीठ) र बौद्धचोक विशेषतः वायोन यसको प्रमाण हो । वायोन एलोरा जस्तो किन्तु जोडिएको ढुंगाको वास्तुकला र स्थापत्यकलाको अद्‌भूत कृति हो । यहाँ प्रशस्त शिवालयहरू छन् परन्तु तेश्रो पंक्तिमा अवलोकितेश्वर छ, जुन कमलको फुलमा उभिएको छ । अवलोकितेश्वरको मुकुटमा अमिताभ र हातमा कमल, पुस्तक, जपमाला र एक प्रकारको ऐना (ज्वला न्हायकँ) छ । यसलाई हेरेर नै फ्रेन्च विद्वान फिनोले यो पहिले महायानी विहार हो भनी अनुमान गर्नु भएको थियो ।

जयदेव द्वितीयबाट निर्माण भएको पुरवानपुरी राजधानीमा नै पुरानो ढाँचाको बुद्धको शिर र नागमा आसीन भगवान बुद्धको मूर्ति पाइएको छ । अर्को राजधानी अमरेन्द्रपुरमा पाइएको देव देवीहरूको मूर्तिमा मुकुटमा बुद्धको मूर्ति राखिएको छ । जयदेव द्वितीय एउटा पराक्रमी राजा थियो, त्यसैले उहाँको खड्‌गलाई अहिलेसम्म पवित्र भनी सम्मान गरिरहेको छ ।

जयदेव पछि अर्को बुद्धधर्मको इतिहास अनुसार मान्नुपर्ने कम्बोडियाका राजा हुन् यशोबर्मा ( ८८९-९०९ ई.) । उहाँको पालामा बुद्धधर्मको एउटा राम्रो रुपरेखा बन्यो । उनको शिलालेखमा उल्लेख भएको छ कि "जसले स्वयं जानेर यो भव बन्धनबाट मुक्त हुने उपाय तीनैलोकलाई बताउनुभयो, जसले निर्वाणको बाटो प्रदान गर्नुभयो, उनी बन्धचरण, करुणहृदय बुद्धलाई नमस्कार " । अझ अर्को एउटा अभिलेखमा लेखिएको छ कि "राजाधिराज कम्बु भूमिपति राजा यशोबर्माले बौद्धहरूको हितको निम्ति यो सौगताश्रम बनाएको हो" । साथै "विद्यासम्पन्न आचार्य जसले बौद्धशास्त्र र व्याकरण पढेका हुन्छन् उसको सम्मान हुनुपर्छ" ।

जयबर्मा पञ्चमको दोश्रो उत्तराधिकारी सूर्यबर्मा पनि बौद्ध थियो । तैपनि स्थविरवाद र महायानी भिक्षुहरूको पुण्य बाँडेर लिने ईच्छाका साथै वर्णाश्रमधर्मको रक्षक भन्न पनि मनपराउनु हुन्थ्यो । परन्तु इतिहासबाट यस्तो स्पष्ट हुन्छ यतिबेलासम्ममा बर्णाश्रमधर्मप्रति जनप्रेम भने निकै ऱ्हास भइसकेको थियो । यतिबेलाको शिलालेखबाट स्पष्ट हुन्छ राजाश्रयको कारणबाट ब्राम्हण सामान्य भइरहनसक्यो न कि जनताको स्वेच्छाले ।

यसपछि ई. ११८२ देखि १२०२ सम्मका शासक जयबर्मा सप्तम् हाम्रो अगाडी आउँछ । उनलाई नै मृत्युपछि महापरमसौगत शब्दबाट सम्मान गरियो । कम्बोडिया राज्यको विस्तारमा र बुद्धधर्म प्रचारको दृष्टिले उहाँ साँच्चै नै कम्बोडियाका सम्राट् अशोक हुन् । उनले राज्यविभाग भन्ने नयाँ नगर स्थापना गरेर ठूलो राजविहार (ता प्रोंग) बनायो । अनि यो नगर मुनिन्द्रमाला ( प्रज्ञापारमिता) लाई अर्पण गऱ्यो । यो विशाल विहारमा ४३९ आचार्यहरूका साथै पढ्नेहरू पनि हजारौं थिए । यो विहार ३४०० गाउँको आयबाट चल्ने गरेको थियो ।

Downloaded from http://dhamma.digital/

जयबर्मा सप्तम्‌को पालामा निकै बौद्धविहार निर्माण हुनुको साथै लोक कल्याणकारी आदर्शको प्रचार भयो । यतिबेला ७९८ विहारहरू र ११७ आरोग्यशालाहरू छन् भनी उल्लेख छ । प्रत्येक आरोग्यशालाको चारैतिर भैषज्य गुरुको मन्दिरहरू हुन्थे । यिनको निर्माणमा जयबर्मालाई सायद मातृभक्तिले प्रेरित गरेको थियो । त्यसैले आफ्नो अभिलेखमा "यो मेरो पुण्य कार्यबाट मेरी मुमालाई भवसागरबाट मुक्त भई बुद्धपद प्राप्त होओस्" भनी उल्लेख गरिराखेको छ ।

बुद्धधर्मको यो विकासक्रममा श्रीलंकाको प्रभावले केही काम गरेको भए केही आश्चर्य मान्नु पर्दैन । कारण श्रीलंकाका राजा पराक्रमबाहुको कम्बोडियन राजा धरणीधर द्वितीय सँग दरिलो मैत्री सम्बन्ध थियो । त्यतिबेला श्रीलंकामा बुद्धधर्म विकास भैरहेको थियो । जेहोस् बाऱ्हौं शताब्दी पुग्दा भिक्षुहरूबाट राजाले सल्लाह लिने र उपदेश सुन्ने हुने गर्थ्यो । यो कुरा चिनियाँ यात्री शूता-कुवानको यात्रा वर्णनबाट स्पष्ट हुन्छ ।

कम्बोडियाको अतीतको इतिहासको चर्चा अंकोरवाटको वर्णन विना अधुरो हुनेछ । अंकोरवाटको अर्थ नगर देवालय हो । धेरै वर्षसम्म निर्जन भएर लुकी राखेको यो विस्तृत व्यापक नगर अंकोरबाट १८६० मा एक फ्रेन्च प्रकृतिशास्त्री आंटीमुबोले पुनः पत्ता लगाएको हो । आंटीमुबोले यो हेर्दै आश्चर्य लाग्ने दुनियाँको एक अद्‌भूततम् स्मारक नगर हो जुन् जस्तो स्मारकनगर युनान र रोममा समेत बनेको छैन ।

अंकोरबाट कसले र कसको निम्ति बनाइएको हो यो विषयमा अहिलेसम्म स्पष्ट प्रमाण पाइएको छैन । अनुमान अनुसार सूर्यबर्मा द्वितीय र तिनका गुरु दिवाकर पण्डितले बनाएको हो, जुन आज स्थविरवादी विहार हो । शिलालेखमा परम विष्णुलोक लेखी राखेको भए तापनि यो स्थविरवादी हो । अर्थात् बाओन विहार पछि शिवालय हुन गएजस्तै शिवालयबाट बौद्ध विहारमा विकास भएको अनुमान गरिएको छ । अंकोरवाट कलात्मक दृष्टिले अंकोरथोम भन्दा पछिको निर्माण हो । फेरि अंकोरवाटको पूर्ण निर्माण एक पुस्ताबाट भएको पनि होइन । यहाँ महाभारतको चित्रका साथै बुद्धको जीवनी पनि ढुंगामा कुँडी राखेको छ । यहाँको मूर्तिकला निकै नै उत्कृष्ट छ । मुख्य स्मारक २१३ फीट अग्लो छ । परन्तु यस केन्द्रगर्भ भित्र मूर्ति नै छैन । भित्तामा फूलको बुत्ता र देवकन्याहरू सूक्ष्म रुपमा राम्रोसँग कुँडिएका छन् ।

अंकोरवाट सातसय फीट चौडाइ भएको नदीको पर्खालबाट घेरिएको छ । त्यसको पुल नै ३८ फीट चौडाइको छ । पर्खाल एक माइल जतिको र उत्तर दक्षिण आधा माइलको छ । मुख्य प्रवेश द्वार पश्चिमतिर पर्छ । ढोकामा दुवैतिर दुईवटा पुस्तकालयहरू छन् ।

कम्बोडियामा आजभोलि सयमा ९९ प्रतिशत बौद्ध छन् । बाँकी मुस्लिम र क्रिश्चियन हुन् । चारसय वर्ष अगाडि आएका मलेहरू र चामहरूले इस्लामधर्म भित्रचाइएको थियो । केही शताब्दी अघि आएका हजार पश्चिमी मानिसहरूले क्रिश्चियनधर्म मानेका छन् । तैपनि मस्जिद, चर्च र बौद्धविहार सँगसँगै सजिलैसँग रहेका छन् । कम्बोडियामा ४५,००,००० खेमर, ३,५०,०००

Downloaded from http://dhamma.digital/

भियतनामी, २,००,००० चिनियाँ, १,००,००० चाम र मले, २०,००० लाओस, २,००० बर्मी र अलिकति युरोपी, फ्रेन्च जातिका मानिसहरू छन् ।

कम्बोडियामा स्थविरवादका महानिकाय र धम्मयुत्तिय निकाय भन्ने दुई शाखाहरू छन् । यहाँ जम्मा २००० विहार र ८२,००० भिक्षु श्रामणेरहरू छन् । विहार र भिक्षु श्रामणेरहरू सबै राजकीय संरक्षणमा सुसंगठित भएका छन् । नोमपेन्हमा १९१४ मा पालीको हाईस्कुल खोल्यो । अनि प्रमेसुस्मरित बौद्ध महाविद्यालय स्थापना गऱ्यो । १९२५ ईस्वीमा सुसंगठित गरिएको राजकीय पुस्तकालयले बुद्धधर्मका पुस्तकहरू राम्रोसँग सुरक्षित गऱ्यो । १९३० मा बौद्ध अध्ययन संस्थान बनाई केही वर्षपछि त्रिपिटक बोर्ड निर्माण गऱ्यो । फेरि यो बोर्डले ११० वटा अमूल्य पुस्तकहरू सम्पादित गर्दै ५५ वटा प्रकाशित पनि गऱ्यो । हेर्दाहेर्दै १९३० सम्ममा अर्थात् छब्बीस सत्ताईस वर्षमा ४०० वटा स्कुलहरू खुलेका छन् । अनि प्रिंस सिंहनुराजाकावे स्मृतिमा १९५५ मा बौद्ध विश्वविद्यालय पनि स्थापना भयो ।

कम्बोडिया एउटा बुद्धधर्मको जीवित परम्परा भएको देश हो । यहाँको थितिरीति आज सम्पूर्ण बौद्ध परम्परा अनुसार भइसक्यो । तसर्थ यहाँको सात प्रमुख उत्सव चाडको उल्लेख गर्न उचित सम्झन्छु ।

१. चुलामुनि चेतिय उत्सव । अप्रैलको १३, १४ र १५ तारिखको दिन तीनदिन लगातार यहाँ एउटा ठूलो उत्सव हुन्छ, यसलाई चुलामुनि चेतिय (चुला-मुनि-चेतिय) उत्सव भन्छन् । सिद्धार्थ कुमारले जुन कपाल अनोमानदीको तीरमा काट्नु भएको थियो त्यो कपाल भएको चैत्यको उत्सवले हामीलाई सिद्धार्थको महाभिनिष्क्रमणको पूर्णत्वको सम्मान भएको कुरा बोध हुन्छ । यो दिन सबै उपासक उपासिकाहरू सुगन्ध धूप लिएर विहारमा आउँछन् र बुद्धपूजा गर्छन् ।

२. बुद्धजयन्ती । बुद्धजयन्ती यहाँको दोश्रो किन्तु महत्त्वपूर्ण राष्ट्रिय पर्व हो । सिद्धार्थको जन्म, सम्बोधि, लाभ, महापरिनिर्वाण भएको । यो बुद्धजयन्ती अनेक यात्रा उत्सव पूजादिद्वारा धुमधामसँग मनाउँछन् ।

३. राजकीय कृषिकर्म दिवस । कम्बोडियाको तेश्रो उत्सव राजकीय कृषिकर्म उत्सव हो । शुद्धोदन महाराजाले खेती गरेको र सिद्धार्थको एक्लै त्यसबेला रुखमुनि ध्यान गरेको स्मृतिमा खेती काम शुरु गर्ने यो उत्सवको लक्ष्य हो । झण्डै नेपालको आषाढ १५ गतेको खेतीजस्तै यो उत्सव कम्बोडियामा बैशाख कृष्णपक्ष चौथीको दिन मान्छन् ।

४. प्रव्रज्या उत्सव । कम्बोडियाका प्रत्येक बौद्ध पुरुषहरूको निम्ति जीवनमा एकपटक प्रव्रज्या हुनु अनिवार्य छ । यो प्रव्रज्या नेपालको चूडाकर्म जस्तै भने पनि हुन्छ । प्रव्रज्या हुनु अगाडी भिक्षुहरू घरमा निम्त्याई पालिसूत्र पाठ गराउँछन् । अनि प्रव्रज्या हुने अघिल्लो दिन विहारमा गएर त्यो व्यक्ति नाग हुन्छन् । यो प्रव्रज्या संस्कार हुनु अगाडी विहारमा जाँदा धुमधामसाथ सांस्कृतिक बाजागाजा सहित प्रव्रज्या हुने व्यक्ति घोडामा चढेर जान्छन् । उनको वस्त्र पनि

Downloaded from http://dhamma.digital/

राजकीय वस्त्र हुन्छ । यस प्रथाबाट सिद्धार्थले गृहत्याग गरेको स्मरण गराउँछ, साथै जस्तै सम्पन्न व्यक्ति पनि भिक्षु बन्न योग्य भनी देखाएको हुन्छ । अरु अरु प्रव्रज्या हुँदा एकाध महिना आफूखुसी हुन्छन् । परन्तु वर्षावासको बीचमा छोड्नुपर्ने किसिमले हुँदैन । राजपरिवारका प्रव्रज्या बाह्र दिन हुन्छ । तिनीहरू पनि यस्तै यात्रा सहित विहारमा जान्छन् । नेपालमा चूडाकर्म गरिसकेपछि प्रदर्शन गरी देशान्तर घुमाउने भन्दा यो केही अर्थपूर्ण पनि छ ।

५. वर्षावास । भिक्षुहरूको वर्षावास बस्ने उत्सवमा भाग लिने कम्बोडियाका बौद्धहरूको एक अनिवार्य रीतिथिति हो । पुष्प धूप लिएर विषेशतः मैनबत्ति लिएर आआफ्नो श्रद्धा भएको विहारमा जान्छन् । फेरि वर्षावासको निम्ति उत्सव गर्छन् । यो वर्षावास बस्ने दिनमा राजदरबारबाट पनि राजाले वा राजप्रतिनिधिले मैनबत्ति बाल्न जान पर्छ । यसरी बाल्न जान पर्ने मैनबत्ति १९ वटा हुन्छन् । त्यसमध्ये सिलभर पगोडामा एउटा, बुद्धको अगाडी एउटा, राजपरिवारको अवशेष राखिएको ठाउँमा एउटा र पवित्र तलवारमा एउटा बाल्नुपर्ने कुरा विशेष उल्लेखनीय छ । यो उत्सवलाई त्यसकारण मैनबत्ति उत्सव पनि भन्छन् । यस उत्सवमा साटकवस्त्र नुहाउने वस्त्र लगेर भिक्षुहरूलाई दान दिन्छन् ।

६. शान्ति कामना दिवस । सेप्तेम्बरको कृष्णपक्षको औंशीको दिन देशको निम्ति युद्ध क्षेत्रमा मर्ने शहीदहरूको नाउँमा विशेष पूजा र दान गरी गर्ने उत्सव नै शान्ति कामना दिवस हो । यशोबर्माको अभिलेख अनुसार यो पहिलेदेखि नै एक परम्परागत शान्ति दिवस भएको देखिन्छ ।

यसको अतिरिक्त वर्षावास समाप्तिको दिन कठिन उत्सव आदि पनि कम्बोडियामा राम्रोसँग मनाउँछन् । देशका ९९ प्रतिशत जनता बौद्ध हुनाले यहाँको जुनसुकै बौद्धचारित्रिक उत्सवमा राष्ट्रियता आउनु स्वाभाविक कुरा नै हो । यसको राम्रो उदाहरण १९५४ अक्टुबर महिनाको भगवान बुद्ध, सारिपुत्र र मौद्गल्यायनको पवित्र अस्तिधातुको अद्भुत र भव्यतम यात्रा हो ।

आज कम्बोडियामा बिहान सबेरै जहाँतहिँ पहेँलो चीवर वस्त्र मात्र देखिरहन्छ । कम्बोडियाको प्रत्येक टोलमा र गाउँमा बौद्ध विहारको गजुर देखिरहन्छ । प्रत्येक व्यक्तिको मुखबाट बुद्धं शरणं गच्छामि भनेको सुन्न पाई रहन्छ । विशेषताः यी सबै बौद्ध अस्तित्वले, बौद्ध संस्कृतिले, बौद्ध हृदयको ढुकढुकीले आज कम्बोडियामा शान्तिको माग गर्दैछ, आन्तरिक संघर्षको अन्तको आशा गरिरहेको छ ।

(यो रचना बौद्ध संस्कृति 2500 Buddha Jayanti Souvenir, 2500 th years of Buddhism, र धर्मदूतको आधारमा रचित र सम्पादित हो ।)

Downloaded from http://dhamma.digital/

# मंगोलियामा बुद्धधर्म

सेतासेता हिउँका पहाड, हरियो हरियो पर्वत, पहाडको फेद फेदमा खुल्ला मैदान, ठूला ठूला मरुभूमि, बाक्ला रुखका फाँट, यस्तो प्रकृतिभित्र यताउति सरेर मंगोलियाले ठूला ठूला परिवर्तन खपिसक्यो, ल्याइदियो । त्यसकारण आज मंगोलियामा बुद्धधर्म भन्दा राजनैतिक भूमि, सीमा वा सार्वभौमिकसत्ताको पृष्ठभूमिको घेराभित्र बसेर लेख्नु सम्भव छैन, असजिलो छ नभने पनि कठिन अवश्य भन्न सकिन्छ । त्यसकारण मंगोलियन जातिको अतीत कृति र आजको मंगोलियन बौद्धहरूको अलिकति परिचय दिने प्रयास मात्र यहाँ हुन्छ ।

इतिहासकारहरू भन्छन् "तरिम उपत्यकामा बस्नेहरूले सबभन्दा पहिले ईसाको प्रथम शताब्दीमा हूणहरूको बीचमा बुद्धधर्म भित्रचाई दियो । चीनमा पनि बुद्धधर्म अपनाएको कारणले गर्दा अनि अवार तुर्कहरूको बीचमा पनि बुद्धधर्मको प्रचार भयो । यही तुर्कहरूको संगतिले र तिनीहरूको सम्बन्धी घुमन्तु उइगुरहरूको बीचमा पनि मानिक (त्यसबेलाको उइगुरहरूको राष्ट्रिय धर्म), नेस्तोरीय र जर्तुस्तीको साथै बुद्धधर्म पुग्न गयो । यसरी तिब्बतको बुद्धधर्म र साहित्य पुग्नु अगाडि नै मंगोलियामा बुद्धधर्म प्रवेश भइसकेको थियो ।

मंगोलियामा बुद्धधर्मको विकास भने खानहरूको शासनकालमा भयो । कुबलाईखानको प्रभावमा पर्दा बुद्धधर्म प्रज्वलित भयो । पाग्सपाले कुबलाईखानलाई यति बुद्धधर्मबाट प्रभावित पाऱ्यो कि खानले उनलाई राजगुरु घोषित गऱ्यो । स्मरणीय छ यही पाग्सपाको निम्ति मन्दिर र विहार बनाउन नेपालका ८० जना वास्तुकलाविद्हरू अरनिकोको नेतृत्वमा तिब्बत चीन गएका थिए । यो समय उता पाग्सपाका गुरु महापण्डित आनन्दध्वज १२४८ ले मंगोलियामा धर्म प्रचार गरिरहेको समय हो ।

यसरी गुरुको पनि गुरुले धर्मप्रचारको काम गरिरहेको बेलामा कुबलाईखानका सहायता र सहयोगले अनेक प्रकारका मद्दत र समर्थन अनेक रुपले हुन जानु स्वाभाविक नै हो । सायद यो सहयोगमा स्वयं पाग्सपा पनि सम्मिलित भयो । किनभने पाग्सपाले मंगोल भाषा सिकाउन एउटा लिपि पर्ा आविष्कार गऱ्यो भन्ने उल्लख छ । पाग्सपाको प्रयासमा तरिम उपत्यकाबाट तिब्बतमा तिब्बतको लिपिमा प्रभावित भएको यसको उदाहरण हो । तरिमको दक्षिणमा रहेको प्राचीन नगर खोतन र खोतनको बौद्ध संस्कृतिले संघाराम र यहाँका हजारौं भिक्षुहरूको क्रियाकलापको आदर्श तिब्बत अनि मंगोलिया प्रभावित हुनु स्वाभाविक हो । सारांशतः यत्ति निश्चय पनि हो, तिब्बतको लिपिदेखि साहित्यको विकास र संस्कृतिको अभ्युदय समेत बुद्धधर्मको कारणले बुद्धधर्मको नै विषय भयो । मंगोलियाको भाषाबाट धर्मप्रचारको विशेष उल्लेखनीय प्रगति भने कुबलाईखानको सहयोगबाट भयो । यस भाषाको प्राचीन अनुवादहरूमा आचार्य शान्तिदेवको सुमधुर ग्रन्थ बोधिचर्यावतार पनि एउटा हो ।

मंगोलियाका प्राय खानहरू बुद्धधर्मका अनुरागी र अनुयायी हुन् । पहिले यिनीहरू बलिकर्मका पक्षपाती थिए । स्वयं छिंसीग खानले पनि आफ्नो प्रतिज्ञा अनुसार नीलनभन देवलाई अल्गो सेतो

Downloaded from http://dhamma.digital/

घोडा बलि दिएका थिए । परन्तु दायाँबायाँ बुद्धधर्म फैलिई रहेको र राज्यविस्तारमा विजित ठाउँ बुद्धधर्मको विकास भइरहेको हुँदा सम्पूर्ण मंगोलियामा बुद्धधर्म विकास हुने नै भयो । छिंसीग हुँदै ( १२०६-२७) ओगोताइ (१२२९-४६) कुयुक (१२४६-५१) मगू (१२५१-६०) को शासनकालमा मंगोलियामा बुद्धधर्मको प्रचार तीव्रगतिले भयो । तेऱ्हौं शताब्दीको मध्य भागमा मंगोलियामा विभिन्न धर्मको छलफल, तर्कवितर्क र शास्त्रार्थ भएको देखिन्छ । १२५८ ईस्वीमा भएको धर्म सम्मेलनमा ३००० बौद्ध भिक्षुहरू, २०० तावीहरू र २०० कन्फुसिसहरूले भाग लिए । यस सम्मेलनबाट बौद्धहरूको कीर्ति पताका फहरियो । बौद्धहरूको २३७ विहारको प्रतिष्ठा पुनः हुन गयो । यसरी यस युगलाई मंगोलियाको धर्ममन्थन युग भने पनि हुन्छ । अझ यो धर्ममन्थनमा इसाई र ईस्लाम धर्मकाहरूले पनि भाग लिएको देखिन्छ । यसरी बुद्धधर्मको श्रेष्ठत्व सिद्ध भएर प्रचार प्रसार भएर आएको धर्म खानवंशीय शासनसत्ताका केन्द्रियशक्ति हीन नहोउञ्जेल प्रचार भएरै गयो । पछि जुनबेला मंगोलियाको केन्द्रियशक्ति ऱ्हास भयो, विस्तार विस्तार बुद्धधर्म मंगोल चिनियाँ जातिमा सीमित भएर बलियो हुँदै गयो । अरु खानहरूले भने इस्लामधर्म स्वीकार गरे ।

मंगोलियाका प्रचार प्रसार भएको बौद्ध वाङ्मय अर्थात् त्रिपिटक त तिब्बतीय त्रिपिटक नै हो । धेरै संस्कृत बौद्ध साहित्य मंगोलियन भाषामा अनुवाद भए पनि तरिम उपत्यका तथा खोतानमा सर्वास्तिवादीहरूको विनय प्रचलन भएर पनि मंगोलियामा स्थविरवाद दर्शनको अनुवाद नदेखिनुको कारण भने अज्ञातै छ भने पनि हुन्छ ।

तिब्बती त्रिपिटकलाई कन्जुर भनिन्छ । यो बुद्धवचनको १०३ वटा पुस्तक भएको संग्रह हो । फेरि प्रत्येक पुस्तकमा आठहजार नौहजार श्लोक वा गाथाहरू छन् । यो ग्रन्थ समुदायको मंगोलिया भाषामा अनुवाद कार्य चहारको कागन-लेग्-दन-उ-तुक्त १६०३-३४ को शासनकालमा भयो । फेरि यतिका ग्रन्थ समुदायको अनुवाद कार्य १६२३ ईस्वी सम्वत्मा एक वर्षमै गरियो । यसबाट एकातिर मंगोलियन बौद्धहरूको ठूलो प्रयास देखायो अर्कोतिर मंगोलियामा त्यतिबेला भएका ती अज्ञात विद्वान समुदायलाई पनि देखाउँछ, जसको श्रमले यत्रो काम सम्भव भयो । वास्तवमा यो महान कार्य पूण गर्न पण्डित कुन्-गा-ओद-जेर (आनन्दप्रभ) को अधीनतामा सयौं उभयभाषीहरूले अनुवादको काम गरेका थिए । अझ तंजुर अनुवाद गर्नुभन्दा अगाडि एकपटक फेरि मंगोलियाका विद्वानहरूले मंगोलियन भाषामा परिमार्जन ल्याएको देखिन्छ । रोल-पह-दो-र्जे र दलो-बजङ-ब्सतन्-पह-त्रिमाले पहिले तिब्बती-मंगोल कोश बनाई ठूलो व्याकरण बनाए । अनि १७४० मा सयौं विद्वानहरू तंजुरको अनुवाद कार्यमा लागे । तंजुर दर्शन, तर्क र मूल बुद्धवचनको टीका साहित्यका पुस्तकहरू हुन् । यी २३५ वटा पुस्तकहरूमा छन् । यो महान अनुवाद कार्य पनि एकै वर्षमा पूरा गरिएको थियो । यसबाट यस्तो विदित हुन्छ कि जुनबेला दक्षिणतर्फ बुद्धधर्म कमजोर हुँदै गयो त्यतिबेला मंगोलियामा सुदृढ हुँदै गयो । त्यसकाराण सायद दक्षिणबाट आएका विद्वानहरूको प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बुद्धधर्मको प्रसारण कार्यमा मद्दत भएको भए केही आश्चर्य होइन । किनभने नेपालमा र तिब्बतमा भागेर आएका बौद्ध विद्वानहरू मंगोलियामा नपुग्ने कुनै कारण छैन ।

Downloaded from http://dhamma.digital/

मंगोलियाको भाषामा कंजुर तंजुरको अतिरिक्त अश्वघोषको बुद्धचरित अनि नागार्जुन, असंग, बसुबन्धु, दिग्नाग, धर्मकीर्ति, प्रज्ञाकरगुप्त र शान्तरक्षित आदिका दर्शन ग्रन्थहरू र अष्टांग हृदयको आयुर्वेदिय ग्रन्थ अनुदित भए । मंगोलियाका विद्वानहरू तिब्बती साहित्यका अनुकरण मात्रले सन्तुष्ट भएन, त्यसकारण नै कतिपय ग्रन्थ चिनियाँ भाषा र उइगुर भाषाबाट पनि मंगोलियन भाषामा ल्याउने काम भयो । यसका उदाहरण चिनियाँ भाषाबाट अनुवाद गरेको मातंगकाश्यपको द्विचत्वारिंशत सूत्र उइगुर भाषाबाट अनुदित गरेको पंचतन्त्र र सिंहासन बत्तिसी हुन् ।

मंगोलियाका मानिसहरू जति विद्यानुरागी थिए उति नै तीक्ष्ण बुद्धिका पनि थिए । त्यसबेला आज जस्तै राजनीतिक दृष्टिले एक देशबाट अर्को देशमा जान गाऱ्हो कुरा थिएन । प्राकृतिक कारणले र यातायातको कारणले एक देशबाट अर्को देशमा जान यात्रीहरूसँग हुनुपर्ने शक्ति, सामर्थ्य र धैर्य भने बौद्धहरूमा नैसर्गिक रुपमा नै थियो । त्यसकारण प्रचारमा मंगोलियाका भिक्षुहरू जति कुद्न सके उति नै विद्या अध्ययन गर्न जहाँ पनि पुग्न सके । तिब्बतको बौद्ध महाविद्यालयमा अध्ययन गर्न जाने भनेको त साधारण कुरा नै भयो । सेरा, धेपुंग, गनदल, टशिल्हुन्पोमा मंगोलियन भिक्षुहर कहिल्यै खाली भएन । सयौं हजारौं भिक्षुहरूले यी ठाउँहरूमा बौद्धदर्शनको र संस्कृतिको अध्ययन गरिरन्छन् । अझ यी विद्यालयमा सबभन्दा मेधावी छात्र र उच्चस्तरका पण्डितहरू निस्कनेमा मंगोलियनहरू नै बढी हुन्थे । त्यसैबेला एक प्रकारले मंगोलियन र चीनिहरू कतिको आपसमा नजिक छ भनेर साध्य छैन । धर्मप्रचारमा कि वा देशरक्षामा पनि यिनीहरू निकै चर्को थिं । तेश्रो दलाईलामाले मंगोलमा हिंसा बन्दा गरायो । चौंथो दलाईलामाको जन्म मंगोलमा नै भयो । पाँचौं दलाईलामाको समयमा चांखपाका अनुयायीहरूले दःख दिँदा भिक्षुहरूलाई सास्ना गर्दाखेरि त झन् मंगोलियाका युवकहरू गएर संघर्ष गरेर मात्र चोंखपाहरूलाई दमन गर्न सक्यो । आजभोलिको शब्दमा भन्ने हो भने मंगोल सैनिकहरूले चोंखपाहरूलाई दमन गरेर पाँचौं दलाईलामालाई शासनसतमा फेरि फर्कायो । भनिन्छ यतिबेलादेखि तिब्बतमा धर्माचार्य नै देशको प्रमुख शासक हुनगयो ।

मंगोलियाको वर्तमान स्थिति जान्न संसारको गहनतम् सरोवर बैकालको छेउको बुर्यातियाको बुद्धधर्मको केही परिचय दिन योग्य सम्झन्छु । इभोल्गाको बौद्ध विहारमा प्रमुख र पवित्र दिनमा आज जुन प्रार्थना हुन्छ, त्यसबाट हामीलाई पालि मैत्री सूत्रको स्मरण हुन्छ । इल्भोगाका विहारमा नयाँ वर्षमा प्रार्थना गर्छ, "देखिएका प्राणी वा नदेखिएका प्राणीहरू चाहे तिनीहरू नजिकको होस् वा टाढाको होस् सुखी होऊन्, निःदुःखी होऊन् । अरुलाई दुःख हुने कम नहोउन् । अरुको नराम्रो चिताउन हुँदैन । जसरी एउटी आमाले आफ्ना सन्तानलाई आफ्नो प्राण समर्पण गरेर पनि त्यसलाई बचाउँछिन्, त्यसरी नै सम्पूर्ण सत्वप्रति प्रेमभाव राख ।"

१७४० ईस्वीमा बुर्यातियाको पहिलो बौद्धविहार निर्माण भयो । त्यसबेलादेखि आजसम्म बुद्धधर्मको परम्परा प्रवाहित हुँदै बुर्यातियाबाट मंगोलियामा बुद्धधर्मको जीवित परम्परा कायम गरेको छ, यो गौरवको कुरा हो । अतीतको बौद्ध परम्पराको अनुकरण गर्ने घरहरू बुर्यातियाको विहारमा तीसवटा जति छन् । माझमा सेतो लिपेको दुई चैत्यले तिब्बतको चैत्य र नेपालको नाम्चे बजार

Downloaded from http://dhamma.digital/

स्थित चैत्यलाई झल्याँस्स सम्झाइदिन्छ । यहाँ बिहान हुनासाथ बुद्धधर्मप्रति श्रद्धा राख्ने मानिसहरू भेला हुन आउँछन् । अहिलेसम्म पनि यो ठाउँमा चन्द्र पञ्चाङ्ग अनुसार अर्थात् तिथि अनुसार उत्सव गरिरहेका छन् । बौद्ध स्त्रोत पाठ गर्ने काम बिहानदेखि बेलुकासम्म भइरहन्छ । यहाँ तीसजना जति भिक्षुहरू जहिले पनि धर्म प्रचार र शान्ति संगठनमा व्यस्त भइरहेका छन् । मंगोलियाका बौद्ध संगठनको अध्यक्ष तथा प्रमुखतम मंगोलियाका लामा हम्बोलामा समाजित गम्भोजाभको अध्यक्षमाता गठन भइरहेको एसियाका बौद्धहरूको विश्वशान्तिका सम्बर्धन समिति (ABCPP) आजभोलि विश्वशान्तिको निम्ति सक्रिय भइरहेको छ ।

यहाँ एउटा ठूलो पुस्तकालय भवन पनि छ । बुद्धधर्म पढ्ने बुर्यातियहरूलाई मात्र होइन, बौद्ध अन्वेषकहरूलाई समेत यस पुस्तकालयबाट ठूलो मद्दत गर्छ । किनभने यहाँ तिब्बत, भारत र चीनमा दुर्लभ भइसकेका हस्तलिखित र काठको ब्लकले छापेका निकै पुस्तकहरू छन् । कंजुर र तंजुर देखि पाँचौं दलाईलामाको २१ वटा खण्ड भएको कृति र पहेँलो टोपी सम्प्रदायका संस्थापक त्सोंगखम्पाको कृतिहरू यहाँ संरक्षित भइरहेको छ ।

यहाँको मुख्य प्रार्थना भवनमा जाँदा बौद्धको अथवा उत्तरतर्फको विहारहरूको सम्झना आउँछ । यहाँ बुद्ध त्सोंगखम्पा र बौद्धहरूको साथै निकै तस्वीरहरू र मूर्तिहरू प्रदर्शन गरी राखेका छन् । यी वस्तुहरू देख्दा अनि यहाँका बौद्धहरूले प्रार्थना गरी राखेको सुन्दा हामीहरू जति टाढाबाट गएका भएतापनि अथवा यहाँका लामा र बौद्धहरू यहाँ आउँदा हाम्रा यस्ता गुम्बा र श्रंगार देखेपछि भाषा जतिसुकै फरक परे पनि ठाउँ बास जतिसुकै फरक परे पनि वास्तवमा बुद्धको संसारमा बुद्धले स्थापना गर्नु भएको शान्तिको संसारमा हामीहरू एउटै ठाउँ एउटै बासका एउटै संसारका दाज्यूभाइ हौं भनी मनले भन्छ ।

(**बौद्ध संस्कृति बैशाख पूर्णिमा** 2514, Buddhist & Buddhism in USSR **पुस्तकबाट सम्पादित**)

Downloaded from http://dhamma.digital/

"पञ्ञा नरान रतन"

# बुद्ध र बुद्धवाद

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

### (कक्षा ९, पञ्चम पत्र)

बुद्ध र बुद्धवाद प्राप्ताङ्क ३० अंक, ९ घण्टा


## लेखक - ऊ. अे. माउँ

## अनुवाद- भिक्षु ज्ञानपूर्णिक महास्थविर


Downloaded from http://dhamma.digital/

# खण्ड ५

## दुःख सत्य

भगवान् बुद्धको मुख्य उद्देश्य प्राणीहरूलाई निरवशेष रुपमा सम्पूर्ण दुःखको निरोध र शान्त अवस्थाको निर्वाण मार्ग निर्देशन गर्नु थियो । भगवान् बुद्धले त्यस उद्देश्यसित सम्बन्ध नभएको धर्मोपदेश गर्न चाहनुहुन्न । इसापूर्व छैठौं शताब्दीका केही भारतीयहरू लोक नित्य हो कि अनित्य हो ? लोक अन्तवान् हो कि अनन्त हो ? जीव र स्कन्धकाय एउटै हो कि भिन्न हो ?आदि प्रश्नहरूमा दिलचस्पी लिन्थे । ती प्रश्नहरूको सम्बन्धमा वादविवाद गर्थे । यस विषयमा बुद्धसँग निवेदन गरी प्रश्न गर्दथे । भगवान् बुद्धले कुनै उत्तर दिनु हुन्नथ्यो । ती प्रश्नहरू मानिसहरूलाई लाभकारक नभई मिथ्या मार्गतिर डोऱ्याउने "घनाजङ्गल कन्तार (दुर्गम मार्ग) काँढा शूल र बन्धन जस्तो छ ।" (म. नि. अग्गिवच्छगोत्त सुत्त) "यसको सम्बन्धमा वादविवाद गर्ने व्यक्तिहरू हात्तीको शरीरांग एक एक भागलाई मात्र हातले परीक्षण गरी हात्ती भनेको यस्तो छ, त्यस्तो होइन भनी वादविवाद र कलह - झगडा) गर्ने अन्धाहरू जस्तै हुन् (उदान पालि) भनी भन्नुभयो ।

ती प्रश्नहरू सोध्ने मालुक्यपुत्त स्थविरलाई भगवान् बुद्धले "मालुक्यपुत्त ! उपमा कसो भने विषाक्त वाण लागि घाइते भएको एकजना मानिसले यदि तुरन्त औषधोपचार नगरी उनलाई वाण हान्ने व्यक्तिको नाम, गोत्र, वंश, आकारप्रकार, रुप, वर्ण र बसोबास गर्ने देश प्रदेश आदि परीक्षण र सोधपूछ गरिहेमा प्राण मात्रै जान सकिने छ, बचावट हुँदैन । त्यसरी नै तिमीले यी प्रश्नहरूको उत्तर जानेमा मात्र श्रमण धर्म उद्योग र अभ्यास गर्नेछु भन्छ्यौ भने संसार वर्त दुःखबाट मुक्त हुने छैनौ । ती प्रश्नहरूको उत्तर जे जस्तो भए पनि संसारमा दुःख धर्म अवश्य हुन्छ । ती प्रश्नहरू सम्पूर्ण दुःख निरोध र शान्त पार्ने निर्वाणको लागि नभएको कारणले मैले उत्तर नदिई सम्पूर्ण दुःख निरोध र शान्त पार्ने चतुःसत्य धर्मलाई मात्र उपदेश गरेको छु" भनी भन्नु भएको थियो । (म.नि. चूलमालुक्य सुत्त) ।

अवश्य हो; महासमुद्रमा एउटै मात्र नुनिलो रस भएजस्तै बुद्धवादमा पनि दुःखबाट विमुक्त हुने एउटै मात्र रस छ (चूलवग्ग पालि) । चार सत्यमा दुःख सत्य पहिलो सत्य हो । त्यसकारण दुःख सत्यलाई देख्नु जान्नु बुझ्नु अत्यावश्यक छ ।

बुद्धकालीन अवस्थामा भारतीयहरूले दुःख धर्मलाई निकै देखे जानेका कारणहरू खण्ड ३ मा उल्लेख गरिसकेको छु । दुःख धर्मलाई प्राचीन भारतीयहरूले दुख्नु जान्नु र बुझ्नु तिनीहरूको ऐतिहासिक घटनाक्रम र वरिपरिको वातावरणले गर्दा भएको जस्तो वर्तमानकालीन केही मानिसहरूले लेख्ने गरेका छन् । प्राचीन आर्यहरू युद्धको चोटपटक, गर्मीको तापले भिजेको मौसम र निम्नकोटीको दुःखद् रहनसहनको कारणले मनुष्यजीवनप्रति उद्विग्न भएर आए भनी भन्छन् । यो कुरा आधारविहीन छ ।

Downloaded from http://dhamma.digital/

प्राचीन भारतीयहरूले सामना गर्नुपरेका युद्धका भय र दु:खहरू प्राचीन ग्रीकहरूको युद्धको भय र दु:खहरूको तुलनामा केही भन्नलायक थिएन । मानवीय इतिहासको लहरमा प्राय: सबैजसो राष्ट्रहरूमा युद्धको कारणले मानिसहरूले अनेक प्रकारका दु:खहरू सामना गरेका थिए । त्यसो भएता पनि युद्ध भय र दु:खको कारणले मनुष्य जीवनप्रति दिग्दार र उद्विग्न भएका व्यक्तिहरू कमै छन् । गर्मीको तापले भिजेको मौसमले मानिसको चित्तलाई गञ्हुङ्गो र निष्क्रिय बनाइने कुरा सही हो । तैपनि मनुष्य जीवनप्रति उद्विग्न गराइन्न । भारतको जस्तो मौसम बर्मा, थाइलैण्ड र इन्डोनेसिया आदि राष्ट्रहरूमा देखा परेता पनि त्यस राष्ट्रका मानिसहरू आ-आफ्ना जीवनमा रमाएका छन् । प्राचीन भारतीयहरूको जीवनस्तर निम्नकोटिको छ भन्न पनि सकिँदैनथ्यो । त्यस अतिरिक्त ती प्राचीनकालमा दु:ख धर्मलाई देखी, जानी, बुझी भिक्षु हुने व्यक्तिहरू धेरैजसो दु:खी, दरिद्र र गरीबहरू नभई खाद्य भोज्य बसोबास सम्पन्न उच्च श्रेणीका क्षत्रीय ब्राम्हणहरू भएको कुरा होश राख्न उचित छ ।

दु:ख धर्मलाई निरीक्षण गर्न जान्न जाति मनोवृत्ति र शारीरिक स्थिति माथि निर्भर गर्छ भनेमा सही हुने जति हुन सक्ला । केही भैषर्ज्य शास्त्रीहरूको मत अनुसार Endo–crine glands ले राम्ररी काम गर्न नसक्दा मानिसको चित्त निष्क्रिय र मलिन भई आफ्नो जीवनमा दोष देख्न थाल्छ । साइकोअनालिसिस (Psychoanalysis) मनोविज्ञानको मत अनुसार केही व्यक्तिहरू कुनै न कुनै अन्जान चित्तको प्रभुत्व वा वंशीभूतत्वको कारणले आ-आफ्नो जीवनलाई बिनाकारण मन बिगारेर बसेका हुन्छन् । दु:ख धर्मलाई निरीक्षण गर्न जान्नु मानवजातिको बीज चित्तसित पनि सम्बन्धित छ जस्तो देखिन्छ । बर्मेली जातिले अनेकौं दु:खको सामना गरेर आएकाले दु:खधर्मलाई निर्देशित गर्ने बुद्धवादलाई आस्था राखी स्वकारेतापनि रमाएर रहन जान्छन् । भारतीयहरू भने मनुष्य जीवनको दु:खलाई निरीक्षण गर्न जान्ने कुरा उनीहरूको दर्दनाक शोकाकुलित चलचित्रहरू सङ्गीतहरूद्वारा स्पष्ट भएको छ ।

'दक्ख' भन्ने पालि शब्द पिटकबाट (उद्धृत) अन्य शब्दहरूजस्तै बुद्ध प्रादुर्भाव हुनुभन्दा अगाडि नै भारतीय धर्म ग्रन्थहरूमा विद्यमान थियो । तैपनि पालि प्रज्ञा विदूषी **Mrs. Rhys Davids** को भनाई अनुसार[१] **(1. Mrs. Rhys Davids, "Buddhism", 1914 P. 161.)** उपनिषद् ग्रन्थहरूमा "दुक्ख" पदलाई जम्मा ५० पटकमात्र देखा परेकाले ती पदहरू पलिपिटकमा आएका "दुक्ख" हरूको दाँजोमा संख्यात्मक दृष्टिले उल्लेखनीय छैनन् । त्यस अतिरिक्त पछि देखा पर्न आएका उपनिषद् ग्रन्थहरूमा प्राचीन उपनिषद् ग्रन्थहरूमा भन्दा बढी "दुक्ख" पदहरू देखापरेका छन् । त्यस उसले पछि प्रादुर्भाव भएको उपनिषद् साहित्यमा बुद्धवादको केही आभास परेको हुनसक्छ भनी Mrs. Rhys Davids ले धारणा राखेकी छिन् ।

बुद्धवादमा दु:ख धर्म बुद्ध प्रादुर्भाव हुनु अगाडिभन्दा बढी गम्भीर एवं व्यापक भएर आयो । प्रचीन मानिसहरूले ब्रम्हलोकलाई सर्वोत्तम स्थल दु:ख विहीन स्थल भनी धारणा राखिएकोमा बुद्धवादले त्यो धारणालाई पन्छाए । "भो बकब्रम्हले जानेको थिएन रहेछ; ब्रम्हकाय शरीर सहितको ब्रम्हलोक नित्य छ; प्रतिसन्धि रहनु जीर्ण हुनु मरण हुनु पुनर्वार उत्पन्न हुनु छैन भनी मिथ्या धारणा

Downloaded from http://dhamma.digital/

राख्दछ ।" (सं. नि. ब्रम्हसंयुक्त बकब्रम्ह सत्त) । "संसारमा श्रमण ब्राम्हण देव ब्रम्हा मारहरूमध्येमा कुनै पनि व्यक्ति वृद्ध नहुनु, रोगी नहुनु, मरण नहुनु, विनाश नहुनु आदि प्रार्थना गरेर लाभ गर्न सकिन्न ।" (अं. नि. पञ्चकनिपात प्रथम अलब्भनेय्य सुत्त) । भगवान् बुद्धको मतानुसार मर्मत र प्रबन्ध योग्य सम्पूर्ण संस्कार धर्म दुःख धर्म मात्र हो ।

दुःख धर्मलाई देखी जानी भगवान् बुद्धले गृहत्याग गर्नु वृद्ध, रोगी र मृतकहरूलाई देखेको कारणले नभएको कुरा अघिको बुद्ध विषयक खण्डमा उल्लेख गरिसकेको छु । **Mrs. Rhys Davids** को मतानुसार[१] **(1. Mrs. Rhys Davids, "Wayfarer's Words", PP.424, 480)** वृद्धत्व, रोग, मरण दुःखहरू औषधी विज्ञानवेत्ताहरूले समाधान गर्न कोशिस गरिरहेका दुःखहरू भएको हुँदा भगवान् बुद्धले बुझ्नुभएको दुःख धर्म त्यो कायिक दुःखभन्दा बढी गम्भीर अर्थ अभिप्राय लागेको हुनुपर्दछ । जरा, व्याधि र मरण भयभन्दा धर्मचक्र सूत्रमा भगवान् बुद्धले देशना गर्नु भएको इच्छा गरेको पूर्ण नहुनु, पाएको नचाहनु, चाहेको नपाउनुले मानिसहरूलाई अझ बढी दुःखित पार्छ । यसरी यो मनुष्यभूमि वास्तविक दुःखभूमि भएको स्वभावलाई हामीले गम्भीर रुपमा परामर्श र निरीक्षण गर्नु आवश्यक छ ।

मानव इतिहासको लहरमा मानिसहरूले भूकम्प, ज्वालामुखीको विस्फोटन, बाढी प्रकोप र हुरी बतासद्वारा विनाश आदि भय अन्तरायहरूको कारणले दुःखको सामना गरिसकेका छन् । अब पनि स्वभाव धर्मको विपरीतताले गर्दा मानिसहरूले भोग्नु परिराखेको दुःखद् समाचारहरू बेलाबेलामा सुन्न जान्न पाइरहेको छ । मानिसले स्वभाव धर्मको कुटाई पिटाई खाइरहनुको अतिरिक्त मानिस परस्पर दिइने घातप्रतिघातलाई पनि भोग्नुपर्दछ । मानिसहरूले भोगनु परेको यो दोश्रो प्रकारको दुःख प्राचीन प्रवेणीदेखि आजसम्म विभिन्न देशप्रदेशमा उत्पन्न भइसकेका युद्धहरू, शोषण दमनहरू, आर्थिक शोषणहरूद्वारा स्पष्ट छ । त्यसकारण रोमन महान् इतिहासकार अंग्रेज प्रज्ञमविद् **Gibbon** ले "मानव इतिहास भनेको मानिसहरूको राजदण्ड, अपराध, हिंसा र मूर्ख्याईंहरूको विषय सम्बन्धी टिपोट हो" भनी भनेको थियो ।

त्यसो भए पनि आज प्रकट रुपमा विकास भइरहेको विज्ञान मानिसहरूको वास्तविक आधार भएको छ । मानिसहरू पनि अहिले अघि अघि भन्दा उन्नत भई त्यसरी उन्नत भएर आए जति दुःख दूर र निरोध भई शनैः शनैः तिनीहरूमा सुख लाभ भएर आउने छ ? भनी सोध्न योग्य छ ।

विज्ञानले मानिसहरूको सुख सुविधालाई आविष्कार गरेको त अवश्य हो; तैपनि विश्व मानवले प्रायशः विज्ञानको प्रतिफललाई अनुभव गर्न नपाई दुःखी भएर बस्नु परिरहेको छ । विज्ञानद्वारा आविष्कार गरिराखेको भयङ्कर शस्त्र अस्त्रहरूको कारणले भविष्यमा तृतीय विश्वयुद्ध भएमा समस्त मानव संसार विनाश हुने स्थितिको अवलोकन गर्दै मानिसहरूको मुटु बोझिलो भइराखेको छ । त्यसकारण मानिसको साँच्चै उन्नति भइरहेको छ कि अथवा अवनति भइरहेको छ भनी विचारणीय छ ।

Downloaded from http://dhamma.digital/

यो प्रश्न च्वाट्ट काट्ने गरी जवाफ दिन सजिलो छैन । किनभने मानिसको विकास भनेको अर्थ अभिप्राय विस्तृत र व्यापक भई नापतौल गर्न मुश्किल छ । मानव इतिहास र आजको मानव संसारलाई गहिरिएर राम्ररी अध्ययन गरेमा आजको युगलाई अवनत युग भन्न नसकिने भएता पनि उन्नत युग भनेर पनि भन्न सकिन्न । मानिसमा एकातिर उन्नतिहरू (जस्तो दासदासी बेचबिखन प्रथा नहुनु, महिलाहरूको स्वतन्त्रता) हुनुको साथसाथै अर्कोतिर अवनतिहरू (जस्तो कि पारिवारिक मनोवृत्ति शून्य हुनु, लोभलालच बढ्नु) पनि छ । त्यसकारण पश्चिमी राष्ट्रहरूमा फ्रान्सको जनक्रान्ति युगदेखि औद्योगिक शिक्षा विकास भएको युगसम्म मानिसहरूले मनुष्य संसारमा प्रमाणातीत रुपमा विकास हुने सम्भावना छ भनी विश्वास गरेर आएता पनि आजको बीसौं शताब्दी युगमात त्यो धारणालाई प्रज्ञाविद्हरूले स्वीकार गरेनन् । विज्ञानको सामर्थ्यद्वारा मानिसहरूको भौतिकी जीवन स्थितिलाई माथि उचाल्न सकिन्छ भनी विश्वास गर्ने प्रज्ञाविद्हरूले समेत विश्वमानवका सामाजिक स्थिति र प्रज्ञाज्ञान दक्षता विकास हुनुमा दिग्दा भई निराशापूर्ण भइसकेका छन् ।[१] **(1. Will Durant, "The Pleasure of Philosophy", PP. 239-240.)**

संसारमा राम्रो र नराम्रो प्रायश: एकजोड भइराख्छ । मानिसको एउटा विकासलाई अलग्ग पारी गहिरिएर परामर्श र निरीक्षण गरेमा त्यस विकाससित सम्बन्धित हानि वा दु:खहरूलाई जान्न र देख्न सकिनेछ । मोटरकार भएको कारणले मानिसहरूलाई आवागमनमा सुविधा र सजिलोपन आई कामकाजहरू अघिभन्दा द्रुतगतिले वहन गर्न सके तापनि विश्वमा कार दुर्घटनाको कारणले दिनहुँ मरण र विनाश भइरहेका मानिसहरू कम छैनन् । औषधि विज्ञानको विकासले गर्दा मानिसहरू अघिभन्दा बढी स्वस्थ भएका छन् । दीर्घायु भएका छन् । तर त्यस औषधि विज्ञानको विकासको कारणले भारत, चीन आदि अन्य पूर्वीय राष्ट्रहरूले जन्म संख्या माथि चढी मरण संख्या घटेर जनसंख्या समस्याको सामना गरिरहनु परेको छ ।[१] **("जनसंख्या वृद्धि समस्या" म्यावदी, अक्टुबर १९५८ ।** मानवजाति बीज विकासको सम्बन्धलाई अध्ययन गर्ने प्रज्ञाविद्हरूले पनि औषधि विज्ञानले स्वास्थ्य सम्बन्धी प्राथमिक तत्त्व कमसल र कमजोर भएका व्यक्तिहरूलाई प्राणतत्त्व जोडिदिएका कारणले विश्वमा स्वास्थ्य कमजोर भई जीवनको संग्रामको सामना गर्न नसक्ने व्यक्तिहरू शारीरिक अङ्ग प्रत्यङ्गविहीन भई अरुको आश्रयमा रहनुपर्ने दु:खित सत्वहरू दिन प्रतिदिन वृद्धि भइरहेका छन् भनी भन्छन् ।

प्राय: संसारका सबै भागमा मानिस शतप्रतिशत विकास भएको छ भनौं । त्यो विकासले मानिसहरूलाई मानसिक सुख उपलब्ध गराउन सकिने हो कि भनी संशय उठाउनु योग्य छ । दृष्टान्त रुपमा त मानिस जति जति विकसित हुँदै जान्छ त्यति त्यति मानसिक दु:ख झेल्दै आइरहेका लक्षणहरू हामीले प्रकट रुपमा देख्दैछौं ।

एउटा उदाहरण देखाउनु पऱ्यो भने अहिले अति विकसित पश्चिमी राष्ट्रहरूमा दु:खले गर्दा आत्महत्या गरी मर्ने व्यक्तिहरू भयानक रुपमा वृद्धि भएका छन् । युरोपीय महाद्वीपमा त्यसरी आत्महत्या गरी मर्ने व्यक्तिहरूको संख्या वर्षेनी ७० हजार जति भएको अमेरिकामा २२ हजार जति छन् । तिनीहरूका राष्ट्रहरूमा मानसिक अशान्तिमा प्रमुख कारण भएको मानसिक रोग पनि एउटा

Downloaded from http://dhamma.digital/

अनि विशाल समस्या रहेको छ । अमेरिकी मैगाजिनहरूमा मानसिक स्वस्थता सम्बन्धी लेखहरू बारबार समावेश गरी उल्लिखित छन् । डेलकार्नेजीको "शोकरहित जीवन जिउनु" जस्ता किताबहरू मानिसहरूले धेरै पढ्छन् । तैपनि एकजना प्रज्ञाविद्को भनाई बमोजिम "अमेरिकाको मानसिक उपचार गर्ने अस्पतालहरूमा सधैँ रोगीहरू ख्वाखच भइरहन्छन् । सम्पूर्ण देशमा रहेका अस्पतालहरूमध्येमा मानसिक रोगग्रस्त रोगीहरू दमरोगग्रस्त रोगीहरूभन्दा ८ गुणा बढी छन् । वर्षेनी मानसिक रोग ग्रस्त ६८ हजार रोगीहरू उपचारका लागि इ.सं १९३२ मा मानसिक रोगको उपचार गर्ने अस्पतालहरूमा रोगीहरूको संख्या ३ लाख ४० हजार पुगेका थिए । यो तथ्याङ्कमा व्यक्तिगत अस्पतालहरूमा उपचार गर्नु परेका रोगीहरूको तथ्याङ्क समावेश थिएनन् ।"[१] **1. Alexis Carrel, "Man, The Unknown" PP. 147.81.**

अमेरिकी राष्ट्रको विकासमा बुद्धि विवेकको विकास नभई मानिस परस्परमा आर्थिक प्रतिस्पर्धामाथि आधारित भएको वैभव सम्पत्तिको विकास भएको कारणले मानिसहरूलाई मानसिक सुखशान्ति उपलब्ध गराउन नसकेको हो भनी कसै कसैले भन्ने गर्छैन् । तर मानिसहरूको बुद्धि विवेक विकास हुनु पनि दुःखसित जोडिएको हुनसक्छ । जति जति मानिसको ज्ञान विकास हुँदै जान्छ त्यति त्यति संसारमा नरमाई मन खिन्न भई उद्विग्न हुँदै आउन सक्छ ।

केही थाहा नपाउने बालक संसारमा सबभन्दा रमाउने हुन्छ । पुरुष र महिलामध्ये प्रायशः पुरुष महिलाभन्दा मनोभावनामा परिपक्व हुन्छ । तिनीहरूले राष्ट्रिय, सामाजिक क्रियाकलापहरूमा दिलचस्पी रही मानव संसारको स्वभावलाई परामर्श र निरीक्षण गर्छ । त्यसरी पुरुषमा प्रज्ञाज्ञान बुद्धि भएता पनि आत्महत्या गर्ने व्यक्तिहरू र मानसिक रोगी हुने व्यक्तिहरूमध्येमा महिलाहरूभन्दा पुरुषहरूको संख्या नै बढी छ ।[१] **१. "पुरुष र महिला" म्यावदी, जनवरी १९५८ ।** त्यस अतिरिक्त प्रायशः बढी अध्ययनशील व्यक्तिहरू अन्य व्यक्तिहरूभन्दा बढी संसारप्रति मन खिन्न भई उद्विग्न भएर आउँछन् ।

संसारमा कला एवं दर्शनशास्त्र आदि एक न एक विद्यामा अतिविशिष्ट रुपले पारंगत, दक्ष र ख्यातिप्राप्त महान् प्रज्ञाविद्हरू प्रायशः वरिपरिको संसारमा सम्मिलित हुन नसकी 'अप्ठेरा अनि अनौठा' खालका बन्छन् । अन्य व्यक्तिहरूसित पारस्परिक दृष्टिमा असमानता भई हेराई र सोचाईमा भिन्न खालका हुने भएकाले मानव संसारसित ठ्याम्म नमिली मानसिक रुपमा दुःखी हुन्छन् । त्यसो भएर ती महान् प्रज्ञाविद्हरू मानसिक असन्तुलित भई बहुलाएका धेरै हुन्छन् ।[२] **२. "महान् प्रज्ञाविद्हरू", म्यावदी, जुलाई १९५८ ।**

मानिसको आचरण धर्म विकास हुनुसित मानसिक दुःख सम्बन्धित भइरहेको कारणलाई साइकोअनालिसिस मनोविज्ञानवेत्ता **Sigmund Freud** ले उल्लेख गरेका थिए । **Freud** को भनाई अनुसार मानिस हीन एवं मलिन चित्तहरूलाई शमन र दमन गरी सभ्य भएर आएता पनि मानिसमा रहेका क्लेश चित्तहरू निरवशेष रुपमा निरोध र शान्त नभई मनको अर्धभागमा घुसेर बसेका हुन्छन् । ती कुराहरूले मनोविज्ञानको उर्धभागमा कहिलेकाहीँ विभिन्न रुपाकृतिले देखापर्न आई शुद्ध चित्त र हीनचित्त प्रतिपक्ष भई मानिसले असन्तोष, अशान्त, अस्थिरतर र मानसिक दुःख हुने आदि दौर्मनस्य

Downloaded from http://dhamma.digital/

वेदनाहरू अनुभव गर्नुपर्दछ । त्यसकारण क्लेश चित्तहरूलाई संयम र दमन नगरी स्वतन्त्रता दिइराखेका जंगली मानिसहरूमा भन्दा ती चित्तहरूलाई संयम र दमन गरिराखेका महान् राष्ट्रका "सभ्य मानिस" हरूमा मानसिक रोगग्रस्त व्यक्तिहरू संख्यामा बढी भएका हुन् भनी मनोवैज्ञानिकहरूले भनेका छन् । वास्तवमा अनुशय क्लेशलाई बल र प्रेरणा दिने काम आरम्मण बढी भएको मानवसंसार आचरण धर्मलाई सम्मान दिने ममता राख्ने व्यक्तिको निमित्त योग्य छैन । त्यसकारण सन्त सत्पुरुषहरू गृहस्थाश्रमलाई परित्याग गरी गृहत्याग गर्ने हुन्छन् ।

यसरी मानिसको विकास चारैतर्फ दुःखसित जोडिरहेको कारणले शान्ति र सुख भन्ने वस्तु छ कि छैन भनी संशय गर्नु उचित छ । जर्मन दार्शनिक **Schopenhauer** ले त संसारमा दुःख मात्र निश्चित रुपमा प्रकट हुने र सो दुःख निरोध हुनु नै सुख शान्ति हो भनेका छन् । **Epicurus** ले पनि "मानसिक सुख शान्ति खोज्नुपर्दैन दुःखबाट मुक्तिलाई मात्र खोजिन्छ । अत्यन्त मन रमाउने कुरा सधैं दुःखसित जोडिएको हुन्छ" भनेका छन् । ग्रीक महान् दार्शनिक **Aristotle** ले पनि प्रज्ञावान्ले सुख शान्ति नखोजी दुःखबाट मुक्त हुने मात्र खोजी गर्नुपर्छ भनेका छन् ।

त्यसो भएमा संसारमा शान्ति सुखलाई मानिसहरूले खोजतलास गर्नु निरर्थक नै हुन्छ त भनी प्रश्न गर्नु योग्य छ । यस विषयमा साँच्चै नै मानिसहरूले सुख शान्तिलाई खोजतलास गर्छन् त भनेर पनि विचार गर्नु छ ।

मानिसले सुख शान्तिप्रति प्रत्येक मानवेच्छाभिभूत र आशक्त छ भनी निश्चित रुपमा सम्झिराखेका छन् । यदि त्यसरी शान्ति सुखलाई मानिसले इच्छा गर्ने कुरा सही भएमा महिलाहरूले किन विभिन्न दुःख कष्ट भोग गरी आफ्ना छोराछोरीहरूलाई पालनपोषण र रक्षा गर्छन् ? किन पश्चिमी नागरिकहरूले दुःखलाई पर्वाह नगरी एभरेष्ट पर्वत शिखरतिर र उत्तर ध्रुवका प्रत्यन्त देशतिर पराक्रमपूर्वक जाने गर्छन् त ? यदि मानिसले शान्ति सुखलाई इच्छा र आशक्ति राख्ने कुरा सही हो भने दिक्दार भइरहेको व्यक्तिले सधैं रमाइरहने बच्चासित आ-आफ्नो जीवन साट्न मन पराउने छ त ? शोक व्यापार बढी भएका बर्मेलीहरूले शोक व्यापार नभएका नागाहरूको जस्तो जीवनलाई मन पराउने छन् त ? मानसिक सुख शान्ति नभएको प्रज्ञावान्को जीवन भन्दा खुशीले रमाइरहेको एउटा साधारण मानिसको जीवन बढी सर्वोत्तम छ भनी हामीले स्वीकार्न सक्छौं त ?

उपर्युक्त प्रश्नहरूलाई गहिरिएर विचार विमर्श गरी उत्तर खोजेमा संसारमा वास्तविक रुपमा मानिसहरूले इच्छा र अभिलाषा राखेका विषयहरू सुख शान्ति नभएको तथ्य स्पष्ट हुन्छ । आधुनिक मनोविज्ञानको धारणा अनुरुप मानिसहरूलाई अभिभूत गरिराखेको विषय सुख शान्तिलाई इच्छा र आशक्त हुनु नभई सुत्न चाहने, खान चाहने, मैथुन सेवन गर्न चाहने, हिंड्डुल गर्न चाहने, छोराछोरीलाई स्याहारसुसार गर्न चाहने, नाउँ कमाउन चाहने, युद्ध, आक्रमण र विनाश गर्न चाहने आदि मनका स्वाभाविक वृत्तिहरू हुन् । मानिसहले ती स्वाभाविक कामच्छन्दहरू सिद्ध गर्न चिन्तनमनन र उद्योग गर्छ । इच्चापूर्ति हुँदा मानसिक सुख त अवश्य नै उपलब्ध हुन्छ तापनि सुख शान्तिलाई चाहेको कारणले यस उस काम गरेको होइन । अर्को कुरा सुख शान्ति इच्छापूर्तिसित एकसाथ उत्पादन भएर आउने सम्प्रयुक्त प्रतिफल धर्म हो । त्यस क्रियाकलापलाई मानिसहरूले

Downloaded from http://dhamma.digital/

अपनाइरहनुको मुख्य कारण नै प्रधान उद्देश्य होइन ।[1] **१. "आचरणधर्म र सुखवाद" संस्कृति पत्रिका, सेप्टेम्बर १९५९ ।**

त्यसकारण मानिसले सुख शान्तिलाई बिनाकारण त्यसै त्यसै खोजिनीति गरेमा त्यो निरर्थक हुनसक्छ । कामगुण सुखप्रति लालायित भई कामधूर्त हुने व्यक्ति पिए जति प्यास नबुझ्ने मानसिक दुःखी हुनसक्छ । जीवनसाथीको कामना गर्ने प्राकृतिक कारणले नभई आफ्नो मानसिक सुखको निमित्त विवाह गर्ने व्यक्ति वैवाहिक समस्याहरूलाई सामना गर्नुपर्ने बेलामा सहनशक्ति नभई मानसिक दुःख भोग्नु पर्ने कुरा सही हुन्छ ।

संसारमा पृथग्जन मनुष्य प्राणीले मानसिक दुःख भोग्न पर्नु प्रमुख रुपमा इच्छापूर्ण नहुनाको कारणले हो । इच्छापूर्ति हुने बेलामा पनि अनित्य धर्म निरन्तर रुपमा पछि पछि लागिरहने हुनाले इच्छापूर्ति क्षणिक मात्र हुन्छ । मानिसहरूका निमित्त त्यस्तो क्षणिक इच्छापूर्ति हुनु पनि सजिलो छैन; किनभने मानिसहरू एकजुट भई सामूहिक रुपमा रहने भएता पनि विचारधारा, मनोवृत्ति, चरित्र, बुद्धि, विवेक र वातावरण आदिको भिन्नताले गर्दा उनीहरूका इच्छाहरू पनि समान छैनन् । धेरैजसोमा एक व्यक्तिको इच्छा अर्को व्यक्तिको इच्छासित प्रतिपक्ष भइरहन्छ । तसर्थ एक व्यक्तिको इच्छापूर्ति वा मानसिक सुख शान्तिले अन्य व्यक्तिको इच्छापूर्ति वा मानसिक दुःखलाई उत्पन्न गराउँछ । एकअर्कोको समान इच्छा भइरहँदा पनि दुवै व्यक्तिको इच्छापूर्ति दुष्कर भएर एक न एक व्यक्तिमा मानसिक दुःख हुन जान्छ । उदाहरणको रुपमा - एउटा कामलाई दशजना व्यक्तिले कोशिश गर्छन् भने ती मानिसहरूमध्येमा नौजना व्यक्तिमा इच्छा अपूर्ति भई मानसिक दुःख पाउने कुरा सुनिश्चित छ । महामन्त्री अनन्त सूर्यको "एउटा व्यक्तिको उत्थान हुनुमा अर्को व्यक्तिको विनाश स्वाभाविक नियामधर्म नै हो" भन्ने कथन यथार्थ हुन आउँछ ।

तसर्थ विश्वमा व्यक्ति, जाति, राष्ट्र र विश्वनिकाय परस्परमा निरन्तर प्रतिपक्ष भइरहन्छ । यो विषयलाई विस्तृत रुपमा लेखिरहनु आवश्यक छैन । वास्तवमा स्मृति राख्न योग्य तथ्य के छ भने ती प्रतिपक्ष क्रियाकलापहरूले दुःखकष्टलाई निर्माण गरेता पनि मानिसहरूको विकाससित केही न केही रुपमा सम्बन्धित हुन्छ । कार्लमार्क्सले प्रतिपक्ष भएमा मात्र विकास हुन्छ भनेका छन् । यो कथन केही पुराना प्रज्ञाविद्हरूको निमित्त नौलो कुरा होइन । डार्विनले विभिन्न सत्वहरूबीच जीवन स्थिर गर्नाका लागि प्रतिस्पर्धात्मक रुपमा प्रयास गर्नुबाट परिवर्तन र विकास भएर आएको घटनालाई उल्लेख गरेका थिए । तसर्थ केही प्रज्ञाविद्हरूले प्रतिपक्ष हुनुलाई र बिल्कुल दुःखरहित भएको भौतिकी निर्वाण जस्तो निर्वाणलाई विश्वास गर्दैनन् र चाहना राख्दैनन् । इसापूर्व छैठौं शताब्दीतिरको ग्रीक दर्शनाचार्य **Heraclitus** ले विश्व शान्तिलाई चाहना र प्रार्थना गर्ने महान् ग्रीक प्रज्ञाविद् **Homer** लाई दोषरोपण र आलोचना गरेर **Homer** को प्रार्थना पूरा हुँदा विश्व विनाश हुनेछ भन्ने तथ्य ज्ञानयुक्त छैन । साथै **Homer** को इच्छापूर्ति हुँदासम्म जुनसुकै पदार्थहरू पनि यात्राको अन्ततिर पुगी उन्नति र विकास हुने हुँदैन भनेका छन् ।

बुद्धकालीन अवस्थादेखिआजसम्म आफ्ना जीवनप्रति उद्विग्न भई दुःखधर्मलाई भाविता र दर्शन गर्ने व्यक्तिहरू प्रायशः खानपान, रहनसहनपूर्ण र सम्पन्न भएका व्यक्तिहरू हुन् । बुद्धकालीन

Downloaded from http://dhamma.digital/

अवस्थामा भिक्षु भएका व्यक्तिहरू प्रायश: जीवनको स्थिति उच्च भएका क्षत्रीय र ब्राम्हणहरू यशकुमार जस्ता श्रेष्ठीपुत्रहरू थिए । आधुनिक युगमा दु:ख धर्मलाई दिग्दर्शन गर्ने **Schopenhauer** बाइरोन् **(Byron)** आदि व्यक्तिहरू सुख समृद्ध व्यक्तिहरू हुन् । विश्वमा आत्महत्या गरी मरण हुने व्यक्तिहरूमध्येमा धनाढय, सुखी व्यक्तिहरू दु:खी, दरिद्र व्यक्तिहरूभन्दा संख्यामा बढी छन् । स्वीडेन र डेनमार्क राष्ट्रहरू युरोप महाद्वीपमा सामाजिक जीवनस्तर सर्वोच्च पुगेका राष्ट्रहरूको रुपमा पुगिराखेका छन् । तैपति ती राष्ट्रहरू सबभन्दा बढी आत्महत्या गर्ने व्यक्तिहरू भएका राष्ट्रहरू पनि हुन् । यी तथ्यहरूलाई आधार बनाई सम्पूर्ण विश्वमानव खानपान, रहनसहनपूर्ण र सम्पन्न भएर, व्यक्ति परस्पर, गुट परस्पर प्रतिपक्ष भइरहनु बिल्कुल शून्य भएर गएता पनि (विश्व जनसंख्या वृद्धि हुनु[१] ***१. केही मानिसहरूले विज्ञानलाई शक्तिले भ्याएसम्म तौर तरिका अनुरुप प्रयोग गरेमा विश्व खाद्यान्न बढी उत्पादन भई विश्व जनसंख्या वृद्धिको निमित्त धन्दा सुर्ता मान्नु पर्ने छैन भनी भन्छन् । तैपनि विज्ञानलाई विशेष विश्वास गरी आधार लिने सोभियत राष्ट्रमा अस्ततालहरूमा गर्भपतन गर्नुलाई सरकारी कानुनद्वारा अनुमति दिइराख्नु विचारणीय छ । गर्भपतन गर्न महिलाहरूको सामाजिक, आर्थिक र स्वास्थ्यलाई हेरी पतन गराउन योग्य व्यक्तिहरूलाई पतन गराइदिने विष बुझिन्छ । Art Abortion in Encyclopaedia of the Social Sciences.*** र मानिसहरूमा अनुशय क्लेश रहिरहनुको कारणले यस परिस्थितितिर परिवर्तन र विकास पनि हुनसक्ने छैन ।) आलस्य र उद्धिग्नता बाँकी रही मुनष्य संसार दु:खबाट मुक्त नहुने कुरा स्पष्ट छ ।

**Heraclitus** देखि शुरु गरेर धेरै पश्चिमी नागरिक प्रज्ञाविद्हरूले यो मनुष्यभूमि साँच्चै नै दु:खभूमि भएको कारणलाई राम्ररी देखी बुझेका छन् । तिनीहरूमध्येमा जर्मनी दर्शनाचार्य **Schopenhauer** सबभन्दा प्रसिद्ध छन् । उनका सिद्धान्तहरू धेरै क्षेत्रहरूमा बुद्धवादसित एक समान छन् । **Schopenhauer** को विचारधारा अनुसार मानिसहरू एक अर्कोसित बेमेल हुनु प्रतिपक्षी हुनुबाट अलग भई विभिन्न क्षेत्रमा पूर्ण र सम्पन्न स्थितिमा पुग्ने अवस्थामा पनि विशिष्ट रुपमा केही पनि प्रयास गरी गर्नुपर्ने काम नहुनुको कारणले अलसी र उद्धिग्न भई मानसिक तौरबाट दु:खी भएर आउने छन् ।[१] ***1. Will Durant, "Story of Philosophy", P. 324*** अवश्य हो । संसारमा अलसी र उद्धिग्न भएका व्यक्तिहरू प्रायश: दु:खी दरिद्रहरू नभई विभिन्न क्षेत्रमा सम्पन्न भएका काम गर्नु नपर्ने श्रेष्ठी महाजनहरू नै हुन् । मानिसले जतिसुकै सुख शान्तिपूर्वक रहन पाउँछ नै भनौं दौडधूप गरेर बस्न पाएमा मात्र सन्तोष मान्छ । त्यसकारण एउटा इटली बौद्ध ग्रन्थकार आचार्यले 'दु:ख' लाई 'अशान्त, अस्थिर हुनु' 'मन चञ्चल हुनु' 'मन विचलित हुनु, भ्रान्त हुनु' भनी अर्थ दिइराखेको एकदम सही छ ।[१] **J. Evola, "The Doctrine of Awakening", P.60.**

एक समयमा निर्ग्रन्थहरूले भगवान् बुद्ध बिम्बिसार राजा जति सुख शान्तिपूर्वक रहन पाउन्न भनी भने । त्यसबेला भगवान् बुद्धले "तिमीहरूले के कस्तो ठान्छौ नि; बिम्बिसार राजा शरीर नचाली मुखले पनि केही नभनी पूरा एक हप्तासम्म रहन सक्छ ?" भनी सोध्नुभयो । एक हप्ताको त के कुरा; एकदिन पनि रहन सक्ने छैन भनी निर्ग्रन्थहरूले भने । त्यस अवस्थामा "म शरीर नचाली कुरा नगरी पूरा एक हप्तासम्म शान्ति सुख अनुभव गरी बस्न सक्छु । तसर्थ कुनचाहिँ

Downloaded from http://dhamma.digital/

व्यक्ति बढी सुख शान्तिपूर्वक रहन सक्छ त ?" भनी सोध्नुभयो । निर्ग्रन्थहरूले भगवान् बुद्ध बढी सुख शान्तिपूर्वक रहन पाउनु हुन्छ भनी स्वीकार गरे । (म.नि. चूलदुक्खक्खन्ध सुत्त) ।

भ्गवान् बुद्धले मनुष्य जीवनको दुःख कष्टलाई गम्भीर रुपमा उपदेश र निर्देशन दिनु भएको कारणले कुनै कुनै पश्चिमी राष्ट्रका नागरिकहरूले बुद्धवाद मनुष्य संसारको अप्ठेरोपन विकलतालाई बढाई चढाई एकपक्षीय दृष्टि राख्ने वाद हो भनी भन्छन् र लेख्छन् पनि । तैपनि मनुष्य संसारको स्वभावलाई गहन रुपमा विचार विमर्श र परामर्श गर्ने सबै प्रज्ञाविद्हरूले दुःख धर्मलाई दिग्दर्शन गर्छन् नै । यहाँनिर अमेरिकी मनोवैज्ञानिक विलियम जेम्सको कथनलाई विमर्श र परामर्श गर्नुपर्छ ।

"संसारमा सबभन्दा बढी मानसिक रुपले रमाउने मानिसहरूलाई हेरेको खण्डमा दशजना व्यक्तिहरूमध्ये नौ जनामा एक न एक मानसिक इच्छापूर्ति नभएको पाइन्छ । एक व्यक्तिको सफलताहरू आशा राखेका तथ्यहरूसित भिन्न भइरहने छ । अन्यथा अन्य व्यक्तिहरूले थाहा नपाएका आशाहरू रहिरहने छ । ती आशा आकांक्षाहरू कार्यरुपमा परिणत गर्न आफूले आशा राख्न नसक्ने कारण उसले थाहा पाएको हुनेछ । **Goethe** जस्तो सधैं जस्तो सफलता हासिल गरी राम्रो पक्षलाई मात्र हेर्न जान्ने व्यक्तिले समेत ७५ वर्ष पुग्दा आफ्नो जीवनप्रति दिक्दार मानेको जस्तो कुरा भनेर गएको छ भने अन्य सामान्य मानिसहरूलाई त भन्नु नै के हुनेछ र ? ..........

"मुनष्य जीवनमा राम्रो पक्षलाई मात्र दृष्टिपात गर्ने सुखवाद, सम्पन्न दर्शन होइन । कारण किनभने त्यस वादले विमुख राख्ने अनिष्टारम्मण धर्महरू सुनिश्चित रुपमा अवश्य पनि रहेको छ । ती अनिष्टारम्मण धर्म दुःख धर्महरूले मनुष्य जीवनको अर्थ अभिप्रायलाई वहन गरिने छ । दुःख धर्म सबभन्दा गहन भएको सही धर्मलाई हामीले जान्ने देख्ने गरी आँखा खोलिदिने एकमात्र धर्म हुनसक्छ नै । सुखवादले दुःख धर्म र मरण धर्मलाई उपेक्षा गरिराखेको हुनाले ती धर्महरूलाई विमर्श र परामर्श गर्ने वादहरू जति, सम्पन्न र गहन छैन । तसर्थ गहन सर्वसम्पन्न भएका धर्म सिद्धान्तहरू दुःख धर्मलाई विशेष विमर्श र परामर्श गर्ने धर्म सिद्धान्तहरू हुन् ।"[१] ***1. William James, "Varieties of Religious Experience", P. 11 aff.***

मानिसले आफ्नो जीवनमा आश्वासन र सन्तोषमा पूर्णता नरहेको कारणले नै विश्वमा ठूल्ठूला धर्मवादहरू प्रादुर्भाव भएको तथ्यलाई सकार्नुपर्दछ । भगवान् बुद्धले मनुष्य जीवनको दुःख कष्टलाई विशेष गहन रुपमा उपदेश र निर्देशन दिनुभएको अवश्य हो । त्यसरी विशेष गहन रुपमा उपदेश गर्नुभएको पृथग्जन मनुष्यहरू काम भुमरी र बाढीमा डुबिरहनु दुःख धर्मलाई देख्न र बुझ्न नसकी अविद्याले छोपिराखेको कारणले हो । उदाहरणको रुपमा- रागे ग्रस्त भइरहेको व्यक्तिले आफ्नो रोगको भयंकरतालाई यथार्थ रुपमा जान्नु आवश्यक छ । त्यसरी नजान्ने व्यक्तिले रोगलाई निको हुने गरी सफलतापूर्वक उपचार गर्न चाहने छैन ।

यदि रोगीमा रोग निको पारिने आशा बिल्कुल छैन भने अथवा रोगीले भरोसा लिए अनुसार वैद्यल उपचार गर्ने विधिको निर्देशन गर्न नसकी रोगको विषयलाई मात्र व्याख्या गरिरहेको छ भने त्यस रोगीको जीवन दिक्दारपूर्ण र वैद्यराजका कथनहरू निराशाजनक मात्र हुनेछ । यदि वैद्यराज

Downloaded from http://dhamma.digital/

कुशल छन् । रोगीको रोग निको हुने आशा दिलाउँदछ भने त्यस्तो वैद्यराजप्रति कसरी दोषरोपण गर्न सकिन्छ र ? त्यस्तै नै संसार वर्त दुःखलाई उल्लेख गर्नका लागि मात्र नभई त्यस वर्त दुःखबाट मुक्त हुने मार्ग पद्धति समेतलाई निर्देशन गर्ने बुद्धवादलाई दिक्दारपूर्ण र निराशाजनक दुःखवाद[१] हो भनी कसरी भन्न सकिन्छ । **1. Pessimism**

दुःखवादलाई विश्वास गर्ने पश्चिमी राष्ट्रका मानिसहरूले दुःखबाट विमुक्त हुने मार्ग पद्धतिलाई देखे जानेका छैनन् । मनुष्य जीवनको निःसार तत्त्वलाई उल्लेख गर्ने **Byron, Shelly, Leopardi** आदि दुःखवादीहरूको साहित्य उत्साहित गर्नु, आश्वासन दिनु र आशावादी हुनुबाट विरक्त छ । उनीहरूको दृष्टिकोण अनुसार मानिस मरणपछि मात्र दुःखकष्टबाट विमुक्त हुनेछ । तसर्थ केही पश्चिमी राष्ट्रका दुःखवादीहरू मरण धर्मलाई प्रशंसा गर्छन् ।

बुद्धवाद भने त्यस्तो होइन यसले मानिस मरणपछि मात्र दुःखकष्टबाट मुक्त हुनेछ भन्ने सिद्धान्तलाई स्वीकार गर्दैन । बौद्ध मार्ग पद्धतिको लक्ष्य भएको निर्वाण मरण हुनुभन्दा अगाडि साक्षात्कार गर्नुपर्ने धर्म हो । त्यसरी निर्वाणलाई साक्षात्कार गर्नुभन्दा अघिको समयमा पनि तृष्णा, मान, दृष्टि र उपादान आदिहरूलाई जति जति फितलो र कम पार्न सकिन्छ त्यति त्यति दुःखकष्ट कम हुँदै जाने कुरा बुद्धवादले उपदेश दिइराखेकोलाई पनि याद राख्नुपर्छ । यस प्रकारको बुद्धवादलाई दिक्दारपूर्ण एवं निराशाजनक दुःखवाद हो भनी भन्न उचित हुँदैन ।

त्यसकारण बुद्धवादले संसारप्रति दिक्दार र उद्विग्न भई आत्महत्या गर्नुलाई निन्दा र उपहास गर्छ । बुद्धवादी श्रमण, भिक्षु र अन्य व्यक्तिलाई आत्महत्या गर्न चाहने मन उत्पादन हुने गरी प्रत्यक्ष वा परोक्ष रुपमा उत्साह वा प्रेरणा दिएमा त्यस्ताहरू भिक्षुत्वबाट च्यूत हुन्छन् । बुद्धवादले मनुष्य जीवनको वर्त दुःखलाई अन्य धर्म सिद्धान्तहरूले भन्दा बढी गम्भीर रुपमा निर्देशित गर्ने कुरा सही भएतापनि दुःखकष्टको निमित्त दिक्दार नमानी शिथिल नहुने उद्योग वीर्यद्वारा निर्वाण सुखलाई खोजी गर्न उत्साह दिन्छ । प्रेरित गर्छ ।

"यो शासनमा भिक्षु उद्योगयुक्त वीर्यवान् भई बस्छ । त्यस भिक्षुले निःसन्देह छाला र हाड नै किन बाँकी नरहोस्; शरीरमा रक्त र मासु नै किन सुकेर नजाओस्; जुन अरहत फललाई पुरुषको सामर्थ्यद्वारा र उद्योग वीर्यद्वारा उपलब्ध हुने हो । त्यो अरहत्त फललाई उपलब्ध नगरेसम्म वीर्यलाई शिथिल पार्नु हुँदैन ।" (सं. नि. भिक्खुसंयुत्त उभोथेर सुत्त) पालिपिटकमा सर्वत्र देखापर्ने यी कथनहरूद्वारा बुद्धवाद दुःखकष्टहरूलाई निहारी मनुष्य जीवनलाई आत्मसमर्पण गरी पराजय मान्न चाहने दुःखवादीहरूको निमित्त नभएको कुरा स्पष्ट छ ।

बुद्ध र बुद्ध श्रावक शिष्यहरूको वास्तविक सुख शान्ति लाभ हुनुलाई आधार मान्नु र दर्शन गर्नुद्वारा पनि बुद्धवाद दिक्दारपूर्ण निराशाजनक खाली दुःखवाद नभएको तथ्यलाई हामीले अवगत गर्नुपर्छ । भगवान् बुद्धको मानसिक सुख शान्तिलाई उल्लेख गरिसकेको छु । पालिपिटकबाट थेरगाथा थेरीगाथाहरूलाई अध्ययन मनन् गर्दा बुद्धवादलाई आचरण र उपयोग गर्नाले पाइने पुराना भारतीय कुलपुत्र कुलपुत्री सत्पुरुषहरूको सुख शान्त रमणीय जीवनलाई हामीले आंशिक रुपमा देख्न र बुझ्न

Downloaded from http://dhamma.digital/

सक्छौं । ती अरहन्त उत्तम सत्पुरुषहरूलाई त्यसै छाडौं; बुद्धका साधारण श्रावक शिष्यहरू पनि मानसिक सुख शान्ति पाएका व्यक्तिहरू हुन् । यो तथ्य प्रसेनजित कोशलराजाको कथनद्वारा स्पष्ट हुन्छ । कोशलराजाले भगवान् बुद्धलाई अन्तिम बार दर्शनभेट गर्दा "भन्ते भगवान् शाक्यपुत्र श्रमणहरूले अन्य धर्मावलम्बी श्रमणहरूको दाँजोमा रुप लावण्य वर्ण संस्थान प्रसन्न प्रफुल्लित भई शोक सन्ताप बिल्कुल रहित भई प्रकृति रुपमा चित्त स्थिर र शान्त आकृतिधारण गरिरहेका छन् । यसरी मानसिक सुख शान्ति प्राप्त गरिरहनु भगवान् तपाईंको धर्मको कारणले गर्दा हुनसक्छ" भनी प्रशंसा गरी निवेदन गरे । (म.नि. धम्मचेतिय सुत्त) ।

यसरी मानिसहरूलाई मानसिक सुख प्रत्यक्ष जीवनमा दिन सक्ने बुद्धवाद कसरी दिक्दारपूर्ण र निराशाजनक एवं खालि दुःखवाद मात्र हुनेछ र ?

Downloaded from http://dhamma.digital/

# खण्ड ६

## अनात्मवाद

### (क) पिटक र अन्य बौद्धवाङ्मयहरूबाट अनात्मवाद

बुद्धवादको धारणा अनुरुप संसारमा भएभरका संस्कार धर्महरूको प्रकट भएका त्रिलक्षणहरू त अनित्य, दुःख र अनात्म (वा) नित्य नहुनु, दुःख हुनु र स्थिर आत्मा नहुनु हो । ती त्रिविध लक्षणहरूमध्ये दुःख लक्षण अनित्य लक्षणमाथि आधारित छ। संस्कार धर्महरू अनित्य स्वभाव रहेको कारणले सार तत्त्व आत्मरिहत भई विपरीत र विनाश हुनुपर्ने अवश्यम्भावी छ।

मनुष्यहरू जन्मदेखि मरणपर्यन्त कहिल्यै पनि अनित्य धर्मसित अलग्गिन सक्दैनन् । पञ्चस्कन्ध नामरुप धर्महरू निरन्तर रुपमा सधैं विपरीत र विनाश भइराखेका छन् । नामधर्मको उत्पत्ति विनाशा, निरोध र शमन हुनु रुप धर्मको उत्पत्ति विनाश, निरोध र शमन हुनुभन्दा अत्यधिक बढी गतिमान छन् । एउटा चित्त आरम्मणसित संघट्टन हुने बित्तिकै तुरन्त निरोध र शमन भई अर्को नयाँ चित्त एउटा उत्पादन भएर आउँछ । यसरी चित्तहरू एक निमेष एक विद्युत्पादभित्र एकलाख कोटिभन्दा बढी पटकसम्म निरन्तर रुपमा प्रसारित भई उत्पत्ति निरोध र शमन भइरहेको हुन्छ ।

त्यसकारण अनित्य धर्मलाई गहिरिएर गम्भीर रुपमा नदेख्ने, नजान्ने व्यक्तिले मार्ग, फल र निर्वाण लाभ गर्न मुश्किल छ । "कुनै व्यक्तिले श्रद्धाचिन्तनद्वारा बुद्ध, धर्म र संघको शरणमा गई आधार लिएर शील समादान गरी मैत्री वृद्धि गरेतापनि त्यस व्यक्तिले एकछिन भए पनि यदि अनित्य धर्मलाई देखे जाने बुझेमा लाभदायी हुनेछ ।" (अं. नि.) "पञ्चस्कन्धहरूको उदय व्ययलाई भाविता र दर्शन नगरी सय वर्षसम्म बाँचिरहनु भन्दा त्यस उदय व्ययलाई राम्ररी निरीक्षण, परीक्षण र दर्शन गरी एकदिन मात्र बाँच्नु बढी श्रेयष्कर छ ।" (धम्मपद-११३)

"अनित्य संज्ञा राम्ररी प्रकट भएको व्यक्तिमा अनात्म संज्ञा स्वभावतः प्रकट भई स्थिर रहन्छ ।" (उदान पालि, अं. नि. नवनिपात मेघिय सुत्त) अवश्य हो; संसारमा भएभरका संस्कार धर्मको नित्य नभएको स्वभावलाई देख्ने जान्ने बुझ्ने व्यक्तिको निमित्त सार अमृत ठोस धातु आत्म नरहनुलाई देख्नु जान्नु दुष्कर छैन । सही रुपमा भनौं भने अनात्म धर्म अनित्य धर्ममा समावेश भइसकेको छ तापनि अनात्म धर्मलाई संस्कार धर्महरूको एउटा प्रमुख लक्षणको रुपम महत्त्व दिई उपदेश गरिराखेको हुँदा अनात्मवाद बुद्धवादीहरूको लागि अति महत्त्वपूर्ण रहेको तथ्य स्पष्ट छ । वास्तवमा अनात्मवाद बुद्धोत्पादभन्दा अघि प्रवेणी कालदेखि आजसम्म विश्वमा प्रादुर्भाव भइसकेका अन्य धर्मशासनहरूसित बुद्धशासनलाई विभेद गराइने छुट्याइने वाद भएको छ ।

त्यसो भएता पनि भगवान् बुद्धले उपदेश गर्नुभएको अनात्मवादलाई बुझ्न र बुझेता पनि विश्वास र समर्थन गर्न धेरै सजिलो छैन । बर्मेली बुद्धवादीहरूले प्रायशः अनात्मवादलाई जाने बुझेता पनि कुनै कुनै बर्मेली धार्मिक सिद्धान्तहरू अनात्मवादसित प्रतिपक्षी भइरहेकाले गर्दा

Downloaded from http://dhamma.digital/

अनात्मवादलाई सम्झनु बुझ्नु र विश्वास गर्नु हो । यस्तो हुनु अचम्म होइन । पालिपिटकवाङ्मयलाई विस्तृत व्यापक रुपम अध्ययन अन्वेषण गरेका कोही कोही पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूले समेत बुद्धवादलाई राम्ररी बुझेतापनि अनात्मवादलाई स्वीकार्न नसकेको कारणले सही बुद्धवाद नभएको जसतो गरी आरोप लगाई लेख्ने गर्दछन् । तसर्थ अनात्मवाद सम्बन्धी पिटकपालिहरूलाई गहिरिएर ठोस रुपमा अध्ययन र अन्वेषण गर्नु आवश्यक छ ।

आत्मा विषयलाई बुद्धोत्पादभन्दा अघि उत्पादन भइसकेको पौराणिक ब्राम्हण सिद्धान्त र वाद खण्डमा केही उल्लेख गरिसकेको छु । 'आत्मा' शब्द सबभन्दा पुराना वेदग्रन्थहरूमा देख्न पाइन्छ । सर्वप्रथम 'आत्मा' शब्दले 'प्राण' भन्ने अर्थ व्यक्त गर्दछ । पौराणिक ब्राम्हणहरूको सोमरस यज्ञ याजन पूजाकर्मको आत्मा हो । सूर्य चल अचल सम्पूर्ण पदार्थहरूको आत्मा हो । ती सिद्धान्तहरूलाई उपनिषद् ग्रन्थहरूमा लगातार उल्लेख गरिराखेको छ । आत्मा एक अंगुल जातिको प्रमाण भई हृदयगृहमा स्थित छ । त्यो हृदयगृहभित्रबाट एक न एक मार्गद्वारा बाहिर निस्कन सकिन्छ । शिरको ब्रम्हाण्ड मार्गबाट निस्केमा अमृत स्थावर भूमिमा पुग्दछ । मानिस सुतिरहँदा त्यसभित्रको आत्मा शरीरबाट निस्कन सकिन्छ । "त्यसकारण सुतिरहेको व्यक्तिलाई एक्कासी उठाउनु योग्य छैन । शरीरभित्र पुनः आत्मा पस्तुभन्दा अगाडि उठाइयो भने त्यो व्यक्तिमा भय र उपद्रव हुनसक्छ" भनी एक उपनिषद् ग्रन्थले भनेको छ ।

तैपनि उपनिषदाचार्यहरू उपर्युक्त सिद्धान्तहरूसित सन्तोष मानेर नबसी अझ त्यसैलाई बढावा दिई कल्पना गर्छन् । आत्मालाई आकृति, परिमाण र स्थित क्षेत्र आदिद्वारा उल्लेख नगरी आत्मा गोप्य र गम्भीर भई मानिसले जान्न बुझ्न मुश्किल भएको विषय हो भन्छन् । आत्मा सजीव निर्जीव समस्त सत्वको मूल सार यथार्थ परमार्थ धातु भएर आत्मा बाहेक अन्य विषहरू खाली असार सतहमाथिको माया मात्र हुन् । अर्को शब्दमा भन्ने हो भने आत्मा यथार्थ असंस्कृत महान् अमृतधातु कहलाइने ब्रम्हा हो । मानिसहरूमध्येमा राम्रो र नराम्रोलाई विभाजन गरी जान्ने बुझ्ने शक्तिबीज, सर्वोत्तम सर्वश्रेष्ठ स्थितिमा पुग्न सक्ने शक्तिबीज रही त्यस शक्तिबीज अन्तर्निहित भई बस्ने आत्मा नित्य, ध्रुव एवं परमार्थधातु हो ।

त्यसकारण उपनिषद्का ग्रन्थकारहरूको विचारधारा अनुरुप मानिसहरूले संस्कार धर्मलाई अतिक्रमण गर्रा अदृश्य रुपमा रहेको आत्मालाई देख्नु, जान्नु र बुझ्नु अत्यावश्यक छ । "बोलेको कुरालाई, देखेको चक्षु आरम्मणलाई, गरेको कामलाई र चिन्तन गरेको चिन्तनालाई तिनीहरूको सम्बन्धमा केही पनि कल्पना एवं चिन्तना गर्नुहुँदैन । बोल्ने, देख्ने, गर्ने र चिन्तन गर्ने व्यक्तिलाई मात्र (अर्को शब्दमा आत्मालाई मात्र) यथार्थ रुपमा देख्न एवं जान्न प्रयत्न गर्नुपर्दछ" भनी एउटा उपनिषद् ग्रन्थले भनेको छ ।

उपर्युक्त उपनिषद्का सिद्धान्तहरू पालिपिटकवाङ्मयमा बिल्कुलै देखिँदैन । आत्मवादलाई तिरस्कार गर्ने देशनाहरू मात्र त्रिपिटकमा धेरै मात्रामा देखिन्छन् । यी कुराहरू प्रकट भएको देशना भगवान्ले बुद्धत्व प्राप्त गरिसकेपछि पञ्चवर्गीय भिक्षुहरूलाई द्वितीयबार दिनुभएको उपदेश अनत्त लक्खण सुत्त हो । "भिक्षुहरू हो, रुप, वेदना, संज्ञा, संस्कार र विज्ञान भनेको पञ्चस्कन्ध आत्मा

Downloaded from http://dhamma.digital/

होइन । आत्मा नभएको कारणले आबाध हुन्छ । मेरो पञ्चस्कन्धलाई यस्तो होस् वा यस्तो नहोस् भनी व्यवस्था गर्न सकिन्न । पञ्चस्कन्ध अनित्य छ । अनित्य अस्थिर भएको कारणले यो दुःख हो । अनित्य, दुःख, विपरिणाम स्वभाव भएको पञ्चस्कन्धलाई मेरो सम्पत्ति हो, म हुँ, मेरो आत्मा हो भनी भाविता र दर्शन गरिन्न । अतीत, अनागत, वर्तमान, आध्यात्मिक, बाह्य, स्थूल, शूक्ष्म, हीन, प्रणीत, दूर र समीप भएका सम्पूर्ण पञ्चस्कन्धलाई यो मेरो सम्पत्ति होइन, म होइन, मेरो आत्मा होइन भनी यथाभूत रुपमा सम्यक् प्रज्ञाद्वारा भाविता र दर्शन गर्नुपर्दछ ।" (विनयपिटक महावग्गापालि) ।

अनत्तलक्खणसुत्तसित अर्थ अभिप्राय समान भएका देशनाहरू सुतन्तपिटकमा आएका प्रथम चार निकायमा पटकपटक देखापर्दछन् । अन्य सुत्तन्त देशनाहरूमाभने पञ्चस्कन्ध आत्मा भएको कारणले पञ्चस्कन्धमा पुद्गल सत्वलाई खोजी गर्न मिल्दैन भनी आएको छ ।

"हे अनुराध; पञ्चस्कन्धलाई सत्व भनी भाविता गर्नुहुँदैन । पञ्चस्कन्धमा सत्व छैन; सत्व पञ्चस्कन्धबाट भिन्न छ भनी भाविता गर्नुहुँदैन । यसरी तिमीले प्रत्यक्ष र दृष्टान्त रुपमा नै सत्व भन्नेलाई सही रुपमा तथ्य रुपमा पाइँदैन ।" (सं. नि. अब्याकतसंयुत्त अनुराधत्थेर सुत्त) "अरहन्तले पञ्चस्कन्धलाई त्रिविध परिज्ञानहरूद्वारा विभाजन गरी जानेको कारणले पुद्गल सत्व भनी सुनिने पुद्गललाइृ देख्न, जान्न सकिन्न ।" (सं. नि. सगाथावग्गसंयुत्त समिद्धिसुत्त) । "वीणालाई सय टुक्रामा बाँडचुँड गरी टुक्रा टुक्रा पारिएता पनि 'वीणा' शब्द खोजी गरेर नपाइने जस्तै कुनै भिक्षुले पञ्चस्कन्धलाई खोजेता पनि मेरो सम्पत्ति भनेर र मेरो आत्मा भनेर देखिँदैन" (सलायतनसंयुत्त वीणोपमसुत्त) ।

कोही कोही पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूले मज्झिम निकायमा आएको एउटा सुत्तन्त देशनाले उपनिषद् ग्रन्थमा आएको आत्मवादलाई सोझै तिरस्कार गर्छ भनी धारणा राख्दछन् । जुन प्रकारको दृष्टिको कारण हुन्छ, त्यो दृष्टिलाई आत्मा भनिन्छ । आत्मा परलोकमा पुगी उत्पन्न हुनेछ । नित्य र स्थिर छ; अविपरिणामी स्वभावको छ; पृथ्वी, मेरु, पर्वत, चन्द्र र सूर्यसित एक समान भई त्यस्तै स्थिर हुनेछ भन्ने सिद्धान्त हुन्छ । यो दृष्टि 'म' होइन, मेरो सम्पत्ति होइन, मेरो शरीर होइन, भनी बारबार भाविता गर्ने व्यक्तिमा तृष्णा, मान, दृष्टि भन्ने तीन प्रकारका आशक्ति हुँदैन ।" (म. नि. सब्बासवसंवर सुत्त) ।

पञ्चस्कन्धमा र पञ्चस्कन्धलाई अलग राखी परमार्थ हिसाबले पुद्गल सत्व आत्मा नभएको कारणले लोकशून्य छ भनी पिटकवाङ्मयमा आएको छ । "आनन्द, जुन कारणले 'म' भन्ने आत्म स्वभावबाट र मेरो सम्पत्ति भन्ने आत्मनीय स्वभावबाट शून्य छ; त्यसकारणले लोकशून्य छ भनी भनिन्छ ।" (सुञ्ञलोक सुत्त सलायतनसंयुत्त) । "मोघराज, तिमीले शरीर भनी संज्ञा राखी आशक्त हुने सत्कायदृष्टिलाई हटाउनको निमित्त लोकलाई शून्य रुपमा भाविता गर ।" (सुत्तनिपात पारायनवग्ग मोघराजमाणव पुच्छा) ।

"भिक्षु स्वभाव धर्ममा उत्पत्ति र विनाशको कारणले धर्म र उत्पत्ति विनाश हुने स्वभावलाई बारबार भाविता गर्ने अभ्यास रहिरहेको पनि हुन्छ । त्यस अतिरिक्त स्वभाव धर्महरूमात्र छन् भनी

Downloaded from http://dhamma.digital/

त्यस भिक्षुमा स्मृति प्रकट भइरहेको हुन्छ । त्यस्तो भिक्षु संसारमा कसैमा पनि 'म' मेरो सम्पत्ति भनी आशक्त हुँदैन ।" (दी. नि. महासतिपट्ठानसुत्त) ।

त्यसकारण भगवान् बुद्ध संस्कार धर्महरूको उदय व्ययलाई उपदेश गर्नु हुँदा स्पर्श हुनु, अनुभव गर्नु, संलग्न र आशक्त हुनु आदि कारण कार्यरुपमा सम्बन्ध रहनु (प्रतीत्य समुत्पाद धर्म) लाई मात्र उपदेश गर्नुहुन्छ । स्पर्श गर्ने, अनुभव गर्ने, संलग्न र आशक्त हुने व्यक्ति आदिद्वारा पुद्‌गल सत्व विषयलाई कथमपि उपदेश गर्नु हुन्न ।

"भो गौतम, दुःखलाई आफैंले सृजना गर्छ कि ?" "हे काश्यप, आफैले दुःखलाई सृजना गर्छ भन्नु उचित छैन ।" "दुःखलाई अरुले सृजना गरिदिन्छ कि ?" "अरुले सृजना गरिदिन्छ भनेर पनि भन्न योग्य छैन ।" "दुःखलाई आफू र अरु दुवैले सृजना गर्दछन् भनिन्छ कि ?" "त्यसरी पनि भन्नु उचित छैन ।" "त्यसो भए दुःख विनाकारण आफसेआफ नै उत्पन्न हुन्छ कि ? अथवा दुःख भएर पनि आयुष्मान् गौतमले दुःखलाई देख्नु जान्नु हुन्न कि ?" "हे काश्यप, दुःख छ । दुःखलाई म देख्छु, जान्छु । दुःखलाई कुनै व्यक्तिले सृजना गरेर त्यसले अनुभव गर्छ भन्ने धारणा रहेमा त्यो शाश्वतदृष्टि हुन्छ । दुःखलाई अरुले सृजना गरिदिन्छ भनेमा उच्छेददृष्टि हुन्छ । 'म' तथागतले ती अन्तद्वयलाई हटाई मध्यम मार्गद्वारा धर्म उपदेश गर्छु । अविद्याको कारणले संस्कार हुन्छ । संस्कारको कारणले .......... ।" (निदानसंयुत्त अचेलककस्सप सुत्त) ।

तिम्बरुक परिब्राजकले सुख र दुःखलाई आफूले सृजना गर्दछ कि भनी सोध्दा पनि भगवान् बुद्धले उपर्युक्त प्रकारले जवाफ दिनुभएको थियो । (निदानसंयुत्त तिम्बरुकपरिब्बाजकसुत्त) ।

अचेलककस्सप तीर्थकर र तिम्बरुक परिब्राजकहरूले संसारमा अनुभव गर्न जान्ने, बनाउने जान्ने जीव, आत्म, पुद्‌गल सत्व छ भनी धारणा रहेको कारणले उनले बुद्धसँग प्रश्न सोधेका हुन् । भगवान् बुद्धका पालाका तीर्थकर परिब्राजकहरूमात्र आत्म धारणा भएका होइनन् । कुनै कुनै बुद्धवादी श्रमण भिक्षुहरू समेत आत्मदृष्टिबाट विरक्त नभएको कारण मज्भिमनिकाय महातण्हासंखय सुत्तद्वारा र निम्न कथदद्वारा स्पष्ट हुन्छ ।

"आयुष्मान् मोलिय फग्गुन स्थविरले भगवान् बुद्धसँग प्रश्न गरे, "भगवान्, विज्ञान आहारलाई कसले उपभोग र परिभोग गर्छ ?" त्यसबेला भगवान् बुद्धले जवाफ दिनुभयो "तिम्रो प्रश्न उचित छैन । कुनै एकजना पुद्‌गल सत्वले उपभोग परिभोग गर्छ भनी मैले उपदेश दिनु हुन्न । मसँग विज्ञान कुन धर्मको कारण हो ? भनी सोध्नुपर्छ । यो प्रश्नमा विज्ञान पछि लगातार उत्पन्न हुने नाम, रुप र षडायतन आदि उत्पन्न हुनुको कारण हो भन्ने जवाफ उचित छ ।" (सं. नि. निदानसंयुत्त मोलियफग्गुन सुत्त) संयुक्त निकायमा यस्तै प्रकारले उपदेश गर्नुभएका अन्य अनेकौं देशनाहरू छन् ।

भगवान् बुद्धले किन अनात्म धर्मलाई जोडतोडले उपदेश गर्नु भएको हो भनी विचार गर्नु योग्य छ । आत्मदृष्टि मानिसहरूको मस्तिष्कमा किल्ला गडिरहेजस्तै सुदृढ रुपमा आशक्त भइरहेको अनि गडिरहेको दृष्टि हो । माथि उल्लेख गरेर आएको मोलियफग्गुन स्थविरले समेत भगवान् बुद्धले

Downloaded from http://dhamma.digital/

स्पष्ट पारी देखाउनु भएता पनि अनात्म धर्मलाई राम्ररी सन्तोष हुने गरी देखे, जाने, बुझेको जस्तौ छैन । किनभने त्यो स्थविर पछि गएर शिक्षापद छाडी गृहस्थ भएर गए । (निदानसंयुत्त कलारखत्तिय भिक्खुसुत्त) । आत्मदृष्टि मार्ग, फल र निर्वाणलाई अन्तराय गर्ने चार प्रकारका उपादानहरूमध्ये समाविष्ट एक उपादान हो । चार प्रकारका उपादानमा समाविष्ट दृष्टि उपादान (धारणा, वाद, सिद्धान्तहरूमाथि गहिरो आशक्ति) पनि निःसन्देह आत्मवादलाई कारण गरी उत्पन्न हुनुपर्दछ । "आत्मा, लोक, शाश्वत, स्थिर र दृढ छ । यो स्थावर हो । यो अविपरिणामी स्वभावको छ । त्यो म अर्को जीवनमा उत्पन्न हुनेछु भन्ने मिथ्या धारणा रुपलाई प्रत्यय गरी रुपलाई कारण गरी उत्पन्न हुन्छ, उब्जन्छ ।" (खन्धसंयुत्त सोअत्त सुत्त) आत्मदृष्टि मानिसहरूले दुःख कष्ट भोग्न पर्नुको एउटा मूला कारण हो । "म पञ्चस्कन्ध हुँ । पञ्चस्कन्ध मेरो सम्पत्ति हो भनी तृष्णादृष्टिद्वारा आशक्त हुने व्यक्तिको नामरुप धर्महरूको विपरीत भई अन्य आकारप्रकारले उत्पन्न हुनुको कारणले त्यस व्यक्तिमा शोक हुनु, विलाप हुनु, दुःख हुनु, मानसिक सन्ताप हुनु र तीव्र रुपले डाहा हुनु आदि उत्पन्न हुन्छन् ।" (खन्धसंयुत्त नकुलपितुसुत्त) ।

त्यस अतिरिक्त बुद्धको दृष्टिकोणले यदि मानिसहरूमा परिवर्तन नभई स्थावर स्थिर आत्मा भएको हो भनी मिथ्या धारणा रहेमा आफ्ना बृद्धि हुनु (अथवा परिवर्तन र विकास हुनुको) निमित्त प्रयास गरिरहनुपर्ने कारण रहने छैन । "हे भिक्षु, आत्मभाव लाभ हुनु स्थिर छ; दृढ छ; स्थावर रहिरहन्छ; पृथ्वी, मेरु, पर्वत, चन्द्र र सूर्यजस्तै सदा स्थिर रहने हुन्छ भने; राम्ररी वर्त दुःखको अन्त गर्न यो उत्तम ब्रम्हाचर्यलाई आचरण गर्नुबाट प्रकट हुने छैन ।" (खन्धसंयुत्त गोमयसुत्त) ।

उपर्युक्त कारणले गर्दा भगवान् बुद्धले आत्मवादलाई तिरस्कार गर्नुभयो अनात्मवादसित सम्बन्धित बुद्धदेशनाहरू थुप्रै उल्लेख गरिसकेको छु । सुत्तन्तपिटकमा अनात्मवादसित सम्बन्धित शिष्य श्रावकहरूका उपदेशहरू बाँकी नै छन् ।

"आवुसो दसक, निःसन्देह ममा पञ्चउपादानस्कन्ध माथि म भनी अभिमानद्वारा आशक्त हुने भइरहन्छ नै । यो पञ्चस्कन्ध म आत्मा हुँ भनी दृष्टिद्वारा त भाविता गर्ने निरीक्षण परामर्शन गर्ने गर्दैन ।" (खन्धसंयुत्त खेमकसुत्त)

"आवुसो सारिपुत्र; जरा मरणलाई आफूले, अरुले अथवा आफू र अरु दुवैले सृजना गरिन्छ कि अथवा आफू अरु कुनैबाट पनि सृजना गरिन्न ? जरा मरण विनकारण आफसेआफ हुने कुरा हो कि ?" "आवुसो कोट्ठिक, जरा मरणलाई आफूले वा अरुले सृजना गरेको होइन । यो जरा मरण त वास्तवमा जातिको कारणले हुन्छ ।" भव, उपादान, तृष्णा, वेदना, स्पर्श, षडायतन, नामरुप र विज्ञानसित सम्बन्ध राखेर पनि आयुष्मान कोट्ठिकले त्यस्तै त्यस्तै प्रकारले प्रश्न गरेर आयुष्मान् सारिपुत्रले त्यस्तै त्यस्तै विधिले जवाफ पनि दिनुभयो । (निदानसंयुत्त नलकलापियुपमसुत्त) ।

मारदेवपुत्रलाई सेला भिक्षुणीले जवाफ दिनुभएको कथनद्वारा पनि बुद्धवादले आत्मालाई हटाई कारण कार्य नियाम धर्मलाई मात्र समर्थन गरेको तथ्य स्पष्ट छ ।

Downloaded from http://dhamma.digital/

"यो आत्मभाव शरीरलाई आफूले बनाइन्न । अरुहरूले पनि बनाइन्न । यो आत्मभाव शरीर कारण धर्महरूलाई प्रत्यय बनाई उत्पन्न हुन्छ । कारण धर्महरू निरोध र विनाश हुँदा नै यसको निरोध र विनाश हुन्छ । खेतमा रोपिएको बीउ माटोको ओजदारपन र पानीलाई प्रत्यय गरी उम्रने र वृद्धि हुनेजस्तै स्कन्ध आयतन धातुहरू कारण धर्मलाई प्रत्यय गरी उत्पन्न हुन्छन् । कारण धर्महरू निरोध र विनाश हुँदा ती धर्महरू पनि निरोध र विनाश हुन्छन् ।" (निदनसंयुत्त सेला भिक्खुनी सुत्त) ।

एक समयमा मारदेवपुत्रले वजीरा नाउँ गरेकी स्थविरसँग कसले सत्वलाई बनाइन्छ भनी सोधे । त्यस अवस्थामा वजीरा स्थविराले "तिमीले कुन विषयलाई सत्व भनी विश्वास र आशक्ति राख्छौ ? यो पञ्चस्कन्ध नामरुप धर्म मात्र संस्कार पुञ्ज हो । यो पुञ्जभित्र सत्वलाई खोजी गरेर पाइन्न; उदाहरणको रुपमा- चक्का, ईषा, धुरी आदि जोडिएको चीज वस्तुलाई रथ भनी व्यवहार गरिन्छ । त्यसरी नै पञ्चस्कन्ध नामरुप धर्महरू रहँदा सत्व भनी व्यवहार सम्मुति हुन्छ" भनी जवाफ दिए । (निदानसंयुत्त वजीरा सुत्त) ।

उपर्युक्त वजीरा स्थविराको कथन पालिपिटकमा प्रख्यात छ । किनभने त्यो कथन आत्मवादलाई हटाउने क्षेत्रमा व्यक्त र स्पष्ट रही बुद्ध परिनिर्वाण पछिको युगका कथावत्थु ग्रन्थकार आचार्य र आयुष्मान् बुद्धघोष, आयुष्मान् बुद्धदत्त आदि अट्ठकथा आचार्यहरूले अनात्मवादलाई व्याख्या गरी लेख्ने बेलामा वजीरा स्थविराको कथनलाई उद्धृत गरेका थिए ।

अभिधम्मपिटकमा गाभिएको कथावत्थु ग्रन्थ बुद्धवादसित प्रतिपक्ष भएका सिद्धान्तहरूलाई प्रतिकार गरिराखेको ग्रन्थ हो । त्यस ग्रन्थमा सर्वप्रर्थम प्रतिकार गरेको सिद्धान्त पुद्गल सत्व परमार्थ लक्षण, आधारस्थल, उत्पत्तिकाल र परमार्थ धर्म पुञ्जको हिसाबले नि:सन्देह उपलब्ध छैन भनी भनेका छन् ।

कथावत्थु-आचार्यले आत्मवादलाई प्रतिकार गर्दा वजीरा स्थविराको कथन अतिरिक्त अन्य बुद्धदेशनाहरूलाई उद्धृत गरेको छ । तिनीहरूमध्ये सेनियलाई भगवान् बुद्धले दिनु भएको एउटा देशना समावेश छ । ऊ स्वेजां आउँ र **Mrs. Rhys Davids** हरूले त्यो देशना पालिपिटकमा आफूहरूले खोजेर भेट्टाएनन् भनी भनेका छन् । देशनाको संक्षिप्त सारांश निम्न प्रकार छ ।

"भगवान् बुद्धले सेनियलाई यसरी उपदेश दिनुभयो- सेनिय, संसारमा तीन प्रकारका आचार्य छन् । पहिलो आचार्यले यस जन्ममा र अर्को जन्ममा आत्मा अवश्य छ; स्थिर छ भन्छ । त्यो सिद्धान्त शाश्वतदृष्टि हो । दोश्रो आचार्यले यस जन्ममा मात्र आत्मा अवश्य छ; स्थिर छ, अर्को जन्ममा त त्यस्तो हुने छैन । त्यो अस्थिर छ भन्छ । यो सिद्धान्त उच्छेददृष्टि हो । तेश्रो आचार्यले त यस जन्ममा र अर्को जन्ममा पनि आत्मा अवश्य छैन; अस्थिर छ भन्छ । यो सिद्धान्त त भगवान् बुद्धको सिद्धान्त हो ।"[१] **1. S. Z. Aung and Mrs. Rhys Davids, "Points of Controversy", P.62**

कथावत्थुपछि २०० वर्ष जतिको बीचमा प्रादुर्भाव भएको मिलिन्द पञ्हा ग्रन्थमा पनि आयुष्मान् नागसेन स्थविरले मिलिन्द राजालाई सर्वप्रथम अनात्म धर्मको उपदेश दिनुभयो ।

Downloaded from http://dhamma.digital/

आयुष्मान् नागसेनले आत्मा शब्द प्रयोग नगरी पुद्‌गल, जीव, वेदगू आदि शब्दहरू प्रयोग गर्नुभयो । स्थविरको कथन अनुसार भनौं भने परमार्थ हिसाबले प्रकट भएको पुद्‌गल उपलब्ध छैन; नागसेन प्रज्ञप्त व्यवहार मात्र हो । ईषा, पांग्रा, दण्डी, धुरी आदिलाई अलग्ग राखी रथ उपलब्ध नभएजस्तै त्यस्तै पञ्चस्कन्धलाई अलग राखी नागसेनमा प्रकट भएको पुद्‌गल उपलब्ध हुँदैन ।

राजा मिलिन्दले भन्ते, शरीर भित्र जीव कहलाइएको जानकार, वेदगू, पुद्‌गल उपलब्ध छ कि भनी सोधे । राजा मिलिन्दको सिद्धान्त जीवले छ द्वारद्वारा धर्मारम्मण सहितको छ आरम्मणलाई स्पर्श गर्छ भन्ने थियो । आयुष्मान् नागसेनले त जीव वा वेद्‌गू पुद्‌गल उपलब्ध छैन । यदि उपलब्ध हुन्छ भने एउटा द्वारमा उत्पन्न हुने आरम्मण अन्य द्वारमा उत्पन्न होइन्छ । चक्षुद्वार विना पनि शब्दारम्मण सुनिने छ आदि भनी जवाफ दिनुभयो ।

मिलिन्द-पञ्हा ग्रन्थपछि प्रादुर्भाव भएका अर्थकथाहरूले पिटकले जस्तै पञ्चस्कन्ध आत्मा होइन; सत्व पुद्‌गल उपलब्ध छैन नभनी पुद्‌गल आत्मा छैन भनेर आत्मवादलाई स्पष्ट स्पष्ट रुपमा साझै तिरस्कार गरे ।

“आत्मा स्कन्धको गृहपति, देख्नु र सुन्नु आदिलाई सिद्ध गराउन सक्ने कर्ता हो । जान्न सक्छ, अनुभव गर्न सक्छ स्कन्ध शरीरले आत्माको इच्छातिर अनुसरण गर्नुपर्छ । त्यस प्रकारको शक्ति भएको स्कन्ध शरीरको सार भनी मिथ्यादृष्टिहरूले परिकल्पना गरिएको आत्मा छैन ।” ( सम्मोह विनोदनी) ।

ती अट्ठकथाहरूमध्येमा सबभन्दा ख्यातिप्राप्त ग्रन्थ आयुष्मान् बुद्धघोषको विसुद्धिमग्ग ग्रन्थ हो । विसुद्धिमग्ग पञ्ञाभूमि निद्देस खण्डबाट अनात्मधर्म सम्बन्धी केही कुरा उद्धरण गरी देखाउने छ ।

“सम्पूर्ण भव, सम्पूर्ण योनि, सम्पूर्ण गति, सम्पूर्ण विज्ञान स्थिति, सम्पूर्ण सत्वहरूमा कारण कार्य सम्बन्ध भएको हिसाबले क्रमशः उत्पन्न हुने नामरुपमात्र प्रकट छ । योगीले कारण धर्मभन्दा अत्यधिक कारक ब्रम्हा, विष्णु आदि कर्तालाई विपाकको क्रमवद्ध रुपमा उत्पन्न हुनुलाई अतिक्रमण गरी विपाक फललाई अनुभव गर्न जान्ने पुद्‌गल कर्ता देख्दैन ।”

“वास्तवमा कारण धर्म रहेमा कारक कर्ता भनेर र विपाकको क्रमबद्ध रुपमा उत्पन्न हुने भएमा अनुभव गर्न जान्ने व्यक्ति भनेर प्रज्ञप्त गर्नुमात्रले प्रज्ञावान्‌हरूले व्यवहार गर्छन् ।”

अनात्मवादसित सम्बन्ध राखेर विशुद्धि मग्गमा सबभन्दा स्पष्ट व्यक्त कथन निम्न कथन हो ।

“दुःख मात्र छ; दुःखलाई अनुभव गर्न जान्ने कोही पनि कर्ता छैन । निर्वाण छ; निर्वाण पुग्ने पुरुष छैन । निर्वाणतिर जाने आचरणमार्ग छ; निर्वाणतिर जाने पुरुष छैन ।”

उपर्युक्त कथनहरू थेरवाद बुद्धवादीहरूको पालि ग्रन्थबाट उद्‌धृत उद्धरण हुन् । भगवान् बुद्ध परिनिर्वाण भइसकेपछि धेरै वर्ष नबित्दैमा बुद्धवादीहरू अठार महागणहरूमा छुट्टिँदा ती गणहरूले

Downloaded from http://dhamma.digital/

केही केही क्षेत्रहरूमा सिद्धान्त भेद भएता पनि आत्मवादलाई सबै एकजुट भई तिरस्कार गरेका छन् । पुद्गलवादलाई स्वीकार्ने वज्जीपुत्तकगणले समेत तिनीहरूको वादलाई अनात्मवाद भनेका छन् । माध्यमिक गणले त अनात्मवादलाई थेरवादगणले भन्दा बढी गहन रुपमा व्याख्या गरी धर्मस्कन्धलाई समते स्वीकार गरेन । शन्यतावाद त्यो गणको मुख्य वाद हो । शून्यतावादलाई तिनीहरूको एउटा सुत्तन्त देशनामा निम्न प्रकारले उल्लेख गरिराखेको छ ।

“यो शून्य संसारमा रुप, वेदना, संज्ञा, संस्कार र विज्ञान छैनन् । नाम व्यवहार छैन, पञ्च आरम्मण छैन । विद्या, अविद्या, अविद्याको निरोध र उपशमन छैनन् । जारमरण र चतु:सत्य निर्वाण धर्म छैन ।”

“सत्व संसारमा भएभरका सत्वहरूलाई मैले (तथागतले) पार गराई निर्वाणतिर लैजानु छ । तर पनि ती ती सत्व असंख्य अनन्तलाई पार र मुक्त गरिसक्ने बेला नि:सन्देह कुनै एक सत्वलाई पनि मैले पार र मुक्त गरिसकें भनी भन्न सकिने छैन । किनभने यदि बोधिसत्वले पुद्गल सत्व छ भनी धारणा लिएमा साँच्चैको बोधिसत्व रहने वा हुने छैन ।”[१] **1. Quoted in J. B. Pratt's "The Pilgrimage of Buddhism", P. 238.**

इ.सं. १५० तिर प्रादुर्भाव हुनु भएका नागार्जुन र वसुबन्धु आदि अर्थकथाचार्यहरू महायान बुद्धवादको बीजारोपण गरी जाने अर्थकथाचार्यहरू हुन् । ती आचार्यहरूले पनि आत्मवादलाई स्पष्ट स्पष्ट रुपमा तिरस्कार गरे । वसबन्धुले उनले रचना गर्नुभएको एउटा बुद्धग्रन्थमा एउटा खण्ड उल्लेख गरी वज्जीपुत्तक गणिकहरूको पुद्गलवादलाई विस्तृत रुपमा समालोचना र परिचालना गरी प्रतिकार गरेको थियो ।

चीन, कोरिया र जापान राष्ट्रहरूमा अहिले प्रचारप्रसार भइरहेको महायान बुद्धशासन थेरवाद बुद्ध शासनसित केही क्षेत्रहरूमा भिन्नता रहे पनि आत्मवादलाई तिरस्कार गर्ने क्षेत्रमा त एक समान छन् । विश्वप्रसिद्ध जापानी बौद्ध ग्रन्थकार आचार्य प्राध्यापक सुजुकीले निम्न प्रकारको कुरा लेखेको छ ।

“भगवान् बुद्धको अनात्मवादले विज्ञान धातुबाट नित्य ध्रुव असंस्कृत धातु उत्पन्न हुन्छ भन्ने सिद्धान्तलाई तिरस्कार गर्छ । भएभरको संस्कार धर्म कर्म नियम अनुसार कारण धर्मको कारणले उत्पन्न होइन्छ । सम्पूर्ण संस्कार धर्म विनाशशील छ । यिनीहरूको पृष्ठभूमिमा आत्म जीव छ भन्नु भूल र मिथ्यामात्र नभई शीलाचरणको भय अन्तराय पनि हो ।”[१] **1. Suzuki, "Outline of Mahayana Buddhism", P. 41**

जापान राष्ट्रमा धेरै प्रकारका बुद्धवाद गण भएता पनि राम्ररी गहिरिएर अध्ययन गरेका व्यक्तिहरूको कथन अनुसार सबै गणले समेत अनात्मवादलाई स्वीकारेको कुरा जान्न पाइएको छ ।

“जापान राष्ट्रमा रहेका बुद्धवाद गणहरूमध्येमा कुनै गणबाट पनि अनात्मवादलाई तिरस्कार गर्दैनन् । सबै गणले पुद्गल सत्व अवश्य भएजस्तो भन्ने बोल्ने गरेता पनि पुद्गल सत्व वास्तवमा

Downloaded from http://dhamma.digital/

लक्षण, रस, गुण, द्रव्य समूह मात्र भएर अनित्य धर्ममात्र हो भनी धारणा राख्दछन् ।"[२] **2. J. B. Pratt, OP. Cit, P. 598.**

यसरी अनात्मवाद विश्वमा रहेका सबै बुद्धवाद गणले विश्वास र स्वीकार गरेको वाद हो । बुद्धवादीहरूले प्रतीत्य समुत्पाद चक्र सञ्चालित हुने घटनालाई चित्रहरूद्वारा स्वरुप प्रदर्शन गर्दा संस्कार धर्मलाई देखाउने चित्रमा अनात्म धर्म धेरै स्पष्ट छ । भारतको अजन्ता गुफाको भित्तामा चित्रांकित गरिराखेका चित्रहरूमा संस्कार धर्मलाई कुम्हालेको चक्कीमा कुम्हालेले भाँडाकुँडा बनाइरहेको चित्रद्वारा देखाइएको छ । तिब्बती बौद्ध टांकाहरूमा कुम्हालेको चित्र देखा पर्दैन । जापानी बौद्ध टांकामा पनि भाँडाकुँडालाई मात्र देखाइ राखेको छ ।[१] **1. Mrs. Rhys Davids, "Sakya or Buddhist Origins", P. 36, 78.**

## (ख) आत्म अनात्म समस्या

अनात्म पालिपिटक संस्कृत ग्रन्थहरूमा प्रकट रुपले बुद्धवादको सम्पूर्ण इतिहासक्रममा बुद्धवादीहरूको प्राथमिक प्रमुखवाद भएर आएता पनि त्यसलाई सम्पूर्ण बुद्धवादीहरूले एकसाथ समान रुपमा लहरै स्वीकारेर आएका छन् भनेर सम्झनु उचित छैन । इसापूर्व तृतीय शताब्दी युग तृतीय संगायन आरुढ हुनुभन्दा अगाडि नै अनात्मवादलाई मन नपराउने बुद्धवादीहरू प्रादुर्भाव भएका थिए । अभिधम्मपिटकमा आएको कथावत्थुले सर्वप्रथम तिरस्कार गरेको वाद ती बुद्धवादीहरूको वाद भएको पुद्गलवाद हो । पुद्गलवाद वज्जीपुत्तक र सम्मितिय बुद्धगणिकहरूको वाद भएको कुरा कथावत्थु अट्ठकथामा आएको छ । ती बुद्धवादीहरूले उपनिषद् ग्रन्थमा आएको आत्मवादलाई स्वीकार गर्दैनन् । थेरवादीहरूको अनात्मवादलाई पनि तिरस्कार गर्छन् । तिनीहरूको विचारधारा अनुसार मनुष्य सत्व आत्मा होइन; नामरुप धर्म द्वयमात्र पनि होइन; नामरुप धर्म समूहभन्दा बढी विशिष्ट पुद्गल हो ।

धर्मपाल, नागार्जुन र वसबन्धु आदि महायानवादका पूर्वगामी अट्ठकथाचार्यहरूले पनि पुद्गलवादलाई प्रतिकार गरेका थिए । यसरी पुद्गलवाद शनैः शनैः लोप भई अनात्मवादलाई सबै बुद्धवादीहरूले स्वीकार र विश्वास गरेका छन्; तापनि आजको विश्वमा रहेका सबै बुद्धवादीहरू अनात्मवादी हुन भन्न सकिन्न । आजको जमानामा अनात्मवादलाई अस्वीकार गर्ने बुद्धवादीहरू प्रशस्त मात्रामा प्रादुर्भाव भएका छन् ।

पश्चिमी राष्ट्रहरूमा कुनै कुनै बुद्धवादीहरूले र कुनै कुनै प्रज्ञाविद्हरूले अनात्मवादलाई वास्तविक बुद्धवाद नभएजस्तो गरी भन्ने लेख्ने गरेका छन् । तिनीहरू संख्याको हिसाबले शक्तिशाली नभए पनि तिनीहरूभित्र ख्यातिप्राप्त बुद्धवादी नेताहरू ग्रन्थकारहरू र पालिप्रज्ञाविद्हरू समावेश भइरहेको कारणले तिनीहरूको धारणा र सिद्धान्तहरूलाई हामीले गहन रुपमा विचार गर्नु योग्य छ ।

Downloaded from http://dhamma.digital/

पालिपिटकमा आएको अनात्मवादलाई अस्वीकार गर्ने पश्चिमी राष्ट्का नागरिकहरूमध्येमा त्यो वादलाई सबभन्दा बढी तीव्र रुपले आलोचना गर्ने व्यक्ति त अंग्रेज पालिप्रज्ञाविदूषी **Mrs. Rhys Davids** हुन् । **Mrs. Rhys Davids** ले पहिले पहिले त आफ्नो श्रीमान् बौद्ध ग्रन्थकार **Dr. Rhys Davids** जस्तै अनात्मवादलाई सही बुद्धवादको रुपमा स्वीकारिन् । तर पछि गएर दृष्टि परिवर्तन भएर आई अनात्मवाद सही बुद्धवाद होइन; पिटकाचार्य स्थविर भिक्षुहरूको वाद मात्र हो भनी लेखिन् ।[१] ***1. Mrs. Rhys Davids, "Sakya, "Manual of Buddhism", "What wasthe original gospel of Buddhism?" "Gotama, the man", "The wayfarer's words", etc.***

**Mrs. Rhys Davids** को धारणा र सिद्धान्त सरांश रुपमा निम्न प्रकार छ ।

भ्गवान् बुद्धले आत्मालाई कुनै अवस्थामा पनि स्पष्ट र निश्चित रुपमा तिरस्कार गर्नुभएको थिएन । तिरस्कार नगर्नुको अतिरिक्त आत्मालाई स्वीकार गर्नुभएको कारण साधक प्रमाण देशनाहरू पालिपिटकमा भेटाउन सकिन्छ । बुद्धले स्वीकार्नु भएको आत्मा उपनिषद् ग्रन्थमा आएको आत्मसित अलिकति फरक छ । उपनिषद् ग्रन्थमा आएको आत्मा परिवर्तन नभई स्थावर झैं स्थिर रहन्छ । तसर्थ मानिसले आफ्नो समृद्ध गर्नको निमित्त विशेष प्रयत्न र उद्योग गर्नुपर्दैन । बुद्धको आत्मवादको विचार अनुसार त आत्मा, अनुशय बीज धातु रहेको आत्मा भएको कारणले मानिसले आफ्नो आत्मालाई उन्नति, वृद्धि र विपुलतामा पुऱ्याउन प्रयत्न र उद्योग गर्नु आवश्यक छ । त्यसरी भगवान् बुद्धले ब्राम्हणहरूको आत्मवादलाई अलिकति सुधार गरी स्वीकार्नु भएको थियो । आत्मवादलाई बिल्कुलै तिरस्कार गर्नुभएको भए त्यस अवस्थाको बुद्धवादले धेरै सफलता प्राप्त गर्ने कारण रहने छैन ।

भ्गवान् बुद्धले आत्मवादलाई स्वीकार्नु भएता पनि परिनिर्वाण भइसक्नु भएपछि केही समय नबित्दै पालिपिटकभित्र अनात्मवाद घुस्यो । आत्मवाद विलीन भई अनात्मवाद प्रादुर्भाव हुनु मुख्य दुई कारणले गर्दा हो । पहिलो कारण बुद्धवाद सँगसँगै पूर्वापर अवस्थामा प्रादुर्भाव भएको एउटा भारतीय धार्मिकवाद 'सांख्यवाद' हो । त्यो वादले आत्मालाई स्वीकारेता पनि मनुष्यको नाम धर्मलाई आत्मासँग अलग राखी भिन्नाभिन्नै अध्ययन गर्नलाई प्रोत्साहन दिन्छ । त्यसरी त्यो वादको आभासबाट मुक्त नभएका बुद्धवादीहरूले आत्मालाई हटाई खालि नाम धर्मलाई अध्ययन गर्दागर्दै समय बित्दै जाँदा आत्मा लोप भई तिनीहरूको दृष्टि अनुरुप मानिस खालि नामरुप धर्मपुञ्जमात्र भएर आए । त्यस अतिरिक्त ती मूल बुद्धवादीहरू भिक्षुहरू थिए । भिक्षुहरू गृहस्थ जीवनप्रति दिक्दार र उद्विग्न भई गृहस्थाश्रम परित्याग गरेर आएका व्यक्तिहरू भएकोले गृहस्थ जीवनमा ठोस सार आत्मा छ भनी धारणा नराखी अनित्य धर्म र दुःख धर्मलाई मात्र हेर्ने र देख्ने गर्छन् । पिटकाचार्यहरू पनि वास्तवमा संसारप्रति उद्विग्न भएका भिक्षुहरू भएकोले तिनीहरूले बुद्धदेशनाहरूलाई आफ्ना इच्छानुरुप मिलाउन कुनै कुनै क्षेत्रहरूम अदलबदल गर्नु परेमा गरेका पनि हुन सक्छन् । यसरी खालि नाम धर्मलाई अध्ययन गर्ने पुराना भारतीय वाद र मानवजीवनलाई दुःख भूमिको रुपमा हेर्ने भिक्षुहरूको कारणले पालिपिटकमा अनात्मवाद व्यक्त भइरहेको हो ।

Downloaded from http://dhamma.digital/

पालिपिटक वाङ्मय र बुद्धवाद इतिहासलाई गहिरिएर दृढ र निश्चित रुपमा अध्ययन गर्ने व्यक्तिको निमित्त उपर्युक्त धारणा र सिद्धान्तहरू आधारविहीन, युक्तिविहीन हुन्छ ।

सुत्तनिपात पारायनवग्गामा भगवान् बुद्धले मोघराजलाई संसारको आत्मा शून्य स्वभावलाई देख्ने गरी भाविता गर्नुपछै भन्नु भएको वचनद्वारा आत्मवादलाई खुल्लम्खुल्ला तिरस्कार गर्नु भएको कुरा स्पष्ट छ । त्यसरी व्यक्त र स्पष्ट रुपमा आत्मवादलाई भगवान् बुद्धले तिरस्कार गर्नुभएको कारण प्रकट गराउने अर्को एउटा कथन 'सब्बे धम्मा अनत्ता' भन्ने कथन हो । 'सब्बे संखारा अनत्ता' भन्यो भने संस्कारको क्षेत्र अथवा पञ्चसकन्धको बाहिर आत्मा छ भनी भन्न चाहेमा भन्न सकिन्छ । तर धम्म भन्ने पालि पद अर्थ अभिप्राय व्यापक भई संस्कार धर्मको अतिरिक्त असंस्कृत धातु र निर्वाण धर्म पनि (त्यसमा) सम्मिलित छ । त्यसकारण 'सब्बे धम्मा अनत्ता' भन्ने कथन अनुरुप पञ्चस्कन्ध र पञ्चस्कन्धको अन्य स्थलमा पनि आत्मशून्य छ भनी भगवान् बुद्धले भन्न चाहनु भएको कुरा स्पष्ट छ ।

उपर्युक्त दुई कथनलाई बाँकी राखी अनात्मवाद विषयलाई भगवान् बुद्धले भन्नुभएको अन्य कथनहरू त **Mrs. Rhys Davids** ले धारणा राखेजस्तै नै आत्मावादलाई सोझै तिरस्कार गरेका कथनहरू नभएको कुरा हामीले समर्थन गर्नुपर्ने छ । ती कुराहरूलाई माथि उल्लेख गरिसकेको हुँदा फेरि संक्षिप्त रुपमा उल्लेख गर्नुपऱ्यो भने १-पञ्चस्कन्ध आत्मा होइन, २- पञ्चस्कन्ध पुद्गल सत्वलाई परमार्थ हिसाबले खोजी गरेर पाइन्न । ३- (म) तथागतले फलानोले अनुभव गर्छ; स्पर्श गर्छ भनी उपदेश गर्नुहुन्न; प्रतीत्य समुत्पाद धर्मलाई उपदेश गर्छु । यी त्रिविध तथ्य पालिपिटकमा अनात्मवादसित सम्बन्ध राखी बार बार देखापर्ने तथ्यहरू हुन् । ती कथनहरू अनुरुप भगवान् बुद्धले आत्मा छैन भनी खुल्लम्खुल्ला नभन्नुभएको कारणले आत्मवादीहरूले पञ्चस्कन्ध आत्मा नभए पञ्चस्कन्धलाई अलग राखी आत्मा छ भनी धारणा राख्ने गरेका छन् ।

यथार्थमा भन्ने हो भने कथावत्थु आचार्य र आयुष्मान् नागसेनहरूले पनि पुद्गल सत्व आत्मा छ भनी स्पष्ट रुपमा नभनी परमार्थ हिसाबले प्रकट भएको पुद्गल अनुपलब्ध छ भनेर मात्र भनेका छन् । तिनीहरूले वजीरा स्थविराको कथनलाई विशेष रुपले उद्धृत गरेका छन् । त्यस स्थविराको कथन आत्मवादलाई तिरस्कार गर्ने क्षेत्रमा पञ्चस्कन्ध आत्मा होइन भन्ने कथनभन्दा बढी स्पष्ट भएको सही छ । तर आत्मवादीहरूले वजीरा स्थविरा आयुष्मान् सारिपुत्र आयुष्मान् कश्यमहरूजस्तै ख्यातिप्राप्त शिष्य श्राविका नै होइन भनी प्रश्न उठाउन सक्ने छ ।

श्रवश्य हो । पुद्गल सत्व आत्मा छैन भन्ने कथन आयुष्मान् बुद्धघोष आदि थेरवादी आचार्यहरू र नागार्जुन आदि महायान आचार्यहरूका अट्ठकथाहरूमा मात्र सर्वप्रथम प्रकट रुपमा देखापऱ्यो । हामीले विचार गर्नुपर्ने कुरा के छ भने पञ्चस्कन्ध आत्मा होइन भन्ने कुरालाई आधार बनाई परमार्थ हिसाबले पुद्गल सत्व आत्मा छैन भनी ठोकुवा गर्नु उचित छ वा छैन भन्ने प्रश्न हो ।

Downloaded from http://dhamma.digital/

भगवान् बुद्धका शिष्य श्रमण भिक्षुहरूले त पञ्चस्कन्ध आत्मा होइन; पञ्चस्कन्ध बाहेक अन्य धर्महरू पनि आत्मा होइन र अर्को शब्दमा आत्मा नै छैन भनी बुझेका छन् । "आवुसो, रूपलाई म हुँ भनेर भन्दैन । रूप बाहेक म हुँ भनेर भन्दैन । वेदना, संज्ञा, संस्कार, विज्ञानहरूलाई म हुँ भनेर भन्दैन । वेदना, संज्ञा, संस्कार र विज्ञानहरू बाहेक म हुँ भनेर पनि भन्दैन । पञ्चउपादानस्कन्धहरूमा म हुँ भनी व्यवहार गर्नु उपयुक्त छ । म हुँ भनेर त भाविता गरिन्न ।" (खन्धसंयुत्त खेमकसुत्त)

आयुष्मान् बुद्धघोषितले पनि त्यसरी धारणा राख्दछ । **Mrs. Rhys Davids** ले भने त्यसरी धारणा नराखी 'खन्ध' भन्ने पालिपद भगवान् बुद्धले प्रयोग गर्नुभएको शब्द नभई पछिमात्र पिटकभित्र घुसेको शब्द भएजस्तो गरी लेखेकी छिन् । तर त्यसरी लेख्नु बुद्धवादसितको सम्बन्धमा दृष्टि परिवर्तन भइसकेपछिमात्र लेखेकी हुन् । अनात्मवादलाई बुद्धवादको रुपमा स्वीकार गरिरहँदा चाहिँ उनले बुद्धघोष आचार्यलाई समर्थन गरिरहेकी थिइन् ।

"यदि आत्मा होइन भन्ने कथन विनाशशील स्वभाव भएको नामरुप धर्म अथवा पञ्चस्कन्धलाई मात्र अभिप्रेत छ भनी सम्झेमा पुराना बुद्धवादीहरूले आत्मवादलाई नामरुप धर्म सँगसँगै एकत्रित गरी फेला पारेका कुरा र मानिसको गुण द्रव्य सबै शक्तिलाई तिनीहरूको पञ्चस्कन्धले गाभिएका, ढाकिएका कुरा हामीले याद गर्नुपर्ने छ ।"[१] ***1. Mrs. Rhys Davids, "Buddhist Psychology", 1914, P. 102.*** यसरी लेखिसकेपछि **Mrs. Rhys Davids** ले संयुत्तनियका खन्धसंयुत्तबाट निम्न कुरा उद्धृत गरे ।

"भिक्षुहरू हो, सबै श्रमण ब्राम्हणहरूले धेरै कारणहरूद्वारा आत्मालाई मनन गरिरहेका छन् । तिनीहरूले उपादानको आरम्मण भएको पञ्चस्कन्धमध्येमा एक न एकलाई आत्मा भनी मनन गर्छन् । रूपलाई आत्मा भनी; आत्मामा पनि रुपलाई र आत्मालाई रुप भनी मिथ्या रुपमा मनन गर्ने गर्दछन् । संज्ञा, वेदना, संस्कार र विज्ञानहरूलाई पनि त्यस्तै प्रकारले मिथ्यारुपमा मनन गर्ने गर्दछन् । त्यसरी मनन गर्ने पृथग्जन सत्वहरूमा म भन्ने आत्मदृष्टि हुन्छ ।" (खन्धसंयुत्त समनुपस्सना सुत्त) ।

भगवान् बुद्धले ज्ञानदृष्टि कम भएका व्यक्तिहरूले अनात्मवादलाई उच्छेदवादसित सिम्मश्रण गरी मिथ्या रुपमा परीक्षण र परामर्श गर्लान् भन्ने डरले पञ्चस्कन्ध आत्मा होइन भनी न्युनाधिक रुपमा भन्नुभएको हो । वास्तवमा त बुद्धवाद अनुसार मानिस पञ्चस्कन्ध समूहमात्र भएकोले आत्मा छैन भनी धारणा गर्नु र सम्झनु भूल हो भन्न सकिन्न । तसर्थ अंग्रेज पालि प्रज्ञाविद् **Dr. Thomas** ले "भगवान् बुद्ध स्वयंले आत्मा नभएको कुरा सुनिश्चित रुपमा उपदेश गर्नुभएको थियो भनी हामी भन्न सक्दैनौं; तर नामरुप धर्म पञ्चस्कन्ध विषय सम्बन्धी पिटकमा आएका कुराहरूलाई आधार मानी भगवान् बुद्धको विचारधार अनुरुप आत्मा छैन भनी धारणा राख्न सकिन्छ" भनेको छ ।[१] **1. E. J. Thomas, "History of Buddhist Thought", P.99.**

Downloaded from http://dhamma.digital/

अवश्य हो । त्यसरी धारणा राख्न सकेको कारणले पनि धेरै बुद्धवादी गणहरूले प्रशस्त ठाउँहरमा सैद्धान्तिक मतभेद भएता पनि अनात्मवादलाई पनि एकैनासले समान रुपमा सबैले स्वीकारेका हुन् । यस तथ्यलाई आधार बनाई भगवान् बुद्धले आत्मवादलाई उपदेश गर्नुभएको थियो; त्यो वादलाई पिटकाचार्यहरूले खतम पारे भन्ने कथन युक्तिसङ्गत छैन । यहाँनिर Dr. Thomas को लेखाइलाई फेरि पनि उल्लेख गर्न चाहौंला ।

"भगवान् बुद्ध परिनिर्वाण हुनुभएको अवस्थामा बुद्धदेशनाहरू धेरै धेरै शिष्य श्रावकहरूकावे मनमा दृढ रुपमा बाँकी रहेको भएर पनि आत्मवादको सम्बन्धमा भने केही अंशमा पनि बुद्धवादीहरूले स्वीकार गरिराखेको देखिन्न । यदि बुद्धवादमा आत्मवादको संकेत लक्षण केही न केही अंशमात्र भएर पनि बाँकी रहेको खण्डमा वज्जीपुत्तक गणले पञ्चस्कन्ध अतिरिक्त पुद्‌गल रहेको नै छ भनी उपदेश दिने अवस्थामा केही न केही अंशमा समावेश भएका ती आत्मवाद दशनालाई निःसन्देह उद्धरण गर्ने थिए । तर वास्तवमाा तिनीहरूले आत्मवादरहित भएका साधन प्रमाणहरूलाई देखाई तिनीहरूको पुद्‌गलबाट बुद्धको अनात्मवादसित विरोध छैन भनेर पनि तिनीहरू विश्वास राख्दछन् ।"[१] ***1. Ibid, P. 102.***

राधाकृष्णन् र कुमार स्वामी आदि वर्तमान युगका भारतीय प्रज्ञाविद् आत्मवादीहरूले भगवान् बुद्धले अनात्वादलाई स्वीकार गर्नु भएजस्तो लेख्ने गरेका छन् । यदि तिनीहरूले धारणा राखेजसो आत्मवाद साँच्चै बुद्धवाद भएमा तिनीहरूले भन्दा बढी बद्धवादको युगसित सामिप्य रहेको पुरानो भारतीय युगबाट (आएका) भारतीय आत्मवादीहरूले पालिपिटकमा आफूले रुचाएको आत्मवादलाई देखेका होलन् । अहिले त त्यसो होइन । पुराना भारतीय सबै आत्मवादीहरूले बुद्धवादलाई अनात्मवादको रुपमा जाने बुझेका छन् । यो विषयलाई वर्तमान युगको एउटा भारतीय प्रज्ञाविद्‌ले निम्न प्रकार लेखेको छ ।

"जैन र ब्राम्हणवादहरूले बुद्धवाद आत्मालाई तिरस्कार गर्ने वाद हो भनी भन्छन् । माधवाचार्यले बुद्धवादीलाई रुपवादी समान मिथ्यावादी नामावलीमा समावेश गरेको छ । धार्मिकवादहरूलाई श्रेणी छुट्याउँदा बुद्धवादलाई रुपवादको पछि देखाउँछ । पौराणिक सही र यथार्थ भारतीय धार्मिकवादहरू आत्मालाई स्वीकार्नुद्वारा बुद्धवादसित फरक पर्छ । जैन धर्मावलम्बीहरूले त्यसरी धारणा राखी तिनीहरूको वाद बुद्धवादसित फरक परेको कुरा राम्ररी थाहा पाएका छन् ।"[१] ***1. T. R. V. Murti, "The Central Philosophy of Buddhism", P. 28.***

भगवान् बुद्धले यदि Mrs. Rhys Davids ले धारणा राखेजस्तै आत्मवादलाई अलिकति टालटुल पारी स्वीकार गर्नुभएको सही भएमा बुद्धवाद ब्राम्हणवादसित धेरै फरक पर्ने छैन । ब्राम्हणहरूको जातिवाद र यज्ञ-अनुष्ठान आदिहरूलाई निन्दा, उपहास गर्नु बुद्धवादका ठूला विशेषताहरू होइनन् । बुद्धवादको मुख्य विशेषता त आत्मालाई तिलाञ्जली दिनु हो । आत्मालाई तिलाञ्जली नदिएको खण्डमा पहिलेदेखि मूल रुपमा आत्मालाई स्वीकारिसकेका ब्राम्हणहरू बुद्धवादतिर परिवर्तन भएर आउनुपर्ने कारण छैन । आत्मालाई तिलाञ्जली दिएको कारणले नै भगवान् बुद्धका शिष्य श्रावकहरूमध्येमा ब्राम्हण कुलपुत्रहरू ठूलो संख्यामा भइरहेका हुन सक्दछन् ।

Downloaded from http://dhamma.digital/

त्यस अतिरिक्त आत्मवाद यदि भगवान् बुद्धको सही मूलवाद भएको सत्य रहेमा आफ्नो वादलाई उपदेश गर्नुहुँदा भगवान् बुद्धले कठिनाईको सामना गर्नुपर्ने थिएन । ब्राम्हणहरूले भगवान् बुद्धलाई निन्दा र दोषारोपण पनि गर्ने थिएनन् । तर भगवान् बुद्धले आफ्नो धर्म बहुजनले सम्झन सकिएला र भनी संशय गरिएको थियो । त्यसरी संशय भएको कारणले नै हो कि किन हो, पञ्चवर्गीय भिक्षुहरूलाई सर्वप्रथम उपदेश दिनु भएको धर्मचक्र सूत्रमा अनात्मवादको विषय सांकेतिक रुपम समेत उपदेश नगर्नु भई द्वितीय सुत्तन्त देशनामा मात्र अनात्म धर्मको उपदेश गर्नुभयो । भगवान् बुद्धको धर्मलाई नबुझेकोले अथवा स्वीकार्न असमर्थ भएकोले भगवान् बुद्धलाई दोषारोपण गरी निन्दा गर्ने व्यक्तिहरू पनि कम थिएनन् । निगण्ठनाटपुत्तले भगवान् बुद्धलाई अकिरियवादी हो भनी आरोप लगाए । (विनयपिटक महावग्ग) ।

मागन्दिय ब्राम्हणले भगवान् बुद्ध उन्नति वृद्धिलाई नाश गर्न जान्ने व्यक्ति (भूनहू) हो भने । ( म. नि. मागन्दिय सुत्त) । "हे भिक्षुहरू हो, (म) तथागतले सत्वलोकसित विवाद गर्नुहुन्न; सत्वलोकले मात्र मसित विवाद गर्छ । मैले यसरी स्पष्ट हुने गरी उपदेश दिँदादिँदै जो व्यक्ति जान्न र हेर्न असमर्थ छ त्यस्तो व्यक्तिलाई मैले के गर्नुपर्ला र ?" (खन्धसंयुत्त विवाद सुत्त) ।

यसरी निन्दा र दोषारोपण गराउनु परेको आत्मवादलाई भगवान् बुद्धले तिरस्कार गर्नुभएको कारणले नै हुनुपर्छ । भगवान् बुद्धलाई निन्दा र दोषारोपण गर्ने व्यक्तिहरूले अनात्मवादको कारणले नै निन्दा र दोषारोपण गरेको हो भन्ने कुरा निम्नः कथनद्वारा स्पष्ट छ ।

"भिक्षुहरू हो, (म) तथागतले सत्वलाई विनाश गर्न जान्दैन । सत्व विनाश हुने उपदेश दिँदैन । त्यसो भएर पनि कोही श्रमण ब्राम्हणहरूले प्रकट नभएको निरर्थक भएको असत्य एवं मिथ्या भएको मुसावादद्वारा श्रमण गौतमले सत्वलाई विनाश गर्छ । प्रकट रहेको सत्वको छेदन भेदन र जीवन अलग्ग हुनुलाई प्रज्ञप्त गर्छ भनी बुद्धलाई आरोप लगाउँछन् । (म. नि. अलगद्दूपम सुत्त) ।

बुद्धवादको मूल अघिदेखि नै आत्मवाद भएको भएमा भगवान् बुद्धले त्यस वादलाई खुला रुपमा र स्पष्ट रुपमा किन उपदेश गर्नुभएन ? Mrs. Rhys Davids ले आत्मवाद त्यस अवस्थाका प्रत्येक व्यक्तिले जस्तै जानी बुझी स्वीकार र विश्वास गरेको वाद भएको कारणले भगवान् बुद्धले विशेष रुपमा उपदेश गर्नु नभएको हो भन्छिन् । तर भगवान् बुद्धले आफू प्रादुर्भाव हुनअघि मानिसहरूले जानी बुझिसकेको भवसंसार र कर्मनियम आदि पौराणिक, धार्मिक सिद्धान्तलाई स्वीकारी तिनीहरूको विषयलाई बार बार उपदेश गर्नुभउको थियो । त्यसकारण Mrs. Rhys Davids को कथन युक्तिसङ्गत छैन ।

माथि उल्लेख गरे अनुसार भगवान् बुद्धले आत्मा छैन भनी सुनिश्चित रुपमा व्यक्त गरी उपदेश गर्नु नभएता पनि बुद्धवाद मुख्य अनात्मवाद भएको कुराको साधक प्रमाण दर्शाउन प्रशस्त बुद्धदेशनाहरू देशना गरिएका छन् । बुद्धवाद आत्मवाद हो भन्नको निमित्त कुनै प्रकारको देशना र साधक प्रमाण छैनन् । यसो भएता पनि आत्मवादीहरूले निम्नः देशनाहरूलाई निर्देशित गरी भगवान् बुद्धले आत्मालाई स्वीकार्नु हुन्छ भनी भन्छन् ।

Downloaded from http://dhamma.digital/

एक समयमा भगवान् बुद्ध एउटा जङ्गलमा विहार गरिरहनु भयो । त्यो जङ्गलमा तीसजना भद्रवर्गीय राजकुमारहरू स्त्रीहरूसँग रमाइरहेको बेलामा सँगै आएकी एउटी गणिका तिनीहरूको सम्पत्ति लिई भागिन् । राजकुमारहरूले त्यस गणिकालाई खोजतलाश गरिरहँदा बाटोमा भगवान् बुद्धलाई देखी एउटी आइमाईलाई देख्नुभयो कि भनी भगवान्सँग निवेदन गरे । त्यसबेला भगवान् बुद्धले, "युवकहरू हो, मेरो कुरा तिमीहरूले कस्तो सम्झिने छौ । आइमाईलाई खोज्नु र आफूलाई खोज्नुमध्येमा कुनचाहिँ तिमीहरूको निमित्त उत्तम हुनेछ ?" भनी सोध्नुभयो । राजकुमारहरूले आफूलाई खोज्नु नै उत्तम छ भनी बिन्ति गरे । (विनयपिटक महावग्ग) ।

"भिक्षुहरू हो, भार, भारवाहक, भारग्राहक र भार बिसाउने सम्बन्धमा म उपदेश गर्दछु । भार भनेको पञ्चस्कन्ध हो । भारवाहक भनेको जुन व्यक्तिमा यस्तो नाम, यस्तो गोत्र छ, त्यस व्यक्तिलाई भारवाहक भनिन्छ । भार ग्रहण गर्नु भनेको तृष्णामा आशक्त हुनु हो । त्यो तृष्णाको निरवशेष निरोध भएको निर्वाण हो । त्यस निर्वाणलाई भार बिसाउने भनिन्छ । (सं. नि. खन्धवग्गसंयुत्त भारसुत्त) । त्यो देशना वज्जीपुत्तक गणिकहरूले आफ्नो पुद्गलवादको निमित्त साधक प्रमाण दर्शाउने देशना हो ।

"आफू नै आफ्नो भरोसा हो । अरु आफ्नो भरोसा कसरी हुन सकिएला ? आफू राम्ररी सुदान्त हुनुद्वारा हुने दुर्लभ भरोसाले अरहन्त फललाई पाउन सक्छ ।" (धम्मपद १६२) । यो पालि र परिनिर्वाण हुनुभन्दा अगाडि भगवान् बुद्धले भन्नुभएको एकैनासको अभिप्राय भएको कथन (पृष्ठ १००) आत्मवादीहरूले उद्धृत गर्ने गरेका कथनहरू हुन् ।

Mrs. Rhys Davids ले आत्मवादलाई भगवान् बुद्धले स्पष्ट र व्यक्त रुपमा उपदेश गर्नु नभएको एउटा कारण इसापूर्व छैठौं शताब्दीको युग भारतीयहरूमा व्यावहारिक शब्दको अपूर्णता हो भनिन्छ । त्यस्तो भएमा किन उपनिषदाचार्यहरूले त्यस युगका व्यावहारिक शब्दहरूद्वारा आत्मवादलाई व्याख्या गर्न सकेका नि ? त्यस युगका भारतीयहरूमा पूर्ण रुपमा व्यावहारिक शब्द थिएनन् भन्ने कथन सही पनि हुनसक्छ ।[१] ***१. उदाहरण- Mrs. Rhys Davids को भनाई अनुसार पालि भाषामा "चुन्छ वा छान्छ" भन्ने शब्दसित अर्थ र अभिप्राय समान भएको पालि शब्द छैन । "Wayfarer's Words", PP. 123, 409, 503.*** त्यसकारणले पनि भगवान् बुद्धले भिक्षुहरूलाई आफूले आफ्नो भरोसा लिन उपदेश दिनुहुँदा र भद्रवर्गीय राजकुमारहरूलाई आफ्ना स्थितिलाई विचार गर्न होश दिलाउँदा "अत्त" पदको प्रयोग गर्नुभएको हो । Mrs. Rhys Davids आदि आत्मवादीहरूले यस तथ्यलाई ध्यान नदिई उल्लिखित देशनाहरूमा आएको "अत्त" पदलाई उपनिषद् ग्रन्थमा आएको आत्मा (वा) ब्रम्हसित अर्थ अभिप्राय समान छ भनी धारणा गरिराखेको रहेछ ।

उपनिषद् ग्रन्थमा आएको कुनै व्यावहारिक शब्द पालिपिटकमा अर्थ अभिप्राय परिवर्तन भएर आएको विषयलाई पौराणिक भारतीय धार्मिक साहित्य अध्ययन गर्ने सबै प्रज्ञाविद्हरूलाई विदित छ । (पृष्ठ १२८-९) Mrs. Rhys Davids ले नै 'पुरिस', 'काम', 'अज्झत्त' आदि व्यावहारिक शब्दहरू उपनिषद् ग्रन्थहरू र पालिपिटक वाङ्मयमा अर्थ र अभिप्राय भिन्न भिन्न छ भनिन्छ । त्यसो भएर पनि 'अत्त', 'ब्रम्हा', 'धम्म' आदि व्यावहारिक शब्दहरूको सम्बन्धमा भने अभिप्राय भिन्न छ भनी धारणा नलिई

Downloaded from http://dhamma.digital/

उपनिषद् ग्रन्थमा आएको 'अत्त' 'ब्रम्हा' सित अभिप्राय समान छ भनी दुढ धारणा राख्नुमा पूर्वापर समानता छैन; कारण युक्ति नभई आफूले चाहेतिर तानी अभिप्राय व्यक्त गरेजस्तो हुन पुगेको छ।

भगवान् बुद्धले बहुजनले बुझ्न सक्ने शब्दव्यवहारद्वारा उपदेश गर्नु हुन्छ। उदाहरणको रुपमा - हामीहरूले निःसन्देह सूर्यलाई पृथ्वीले घुमिरहेको कुरा जानेता पनि सूर्य उदय हुन्छ, सुर्य अस्ताउँछ र सूर्य गमनमार्ग आदि भन्ने भन्ने र लेख्ने गर्छौं। त्यसरी नै भगवान् बुद्धले आत्मवादलाई तिरस्कार गर्नु भए पनि पुद्गल सत्व प्रकट रहे जसो गरी उपदेश दिनुहुन्छ। "भिक्षुहरू हो, त्यसबेला यमराजले यस्तो भन्छ। तिम्रावे त्यो नराम्रो कर्मलाई आमाले गरेकी होइन, बाबुले गरेको होइन, दाजुभाई दिदी बहिनी ज्ञाति बन्धुहरूले गरेका होइनन्; तिमीले नै त्यो दुष्कर्म गरेका थियौ। तिमीले नै त्यो दुष्कर्मको परिणाम भोग्नुपर्नेछ।" (म. नि. देवदूतसुत्त)। यसरी पुद्गल सत्व प्रकट भएजस्तो गरी भगवान् बुद्धले उपदेश दिनुभएको देशना पालिपिटकमा प्रशस्त छ। Mrs. Rhys Davids ले भगवान् बुद्धले आत्मालाई स्वीकार्नु हुन्छ भन्ने आफ्नो धारणाको निमित्त ती देशनाहरूलाई साधक प्रमाण देखाएकी हुन्। भगवान् बुद्धले लोकव्यवहारद्वारा एक किसिमको देशना र परमार्थ हिसाबले अर्को किसिमको देशना गर्नु भएको अथवा बुद्ध देशनाहरूमा सम्मुति सत्य र परमार्थ सत्य भनी दुई प्रकारको सत्य भएकोलाई उनीले समर्थन गर्दिन।

अवश्य हो, सम्मुति सत्य र परमार्थ सत्य भन्ने दुईवटा पालि शब्दलाई मिलिन्द-पञ्हा ग्रन्थमा सर्वप्रथम देखा परेको छ र पालिपिटकमा देखा पर्दैन। तर भगवान् बुद्धले लोकव्यवहार शब्द र परमार्थ स्वभाव धर्मलाई विभाजन भएको कारण स्पष्ट गराउने देशनाका साधक प्रमाणहरू छन्।

"हे देवपुत्र, जुन भिक्षुमा गरिसकेको मार्गकृत्य छ; क्षय भइसकेको आश्रव धर्म रहेको भई अन्तिम शरीरलाई धारण गर्छ, त्यस अरहन्त व्यक्तिले 'म भन्छु', 'मलाई भन्छ' आदि भन्छ। त्यस भिक्षुले स्कन्ध आदिहरूमा दक्षता भएको कारणले संसारमा व्यवहार गरिने नामलाई जानी व्यवहार मात्र गर्ने व्यवहारद्वारा नै व्यवहार गर्नेछ।" (सगाथावग्ग संयुत्त अरहन्त सुत्त)।

"हे अग्गिवेस्सन, यसरी क्लेशबाट मुक्त भइसकेको चित्त भएको भिक्षुले कुनै एक चीजलाई पनि मिथ्यारुपमा भन्दैन। संसारमा जुन कुरालाई भन्नुपर्नेछ, त्यस कुराद्वारा व्यवहार गर्छ। मिथ्यारुपमा भने परामर्श गर्दैन।" (म. नि. दीघनख सुत्त)।

"हे चित्त, यस आत्मभावलाई प्राप्त गर्नु भन्ने विषयहरू संसारका नाउँहरू, संसारका भनाईहरू, संसारका व्यवहारहरू र संसारका प्रज्ञप्तिहरू हुन्। यो नाम प्रज्ञप्तिहरूद्वारा (म) तथागतले परामर्श नगरी व्यवहार र उपदेश गर्छु।" (दी. नि. पोट्ठपाद सुत्त)।

भगवान् बुद्धले आफूले दिनुभएको धर्म उपदेशहरूलाई प्रज्ञाज्ञान अपरिपक्व भएका पृथग्जन मानिसहरूले मिथ्यारुपमा निरीक्षण र परामर्श गरी मिथ्यादृष्टि हुन जाला भन्ने तथ्यलाई अघिदेखि देख्नु र जान्नु भएको थियो। बुद्धवादमा विशेष गरेर अनात्मधर्म अन्य धर्महरू भन्दा सम्झन, बुझ्न बढी गाह्रो छ। मानिसहरूको मूल रुपमा रहेको विश्वासहरूसित विरोधी भई मानिसहरूले मिथ्याधारणा मिथ्यादृष्टि हुन लायक छ। यो तथ्य मिलिन्द राजाको कथनद्वारा स्पष्ट हुन्छ।

Downloaded from http://dhamma.digital/

आयुष्मान् नागसेनले परमार्थ हिसाबले प्रकट भएको पुद्‌गल अनुपलब्ध छ भनी भनेको अवस्थामा राजा मिलिन्दले 'भन्ते, त्यसो भएमा कुशलकर्म अकुशलकर्म नहुने भयो; कुशलकर्म अकुशलकर्म गर्ने व्यक्ति पनि नहुने भयो; कुशलकर्म अकुशलकर्मको मूल परिणाम परम्परागत परिणाम धर्म पनि नहुने भयो' भने । यसरी सर्वप्रथम मिलिन्द राजाले अनात्मधर्मलाई नास्तिकवाद (वा) रुपवाद अथवा भौतिकवादको रुपमा मिथ्या धारणा राखे ।

त्यसकारण भगवान् बुद्धले पुद्‌गल सत्व छैन भनी सोझै उपदेश गर्नु नभएको हो । वच्छगोत्त परिब्राजकले भगवान् बुद्धसँग "आत्मा छ कि ?" भनी स्पष्ट रुपमा सोझै प्रश्न गर्दा भगवान् बुद्धले कुनै पनि जवाफ नदिई मौन रहनुभयो । वच्छगोत्त फर्किसकेपछि आयुष्मान् आनन्दले प्रश्न गर्नुहुँदा भगवान् बुद्धले आत्मा छ भनी भन्यो भने शाश्वतवादलाई आफूले स्वीकार गरेको हुन जाने छ; आत्मा छैन भनी भन्यो भने वच्छगोत्तमा चित्त मलिन भई खलबलाउने स्थिति छ, त्यसकारण आफूले कुनै जवाफ नदिनु भएको कुरा आज्ञा गर्नु भयो । (अव्याकतसंयुत्त चतुत्थ वच्छगोत्त सुत्त) ।

एउटा ब्राम्हणको प्रश्नलाई जवाफ दिनुहुँदा पनि भगवान् बुद्धले "हे ब्राम्हण, सबै छ भनी यदि भनौं; यो सिद्धान्त एउटा लोकायत हुनजान्छ । सबै छैन भनेर भनौं, यो सिद्धान्त अर्को लोकायत हुनजान्छ । सबै समान स्वभावको छ भनी भनौं भने यो सिद्धान्त तेश्रो एउटा लोकायत हुनजान्छ । विभिन्न स्वभावका छन् भनी भनौं भने यो सिद्धान्त एउटा चतुर्थ लोकायत हुनजान्छ । (म) तथागतले त्यो अन्तद्वय मिथ्यामार्गलाई विरमण गरी मध्यम मार्गद्वारा मात्र अविद्याको कारणले संस्कार हुन्छ । संस्कारको कारणले ………. हुन्छ" भनी उपदेश गर्छु भनेर आज्ञा गर्नुभयो । ( निदानसंयुत्त लोकायतिक ब्राम्हण सुत्त) ।

"हे कच्चान, मनुष्य समूहले प्रायशः कुनै वस्तु छ वा छैन भनेर धारणा राख्छन् । संस्कार लोकको कारणलाई यथाभूत रुपमा राम्रो मार्गज्ञानद्वारा देख्ने व्यक्तिलाई संस्कार लोकमा छैन भन्ने धारणा हुँदैन । संस्कार लोकको निरोधलाई यथाभूत रुपमा मार्गज्ञानद्वारा देख्ने संस्कार लोकमा छ भन्ने धारणा हुँदैन ।" (निदानसंयुत्त आयस्मा कच्चानगोत्त सुत्त) ।

यसरी भगवान् बुद्धले अनात्म धर्मलाई मिथ्या रुपमा मानिसहरूले विचार विमर्श गराउन नदिन विशेष होश राखी उपदेश गर्नुभयो । यो तथ्यसित सम्बन्ध राखी थेरवाद अट्ठकथाचार्यहरूले विशेष रुपमा लेख्ने नगरे पनि महायान अट्ठकथाचार्यहरूले भने विस्तृत रुपमा वर्णन गरी लेख्ने गरेका छन् ।

वसुबन्धु आचार्यले वज्जीपुत्तक गणिकहरूको पुद्‌गलवादलाई प्रतिकार गर्दा यसरी भन्नुभएको छ । "भगवान् बुद्धले अनात्म धर्मको उपदेश गर्दा विशेष प्रत्यवेक्षण गर्नुभएको छ । उपमा भनौं भने बघिनीले आफ्ना साना बच्चालाई दाँतको बीचमा च्यापेर लैजाँदा सास्ति नपुऱ्याउन र खस्न नदिन मध्यस्थ रुपमा लैजाने गरेजस्तो हो । भगवान् बुद्धले शाश्वत दृष्टिको दोष र भयलाई र उच्छेद दृष्टिको कारणले शीलाचरणको क्षेत्रमा मानिसहरू कर्तव्य विमुख होलान् भन्ने तथ्यलाई देख्नु र जान्नु भएको छ । पुद्‌गल सत्व नभएको कारणले भगवान् बुद्धले पुद्‌गल र स्कन्ध शरीर भिन्नाभिन्नै

Downloaded from http://dhamma.digital/

हो भनी भन्नु भएन । तर नास्तिकवादलाई तिरस्कार गर्न चाहनु भएको हुँदा पुद्‌गल सत्व छैन भनेर पनि उपदेश गर्नु भएन ।"[१] ***1. T. R. V. Murti, OP, Cit, P.43***

नागार्जुन आचार्यले "भगवान् बुद्धले नास्तिकवाद र शाश्वतवादलाई तिरस्कार गर्न चाहनु भएको कारणले कहिलेकाहीँ आत्मवादलाई उपदेश गरी कहिलेकाहीँ अनात्मवादलाई उपदेश गर्नुभयो; तर अनात्मवाद नै सही बुद्धवाद हो । यो वाद सम्झन बुझ्न गाह्रो छ । भगवान् बुद्धले अनात्मवादलाई प्रज्ञावान् र मनोवृत्ति बीज कमजोर र हीन भएका व्यक्तिहरूका निमित्त उद्देश्य गरी उपदेश गर्नुभएको होइन । किनभने ती व्यक्तिहरूले त्यो धर्म सुन्नुपर्दा अवश्यमेव नास्तिकवादमा प्रवेश गरी विश्वास गर्ने छन्"[२] ***2. Yamakami Sogen, "Systems of Buddhist Thought", P.23.*** आदि भनी लेखिराखेको छ ।

नागार्जुन आचार्यले आत्मवादलाई भगवान् बुद्धले उपदेश गर्नु भएको थियो नभनेर भगवान् बुद्धले भन्नुभएका केही कुराहरू आत्मवाद उपादान भएका व्यक्तिहरूलाई मिथ्या धारणा लगाउन सक्ने छ भनेमा बढी सत्य हुनेछ । त्यो केही कुरालाई माथि उल्लेख गरिसकेको हुँदा ती कुराहरू जस्तो कि "अत्तानं गवेसेय्याथ" "अत्तदीपा भिक्खवे विहरथ अत्तसरणा" आदि पालिहरमा "अत्त" भन्ने पालि पद स्पष्ट रुपमा समावेश छ । त्यस प्रकारको पालि बाहेक अन्यान्य पालिहरूमा भने 'अत्त' पालि पद सोझै समावेश नभएता पनि आत्मवाद उपादान भएको व्यक्तिको निमित्त अभिप्राय धारणा मिथ्या गराउन सक्ने कारण छ ।

"भिक्षुहरू हो, यो चित्त प्रभाकर प्रभासित परिशुद्ध स्वभावको छ । यो चित्त अतिथि जसता भएका उपक्लेश कारण रागादि क्लेशबाट मुक्त छ । ती क्लेशहरूबाट मुक्त भएको चित्तलाई बहुश्रुत भएको आर्यश्रावकले यथाभूत प्रभेद गरी जान्छ ।" (अं. नि. एकनिपात दुतियपभस्सर सुत्त) ।

"चित्तले लोकलाई धारण गर्छ र अकर्षित गर्छ । सम्पूर्ण धर्महरू चित्त भन्ने धर्मको वशमा पछि लाग्छन् ।" (सगाथावग्गसंयुत्त चित्त सुत्त) ।

अनाथपिण्डिक महाजन मरणान्त अवस्थामा परी विरामी भएको बेलामा आयुष्मान् सारिपुत्रले यसरी अनुशासन गर्नुभयो, "हे श्रेष्ठि, यो अवस्थामा तिमीले यसरी आचरण गर्नुपर्छ । ममा यस मनुष्यलोक र अन्य लोकप्रति आश्रित भएको विज्ञान उत्पन्न हुने छैन; तृष्णा, मान र दृष्टिद्वारा आशक्त हुने छैन भनी हृदयङ्गम गरी आचारण गर्नुपर्छ ।" (म. नि. अनाथपिण्डिकोवाद सुत्त)

"भिक्षुहरू हो, एउटा ठूलो खन्धावर (किल्ला) शहर छ । त्यस शहरमा ढोकापाले सहित ६ वटा ढोकाहरू र शहरको अधिपति राजा रहेका छन् । त्यस शहरमा दुई जना राजदूतहरू आई आवश्यक काम व्यवहार गरी फर्केर गए । यो दिइएको उपमामा खन्धावर शहर भनेको चार महाभूत धातुलाई आधार गरी उत्पन्न भएको स्कन्ध शरीर हो । ६ वटा ढोका ६ वटा आध्यात्मिक आयतन हो । ढोकापाले स्मृति चैतसिक हो, दुईजना राजदूतहरू श्मथ र विपश्यना कर्मस्थान हुन् । शहरको अधिपति राजा त मनोविज्ञान चित्त हो ।" (सलायतन संयुत्तकिसुक सुत्त) ।

Downloaded from http://dhamma.digital/

माथि उल्लिखित देशनाहरू अनुसार रुप धर्म र नाम धर्महरूमध्येमा चित्त विज्ञान प्रधान र प्रमुख छ । तर भगवान् बुद्धको विचार अनुरुप 'विज्ञान' नित्य ध्रुव असंस्कृत धातु होइन । यो पनि अन्य नाम धर्महरू जस्तै अनित्य र संस्कार  धर्म हो । यो तथ्यलाई नजानी नदेखिकन मिथ्या धारणा भएको साति भिक्षुले भगवान् बुद्धको निन्दा र दोषारोपण भोग्नुपऱ्यो । (म. नि. महातण्हासंखय सुत्त) । त्यसो भएर पनि आजकाल आत्मवाद उपादान भएका व्यक्तिहरूले माथिका देशनाहरूलाई उद्धृत गरी भगवान् बुद्धले आत्मवादलाई स्वीकार गरेजस्तो गरी भन्ने लेख्ने गरेका छन् । चित्त विज्ञान नामरुप धर्मलाई प्रशासन गर्ने मालिक हो । नित्य ध्रुव असंस्कृत धातु हो, मौलिक स्वभावले शुद्ध र परिष्कृत छ । माथि छोपिराखेका क्लेशमलहरूलाई हटाउन सकेमा प्राकृतिक रुपले शुद्ध स्वच्छ रहेको चित्त विज्ञान प्रादुर्भाव भई निर्वाण पुग्न सक्छ भनी विश्वास राख्दछन् ।

त्यसरी विश्वास राख्ने बुद्धवादीहरू बर्मा देशमा पनि छन् । निम्न कथनहरू त्यसरी विश्वास राख्ने एउटा बर्मेली बुद्धवादी विपश्यनाचार्यको ग्रन्थबाट उद्धृत गरेको उद्धरण हो ।

"यो विज्ञान भन्ने चित्त यथार्थ परमार्थ धर्म हो । त्यो परमार्थ चित्त विज्ञान दुई प्रकारका छन् । ती दुईमध्ये विज्ञान स्थिति विज्ञानचर्या प्रकृति परिशुद्धि भन्ने चित्तविज्ञान मध्यविज्ञान भएको कारणले दृष्टिसित सम्प्रयुक्त छैन । प्रकृति मात्र भई परिशुद्ध र परिष्कृत छ । संसार भन्ने प्रतीत्यसमुत्पादभित्र पर्दैन । कारण प्रत्यय रहित भएको विज्ञान हो । त्यो विज्ञानमा चार भूतरुप भन्ने राजप्रासाद छ । त्यो विज्ञानलाई महाराजको उपमा दिई उपदेश गर्नु भएको छ । त्यो विज्ञानलाई प्रतीत्यसमुत्पाद भित्र घुसारी स्कन्ध, आयतन, धातु, सत्य समूहमा राख्नु हुन्न । त्यो विज्ञानलाई उद्देश्य गरी वकब्रम्हालाई मूलपण्णास पालिमा विञ्ञाणं अनिदस्सनं अनन्तं सब्बतो पभं भनेर र पटिसम्भिदामग्ग पालिमा पकति परिसुद्धमिदं चित्त भनेर फेरि विञ्ञाणं मज्झे, विञ्ञाणंठिति भनेर उपदेशगर्नु भएको छ ।"[1] *१. ऊ ञ्यन् "पञ्ञानेत्ति विपस्सना ग्रन्थ", पृष्ठ १५४-५५ ।*

महायान बुद्धवादीहरूको संस्कृत पिटकवाङ्मयमा पनि आत्मवादसित सम्मिश्रण गरी अभिप्राय धारणा मिथ्या हनु सक्ने सुत्तन्त देखनाहरू छन् । योगाचार भन्ने पुरानो महायान गणले आलय विज्ञान नाम भएको एक प्रकारको विज्ञान धातुलाई विश्वास गर्छ । त्यो धातु सदा स्थिर भई निरन्तर रुपमा परिवर्तन नभई शुद्ध स्वच्छ भएको धातु हो । त्यस अतिरिक्त सम्पूर्ण महायान गणले मनुष्य प्राणीहरूमा बोधिज्ञान बीज धातु छ भनी विश्वास गर्छन् । त्यो बीज धातु प्राकृतिक रुपमा निर्मल शुद्ध भइरहेको धातु शक्ति भएको कारणले प्रत्येक मनुष्य एक न एक दिन बुद्धत्वमा पुग्न सक्छ भन्छन् । त्यो धातु शक्तिलाई संस्कृत पिटकमा आएको महापरिनिब्बान सुत्तमा महोत्तम भनेर र तथागतगर्भ भनेर भनिराखेको छ ।

त्यसो भएता पनि योगाचार गणले आलय विज्ञान धातुलाई ब्राम्हणहरूले विश्वास गरेको आत्मा हो भन्दैनन् । तथागतगर्भ पनि उपनिषद् ग्रन्थमा आएको आत्मा नभएको कारण महायान बौद्ध ग्रन्थहरूमा स्पष्ट रुपमा देखाइएको छ ।

निम्न कथनहरू एउटा महायान सुत्तन्त देशनाबाट उद्धृत गरेको उद्धरण हो ।

Downloaded from http://dhamma.digital/

"त्यसबेला बोधिसत्व आयुष्मान् महामतिले तथागतलाई "भन्ते, प्राकृतिक रुपमा शुद्ध र स्वच्छ भई प्रज्वलित र प्रकाशित भएको प्रत्येक मनुष्य सत्वको सन्तानमा रहेको भनिने तथागतगर्भ तैर्थिकहरूले परिकल्पना गरिने नित्य, ध्रुव, असंस्कृत धातु हो भनिएको आत्मासित कसरी फरक परेको छ त ? भनी निवेदन गऱ्यो । त्यस अवस्थामा तथागतले 'हे महामति, तथागतगर्भ आत्मासित धेरै फरक छ । मैले (तथागतले) पृथग्जन सत्वहरूलाई अनात्मवादप्रति निडर रहन तथागतगर्भको उपदेश गरेको हुँ । वास्तवमा आत्मवाद मिथ्या र भूल नै हो । तर मैले अनात्म धर्मलाई विभिन्न तरिकाले उपदेश गर्छु । कहिलेकाहीँ तथागतगर्भ धर्मको उपदेश गरी कहिलेकाहीँ अनात्मधर्मको उपदेश गर्छु । तथागतगर्भ धर्मको उपदेश गर्दा मैले तैर्थिकहरूलाई मुक्त गराउन चाहन्छु । त्यसरी उपदेश समेत गरेन भने यथार्थ रुपमा प्रकट नभएको आत्मालाई विश्वास गरिरहने व्यक्तिहरूमा कसरी सही दृष्टि लाभ हुन सक्लान् र ? त्यसकारण तिमीहरूले तैर्थिकहरूको आत्मवादलाई प्रतिकार गर्न अनात्म धर्म र तथागतगर्भ धर्मलाई जान्नु र बुझ्नु पर्दछ भनी आज्ञा गर्नुभयो ।"[१] ***1. Yamakami Sogen, "Systems of Buddhist Thought", PP. 26–72.***

भगवान् बुद्ध र कोही कोही ब्राम्हणहरूको धर्म छलफललाई उल्लेख गर्ने सुत्तन्त देशनाहरूमा अनात्मवाद विषयलाई हामी देख्दैनौं । त्यसरी नदेख्नु Mrs. Rhys Davids ले धारणा राखेजस्तै आत्मवादलाई भगवान् बुद्धले स्वीकार्नु भएको कारणले हो भनी धारणा राख्नु योग्य छैन । त्यस युगका कोही कोही ब्राम्हणहरू आजकालका धेरै बुद्धवादीहरूजस्तै अनात्म धर्ममा दिलचस्पी नरही भगवान् बुद्धप्रति श्रद्धा र गौरव भएका व्यक्तिहरू भएमा हुनसक्ने छन् । त्यस अतिरिक्त भगवान् बुद्धले मनुष्य सत्वहरूको ज्ञान परिपक्वता वा अपरिपक्वतालाई हेरी उपदेश गर्नुहुने भएकोले आत्मवादप्रति अति तीव्र रुपमा उपादान रहेका कुनै कुनै ब्राम्हणहरूलाई अनात्म धर्म जानी जानी उपदेश गर्नु नभई त्यसै रहेमा रहने पनि हुनेछ ।

Mrs. Rhys Davids ले भगवान् बुद्धले सबैजसो मानिसहरूले स्वीकारी विश्वास गरिरहेको आत्मवादसित प्रतिपक्ष भएको अनात्मवादलाई उपदेश गर्नु हुने छैन भनी भन्छिन् । भगवान् बुद्धमा धेरै मानिसहरूको दोषरहित परम्परागत विश्वासहरूलाई कति पनि आलोचना नगरी मौन रहनु हुने बानी रहेको अवश्य हो । तर भगवान् बुद्धको दृष्टि अनुरुप आत्मवाद त्यसरी निर्दोष रहेको वाद होयन । तसर्थ Darwing, Martin Luther आदि व्यक्तिहरूले समेत बहुजनको विश्वासलाई क्रान्ति गरी आ-आफ्ना सिद्धान्त र वादलाई उल्लेख गरेर भन्छन् भने भगवान् बुद्धजस्तो विश्व आजानेय्य व्यक्तिले मनुष्यप्राणीहरूलाई अनर्थ गराउने मिथ्यावादको रुपमा आफूले देखे जाने बुझेको आत्मवादलाई किन क्रान्ति र संघर्ष नगरी रहनु हुनेछ त ?

भ्गवान् बुद्धले ब्राम्हणहरूको आत्मवादलाई क्रान्ति वा संघर्ष गर्दा धेरै सफलता प्राप्त गर्नु भएको थियो । त्यसरी सफल हुनु त्यो क्रान्ति वा संघर्ष युग, समय, देशसित उचित र अनुकूल हुनुको अतिरिक्त भगवान् बुद्ध उपदेश र अनुशासन गर्नमा अति नै दक्ष हुनु भएको कारणले हो । इसापूर्व छैठौं शताब्दी युगको भारतीय मध्यदेश ब्राम्हणहरूको प्रभावशक्ति प्रभुत्व अझ पनि फैलन नपाइएको देश थियो । त्यसबेला भारतीयहरूले धार्मिक क्षेत्रमा स्वतन्त्रपूर्वक चिन्तन मनन गर्नुलाई

Downloaded from http://dhamma.digital/

रुचाउँथे । यस किसिमको परिस्थितिमा भगवान् बुद्धले मानिसहरूको मनोभावना चरित्र हेरी चतुर र दक्षतापूर्वक उपदेश गर्नु भई सफल हुनु धेरै अचम्म लाग्दो छैन ।

त्यस अतिरिक्त हामीले विचार गर्नुपर्ने एउटा कारण छ । त्यस अवस्थाको भारतमा धेरैजसो मानिसहरूले उपनिषद् ग्रन्थमा आएको आत्मवादलाई स्वीकारी विश्वास गर्थे नै भनौं; त्यो आत्मवादलाई अस्वीकार गरी विभाजन र परिचालन गर्ने व्यक्तिहरू पनि बुद्ध प्रादुर्भाव हुनु अगावै नै भएका हुन सकिने छ । यो तथ्यसित सम्बन्ध राखी रुसी प्रज्ञाविद् प्राध्यापमक Stcherbatzky ले निम्म प्रकारले लेखेको थियो ।[१] *1. T. Stcherbatzky, "Central Conception of Buddhism", P.56*

प्राध्यापक Jacobi[२] *2. Professor Jacobi* ले सबैभन्दा पुराना उपनिषद् ग्रन्थहरूमा नै आत्मवादसित प्रतिपक्ष भएको सिद्धान्तहरूलाई उल्लेख गरिराखेको छ भन्छ । अनात्मवादले बुद्ध प्रादुर्भाव हुनु अगावै पनि भारतमा बीजारोपण गरेमा गर्न सकिने छ । महावीरले जैनवादलाई सर्वप्रथम आविष्कार गरेको थिएन । उनी प्रादुर्भाव हुनुभन्दा अघि रहिरहेकै वादलाई नयाँ मरम्मत गरी उपदेश गरेको थियो । त्यस्तै भगवान् बुद्धले पनि अघि रहिसकेको धर्मलाई मरम्मत र प्रबन्ध मिलाई उपदेश गर्नु भएको भएमा हुन सकिने सम्भावनाछ । भगवान् बुद्धले आफ्नो धर्म नयाँ होइन; अतीतका तथागतहरूको धर्म नै हो भनी भन्नु भएको थियो । यो कथनको पृष्ठभागमा अनात्मवाद सम्बन्धी एक न एक ऐतिहासिक घटना हुनुपर्दछ ।

“बुद्ध प्रादुर्भाव हुनुभन्दा अगाडि रहिरहेको अति प्राचीन एउटा उपनिषद् ग्रन्थमा अनात्मवादसित समान भएको एउटा वादलाई निर्देशित गर्ने एउटा कथन छ । कथकोपनिषद् नामको त्यो उपनिषद् ग्रन्थमा आत्मवादसित प्रतिपक्ष भएको एउटा वादको उल्लेख छ । मरुभूमिमा वर्षिने वर्षापानी निरर्थक भएजस्तै त्यो वादलाई स्वीकारी विश्वास गर्ने व्यक्ति निरर्थक हुनेछ भनी त्यो ग्रन्थले भनेको छ ।”

माथिको धारणा केही हदसम्म सही हुनसक्ने छ । जुनसुकै युग र जुनसुकै देशमा किन नहोस् बहुजनको विश्वासलाई अस्वीकार गरी विभाजन र परिचालन गर्ने व्यक्तिहरू कम वा बेसी भइरहने स्वाभाविक नै हो । त्यस अतिरिक्त मानिसहरूको पुरानो परम्परागत विचारधारालाई सच्याइने र परिवर्तन गराइने एउटा वादले यस्तो नामधारी एउटा व्यक्तिलाई प्रारम्भ गरी प्रादुर्भाव भएर आएको छ भनी सुनिश्चित रुपमा सीमाना राखी भन्न दुष्कर छ । Darwin Evolution वादलाई उल्लिखित गरी व्याख्यान गर्ने व्यक्ति हो भनी स्वीकारिराखेता पनि Alfred Russel Wallace भन्ने प्रज्ञाविद्ले Darwin को अघि पछि केही समय नबित्दै त्यस वादलाई देखी बुझी; केही पुराना प्रज्ञाविद्हरूले पनि Evolution को विषयलाई केही अंशमा जाने बुझेका थिए । Martin Luther रोमको पोपलाई खुलस्त रुपमा विरोध र क्रान्ति गरेर चुनौती दिई आएको व्यक्ति भएतापनि त्यो प्रादुर्भाव हुनुभन्दा अगावै नै रोमका शासनाधिकारीलाई र क्रिश्चियन संघसंस्थालाई दोषारोपण र आलोचना गर्ने व्यक्तिहरू भइसकेका थिए । त्यस्तै नै भगवान् बुद्धले अनात्मवादलाई सर्वप्रथम खुलस्त रुपमा उपदेश गर्नु भएको सही भएतापनि स्वन्त्रतापूर्वक चिन्तन मनन गरेर त्यो वादतिर अनजान रुपमा बामे

Downloaded from http://dhamma.digital/

सरिरहेका व्यक्तिहरू बुद्ध प्रादुर्भाव हुनु अगावै नै भएमा हुन सकिने सम्भावना छ । यो तथ्य बुद्धको अनात्मवादलाई बहुजनले स्वीकार्नुको एउटा कारण भएमा हुन सकिनेछ ।

कसैले अनात्मवाद कर्मवाद, पुनर्जन्मवाद आदिहरूसित विरोधी भएको कारणले त्यो वाद बुद्धको वाद हुन सक्दैन भन्छन् । तर अनात्मवाद नास्तिकवाद नभएको कारणले त्यसरी प्रतिपक्ष हुन सक्दैन । त्यस अतिरिक्त यदि भगवान् बुद्धले स्वीकार्नु भएको भवसंसार ब्राम्हणहरूले बुझ्केको भवसंसारसित समान भएमा अनात्मवादसित सम्बन्ध जोड्न मुश्किल हुनेछ । अहिले त त्यसरी समान नभई धेरै फरक परेको कारणले हामीले होश राख्नु योग्य छ ।

अनात्मवादलाई सही बुद्धवाद नभएजस्तो गरी भन्ने, लेख्ने व्यक्तिहरूले प्रायशः निःसन्देह त्यो वादलाई नरुचाएको कारणले त्यसरी भन्ने र लेख्ने गरेका हुन् । अनात्मवादलाई केही युरोपेली प्रज्ञाविद्हरूले र बुद्धवादीहरूले तिरस्कार गर्नु युरोपीय बुद्धवादी एउटा ग्रन्थकारले धारणा राखे अनुरुप "वतमान युगका युरोपीय नागरिकहरूमा आत्मउपादान बढी हुनु र स्थावर आत्मविज्ञानलाई स्वीकार गर्ने क्रिश्चियन धर्मको प्रभाव अलग्ग नभई सक्नुको लक्षण हो ।"[१] ***1.Conze, "Buddhist Thought in India", P.122.*** तिनीहरूले भगवान् बुद्धलाई श्रद्धा राखी वहाँले उपदेश दिनुभएको धर्मलाई रुचाउँछन् । तापनि अनात्मवादलाई स्वीकार गर्न नसकेकोले प्रशस्त पिटक देशना साधक प्रमाण ऐतिहासिक साधक प्रमाणहरूलाई पिठ्युँ फर्काई भगवान् बुद्धले त्यो वादको उपदेश गरिने छैन भनी दृढतापूर्वक धारणा राख्ने गरेका हुन् ।

यो तथ्य Mrs. Rhys Davids को कथनद्वारा स्पष्ट छ । 'यदि बुद्धवाद अनात्मवाद भएमा त्यसरी आशा र भरोसा लिन अयोग्य भएको वादले कसरी मानिसहरूको मनोवृत्तिलाई आकर्षित गर्न सक्ने होला नि ? मानिसहरूको शरण र प्रतिष्ठा भएको वाद हुनसक्ने होला नि ? त्यो वाद कुनै कुनै दर्शनाचार्यहरूको निमित्त राम्रो लागेमा राम्रो लागिने छ । प्रत्येक व्यक्तिले स्वीकार्न सक्ने वाद हुन त दुष्कर नै छ । आत्मा छैन भन्नु एउटा सानो बच्चालाई समुद्रमा फाली सहयोग नदिइकनै आफ्नो शक्ति सामर्थ्यले घाटतिर पौडी खेलाउनु जस्तो छ । मानिसले धर्ममा आफू भन्दा बढी शक्तिशाली भएको चीजलाई खोज्नु स्वाभाविकै छ'[१] ***1. Mrs. Rhys Davids, "Wayfarer's Words", P.108.*** भनी Mrs. Rhys Davids ले लेखेकी छिन् ।

अनात्मवाद प्रत्येक व्यक्तिले स्वीकार्न सक्ने वाद नभएको सही छ । तर भगवान् बुद्धको पालादेखि लिएर आजसम्म धेरै बुद्धवादीहरूले अनात्मवादलाई स्वीकारी विश्वास गर्दै आएका छन् । अनात्म धर्मलाई प्रधानता दिई उपदेश गरेको बुद्धवादको कारणले मानसिक सुख शान्ति रहिआएको छ । आत्मालाई हटाई आफूलाई मात्र आधार लिन गहन रुपमा उपदेश गरेको भगवान् बुद्धको अववाद अनुशासन अनुरुप आचरण र अभ्यास गरी ज्ञानी गुणी सभ्य सुसंस्कृत भई श्रेणी उचलिआएका छन् । स्वास्तवमा Mrs. Rhys Davids ले बुद्धशासनको सफलता, उन्नति र वृद्धि हुनुलाई विरोध गरेकी होइन । आफ्नो आत्मवाद उपादानको कारणले मात्र त्यो सफलता र उन्नति वृद्धि अनात्मवादको कारणले हुन सक्तैन; आत्मवादको कारणले मात्र हुनेछ; त्यसकारण बुद्धवाद आत्मवाद हुनुपर्छ भनी 'मेरो गोरुको बाह्रै टका' को रुपमा दृढतापूर्वक सम्झिराखेकी हुन् । २५००

Downloaded from http://dhamma.digital/

वर्ष बितिसकेको बुद्धवादको इतिहासको लहरै नगण्य प्रमाणको स्वल्प वज्जीपुत्तक गणिकहरूलाई बाँकी छाडी सबै बुद्धवादीहरू अनात्मवादीहरूमात्र भई रहनु बुद्धवादको उन्नति र वृद्धि ती अनाम्तवादीहरूमाथि आधारित भइरहनुलाई भने रत्तिभर पनि स्पष्ट पारेर देखाउने गरेनन् ।

अनात्मवाद विषयलाई लेख्दा कुनै कुनै पश्चिमी नागरिकहरू Mrs. Rhys Davids जति पिटकवाङ्मयमा व्यापक अध्ययन नभए पनि बढी स्पष्ट र इमान्दार छन् । फ्रेन्च प्रज्ञाविद् Barthelemy Saint Hilaire ले उनले लेखेको बुद्धवाद विषयक किताबमा अनात्मवादलाई निन्दा र उपहास गरेको छ । तर त्यो वाद बुद्धवाद होइन भनी भनेनन् । त्यस वादद्वारा बुद्धशासनले मनुष्यहरूलाई लाभ पुऱ्याएको कारणलाई पनि निम्न रुपले स्वीकारेको छ -

"आश्चर्य र अद्‌भूत लाग्दो कुरा के छ भने यो अनात्मवादले मानिसहरूको सबभन्दा तीव्र स्वभाव छन्द र मनोभावनालाई प्रकम्पित र आन्दोलित पारेता पनि यसलाई स्वीकारी विश्वास गर्ने मानव जातिलाई उन्नति र वृद्धि गराउनु हो । ती मानव जातिहरूले अनात्मवादलाई स्वीकारेर प्रज्ञाज्ञान बढी वृद्धि गर्दै ज्ञानी, गुणी, सभ्य, सुसंस्कृत हुँदै श्रेणी उच्च बनाउँदै आए ।"[१] ***1. J. Barthelemy Saint–Hilaire, Op. Cit., P.14.***

## (ग) अनात्मवाद र आधुनिक प्रज्ञाविद्‌हरूको दृष्टि

अनात्मधर्मलाई राम्ररी जान्न चाहने व्यक्तिले सर्वप्रथम अनित्य धर्मलाई जरैदेखि देख्नु र जान्नु आवश्यक छ । अनित्य धर्मलाई देख्नु र जान्नु सजीव एवं निर्जीव वस्तुहरूको विनाशशील स्वभाव र मनुष्य प्राणीहरूको जरामरण स्वभावलाई देख्नु जान्नु मात्र नभई यो चक्रवालमा स्थिर भएको नित्य ध्रुव स्वभाव शून्य भएको कुरालाई पनि राम्ररी जान्नु र बुझ्नु हो ।

पुराना पश्चिमी नागरिक प्रज्ञाविद्‌हरूमध्ये त्यसरी अनित्य धर्मलाई देख्ने, जान्ने, बुझ्ने प्रज्ञाविद् त Heraclitus हो । Heraclitus युरोप महाद्वीपमा बुद्धसित समकालीन जस्तो भई त्यही युगमा प्रादुर्भाव भएका ग्रीक प्रज्ञाविद् हुन् । उनको विचारधार अनुसार संसारमा जुनसुकै विषयवस्तु किन नहोस् कहिल्यै पनि स्थिर रहिरहेको छैन । सजीव निर्जीव सबै पदार्थ निरन्तर परिवर्तन भइरहेका छन् । सबभन्दा शान्त रहेको भौतिक चीज पदार्थभित्र पनि हामीले नदेखिने परिवर्तन र गति छ । त्यसकारण जुनसुकै चीज पदार्थ भए पनि त्यो चीज पदार्थ पहिलो सेकेण्ड पछिको दोश्रो सेकेण्ड एक समान छैन । उदाहरणको रुपमा - हामीहरू एउटा नदीभित्र एक पटकभन्दा बढी ओर्लन सक्दैन । किनभने एकचोटी ओर्लि घाट माथि फेरि चढेर तुरन्त ओर्ले नै भनौं त्यो दोश्रो बार ओर्लेको नदी लौकिक व्यवहारको कुरा अनुसार पहिले ओर्लेको नदी भनिएता पनि परमार्थ हिसाबले अर्को एउटा नदी भइसक्यो । यसरी Heraclitus ले अनित्य धर्मलाई राम्ररी देखे, जाने र बुझेको थियो ।

Downloaded from http://dhamma.digital/

आधुनिक युगमा त वैज्ञानिक शिक्षा उन्नति र विकास भएको कारणले चक्रवाल (ब्रम्हाण्ड) मा अनित्य धर्मले प्रभुत्व जमाइरहनु बढी स्पष्ट हुँदै आएको छ । यहाँनिर विश्व प्रसिद्ध यथार्थवादी प्रज्ञाविद् Bertrand Russell को लेखलाई उल्लेख गर्दैछु । "यदि तिमीले यो कुर्सी हिजोको कुर्सी हो भनेर तिम्रो कुरालाई स्पष्ट पार्न चाहेमा तिमीले पुरानो रुपवेद (भौतिक शास्त्र) प्रज्ञालाई उद्धृत गरी स्पष्ट पार्नु पर्नेछ । सूर्यको ताप अत्यधिक हुँदैन । धातुवेद (रसायन शास्त्र) विषयवस्तुहरू पनि सामान्य रुपको भएमा पुरानो रुपवेद प्रज्ञाद्वारा परीक्षण गरी जान्न पाइएका तथ्यहरू कम वा बढी सही हुन्छ । त्यसकारण यो कुर्सी हिजोको कुर्सी हो भनी भन्दा पुरानो रुपवेद प्रज्ञा अनुरुप त्यसरी भनेको हो भनी तिमीले स्पष्ट पार्नु पर्नेछ । तर यो कुरा एकदम सही नभएको लौकिक व्यवहार कुरा मात्र हो । वास्तवमा भन्ने हो भने कुर्सीको सबभन्दा सानो अङ्गप्रत्यङ्ग समेत एक सेकेण्डलाई लाख भागमा टुक्रा पारी एक भाग जतिको समयभित्रमा परिवर्तन भइरहेको छ । यसलाई हिजोको कुर्सी हो भन्नु आजको अंग्रेज जाति एलिजावेथ महारानीको पालाको अंग्रेज जाति हो भन्नु जस्तै हुनेछ ।"[१]

***1. Bertrand Russel, "Portraits from memory and other essays", PP. 145-46.***

अनित्य धर्मलाई गम्भीर रुपमा निरीक्षण र परामर्श गर्ने व्यक्तिले अनात्म धर्मलाई देख्न जान्न धेरै मुश्किल हुने छैन । पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरूले अनित्य धर्मलाई अध्ययन र निरीक्षण गर्दागर्दै अनात्म धर्मलाई बुझ्रेर आए । ती प्रज्ञाविद्हरूमध्येमा अनात्म धर्मसित अति सामीप्य रहेका कुराहरूलाई सर्वप्रथम भन्ने र लेख्ने व्यक्ति त ख्यातिप्राप्त फ्रेन्च यथार्थवादी आचार्य Hengry Bergson हो । Bergson ले यी चक्रवालमा परिवर्तन हुनु मात्र परमार्थ धर्मको रुपमा रहिरहेको घटनालाई उनको एउटा ग्रन्थमा पूर्ण र निश्चित रुपमा वर्णन गरी लेखिराखेको छ । उनले चक्रवालभित्र भएभरका चीज पदार्थहरू निरन्तर परिवर्तन भइरहेको छ भन्ने कुरालाई समेत स्वीकार नगरी चीज पदार्थहरू छैन; परिवर्तन मात्र छ भने । उनका लेखाईहरू अनात्मवादलाई धेरै सघाउ पुऱ्याउने लेखाईहरू हुन् ।

Bergson ले चित्तविज्ञानको स्वभाव र आकार प्रकारलाई अध्ययन, मनन र परामर्श गरी चक्रवालमा परिवर्तन हुनु अनित्य धर्ममात्र रहेको कुरा निम्न प्रकारले लेखेको थियो ।

'हामीहरूले मानिसहरूमा चित्तविज्ञान छ; त्यो चित्तविज्ञानले हर्ष मान्नु, शोक मान्नु, आशा गर्नु, इच्छा गर्नु र प्रार्थना गर्नु आदि चित्त उत्पत्ति क्रमहरूलाई सामना गरी अनुभव गर्छ भनी सम्झिराखेका छौं । तर एउटा चित्त निरन्तर परिवर्तन भइरहेको छ । हामीहरूले त्यो परिवर्तनलाई नदेखेको नजानेको कारणले नै चित्तक्रम छ; ती चित्तक्रमहरू एक पछि अर्को लगातार उत्पन्न हुन्छ भनी भन्छौं । ती चित्तहरूलाई अनुभव गर्ने परिवर्तन नभई स्थिर रहेको विज्ञान (वा) आत्मा छ भनी विश्वास गर्छौं । तैपनि परिवर्तन नभएको कुनै चित्त नभए जस्तै परिवर्तन नहुने आत्मा भन्ने वस्तु छैन । हामीहरूले जतिसुकै चिन्तन गरी विचार गरेतापनि परिवर्तन नहुने आत्मालाई रोजेर पाइने छैनौं । वास्तवमा त आत्मा अथवा कुनै एक चीज परिवर्तन हुन्छ भनी भन्नु नै मिथ्या हो । किनभने एकक्षण नबिराई नित्य परिवर्तन भइरहेको चक्रवालमा कुनै एक वस्तु अथवा आत्मा छैन; परिवर्तन मात्र छ ।"[१] ***1. Henry Bergson, "Creative Evolution", C. E. M. Joad, "Guide to Philosophy", PP. 178-80.***

Downloaded from http://dhamma.digital/

त्यसकारण Bergson को मतानुसार चित्तहरूमात्र छन् । ती चित्तहरूलाई समूह पार्ने जोड्ने नित्य स्थिर ठोस विज्ञान छैन । उपमा चित्तहरू-जपमालाको गेडा समान भए त्यो चित्त भन्ने जपमालाका गेडाहरूलाई जोड्ने विज्ञान बन्ने मालाको सूत्र छैन । अर्को विधि अनुसार चित्तहरूको उत्पतिक्रम नदीको पानीको धारा जस्तो छ । कुनै एक चीजको रुपमा कहिल्यै स्थिर नरही सदैव परिवर्तन गइरहेको छ । यो तथ्यलाई स्पष्ट पार्न Bergson ले चित्त उत्पत्तिक्रमलाई सिनेमा स्क्रिनमाथि हलचल र हिंड्डुल गरेका छाँया संस्थानहरू वास्तवमा अलग अलग छुट्टिएका निर्जीव तस्वीरहरू एक ठाउँमा जोडिराखेको फिल्मको चक्कालाई सिनेमा देखाउने मेशिनद्वारा अतिवेगले घुमाई देखाइएको कारणले उत्पन्न भएको हो । त्यस्तै मानिसमा एकदिन नबिराई परिवर्तन भइराखेको नामरुपस्कन्ध भएता पनि सन्तति प्रज्ञप्तिले छोपिराखेको कारणले एकसाथ लगातार उत्पत्ति र स्थिर भइरहेको भान हुन्छ ।

यसरी मानिसहरूको नामधर्म एक साथ एकमुष्ठ एक घन भई स्थिर रहने होइन (वा) नित्य आत्मविज्ञान नरही अलग अलग भइरहेका चित्तहरूको लगातार उत्पत्ति हुनु निरोध र विनाश हुनुमात्र भएको कुरालाई आधुनिक रुपवेद प्रज्ञाविद्हरूको Quantum Theory भन्ने एउटा कथनले पनि सहयोग पुऱ्याइएको छ । रुपवेद आचार्यहरूको विचार अनुसार Atom भन्ने अणुको नाभिस्थल Nucleus मा भाले बिजुलीको करेन्टधातु Proton हरू छन् । वरिपरि पोथी बिजुलीको करेन्टधातु Electrons हरू रही ती Electron हरूले, ग्रहताराहरूले सूर्यलाई चक्कर काटी परिक्रमा गरेजस्तै विभिन्न मार्गहरूमाथि Nucleus लाई परिक्रमा गरिरहेको छ । Electron हरूमा एउटा मार्गबाट अर्को मार्गमा उफ्रेर पार तर्ने बानी छ । त्यसरी उफ्रेर पार तर्दा अद्भूत लाग्दो एउटा तथ्य के छ भने Electrons को एउटा मार्ग र अर्को मार्गबीच रहेको खाली ठाउँलाई काटेको लक्षण नदेखाई एउटा मार्गमा निरोध र विनाश भई अर्को एउटा मार्गमाथि प्रादुर्भाव भएर आएको मात्र देखापर्न आउनु हो । अर्को किसिमले भनौं भने नित्य स्थिर Electron भन्ने छैन । Electron हरू अलग अलग रही परिवर्तन भइरहेका विषयहरूमात्र भएको जस्तो देखिन्छ । यो रुपवेद स्वभाव धर्म अनुसार भनौं भने चक्रवाल लोकधातु (ब्रम्हाण्ड) भित्र काल र परिवर्तनलाई अतिक्रमण गरी नित्य भएको उत्पत्ति स्थिति भन्ने छैन । पहिलो उत्पत्ति पछिल्ला उत्पत्तिहरूसित एकदम समान भएता पनि काल र ठोस सार तत्त्वको हिसाबले भिन्न भई एक अर्कोसित सम्बन्ध नभएका घटनाहरूका उत्पत्तिक्रममात्र प्रकट छ भनी सम्फनुपर्ने देखिन्छ ।[१] ***1. C. E. M. Joad, "Guide to Modern Thought", PP. 254-55***

यसरी मनुष्य जीवन भनेको नामधर्म रुपधर्महरूको एक क्षण नबिराई उत्पत्ति र निरोध हुनुमात्र हो भन्ने सिद्धान्त पश्चिमी राष्ट्रहरूमा आधुनिक शिक्षा प्राप्त धेरैजसो व्यक्तिहरूले स्वीकारेको सिद्धान्त भएको छ । अंग्रेज प्रज्ञाविद् C. E. M. Joad ले त त्यस सिद्धान्तको प्रकाश गर्नुलाई आधुनिक अंग्रेजी उपन्यासहरूमा देखा पर्दछ भनेका छन् । कुनै कुनै अंग्रेज उपन्यासकारहरूले छिन्नभिन्न गरी टुक्रिएको उत्पत्तिक्रमसित एक समान भई स्वाभाविकता ल्याउन एउटा उपन्यासको कथानकमा कथावस्तुहरूलाई एक अर्कोसित सम्बन्ध नजोडी भिन्नाभिन्नै पर्ने गरी लेख्न जानेको कुरा साधक प्रमाणहरूसँगै उल्लेख गरी देखाएको छ ।[२] ***2. Ibid, PP. 256-5.***

Downloaded from http://dhamma.digital/

जेहोस्, आत्मवादीहरूले Bergson र रुपवेद प्रज्ञाविद्हरूको कुराको कारणले आफ्ना सिद्धान्तलाई परित्याग गर्ने छैनन् । मानिसको रुपधर्म र नामधर्महरू निरन्तर परिवर्तन भइरहनु अवश्य हो । तर Bergson ले चिन्तामय ज्ञानमात्रले कसरी ती नामरुप धर्महरूको परोक्षमा रहेको वास्तविक परमार्थ धर्मलाई देख्न जान्न सकिने छ र ? त्यस्तै रुपधर्मलाई मात्र गहिरिएर सुनिश्चित रुपमा अध्ययन गर्ने रुपवेदाचार्यले नामधर्मको परमार्थ स्वभावको आकार प्रकारलाई कसरी सम्पूर्ण रुपमा बुझ्न सकिने छ र ? मानिस जस्तो बुद्धिविवेक दक्षता भउको सत्व ठोस द्रव्य सार तत्त्व आत्म रहित भएको नाम रुपधर्म द्वय मात्र हुन सक्ने हो र ? आदि भनी प्रश्न उठाउने छन् ।

मानिस आफूले आफूलाई ठूलो सम्झिने भएर त्यसरी गर्व गर्नु नै आत्मदृष्टि उपादान टाँसिरहनुको मूल कारण रहेको छ । मानिसले आफूभन्दा अति नै निम्न श्रेणीमा झरेका तिरश्चीन पशुहरूमा आत्मा छ कि भनी संशय गर्नु परेमा पनि गर्नेछन् । सत्व प्राणी जगतमा सर्वोत्तम श्रेणी भएको मानिसले आत्मा शून्य छ भन्ने तथ्यलाई स्वीकार्न सक्तैन । मानिस महाब्रम्हाबाट जन्मेको अथवा स्थावर परमेश्वरले विशेष सृष्टि गरिराखेको प्राणी हो । विश्वमा रहेका वृक्ष पानी पृथ्वी तिरश्चीनहरू मानिसलाई लाभ पुऱ्याउन प्रादुर्भाव हुनु परेको हो । यो विश्व मानिसको आधारस्थल वासस्थान भएको कारणले अन्य ग्रह, नक्षत्र, ताराहरूले मानिसहरूको विश्वलाई परिक्रमा गरी गमना-गमन गरिरहेका छन् ।

मानिस यो विश्वमा आउनु परेकोमा कारण र उद्देश्य छ । तसर्थ मानिस मरे पनि निरर्थक हुँदैन । अनित्य धर्म र मरण धर्मले मानिसको नाम रुपधर्मलाई विनाश गरेमा गर्न सक्नेछ । मानिसको सार ठोस धातु रहेको आत्मविज्ञानलाई त विचलित पार्न सक्दैन । चिन्तन मनन गर्नुद्वारा त्यस आत्मविज्ञानलाई यथाभूत रुपमा जान्न सकिने होइन । तर मानिसले राम्रो नराम्रोलाई विभाजन गरी जान्दछ । सत्वलोकमा अतुलनीय अधिपति हो । गान्धीजस्तो साधुसन्तको रुपमा र Einstein,k Shakespeare हरू जस्ता प्रज्ञाविद्को रुपमा पुग्न सक्दछन् । यसरी गुणविशेषले सम्पन्न मानिस नित्य, ध्रुव, असंस्कृत धातु (वा) आत्मा भएको सत्व वा व्यक्ति अवश्य हुनु नै पर्छ ।

यसरी आत्मावाद मानिसहरूको जाति वंश अभिमानमा आधारित थियो । तर विज्ञानले आत्मवादीहरूको धारणाहरूलाई स्वीकार गर्दैन । जति जति विज्ञानको विकास हुँदै आयो, त्यति त्यति ती धारणाहरू बिस्तारै बिस्तारै ढल्किँदै गई मनुष्य प्राणीको अभिमान खस्दै गएको छ ।

मानिसलाई परमेश्वरले अथवा महाब्रम्हाले सृष्टि गऱ्यो भन्ने धारणा वैज्ञानिक आचार्य Charles Darwin को Evolution वादको प्रादुर्भाव कारण धमिल्याउँदै लोप भएर गए । Evolution वादलाई सबैजसो वैज्ञानिकहरूले स्वीकार्छन् । त्यो वादको विचार अनुसार मानव प्राणी जाति समूह पहिले पहिले शुरु शुरुमा तिरश्चीन जाति समूहमा समावेश भई तिरश्चीन जीवन स्थितिबाट श्रेणीगत रुपमा परिवर्तन र विकास हुँदै वर्तमान श्रेणीमा आइपुग्यो । भूमिवेद प्रज्ञाविद्हरू ( भूगर्भशास्त्रीहरू) को अनुमान अनुसार विश्व (पृथ्वी) को आयु दुई र तीन अरब वर्षको बीचमा छ । मानिस कल्पको शुरुवातदेखि एकसाथ एकै समयमा प्रादुर्भाव भएर आएको होइन । मनुष्य प्राणी जाति समूहको आयु साढे दुई करोड वर्षदेखि भइआएको छ भनी प्रज्ञाविद्हरू अनुमान गर्छन् ।

Downloaded from http://dhamma.digital/

त्यसरी मानिस विश्वमा तिरश्चीन जाति समूहहरू प्रादुर्भाव भइसकेपछि धेरै धेरै वर्षहरू बितिसक्दा प्रादुर्भाव भएर आउनु; पहिले पहिले शुरु शुरुमा तिरश्चीन एक जाति समूह भएर आउनु; लाखौं करोडौं वर्ष बितिसक्दा सभ्य दक्ष स्थितिमा पुग्नु मानिसलाई अत्यधिक रुपमा ठूलो सम्भिनुका तथ्यहरू होइनन् ।

नक्षत्रवेद प्रज्ञा (खगोल शास्त्र) ले त भूमिवेद सत्ववेद प्रज्ञा (भूगर्भ र जीवशास्त्र) हरूले भन्दा बढी मानिसको अभिमानलाई झारे । इ. सन् १६१० मा नक्षत्रवेद प्रज्ञाविद् (खगोल शास्त्री) Galileo ले नक्षत्र हेर्ने दूरविनद्वारा हेरी अध्ययन गरिसकेपछि मनुष्यहरूको विश्वलाई सूर्यले परिक्रमा गर्ने होइन । सूर्यलाई मात्र पृथ्वीले परिक्रमा गर्ने हो भन्ने तथ्य घोषणा गऱ्यो । त्यो घोषणाले मानआशक्ति, आत्मआशक्ति भएका मानिसहरूलाई प्रकम्पित र विचलित गराई Galileo ले क्रिश्चियन अधिकारीहरूको दमन खप्नु पऱ्यो । Galileo पछि नक्षत्रवेद प्रज्ञाविद्हरूले लगातार अध्ययन र परीक्षण गर्नुद्वारा आज हामीले पाएको लोकधातु चक्रवालको विषय घटनाहरू पनि अभिमानले छोपी आत्मआशक्ति रहेका मानिसहरूको निमित्त अझ चित्तलाई प्रकम्पित पार्ने भएको छ ।

अत्यन्त विशाल र व्यापक रहेको लोकधातु चक्रवालसित तुलना गर्दा मानिसहरूको पृथ्वी मेरु पर्वत वयरको दाना जस्तै केही पनि प्रकट नभउको चीज हो । महान् वैज्ञानिक James Jeans[१]

*1. James jeans, quated in C. E. M. Joad, "Guide to Modern Thought", PP. 72-74.*

को विचार अनुसार एक सेकेण्डलाई ७ विभाजन गरी त्यसको एक अंश रहेको समयभित्र पृथ्वीलाई एक चक्कर काट्न सक्ने प्रकाशले लोकधातु चक्रवाललाई एक चक्कर काटी हिड्न ११ लाख वर्ष लाग्ने छ । चक्रवालभित्र रहेको नक्षत्र ताराहरूको संख्या एक अरबलाई २० लाखले गुणन गरी; त्यो लब्धाङ्कलाई फेरि एक अरबले गुणन गरेर प्राप्त लब्धाङ्कसित बराबर हुन्छ । अर्को शब्दमा भनौं भने विश्वका सम्पूर्ण समुद्री तटमा रहेका बालुवाकण समूहको संख्यासित बराबर हुन्छ । मानिसहरूको पृथ्वी त्यति प्रमाणमा बढी भएका नक्षत्र ताराहरूमध्येमा सम्मिलित एउटा अंश हो ।

वैज्ञानिकहरूको धारणा अनुसार यो चक्रवाल मूल स्वभावको हिसाबले मानिस र तिरश्चीन प्राणीहरू बसोबास गर्ने चक्रवाल होइन । चक्रवालभित्र सजीव चीज पदार्थहरू उब्जन अनुकूल क्षेत्रहरू अत्यन्त स्वल्प छ । सजीव पदार्थहरू चक्रवालमा आकस्मिक रुपमा त्यसै त्यसै प्रादुर्भाव भएर आई अन्तिम एक दिनमा त्यसै त्यसै निरोध र विनाश हुनुपर्ने नै छ । सत्वलोक प्रादुभार्व भएदेखि निरोध र शान्त भएसम्मको समय हामीहरको दृष्टि अनुरुप वर्षको हिसाबले कोटान्काटी असंख्य र अनन्त भए पनि चक्रवालको आदि अन्त नभएको समयभित्र दाँजेर हेर्दा अत्यन्त छोटो छ भन्नु पर्नेछ । अर्को किसिमले भन्ने हो भने चक्रवालमा सत्वलोकको उत्पत्तिक्रम अन्धकाराच्छन्न आकाशको एक ठाउँमा क्षणिकमात्र प्रकाश उत्पन्न भई विलय भएर गएको जुनकिरीको उत्पत्ति जस्तो र महासमुद्रको एक ठाउँमा उब्जेर आएको बुल्बुलको उत्पत्तिक्रम जस्तो देखिन्छ ।

Bertrand Russell ले विश्व (पृथ्वी) निरवशेष रुपमा निरोध र लोप भई विनाश हुने घटनालाई निम्न प्रकारले लेखेको छ -

Downloaded from http://dhamma.digital/

"विश्व मानिसहरू बसोबास गर्ने ठाउँको रुपमा केही समय बेरसम्म स्थिर रहिरहने छ। सदासर्वदा स्थिर रहिरहने छैन। वायुघन आकाशमाथि शनैः शनैः उडिरहेमा त्यो पनि उडिरहने छ। समुद्री छालको पानीको लहरको कारणले विश्व एक पार्श्वद्वारा मात्र निरन्तर मुखातीब भई विश्वको आधा भाग निकै गरम भई बाँकी आधा भाग निकै शितल भइरहने छ। चन्द्माले पृथ्वीसँग टक्कर खाएमा त्यसले पनि टक्कर खाने छ। यस किसिमका घटनाहरूसित बिल्कुल सामना भएन नै भनौं; Sir James Jeans को विचार अनुसार अन्तिम एक दिनमा सूर्य चकनाचूर भई विश्व विनाश हुनु नै पर्नेछ।"

त्यसरी विश्व विनाश हुन कोटान्कोटी वर्ष आवश्यक छ। त्यो समयभित्र हामीहरूले आगामी भयको निमित्त व्यवस्था गरी तयार रहन सकिन्छ। नक्षत्र विज्ञान र Rocket विज्ञान विकास हुन सकिन्छ। नक्षत्र प्रज्ञाविद्हरूले मानिसहरू रहन सकिने ग्रह फेला पारी मानिसहरू प्रकाशको आवेग जतिको द्रुतगतिले त्यो ग्रह गरेको क्षेत्रतिर जान सकिने छ। तर विज्ञानको जति विकास भएता पनि मानिसहरूले चक्रवालभित्र परिक्रमा र भ्रमण गर्नुद्वारा सत्वलोकलाई निरन्तर जीवन जोडेर रहन सक्ने छैन। किनभने Thermodynamics दोश्रो धर्म नियम अनुसार Energy शक्ति एकदम घनिभूत भइरहेको स्थितिबाट घनिभूत हुनु कम हुँदै गएको स्थितितिर सधैं परिवर्तन भइरहेको कारणले सर्वन्तिम अवस्थामा सत्वलोक निरवशेष रुपमा निरोध र शान्त भएर नै जानेछ।"[१] ***1. Bertrand Russell, "Religion and Science", PP. 217-18.***

यहाँनिर भगवान् बुद्धले Sir James Jeans ले जस्तै एक न एक दिन विश्व (पृथ्वी) सूर्य चकनाचूर भई विनाश हुने कारणलाई उपदेश गरेर जानु भएको कुरा याद राख्नु उचित छ।

"भिक्षुहरू हो, संस्कार धर्म अनित्य हुन्। तिनीहरूमा अति नै उद्विग्न लाग्नु योग्य छ। तिनीहरूबाट मुक्त हुनु योग्य छ। विश्व (पृथ्वी) मेरु पर्वतहरू सातवटा सूर्यहरू उदय भएर आउने बेलामा दन्किएको आगोको गोला हुनेछ। राप र तापले दन्किएर यो महापृथ्वी आगोले विनाश हुनेछ। केही पनि बाँकी रहने छैन। त्यो विषयमाथि आर्यपुद्गलहरूलाई छाडी कसले जान्न र विश्वास गर्न सक्ने होला ?" (अं. नि. सत्तनिपात सत्तसूरिय सुत्त)।

यसरी हामीहरूले चक्रवालमा मानिसहरूको विश्व प्रतिष्ठित हुनु र मनुष्य संसारको स्वाभाविक आकारप्रकार भविष्यको गतिविधिलाई गम्भीर रुपमा निरीक्षण र परीक्षण तथा परामर्श गरेमा म भन्ने अभिमान र सत्कायदृष्टि आशक्ति भइरहनुमा कारण छैन। वास्तवमा इसापूर्व छैठौं शताब्दी युगको भारतमा अनात्मवाद प्रादुर्भाव हुनु चक्रवालको विषय मनुष्य संसारको विषयलाई प्रज्ञाविद्हरूले निरीक्षण र परामर्श गर्नुबाट प्रादुर्भाव भएको हुनसक्ने सम्भावना छ। यो तथ्यसित सम्बन्ध राखी Dr. Rhys Davids ले निम्न अनुसार लेखिराखेका छन्-

"समय र आकाशको असंख्यय्य अप्रमाण अनादि स्वभाव लोकधातु चक्रवालको दाँजोमा हाम्रो विश्व पृथ्वीको किंचित् मात्र पनि अप्रकट स्वभाव; मानिस र तिरश्चीन रुखहरूको पृष्ठभूमि समान भएको स्वभाव; एउटा विश्व विनाश हुन अथवा प्रादुर्भाव हुन आवश्यक समयको अति दीर्घकालीन

Downloaded from http://dhamma.digital/

स्वभाव; लोकधातु चक्रवालभित्र रहेको सम्पूर्ण तत्त्वको निरन्तर परिवर्तन भइरहेको स्वभाव; यो स्वभाव धारणाहरूले त्यस छैठौं शताब्दी युगका भारतीय धर्म सिद्धान्तहरूलाई मरम्मत र निर्माण गरेको हुनुपर्दछ । ती स्वभाव धारणाअरुको कारणले मानिसहरूले भवसंसारमा विचरण गरिरहनु पर्नुको दोष; वर्त दुःखबाट मुक्त हुनुलाई अन्य भूमि स्थानहरूमा आशा राख्न सम्भव हुन नसक्नेलाई र शील समाधि धर्म वृद्धि गर्नुद्वारा यस प्रत्यक्ष जीवनमा मानसिक सुख शान्ति लाभ गर्न आवश्यक भएको तथ्यलाई जाने देखेको हुनसक्छ । युरोपको मध्ययुगमा पनि लोकधातु चक्रवालसित सम्बन्ध रहेको धारणाहरू क्रिश्चियन श्रमणहरूको शासनमा अत्यन्त महत्त्वपूर्ण रहेको थियो । पछिको समयमा हाम्रो विश्व पृथ्वीको प्रतिष्ठित गतिविधि र मनुष्यप्राणीहरू श्रेणीगत रुपमा परिवर्तन भएर आएको कारण नयाँ धारणाहरू प्रादुर्भाव भएर आउँदा हाम्रा धार्मिक विचारधाराहरू पनि एकदम परिवर्तन भएर आए ।

"बुद्धकालीन अवस्थामा चक्रवालको विषयमा मानिसहरूले जानेका तथ्यहरू सहि सलामत थिएन । तर इसापूर्व छैठौं शताब्दी युगको विश्वको अन्य प्रदेशमा रहेको धारणाहरू भन्दा बढी सत्य छ । त्यसकारण त्यस भारतीय युगमा बुद्धवाद प्रादुर्भाव भएर आउनुको कारण धर्महरूलाई अन्वेषण अध्ययन गर्दा त्यस युगका मानिसहरूको चक्रवाल विषयक धारणाहरूको अत्यन्त महत्त्वपूर्ण भूमिका रहेको स्थितिलाई हामीले उपेक्षितभाव राखेमा ऐतिहासिक दृष्टिले भूल हुनेछ ।"[१] **1. T. W. Rhys Davids, "Early Buddhism", PP. 83-84.**

यसरी मानिसले लोकधातु चक्रवाललाई पृष्ठभागमा राखी परीक्षण र अध्ययन गरेमा अमृत ठोस सार आत्मा शून्य रहेको कारण स्पष्ट छ । तर मानिसमा सत्य र मिथ्या, असल र खराबलाई छुट्याएर देख्न जान्न सक्ने शक्ति सामर्थ्य छ होइन र ? त्यो शक्ति सामर्थ्य मानिस र तिरश्चीनलाई छुट्याइराखेको तत्त्व (वा) आत्माको अङ्ग लक्षण हो होइन र ? भनी सोधिनु पर्नेछ ।

अवश्य हो मानिसमा यथार्थ धर्मलाई अन्वेषण र परीक्षण गरी फेला पार्न सक्ने सामर्थ्य छ । त्यस शक्ति सामर्थ्यको कारणले तिरश्चीनहरू भन्दा अति उच्च श्रेणीमा पुगिरहेको हो । तर हामीले मानिसको विवेकलाई प्रमाणभन्दा बढी ठूलो स्थान दिनु उचित छैन । यो विश्वजगतमा विचार विमर्श ज्ञान परिपक्व भएका व्यक्तिहरू स्वल्प छन् । विचार विमर्श ज्ञान छ नै भनौं; त्यस विचार विमर्श ज्ञानद्वारा आवागमन र कामकाज गर्ने व्यक्तिहरू पनि धेरै छैनन् । मानिसहरूले प्रायशः वैचारिक ज्ञानलाई प्रयोग नगरी लोभ, दोष, मोह धर्मलाई अगाडि सारी काम गर्ने गर्छन् । त्यसकारण नै मनुष्यसंसार भूलचुक र स्खलनहरू भरमार भई सुख शान्तिबाट अलग्ग टाढा परिरहेको होइन र ?

मानिसमा स्वाभाविक रुपले व्यक्तिगत आचरण धर्मसित सम्बन्ध राखी असल र खराबलाई त्यसै त्यसै सहज सरल रुपमा छुट्याई देख्न जान्न सक्ने प्रज्ञाज्ञान छ भनी कसै कसैले विश्वास गर्छन् । Mrs. Rhys Davids ले परिनिर्वाणनिरको समयमा भगवान् बुद्धले उपदेश गर्नुभएको धम्मं शरणं आदि पालिमा आएको धम्मं भन्ने पालिपद मानिसको सन्तानमा रहेको असल र खराबलाई छुट्याई देख्न जान्न सक्ने प्रज्ञाज्ञानलाई उपदेश गर्नु भएको हो भनी भनेर त्यो प्रज्ञाज्ञान आत्माको

Downloaded from http://dhamma.digital/

प्रभाव शक्ति हो भनेर लेखेको छ । यसरी धम्मलाई अभिप्राय व्यक्त गर्ने तरिका ठीक वा बेठीक छ भन्नेलाई पन्छाई मानिसहरूमा व्रताचरण धर्म ठीक बेठीक छुट्याई देख्न जान्न सक्ने ज्ञान छ भन्ने सिद्धान्त त आधुनिक प्रज्ञाविद्हरूले स्वीकार्न सकिने छैनन् । व्रताचरण धर्मको क्षेत्रमा मानिसहरूका धारणा दृष्टिकोणहरू एक युगदेखि अर्को युग, एक स्थलदेखि अर्को स्थलमा एक समान नभई समय प्रदेशानुकूल अनुशरण गरी भेदविभेद भइरहेको कारण नृशास्त्रहरूमा साधक नमूना प्रमाणहरू थुप्रै छन् । तसर्थ त्यो असल र खराबलाई देख्नु जान्नु बुझ्नु मानिसहरूको अनुभूति र वरिपरिको वातावरणमाथि निर्भर रहेको तथ्य स्पष्ट छ । आफ्नो स्वज्ञान (वा) आत्माको शक्ति सामर्थ्य (अथवा) बर्मेलीहरूले विश्वास गरेजस्तै आत्मरक्षक देवतामाथि निर्भर छैन ।[१] **१."सही आचरण र मिथ्या आचरण" म्यावदी, फरवरी १९५६ ।**

त्यसरी मानिसहरूले प्रज्ञाज्ञान वृद्धि भई मानिसलाई प्रमाणभन्दा बढी ठूलो सम्झनु शनैः शनैः कम भएर आएको अवस्थामा आत्मवादको पनि बिस्तारै बिस्तारै स्थिति ढल्किँदै आएको छ । आत्मवादलाई सर्वप्रथम विभाजन र परीक्षण गरी दोष देख्ने पश्चिमी राष्ट्रको प्रज्ञाविद् अठारौं शताब्दी युगको अंग्रेज दर्शनाचार्य David Hume हो । David Hume को लेखाई पालिपिटकमा आएका कुराहरूसित एकनाश भइरहनु अचम्मलाग्दो छ । उनको धारणालाई संक्षिप्त र सारांश रुपमा मात्र उल्लेख गर्नेछु ।

"आत्मालाई कारण गरी उत्पन्न भएका एक न एक चित्त यदि भएको थियो भने; त्यो चित्त हामीहरूको सम्पूर्ण जीवनभर परिवर्तन नभइकनै निरन्तर स्थिर रहनु पर्नेछ । किनभने आत्मा त्यसरी निरन्तर स्थिर रहेको तत्त्व हो । तर निरन्तर स्थिर चित्त भने छैन । ............... आत्मा छ भन्ने धारणा हाम्रो आफ्नो व्यक्तिगत ज्ञानसित प्रतिपक्षी छ । मैले आफ्नो व्यक्तिगत विषयलाई गम्भीर रुपमा अध्ययन प्रत्यवेक्षण गर्दा गरम हुनु, चिसो हुनु, प्रेम हुनु, घृणा हुनु, हर्ष हुनु र विस्मात हुनु आदि चित्त चैतसिकहरूमात्र देख्नमा आउँछ । चित्त चैतसिक अलग्ग भएको आफूलाई कहिले पनि खोजेर मिल्दैन । निद्रा लागि चित्त सन्तति रोकिरहेको अवस्थामा मैले आफ्नो व्यक्तिगत विषयलाई केही पनि नजानिएको हुनाले आफू रहेन भनेर नै भन्न सकिन्छ । त्यसकारण मनुष्यप्राणी हाम्रो ज्ञानले भेट्टाउन नसकिने गरी अत्यन्त वेगवान् भई एकपछि अर्को लगातार उत्पत्ति विनाश भएर निरन्तर परिवर्तन र प्रकम्पन भइरहेका चित्तहरूको समवाय मात्र हो ।"[1] **1. Quated in C. E. M. Joad, "Guide to Philosophy", PP. 230-31.**

आजकाल चित्तवेद (मनोविज्ञान विद्या) प्रज्ञाविद्हरूले पनि आत्मवादलाई तिरस्कार गर्छन् । चित्तवेद प्रज्ञाले मानिसमा चाल चलन चिन्तना कल्पना आशा छन्दहरूलाई व्यवस्था र सृष्टि गर्ने आत्मविज्ञान छ भन्ने सिद्धान्तलाई स्वीकार गर्दैन ।

मानिसहरूले आत्म उपादान भएको कारणले मैले गर्छु; मैले चिन्तना गर्छु; म चाहन्छु भनी विचार गरिरहन्छन् । पारस्परिक रुपमा त्यसरी विचार गरिरहेको कारणले पनि सत्कायदृष्टिलाई हटाउन र पन्छाउन नसकेका हुन् । चित्तवेद प्रज्ञाले मानिसहरूको क्रियाकलाप कल्पना चिन्तना इच्छा रहनुलाई निर्माण गर्ने कर्ता वा आत्मालाई विचार गर्दैन । मनोवैज्ञानिकरुको विचारधारा

Downloaded from http://dhamma.digital/

अनुसार मानिसको क्रियाकलाप कल्पना चिन्तनाहरू प्रायशः मैथुन चित्त, भय चित्त, भवप्रति आशक्त भएको चित्त, साथीभाईहरूसित बस्न चाहने चित्त आदि जन्मजातचित्त (Instinct) हरूको कारणले उत्पन्न भएका हुन् । अन्य क्रियाकलापहरू अभ्यास र आचरणको कारणले हुन्छ । मानिसहरू आ-आफूमा वर्षौं, महिनौं दीर्घकालसम्म टाँसिरहने वासना आचरणहरूका दासदासी अनजानको रुपमा भइरहेका छन् । Psychoanalysis मनोविज्ञान अनुसार भनौं भने हामीहरूको मनोविज्ञानको तल्लो भागमा हामीले नजाने तापनि अत्यन्त प्रभावकारी चित्तहरू छन् । हामीहरूमा यिनीहरूमाथि प्रभुत्व नरही तिनीहरूले अह्राए पह्राए बमोजिम हामीले कामकाज चिन्तन मनन गरिरहनु पर्दछन् ।[१] **१. "अनजान चित्त", म्यावदी, मार्च १९५७ । "मनुष्यको बन्धन र स्वतन्त्रता", म्यावदी, अक्टोबर १९५७ ।**

जन्मजात चित्तसित सम्बन्ध राखेर कुनै कुनै मनोवैज्ञानिकहरूमा अहिले अर्को किसिमको धारणा परिवर्तन भएर आएको सही छ । Psychoanalysis सिद्धान्तलाई आधुनिक सबै प्रज्ञाविद्हरूले एकजुट भई समर्थन नगर्नु सही छ । तर जन्मजात चित्त र अन्जान चित्तहरूले मानिसहरूको क्रियाकलाप चिन्तन मननलाई धेरै मर्मत र निर्माण गरको कारणलाई भने हामीले तिरस्कार गर्न सकिन्न । जेहोस्, आधुनिक मनोविज्ञान बेत्ताहरूले बहुजनले बुझेको विज्ञान मनोभावना आत्मा हंस आदि भनी व्यवहार गर्ने विषयलाई बढाई चढाई प्राथमिकता दिई विचार गर्दैन । मनोविज्ञान ग्रन्थहरूले त्यसलाई बिल्कुल उल्लेख नगरी शून्य चिन्ह लगाई बाँकी राखिछोड्नेछन् । त्यसलाई मानिसहरूले चिन्तन मनन गर्नु कामकाज गर्नुको मूल वादीको रुपमा स्वीकार गर्दैनन् ।

यो तथ्यलाई स्पष्ट पार्न ख्यातिप्राप्त पश्चिमी राष्ट्रका मनोवैज्ञानिकहरूको ग्रन्थहरूबाट केही कुरा उद्धृत गरी उल्लेख गर्नेछु ।

"चित्तवेद प्रज्ञा ध्ययन गर्ने क्षेत्र चित्तसन्तति मात्र हो । अभिरुपवेद ग्रन्थ अथवा परमेश्वर विषय ग्रन्थ (Metaphysics or Theology) हरूले आत्मविज्ञान रहेको कारण देखाएमा सकिने छ । तर त्यो आत्मवाद चित्तवेद प्रज्ञामा बढ्ता मात्र भएको छ । यो पुस्तकमा हामीले पाइराखेका तथ्यलाई मात्र दृढतापूर्वक स्वीकार्नुपर्ने छ । यो तथ्य त चित्तसन्तति नै कल्पना र चिन्तना गर्ने व्यक्ति हो भन्ने तथ्य हो ।"[१] **1. William James, "Principles of Psychology", PP. 203-216.**

"प्राणजीव भनेको रुपधर्म र धातुहरूको मिश्रित सन्ततिक्रमलाई भनेको हो । तिनीहरूबाट भिन्न अन्य गोप्य र गम्भीर रहेको एक न एक धर्म होइन । त्यस्तै हामीले चित्तलाई चित्तको उत्पत्तिक्रमबाट भिन्नाभिन्नै छुट्याएर विचार गर्नु योग्य छैन । वेदना, चेतना र प्रज्ञाज्ञानहरूलाई त्यस गोप्य, गम्भीर धर्मको गुण र लक्षणहरूको रुपमा सम्झनु उचित छैन । चित्त चित्तउत्पत्तिक्रमहरूको समूह भई प्रज्ञाज्ञान, वेदना र चेतनाहरू त्यो समूहमा समावेश भएका अङ्गप्रत्यङ्ग वा चित्त चैतसिकहरू हुन् ।"[२] **2. Titchener, "Outline of Psychology".**

"हामीहरूले आत्माको एक मात्र हुने स्थिर हुने स्वभाव र चित्तउत्पत्तिक्रमहरू सम्बन्धित भइरहेको स्थितिलाई परीक्षण र अध्ययन गर्ने अवस्थामा दुई प्रकारको वाद भिन्न भइरहेको फेला

Downloaded from http://dhamma.digital/

पाछौं । एउटा त्रिकोणको गुण द्रव्य त्यसको अङ्गप्रत्यङ्गहरू विशिष्ट रुपमा सम्बन्धित भइरहनु माथि आधारित रहे जस्तै एउटा व्यक्तिको गुण द्रव्य पनि चित्त उत्पत्तिक्रमहरू एक अर्कोसित विशिष्ट रुपमा सम्बन्धित रहनु मात्र हो भनी पहिलो वादले भन्छ । त्यो वादको विचारधारा अनुसार एक व्यक्तिको आशा छन्द उत्पन्न भयो भनी हामीले भन्दा एउटा आशा छन्द चित्तउत्पत्तिक्रममा अन्तर्निहित भई त्यो चित्तउत्पत्तिक्रममा सम्पिण्डन हुने स्वभाव क्रमिक रुपमा उत्पन्न हुने स्वभाव समावेश भएको कुरा र ती स्वभावधर्महरू चित्तक्रमसित मात्र सम्बन्धित भई भौतिक तत्त्वसित सम्बन्धित नभएको कुरा बुझिनु पर्नेछ । दोश्रो वादले त पुद्‌गल सत्त्व चित्तक्रमहरू सम्पिण्डन गरिराख्नु मात्र होइन; चित्तक्रमहरूलाई सम्पिण्डन गर्ने विषय तिनीहरूको परोक्षमा दृढ र स्थिर भइरहेको विषय पनि हो । त्यो वाद अनुसार भन्ने हो भने चित्तक्रमहरू आत्मासित सम्पर्क राख्नुद्वारा मात्र एकीकरण भएर आएको हो । त्यसरी दुई प्रकारको वाद विभेद भइराखेकोमा हामीले दोश्रो वादलाई पन्छाई पहिलो वादलाई मात्र स्वीकार्न चाहन्छौं । हाम्रो दृष्टि अनुसार पुद्‌गल सत्त्वलाई चित्तउत्पत्तिक्रम समूहसित छुट्याएर पाउन मिल्दैन ।"[१] **1. Prof. Slout, "Some Fundamental Points in The Theory of Knowledge", P.6**

आत्मवादलाई आधुनिक मनोवैज्ञानिकहरूले मात्र तिरस्कार गरेका होइनन्; वैज्ञानिकहरू र नैसर्गिक शास्त्र प्रज्ञाविद्‌हरूले पति तिरस्कार गर्छन् । प्रसिद्ध अंग्रेज वैज्ञानिक Huxley ले अनात्म धर्मको उपदेश गर्नु हुने भगवान् बुद्धलाई निम्न प्रकारले प्रशंसा गरेको थियो ।

"नामविज्ञानको पृष्ठभूमिमा ठोस सार आत्मा नभएको कारणलाई हामीहरूले राम्ररी देखाउन सक्छौं । Berkeley[१] ले यो तथ्यलाई जाने देखेको थिएन । **1. Berkeley –प्रसिद्ध अंग्रज विज्ञानवादी दर्शनाचार्य ।**

....... यो क्षेत्रमा गौतम बुद्धले आधुनिक युगमा सर्वप्रसिद्ध विज्ञानवादीले भन्दा बढी गम्भीर रपमा देख्नु जान्नु भएको थियो ।"[२] **2. T. H. Huxley quoted in Eliot, "Hinduism and Buddhism", Vol. I, P. cii.**

"हामीले स्कन्ध शरीरलाई भिन्नाभिन्नै रहेको आत्मविज्ञानले नेतृत्त्व गरिराखेको छ भन्ने सिद्धान्तलाई स्वीकार्न सक्दैनौं । त्यो सिद्धान्त शक्ति सामर्थ्यको स्थिर र दृढ हुनु नियामधर्मसित प्रतिपक्षी छ । ............. तर त्यसरी सुनिश्चित रहेको नियामधर्मसित प्रतिपक्षी रहेको कारणले मात्र त्यो सिद्धान्तलाई पन्छाउनु पर्ने होइन । त्यो सिद्धान्तलाई तिरस्कृत गर्नु परेको कारण त्यो हामीले फेला पारिराखेका घटना क्रमहरूसित सामञ्जस्यता नरहेको कारणले हो ।"[३] **3. J. B. S. Haldane, "The Science and Philosophy" P. 123-24,**

निम्न कुराहरू जर्मन तत्त्ववेत्ता Hermann Keyserling र अंग्रेज तत्त्ववेत्ता Bertrand Russell हरूको ग्रन्थहरूबाट उद्धरणहरू हुन् ।

"परमार्थ हिसाबले म Hermann Keyserling बिल्कुल छैन । ममा संस्कार धर्म अनित्य धर्म नरहेको विषय केही पनि छैन । असंस्कृत धातु नित्य धातुको रुपमा कसैलाई पनि निर्देशित गराइन्न । मेरो आत्मा मेरो शरीर भनेर सम्झनुपर्ने विषयहरू त एकछिन भित्रमा प्रादुर्भाव भई निरोध र

Downloaded from http://dhamma.digital/

विनाश भएर जाने धर्मारम्मणहरू मात्र हुन् ।"[१] 1. Hermann Keyserling, "The Travel Diary of a Philosopher", P.570.

" Descartes[२] 2. Descrates, १७ औं शताब्दी भित्रको प्रसिद्ध फ्रेन्च तत्त्ववेत्ता । ले म चिन्तन गर्छु । तसर्थ म छु वा म चिन्तन गर्ने पुद्‌गल सत्त्व हो भनी भन्छ । आफू कस्तो विषय हो भनी उल्लेख गरेर देखाउँदा परिवर्तन भइरहेको धर्म समूह रहेको एउटा व्यक्ति हो भनेको कुरा नै सबभन्दा अनुपयुक्त सबभन्दा बेठीक कुरा भयो । परिवर्तन भइरहेको धर्म समूह मात्र हो । त्यो चित्तक्रमलाई Descartes को नामधर्म भनी व्यवहार गर्न सकिन्छ । तर न्यूयोर्क शहरको जनसंख्या न्यूयोर्क शहरका नागरिकहरूलाई अलग राखी भिन्नाभिन्नै नरहे जस्तै Descartes को नामधर्म पनि भिन्नाभिन्नै छैन । त्यसो हुनाले Descartes ले चिन्तन गर्छन् भनी Descartes फेरि सम्झने विश्वास गर्ने चाहना गर्ने आदि अन्तर्निहित भएको चित्तक्रम हो भनी भन्नु उचित छ ।"[१] 1. Bertrand Russell, "Portraits from memory and other essays", P. 138.

अनात्मवादलाई स्वीकारी विश्वास गर्ने पश्चिमी राष्ट्रका प्रज्ञाविद्‌हरूको कुराहरूलाई परिपूर्ण रुपमा उल्लेख गरेको खण्डमा अन्त हुनसक्ने छैन । तर प्रज्ञविद् द्वयको लेखाईहरू विशेष स्मरणीय भई तिनीहरूलाई उल्लेख गरिन्छ ।

पहिलो प्रज्ञाविद् दोश्रो विश्वयुद्ध हुनुभन्दा अगाडि धेरै प्रसिद्धि पाएको प्रख्यात अंग्रेजी लेखक H. G. Wells हो । H. G. Wells ले परमार्थ हिसाबले पुद्‌गल सत्व नभएको विषयलाई निम्न अनुसार लेखेको थियो ।

"हामीहरूले कुन विषयलाई पुद्‌गल सत्व भनिनु पर्ने हो ? पुद्‌गल सत्व भनेको भिन्नाभिन्नै प्रादुर्भाव भएर आई स्कन्ध शरीर विनाश हुञ्जेलसम्म संसारमा अलग्ग प्रकट रुपमा स्थिर रहने सत्व हो भनी मानिसहरूले धारणा राख्दछन् । तर हामीले प्राणवेद (Zoology) र आधुनिक युगको चित्तवेद प्रज्ञाहरूलाई अध्ययन गर्ने अवस्थामा पुद्‌गल सत्वको भिन्न अलग्ग स्थिरता (आत्मभाव) लाई संशय गर्नु पर्ने तथ्यहरू देखिन आउँछन् ।

"उदाहरणको रुपमा बिरुवाहरू अलग्ग अलग्गै उम्रिरहेका जस्तै देखिएता पनि धेरै बिरुवाहरूमा भिन्न रुपमा रहिरहन पाईंदैन । एउटा बिरुवाबाट अर्को बिरुवाहरू वृद्धि भएर आउने गर्न सकिन्छ । जात नमिल्ने दुई बिरुवालाई कच्चा सार्नुद्वारा एउटा नयाँ निर्माण गर्न सकिन्छ । कुनै कुनै तिरश्चीन किटाणुहरू दुईवटा एकजुट भई एउटै भएर आउन सक्छ । एउटाबाट दुईवटा अथवा दुईवटाभन्दा बढी किटाणुहरू वृद्धि भएर आउन सक्छन् । कुनै कुनै (किटाणु) एउटाबाट अन्य किटाणुहरू वृद्धि भएर आएता पनि ती वृद्धि भएका किटाणुहरूसित नछुटिएर जमेर बस्छन् । गाई, भैंसी, हात्ती आदि उच्च जातका तिरश्चीनहरूमा त त्यसरी सम्पिण्डन हुनु, छुट्टिनु, वृद्धि हुनु स्वभाव शक्ति देखा पर्दैन । तर त्यसरी नदेखिनु ठूलो तिरश्चीन संसारको अङ्गप्रत्यङ्गको विशिष्ट अङ्ग लक्षण हो ।

Downloaded from http://dhamma.digital/

"वास्तवमा भन्ने हो भने त्यस स्वभाव आकार प्रकार बाखा, बिरालो, कुकुरहरू र मानिसहरूमा पनि कहिलेकाहीँ देखा पर्छन् । उदाहरणको रुपमा दुईवटा टाउको र एउटा शरीर अथवा दुईवटा शरीर र एउटा टाउको भएको दुधे बालकलाई कुनै कुनै पाठकवृन्दहरूले देख्नु भएकै होलान् । त्यो दुधे बालकलाई अलग व्यक्तिको रुपमा कसरी मैले सम्झन सक्ने होला ।"

"त्यस अतिरिक्त मानिस जन्मदेखि मरणसम्म कहिले पनि एक्लै खडा भयरहेको हुँदैन । मानिसको स्कन्ध शरीरको नसाभित्र अत्यन्त स्यानो अस्पष्ट किटाणुहरू असंख्य अनन्त छन् । तिनीहरूले रोग किटाणुहरूलाई विनाश पार्ने खाना ओसार्ने आदि थुप्रै कामहरू वहन गर्छन् । गाउँ, शहर र नगरहरूले कोटन्कोटी संख्या भएका धेरै मनुष्य प्राणीहरू समूह गरी राख्ने गरे जस्तै मानिस पनि कोटन्कोटी संख्या भएका ती धेरै किटाणुहरू समूह गरी थुपारी राख्ने स्थल हो ।"

"चित्त विज्ञानमा आत्मभावलाई विश्वास गर्न नसकिने तथ्यहरू देखा पर्छन् । मानिसको एउटै शरीरमा चित्त दुई गुट छुट्टिइ एक पक्ष र अर्को पक्ष प्रतिपक्ष भइरहन्छ । पाठकवृन्दहरूले लेखक R. L. Stevenson ले लेखेको 'Dr. Jekgail and Mr. Hyde' उपन्यास सम्झिएका होलान् । त्यो उपन्यासमा राम्रो पात्र कहिलेकाहीँ दुष्ट पात्र भई कहिलेकाहीँ राम्रो पात्र हुन आउँछ । त्यसरी चित्त दुई टुक्रा छुट्टिनुलाई मानिसहरूमा अर्ध निद्रामा पारिराख्दा र मानसिक रोग भइरहँदा देखापर्छ । एक न एक कारणले गर्दा अतीत जन्मलाई बिल्कुल भुलेर गएका व्यक्तिहरूले पनि एउटा शरीर दुई किसिमको मनस्थितिसँग सामना गरिरहेको हुन्छ ।"

H. G. Wells ले त्यस प्रकारका युक्तिसाधक नमूनाहरूद्वारा आत्मभाव नभएको कारणलाई देखाइसकेपछि निम्न अनुसार आफ्नो दृष्टि लेखेको छ ।

"यी तथ्यहरूको कारणले H. G. Wells भन्ने म मानिसहरूले सोचजस्तै नि:सन्देह भिन्नाभिन्नै पुद्गल सत्वको हिसाबले छ कि भनी ममा संशय हुन लाग्यो । मेरो आत्मभाव प्राणवेद दृष्टि भूल हुनुमात्र हुन सकिने छ । हामीहरूको आत्मउपादान प्रतिसन्धिदेखि सम्मिलित भएर आएको उपादान आशक्ति भई हामीहरू प्रज्ञाज्ञान प्रबल र परिपक्व भएर आउने बेलामा त्यस उपादानबाट मुक्त हुने छन् । जति जति प्रज्ञाज्ञान वृद्धि हुँदै जान्छ; त्यति त्यति त्यस उपादानलाई अवश्यमेव परित्याग गर्न सक्ने पनि हुन्छ । किनभने प्रज्ञाज्ञान वृद्धि भएर आएको अवस्थामा हामीहरूले आत्मदृष्टि मूल पृष्ठभूमि रहेको सम्पूर्ण आशा छन्द सर्वन्तिम अवस्थामा जीर्णत्व व्याधि मरणमा इतिश्री गरी निरर्थक हुनुपर्ने कारणलाई राम्ररी देख्न जान्न सक्ने भएर अवश्य आउने छ ।"[१] **1. H. G. Wells "I believe: The Personal Philosophies of 23 eminent men and women of our time", 1940, PP. 361-62.**

H. G. Wells ले जस्तै अनात्मधर्मलाई देख्ने जान्ने बुझ्ने अन्य युरोपेली प्रसिद्ध प्रज्ञाविद् व्यक्ति जर्मन प्रज्ञाविद् Goethe हो । Goethe कवि यथार्थवादी राजनीतिज्ञ आदिद्वारा विश्वविद् विश्वप्रज्ञाविद्को रुपमा ख्यातिप्राप्त थियो । अमेरिकी प्रज्ञाविद् Paul Carus ले एउटा बौद्ध ग्रन्थ पुस्तकमा Goethe ले बुद्धवाद विषय सुन्न नपाएता पनि अन्जानमै बुद्धवादी भइरहेको विषय Goethe को विचारधाराहरूमध्येमा अनात्मधर्म स्वभाव सम्मिलित भएको घटनाहरूलाई उल्लेख

Downloaded from http://dhamma.digital/

गरिराखेको छ । Paul Carus ले Goethe का कविताहरूलाई उद्धरणको रुपमा उल्लेख गरेको हुँदा ती कविताहरूको भनाई अनुसार Goethe को दृष्टिकोण र विश्वास निम्न अनुरुप छ ।

"मेलै मेरा आमाबाबु द्वयबाट बीज शक्तिहरू अंश पाएको छु । जन्मिनासाथ तुरन्त वरिपरिको संसारको मर्मत र निर्माणको अनुभव गर्नुपर्छ । यसरी कुलवंशको बीज वरिपरिको मरम्मतको अनुभव गर्नुपर्ने म कसरी आधारहीन एक्लो व्यक्ति सत्व हुन सकिएला र ? म वरिपरिका संसारसित अलग भई एकलव्य रुपमा खडा हुन सकेमा एक्लो व्यक्ति एक्लो सत्व हुनेछ । मरम्मत र व्यवस्था रहित असंस्कृत विशिष्ट व्यक्ति हुन आउनु अति नै श्रीशोभा र मङ्गल युक्त भई त्यस प्रकारको स्थिति मनमोहक छ । तर म त्यस प्रकारको पुद्गल सत्व नभई मनुष्य संसारसित मिश्रित र संसर्गित भइरहेको सत्व भएको कुरा मैले स्वीकार्नु पर्नेछ ।"[१] **1. Paul Carus, "Buddhism and its Christian Critics", PP. 109-05.**

Goethe को कुरा सही छ । माथि उल्लेख गरेजस्तै चित्तवेद प्रज्ञाले आम्मविज्ञान सिद्धान्तलाई तिरस्कार मात्र गरेको होइन ; मानिसमा म भन्ने ज्ञान समेत स्वतः प्रादुर्भाव भएर नआई वरिपरिको मनुष्य जगतको कारणले प्रादुर्भाव भएर आएको भनी देखाएको छ । यो विषयलाई एउटा प्रज्ञाविद्ले निम्न अनुसार लेखिराखेको छ ।

"आधुनिक चित्तवेद प्रज्ञाले म भन्ने ज्ञान वरिपरिको मनुष्य जगतको कारणले प्रादुर्भाव भएर आउँछ भनी धारणा राख्छ । चित्तवेद प्रज्ञाविद्हरूको भनाई अनुसार दुधे बालक मनुष्य जीवनमा आइपुग्ने अवस्थामा शुरु शुरुमा आत्मचित्त बिल्कुल रहन्न । त्यो जातिचित्त अथवा आशा छन्दहरू सम्पिण्डन गरेर राख्नु भनेको हो । यदि आत्मचित्त रहेको छ भने अनुशय धातुको रुपमा मात्र रहनु पर्नेछ । अन्य मानिसहरूलाई हेरी नमूना लिने, सम्झिराख्ने, भनेको मान्नेद्वारा आत्मचित्त विकास भई वरिपरिको मनुष्य जगतको मरम्मत गर्नु र व्यवस्था गर्नुलाई अनुभव गर्दै शनैः शनैः ठूलो हुँदै आफू र अरुलाई विभाजन गरेर ल्याउँछ । चित्तवेद प्रज्ञाविद्हरूले भरखर जन्मिने बच्चामा अन्तर्निहित भएर आएको निजी शक्ति बीजको स्वभाव प्रमाणसित सम्बन्ध राखी धारणा र सिद्धान्त विभेद भइरहेता पनि त्यो मूल शक्ति बीजमा आत्मचित्त समावेश नभएको कुरा सबैले स्वीकार्छन् । आत्मचित्त उन्नति र विकास हुनुमा समावेश भएका श्रेणीहरू तथ्यहरूसित सम्बन्ध राखी विचारधारामा विभेद भएता पनि आत्मचित्त उन्नति र विकास भएर आएको चित्त वा संस्कार धर्म भई प्राथमिक रुपमा वरिपरिको मनुष्यजगत माथि आधारित भएको कुरा एक स्वरमा विश्वास गरेका छन् ।"[१] **1. W. M. Urban, "Fundamentals of Ethics", P. 140.**

यसरी आत्मचित्त अनुभव र वातावरणलाई कारण बनाई प्रादुर्भाव हुनु परेको हो । मानिसहरू पनि आत्मउपादानको कारणले म अरु भनी विभेद गरेता पनि वास्तवमा आफूहरू आत्माको आधारद्वारा स्वभावतः स्थिर रहन सक्ने होइन । मानिस तिरश्चीन प्राणीहरूको दाँजोमा दुधे बालकको अवस्थामा आमाबाबुलाई सबभन्दा बढी आधार लिनपर्ने प्राणी हो । ठूलो भएर आउँदा पनि अन्य तिरश्चीन जस्तै एक्लो नबसी गुट जमाएर एक अर्कोलाई आधार भरोसा लिई बस्नु परेका हुन्छन् । त्यसकारण मानिस आत्मउपादानद्वारा म अरु भनी विभेद गरेता पनि कुनै एक व्यक्तिको विषयलाई

Downloaded from http://dhamma.digital/

यथार्थ रुपमा जान्न चाहेमा त्यो एक व्यक्तिलाई अलग्याएर हेर्नु अध्ययन गर्नु नगरी त्यसको आमाबाबु, बाजेबज्यै, गुरु आचार्य, इष्टमित्रहरूलाई समेत अध्ययन गर्नुपर्छ । त्यस व्यक्तिको गमनागमनको ढाँचा, रहनसहन खानपान ढाँचा आदिहरूलाई मात्र अध्ययन नगरी आफ्नी स्वास्नी बालबच्चाहरूमाथि व्यवहार गर्ने ढाँचा, मालिक अथवा कामदारहरूसित व्यवहार गर्ने ढाँचा आदिहरूलाई समेत परीक्षण गर्नु आवश्यक छ ।

तसर्थ मानिस आत्मचित्त जतिसुकै तीव्र दृढ भएको भएता पनि मुनष्य जगतबाट अलग्याएर छुट्याउन हुँदैन । मनुष्य जगतसित बेरेर बाँधिराखेका डोरीहरू कुनै न कुनै तथ्यको कारण खुकुलो जस्तो भएर आउनेछ । अन्यथा विनाश हुने भएमा मनुष्य जीवन पनि निरर्थक भएको हुन्छ । यस किसिमले संसारमा आत्महत्या गरी मर्ने व्यक्तिहरू स्पष्ट साधक नमूना हो । तिनीहरू (चित्त विक्षिप्त भई आत्महत्या गर्ने व्यक्तिहरू बाहेक) एक न एक प्रकारले वरिपरिको मनुष्य जगतसित व्यवहार गर्नुमा अनुकूल नभएका व्यक्तिहरू हुन् । राष्ट्रका सरकारहरूले मानिस र मनुष्य जगत सम्बन्धित रहेको स्थितिलाई जाने देखेको कारणले आत्महत्या गरी मर्नुलाई कानुनद्वारा निषेध गर्छन् । अवश्य हो । मानिस जतिसुकै आत्पउपादान बढी भएको भएता पनि वास्तवमा आफू आफ्नो अधीनमा विवाहितको रुपमा संयम र संरक्षण गर्नुपर्ने व्रताचरण, आमाबाबुको रुपमा संयम र संरक्षण गर्नुपर्ने व्रताचरण, एउटा नागरिकको रुपमा संयम र संरक्षण गर्नुपर्ने व्रताचरण आदि रुपमा थुप्रै मानवीय व्रताचरणहरूले मानिसलाई मनुष्य जगतसित दृढ रुपमा बेरेर बाँधिराखेको छ ।

यसरी नक्षत्रवेद प्रज्ञा, रुपवेद प्रज्ञा, सत्ववेद प्रज्ञा, चित्तवेद प्रज्ञा, सामाजिक शिक्षा, मनुष्य स्वभाव दर्शन प्रज्ञा आदिद्वारा यस्ता उस्ता विभिन्न प्रकारका शास्त्र प्रज्ञा स्वभाव धर्महरूलाई हृदयङ्गम गरी गहिरिएर निरीक्षण गरेको खण्डमा परमार्थ हिसाबले स्थिर अलग्ग भएको पुद्गल सत्व, आत्मजीव छ भन्ने धारणा मिथ्या भएको कुरा स्पष्ट छ । तर आत्मविज्ञानलाई तिरस्कार गर्न अनात्मवाद उच्छेदवा होइन भनी विशेष होश गर्नु योग्य छ । भगवान् बुद्धले यो तथ्यलाई निश्चित र व्यक्त रुपमा उपदेश गर्नुभएको थियो । तापनि धेरै मानिसहरूले अनात्मवादलाई उच्छेदवाद भनी मिथ्या रुपमा सम्झन्छन् । लण्डन बौद्ध समितिको अध्यक्ष Mr. Christmas Humphreys ले समेत थेरवादीहरूको अनात्मवाद चित्त उद्विग्न पार्ने भौतिकवाद जस्तो छ भनी लेखिराखेको छ ।[१] **1. Christmas Humphreys, "Buddhism", P. 85. LOndon Buddhist Lodge, "What in Buddhism", P.40.**

पश्चिमी राष्ट्रहरूमा आत्मवादलाई तिरस्कार गर्ने विज्ञान र चित्तवेद प्रज्ञा (मनोविज्ञान) प्रादुर्भाव र विकास भइसकेपछि मानिसहरू भौतिकवादतिर ढल्केर आए । संसारमा रुपधर्म मात्र मुख्य प्रधान धर्म हो । नामधर्म रुपधर्मलाई आधार बनाई उत्पन्न भएर आउनु पर्छ । रुपधर्मले मात्र प्रभुत्व राखी नामधर्मले रुपधर्मको मर्मत र निर्माण कार्यलाई भोगिरहनुपर्छ भनी विश्वास गर्दै आए । तर रुपवाद (भौतिकवाद) १९ औं शताब्दीको युगमा विकास भई अहिले २० औं शताब्दीको युगमा धेरै वैज्ञानिकहरूले त्यस १९ औं शताब्दी युगको रुपवादप्रति संशय गर्न थाले । भौतिक वस्तुको एटमलाई धातु विभाजन गरी त्यसको परमार्थ स्वभावमा शक्ति सामर्थ्य भएजस्तो गरी भन्ने गरेका

Downloaded from http://dhamma.digital/

छन् । विशिष्ट र विचित्र मानसिक स्वभाव आकार प्रकारलाई विज्ञानको यथार्थ विधि अनुरुप परीक्षण र अध्ययन गर्ने इङ्गलैण्डको चित्तविज्ञान अनुसन्धान समिति[२] **2. Society for Psychical Research, England** ले पनि चित्तको शक्ति सामर्थ्य विशाल भएको गम्भीर विचित्र भएको स्थितिहरूलाई स्पष्ट र छर्लङ्ग रुपमा उल्लेख गरी दर्शाएर आए ।[१] **१. "विज्ञानले समाधान गर्न नसक्ने समस्याहरू" म्यावदी, अप्रिल १९५७ ।**

आत्मवादलाई तिरस्कार गर्ने पश्चिमी राष्ट्रको मनोविज्ञानले भौतिकवादतिर ढल्की कुनै कुनै मनोवैज्ञानिकहरूले नामधर्मलाई बिल्कुल तिरस्कार गर्न चाहन्छन् । यसरी Dr. Watson ले नेतृत्व गरेको मनोविज्ञानगण प्रकट भएको साधक नमूना हो । Dr. Watson ले चित्त भनेको देखिने तत्त्व होइन ; तसर्थ मनोविज्ञानलाई अध्ययन गर्दा चित्तलाई समावेश गरी विचार नगरी स्कन्ध शरीरको क्रियाकलापलाई मात्र अध्ययन गनुपर्छ भनी भनेको छ । तर त्यस सिद्धान्तलाई वर्तमान रुपवेद प्रज्ञाले स्वीकार्ने छैन । आधुनिक युगको रुपवेद प्रज्ञा १९ औं शताब्दी युगको रुपवेद प्रज्ञाजस्तै नभई दृष्टि परिवर्तन भएर आएको छ । आधुनिक युगको रुपवेद प्रज्ञाविद्हरूले हामीहरूले प्रत्यक्ष र सुनिश्चित रुपमा जानेका तत्त्वहरू स्कन्ध शरीरभित्र उत्पत्ति विनाश हुने तत्त्व वा चित्त नै हो भनी भनेका छन् ।

त्यसकारण अंग्रेज यथार्थवादी प्रसिद्ध विद्वान् Bertrand Russell ले Dr. Watson ले परीक्षण र अध्ययन गरी जानिने तत्त्वहरू शरीरभित्र उत्पत्ति विनाश हुनेहरू वा चित्तक्रमहरू मात्र हुन् भनेको छ । यस तथ्यसित सम्बन्ध राखी Bertrand Russell को लेखाईहरूबाट उद्धरण उल्लेख गर्नेछु ।

"उपमाको रुपमा - मैले एउटा कुर्सी देख्छु भनौं । मैले देखेको कुर्सी मैले नदेखे पनि पूर्वस्थानमा रहिरहनु पर्ने छ भनी मानिसहरूले सम्झिने छन् । रुपवेद प्रज्ञा र जीवन शास्त्र प्रज्ञाको दृष्टि अनुसार त मेरो दृष्टिबाट अगल भई परमार्थ हिसाबले रहिरहेको कुर्सी मैले देखेको पदार्थसित समान हुने छैन । मैले त्यो पदार्थ (कुर्सी) लाई सिद्धै सोझै नभई अर्कोतिरबाट मात्र जानेको हुन्छु । कुर्सीलाई मैले देखेको अवस्थामा घटेको आकार प्रकार मेरो चित्त विज्ञानसित मात्र सम्बन्धित छ भनी सम्झिनु पर्नेछ ।"

"हामीहरूले देखिएको भनिने कुर्सी, टेबुल, सूर्य, चन्द्र आदि वास्तमा हामीहरूको चित्तविज्ञानले निर्माण गरेका धर्मारम्मण मात्र भई हामीहरूले देखेको भनी सम्झिएको सही रूपवस्तुहरू होइनन् । …………… यदि एक मनुष्य समूहले एक चीजलाई विभिन्न दृष्टिकोणबाट हेरेको खण्डमा तिनीहरूको रूपारम्मणहरू अवरोहण भइरहेको प्रकाशको स्थिति र Laws of Perspective हरूको अनुशरण गरी भिन्नभिन्न हुनेछन् । कुनै रूपारम्मण पनि तिनीहरू सबैले देखिरहेको छ भनी सम्झिरहेको सही चीज हेनेछैन । त्यस अतिरिक्त रूपवेद प्रज्ञाको भनाई अनुरूप हामीहरूको प्रसाद रूपहरू वाहिरिक रूपवस्तुहरू संघट्टन भइरहँदा उत्पन्न भएर आउने कारणकार्य समवाय भएको संस्कार धर्मक्रम हो । त्यो क्रममा सर्वन्तिम विषय वा प्रसाद रूपमा प्रकट भएर आउने पदार्थ पहिलो पदार्थ वा वाहिरिक रूपवस्तुसित एकसमान हो भनी भन्न सकिन्न ।"[१] **1. Bertrand Russell, "Portraits from memory and other essays", PP. 141-150.**

Downloaded from http://dhamma.digital/

अर्को एउटा यथार्थवादी प्रज्ञाविद्ले पनि निम्न अनुरूप लेखेको छ-

"यदि चक्षुविज्ञान प्रादुर्भाव भएर आएको स्थिति आकार प्रकार वैज्ञानिहरूले उल्लेख गरे अनुरूप सही भएमा हामीहरूले बाह्य भौतिक जगतको विषयलाई सोझै जान्न सकिने छैन । रूपवेद र स्कन्धवेद सम्बन्धी उत्पत्तिक्रमहरूले अन्तिममा चक्षुविज्ञानलाई उत्पन्न गराउने भएकोले त्यस उत्पत्तिक्रमहरूलाई पहिलो पटक निर्माण गरेको विषय (बाहिरिक वस्तु) अवश्यमेव हुनु पर्नेछ । तर त्यस रूपवस्तुको स्वभाव आकार प्रकारलाई हामीहरूले जान्न पाइने हाइन ; वैज्ञानिकहरूको भनाईमा हामीहरूले जान्न पनि सकिन्न । त्यसको गुण द्रव्यहरुलाई हामीहरुले जान्न सकिन्न । कारण किनभने रूपवेद प्रज्ञाविद्हरुको कुरा सही भएमा तिनीहरु वस्तु पदार्थ र मानिसको मस्तिष्कको स्नायु तन्तु समूह घर्षित र स्पर्शित हुनुबाट चित्तविज्ञानले सृष्टि गरी जन्माइएका विषयहरु हुन् । ती चित्तज रूपहरु शब्दध्वनि शीत उष्ण रूपवर्ण आदिहरु मत्र भएका होइनन् । Sir Arthur Eddington को भनाई अनुरूप वस्तु पदार्थहरुको स्थिर हुनु सङ्गठित हुनु सारधातु रहनु आदि पनि वास्तवमा धम्मारम्मणहरु मात्र हुन् ।"[१] **1. C. E. M. Joad, "Guide to Modern Thought" PP. 99-100.**

उपरोक्त धारणाहरु Arthur Eddigton र James Jeans आदि प्रसिद्ध वैज्ञानिकहरुका धारणाहरु हुन् । ती प्रज्ञाविद्हरुको भनाई अनुरूप संसारमा चित्त नै प्रधान र प्रमुख धर्म हो । हामीले जानेको देखेको बाह्य संसार चित्तद्वारा अर्कोतिरबाट जानिएको विषय हो । त्यसकारण त्यो विषय वा ती धर्मारम्मणहरुलाई उत्पन्न गराउने बाह्य संसारको परमार्थ स्वभाव आकार प्रकारलाई सुनिश्चित रूपमा ठोकेर जान्न सकिन्न । Sir James Jeans आदिले यो तथ्यलाई स्पष्ट गराउन ग्रीक दार्शनीक प्लेटोको ग्रन्थबाट एउटा उपमा देखाएको छ । एउटा गुफाभित्र रहेका राजबन्दीहरुले डोरीले बाँधिराखेको भएर एकातिरको भित्तालाई मात्र देख्न पाइन्छन् । तिनीहरुको पछाडी एउटा आगोको रास छ, आगोको रास र तिनीहरुको बीचमा हल्लिरहेका पदार्थहरु रहिरहेको हुँदा तिनीहरुका छायाँहरु भित्तामा देखा पर्न गई बन्दीहरुले ती छायाँहरुलाई मात्र देख्न पाइन्छन् । छायाँहरुलाई उत्पन्न गराउने पदार्थहरुलाई भने देख्न पाइँदैनन् । त्यस्तै वैज्ञानिकहरुले पनि बाह्य संसारको छायाँलाई मात्र देख्न जान्न पाउँछन् । विज्ञानको संसार छायाँ संसार मात्र हो । विज्ञानले छायाँहरुलाई सुनिश्चित र ठोस रूपमा अध्ययन गर्छ । छायाँहरुले पृष्ठभागमा रहेको परमार्थ धर्मलाई त उल्लेख गरेर देखाउन सक्तैन ।[१] **1. Ibid, P.85.**

बुद्धवादीहरुमा उपरोक्त धारणा र अर्थ अभिप्राय स्वभाव एकनाश जस्तो भएको केही केही पालि सम्झनामा आउने छन् ।

"६ आध्यात्मिक आयतनहरु उत्पन्न भएमा लोक उत्पन्न हुन्छ । लोकले ६ आध्यात्मिक आयतनहरुसित सहवास गर्छन् । ६ आध्यात्मिक आयतनहरुलाई आधार बनाएर मात्र उत्पन्न हुन्छ ।" (सगाथावग्ग संयुत्त लोकसुत्त)

Downloaded from http://dhamma.digital/

"हे देवपुत्र, वास्तवमा संज्ञा र विज्ञान हुने भएको यो व्याम मात्रको आत्मभाव शरीरमा नै लोकलाई र लोकको उत्पत्ति कारणलाई म तथागतले उपदेश गरेको छु।" (सगाथावग्ग संयुत्त रोहित देवपुत्त सुत्त)

तर बुद्धवाद नामवाद होइन । भगवान् बुद्धले नामवाद र रूपवाद भाग वा अन्त द्वय हटाई मध्यम मार्गको उपदेश दिनुभयो । आत्मा बाहेक अन्य सबै विषय माया मात्र हो भन्ने हिन्दूवादलाई तिरस्कार गर्नु हुन्छ । Sir James Jeans आदिले जस्तै बाह्य संसारको परमार्थ स्वभावलाई कल्पना र चिन्तना पनि गर्दैन । यो समस्यालाई भगवान् बुद्धसँग सोधेको खण्डमा भगवान् बुद्ध कत्ति पनि जवाफ नदिई मौन भएर रहनु हुने अवश्यमभावी छ । भगवान् बुद्धको विचारमा संसारमा अवश्यमेव दुःख विद्यमान रही दुःखबाट विमुक्त हुनुमात्र हामीहरुको निमित्त अति महत्वपूर्ण छ ।

जेहोस्, उपर्युक्त कथनहरुद्वारा विज्ञानले आत्मवादलाई तिरस्कार गरेता पनि रूपवादलाई सुदृढ रूपमा स्वीकार नगरेको कुरा र कुनै कुनै वैज्ञानिकहरु रूपवादलाई खुलेआम विरोध गरी नामवादतिर ढल्किरहेको कुरा स्पष्ट छ ।

अनात्मवाद रूपवाद नभएको अवश्य हो । तर मानिसको स्वभाव गुण शक्तिलाई तुच्छ र निक्ति देखाउने वाद होइन र ? अनात्मवादलाई स्वीकार गर्ने विज्ञानको भनाईमा मानिस केही पनि ठोस सार नभएको नाम रूप धर्म समूह मात्र होइन र ? भनौं । आधुनिक युग विज्ञानको विकास भएको युग भई मानिसहरुले विज्ञानलाई अति महान सम्झन्छन् । तर विज्ञानले मानिसको परमार्थ स्वभावलाई कहिल्यै पनि यथार्थ रूपमा जान्न सकिने छैनन् । कारण किनभने विज्ञानको नीतिनियम अनुसार त्यसरी देख्न जान्न सक्नको लागि कारण नहरेको कारणले हो । स्पष्ट पारौंला ।

वैज्ञानिकहरुले मानिसको विषय गतिविधिलाई खण्ड खण्ड छुट्याई विशेष रूपमा विभाजन गरी अध्ययन गर्छन् । जीवशास्त्र प्रज्ञाविद्ले मानिसको स्नायुतन्तु, रक्तनली, हाड आदि र तिनीहरुका क्रियाकलापहरुलाई अध्ययन गर्छ । सत्ववेद प्रज्ञाविद्ले मानिसको प्राण जीव विषयलाई अध्ययन गर्छ । मनुष्यवेद प्रज्ञाविद्ले मनुष्य प्राणीको स्वाभाविक इतिहासलाई अध्ययन गर्छ । Sociology (सामाजिक शास्त्र) प्रज्ञाविद्को कार्य मनुष्य संसार स्थापना र संगठन विधि एवं मानिस परस्पर व्यवहार गर्नुलाई अध्ययन गर्ने हो । चित्तवेद प्रज्ञाविद्को उद्देश्य मानिसहरुको मानसिक स्वभावलाई जान्नु र बुझ्नु हो । यसरी भिन्नभिन्न वैज्ञानिकको उद्देश्य र कार्य मानव विषयलाई केही अंश छुट्याई अध्ययन र परीक्षण गर्ने भएकोले कहाँबाट सम्पूर्ण मानव विषयलाई एकीकरण गरी सबैलाई परिपूर्ण रूपमा जान्न सकिने हो र ? जान्न सकिन्छ भने हात्तीको एक शारीरिक अङ्ग प्रत्यङ्गलाई परीक्षण गरिसकेपछि हात्ती भनेको यस्तो हो; उस्तो होइन भन्ने अन्धाहरुको कथन जस्तो हुनेछ ।

भिन्नभिन्न विज्ञानको सम्बन्धित अध्ययन र परीक्षण गर्नु सुनिश्चित र यथार्थ भई जान्न पाइने तथ्यहरु केही हदसम्म सम्पन्न भयो भनेर नै भनौं । ती सबै तथ्यहरुलाई एकत्रित गर्नुद्वारा पनि हामीहरुले मानिसको परमार्थ स्वभावलाई स्वभावलाई कैवल्य परिपूर्ण रूपमा सङ्कलन गरी जान्न

Downloaded from http://dhamma.digital/

सकिने छैन । कारण किनभने सम्पूण चीज पदार्थको परमार्थ ठोस सार त्यसका अङ्ग प्रत्यङ्गहरु एकत्रित गरिराख्नुसित भिन्नाभिन्नै हुन्छ । यो तथ्यलाई अलिकति स्पष्ट पार्न आवश्यक हुनेछ ।

एउटा केराको चाङ् वा झुप्पा केराको समूह हो । एक दुईवटा केरालाई छुट्याएर लिनुमात्रले केराको काइँयो केराको संख्या अलिकति कम भएर जानु बाहेक विशेष रूपले परिस्थिति परिवर्तन भएर जाने छैन । केराहरुले पहिलेको स्वादलाई दिन नै सकिन्छन् । एउटा चित्र त त्यस्तो होइन । चित्रको विशेष गुण अङ्ग प्रत्यङ्ग सम्मिलित भइरहनुमा मात्र आधारित नभई अङ्ग प्रत्यङ्गहरुको आधार स्थिति पारस्परिक सम्बन्ध स्थितिमा पनि आधारित भइरहने हुनाले केही अंशलाई अलग्ग छुट्याइ दिइन्छ, वा अङ्ग प्रत्यङ्गहरुको स्थिति र सम्बन्धलाई परिवर्तन गरिदिइन्छ भने सम्पूर्ण चित्रको विशेष गुण नष्ट भएर जाने हुन्छ । अर्को शब्दमा चित्रको विशेष गुण वा कलाकारिताको विशिष्टता त्यसको अङ्ग प्रत्यङ्ग एकत्रित भइरहनुलाई नाघेर रहेको हुन्छ ।

मनुष्यप्राणीको परमार्थ स्वभाव पनि त्यस्तै त्यस्तै हुन्छ । मानिसको शरीरबाट मुटु, यकृत, कलेजो, मेरुदण्ड आदिलाई झिकी फेरी जोड्नुद्वारा मानिसको स्कन्ध शरीर उपलब्ध गराइन्न । कारण किनभने तिनीहरुलाई झिकेर लिनुद्वारा सम्पूर्ण मानव शरीर नष्ट भइसकेको हुन्छ । त्यस अतिरिक्त स्कन्ध शरीरबाट छुट्याइ झिकिदिएको मुटु स्कन्ध शरीरभित्र काम गरिरहेको मुटु समान हुने छैन । किनभने त्यो मुटु शरीरसित वा अन्य शारीरिक अङ्ग प्रत्यङ्गसित सम्बन्ध नरहेको कारणले हो । यो तथ्यद्वारा मानिसको स्कन्ध शरीर शारीरिक अङ्गको समूह मात्र नभएको कारण स्पष्ट छ । त्यसरी नै मानिसको परमार्थ स्वभाव पनि वैज्ञानिहरुले अलग्ग अलग्ग भाग भाग गरी छुट्याएर अध्ययन गर्नुद्वारा जान्न पाइने विष्यवस्तु सङ्गठित गर्नुले सिद्ध नभई त्यस विषयवस्तु सङ्गठन समूहलाई नाघी विस्तृत व्यापक र गम्भीर छ ।

यसरी मानिसको परमार्थ स्वभावलाई विज्ञानले निर्णय र अनुसन्धान गरेर पाईंदैन भनी भनेकोले त्यो परमार्थ स्वभाव आत्मा हो; अथवा आत्मामा आधारित छ भनेर त सम्झनु योग्य छैन । एउटा चित्रको विशेष गुण अथवा एउटा वाद्यवादन खलकबाट उपलब्ध हुने सङ्गीतको रस सम्बन्धित अङ्ग प्रत्यङ्ग समूहलाई नाघिकन अवश्वमेव प्रकट भएता पनि कुनै एक भिन्न ठोस सार धातुमाथि आधारित छैन । त्यसरी नै मानिस विज्ञानले चिन्तन गरेर उपलब्ध गर्न नपाइने विशेष गुणले सम्पन्न भएता पनि त्यस विशेष गुणको आधार आत्मालाई चिन्तन मनन गर्नु आवश्यक छैन ।

त्यसकारण आत्मालाई तिरस्कार गर्ने बुद्धवाद रूपवाद नभएको कुरा स्पष्ट छ । Mrs. Rhys Davids जस्ती आत्मावादीहरुले अनात्मवादलाई रूपवादसित गलत धारणा राखी मानिसको गुणलाई भाँच्ने, दबाउने, नष्ट पार्ने वाद भनी आरोप लगाएकी छन् । भगवान् बुद्धको दृष्टि अनुसार त अनात्मवाद र रूपवाद (भौतिकवाद) भिन्नाभिन्नै हो । तसर्थ भगवान् बुद्धले मानिसहरुलाई आ-आफूलाई मात्र आधार भरोसा लिन बारबार याद दिलाउनु भएको हो । वास्तवमा विश्व धार्मिक सिद्धान्तहरुमध्येमा बुद्धवाद मानिसको गुणलाई सबभन्दा बढी माथि उचालेर आएको वाद हो ।

Downloaded from http://dhamma.digital/

अनात्म धर्मलाई देख्नु जान्नुको कारणले मानिसको विशेष गुण उच्च र उन्नत भएको कारणलाई अमेरिकी प्रज्ञाविद् Paul Carus ले निम्नानुसार लेखेको छ ।

"बुद्धवाद निराशाजनक नास्तिकवाद होइन । भगवान् बुद्धको विचार अनुरूप भिन्नाभिन्नै भएको आत्मा छ भन्ने सिद्धान्त मिथ्या र गलत भएता पनि बुद्धवादमा मानिस आत्माभन्दा बढी विशाल र गम्भीर छ । आत्मवादलाई तिरस्कार गर्नुले मानिस आदि अन्त प्रकट नभएको भविष्यत् काल र अतीत कालसित सम्बन्धित रहेको तथ्य स्पष्ट भएर आएको छ । अनात्मवादले विश्वमा रहेको सत्वलोक उत्पत्तिक्रम जम्मैसित हामीहरु सम्बन्धित भइरहनुलाई निर्देशित गरेको छ । हामीहरु मृत्यु हुने अवस्थामा हामीहरुको क्रियाकलापहरु पछिल्ला मानिसहरुको निमित्त राम्रो नराम्रो अंशको रूपमा फेरी फेरी बाँकी रहिरहने कारणलाई पनि स्पष्ट पारिदिएको छ ।"[१] **1. Paul Carus, " Buddhism and its Christian Critics", P.97.**

सत्य हो । मनुष्यप्राणीले आत्माको मरम्त र सृष्टिलाई खप्न नपरी आफ्नो कर्म र अरुहरुको कर्महरुको मरम्मत र सृष्टिलाई खप्नु परेको कुरा हामीले देख्नु र जान्नु आवश्यक छ । त्यसरी देखे जानेमा हामीहरुले प्राचीन मानिसहरुको गुण उपकारलाई विशेष रूपमा निरीक्षण र स्मरण गर्न सकिने छ । मानव इतिहासबाट अनर्घ अमूल्य पाठहरुलाई निचोरेर निकाल्न सकिन्छ । आत्मोपादान नरहने भएर भविष्य जीवनको सुख ऐश्वर्यहरुप्रति आशा र आशक्ति राखिरहने छैन । आफ्ना कर्म ( काम) हरुले वर्तमान युग भविष्यमा आउने युगका विश्व मानवहरुलाई अर्थ र हित गर्न सक्ने कारणलाई देखी जानी मानव संसारको अर्थ र हितलाई वहन गर्न चाहने छन्द चित्त तीव्र रूपमा प्रबल भएर आउने छ ।[१] **१. यो तथ्य "कर्म शक्ति र कर्मवाद" खण्डमा स्पष्ट हुनेछ ।**

मानिसमा जति जति आत्मदृष्टि टाढा पर्दै जान्छ त्यति त्यति तृष्णा, मान, लोभ, दोष आदि क्लेशधर्महरु कम हुँदै आउनु स्वाभाविक छ । यो तथ्यसित सम्बन्ध राखी अनात्मवादी बुद्ध धर्मावलम्बी एशिया महाद्वीपका मानिसहरुको मनोवृत्ति र चरित्रलाई अध्ययन गरेर आएको अमेरिकी प्रज्ञाविद् J. B. Pratt को धारणालाई उल्लेख गरिनेछ । उपर्युक्त प्रज्ञाविद्ले एक समयमा एशियाली बौद्ध देशहरुमा विचरण भ्रमण गरी बुद्धवाद र बुद्धवादीहरुलाई सुनिश्चित एवं गहन रुपमा सविस्तार अध्ययन गरिसकेपछि अनात्मवादको कारणले बुद्धवादीहरुको हृदय नरम र कोमल भएको स्थितिलाई निम्न प्रकारले प्रशंसा गरेर लेखेको छ ।

"उत्तरीय बौद्ध राष्ट्रहरुमा र दक्षिणी बौद्ध राष्ट्रहरुमा बुद्धवादको कारणले मानिसहरुले लोभ, दोषचित्त र स्वार्थचित्तहरुलाई प्रयत्नपूर्वक दमन गरिराखेको कुरामा शंका गर्नुपर्ने स्थिति छैन । यो तथ्य बुद्धवादीहरुको अनात्म धर्ममा र आत्मचित्त (भावना) लाई हटाउन प्रयत्न गर्नुमा स्पष्ट छ । बुद्धवादीहरु मनोवृत्तिलाई दमन गरी म भन्ने अभिमान रहित भएको कुरालाई तिनीहरुसित व्यवहार गरिसकेका व्यक्तिहरुले होश राख्न सक्ने छन् । यस प्रकारको मनोवृत्ति, अभिमान बढी गमक्क पर्न चाहने पश्चिमी राष्ट्रका नागरिकहरुको मनोवृत्तिसित भिन्ना भिन्नै छ । यो मनोवृत्ति भएको कारणले बुद्धवादी शान्ति चाहन्छ । आफ्नो मौका र अवसरको निमित्त कलह विवाद नगरी आफूलाई हानी नरी शान्तिपूर्वक रहन चाहन्छ । म म भन्दै अरुसित प्रतिस्पर्धी गरी अधिकार हत्याउन चाहने भावना

Downloaded from http://dhamma.digital/

छैन । आक्रमण गरी लाभ गरिने प्रतिफल जति विशाल भएता पनि मनमा शान्ति हुनु जति मूल्यवान् नभएको तथ्य जानी बुझिराखेको छ ।

"यसरी निराभिमानी हुनु मनोवृत्ति कमजोर भएको कारणले अथवा शक्ति नभएको कारणले उत्पन्न भएर आएको होइन । त्यसको पछिल्तिर अभिमानको पताका फहराई रहने पश्चिमी राष्ट्रका नागरिकहरु अचम्म हुनुपर्ने परिपक्व मनोवृत्ति छ । शक्तिशाली पुरुषले आफ्नो शक्ति सामर्थ्यलाई विश्वास गरेता पनि हुलमुलमा घचेडी जान नचाहेजस्तै बुद्धवादीमा मनोवृत्ति नरम, कोमल र सूक्ष्म भएको कारणले अभिमान रहित भई शान्तिपूर्वक रहन चाहने इच्छा छन्द रहेको हो ।"[१] **1. J.B. Pratt, "The Pilgrimage of Buddhism", PP. 711-12.**

भगवान् बुद्धको अनात्मवादसित सम्बन्ध राखी अंग्रेज प्रज्ञाविद् H. G. Wells ले आफ्नो विश्व इतिहास पुस्तकमा निम्नानुसार विचार व्यक्त गरी लेखेको छ ।

"विश्व इतिहासबाट उपलब्ध पाठ यो बुद्धधर्मसित एक समान छ । मानिसहरुमा अनात्म भावनालाई हटाई पवित्र क्रियाकलापहरुमा रमाउने नभएमा विश्वमा शान्ति रमणीयता सही नेताको प्रादुर्भाव हुनु आदि रहने छैनन् । सत्वहरुको विकासलाई हेरेमा पनि आत्मउपादान हटाउन आवश्यक रहेको कुरा स्पष्ट छ । मनुष्य प्राणीमा आफ्नो आत्मभावमा उपादान रहनु योग्य छैन । त्यसरी नरहनु बन्धनबाट मुक्त हुनु हो ।"[१] **1. H. G. Wells, "Outline of World History", P. 394.**

अनात्म धर्मसित सम्बन्ध राखी H. G. Wells र माथि उल्लेख गरिसकेका बौद्ध ग्रन्थकार आचार्यहरु Paudl Carus, J. B. Pratt हरुको दृष्टि अन्य पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरुको दृष्टि भन्दा बढी गम्भीर भई भगवान् बुद्धको दृष्टिसित बढी सामीप्य छ भनी भन्नु पर्ला । माथि उल्लेख गरिसके अनुसार धेरै पश्चिमी राष्ट्रका प्रज्ञाविद्हरुले अनात्म धर्मलाई चिन्तामय ज्ञानद्वारा देखे जानेको सही भएता पनि तिनीहरुको ज्ञानदृष्टि भगवान् बुद्धको ज्ञानदृष्टिसित भिन्नाभिन्नै छ । कसरी भिन्न छ भने तिनीहरुको अनात्मवाद उद्देश्य रहित भई भगवान् बुद्धको अनात्मवाद त विश्व मानव राम्रो पार्नेतिर उद्देसित त अभिलक्षित छ ।

भगवान् बुद्धको दृष्टि अनुरूप धर्मले तृष्णा, मान क्लेशरु निर्मूल पार्नुलाई सहयोग गरी मानिसहरुलाई मानसिक सुख शान्ति दिलाउन सक्छ । तर अनात्म स्वभावलाई देख्नु जान्नुको प्रतिफल आधुनिक युगमा धेरै बुद्धवादीहरुले सम्झी राखे जस्तै मरणोपरान्त मात्र उपलब्ध हुने स्वभाव होइन ।[१] **१. यो तथ्यलाई 'भवसंसार' र 'निर्वाण' खण्डमा विस्तृत रूपमा स्पष्ट गरिने छ ।** "अकालिको एहिपस्सिको" भन्ने भगवान् बुद्धको धर्मको गुण अनुरूप प्रत्यक्ष जीवनमा उपलब्ध हुने दृष्टधर्मिक धर्म हो । भगवान् बुद्धको पालाका बुद्धवादी भिक्षु श्रमणहरुको मानसिक सुख शान्ति र रमणीयतालाई उल्लेख गरिसकेको छु । (पृष्ठ १७४-७५) ती भिक्षु श्रमणहरुको मानसिक सुख शान्ति अनात्म धर्म स्वभावलाई हृदयङ्गम गरी तृष्णा मानलाई हटाउनुद्वारा उपलब्ध भएको मानसिक सुख शान्ति हो ।

Downloaded from http://dhamma.digital/

मानसिक सुख शान्ति लाभ भएका पुराना बुद्धवादी भिक्षु श्रमणहरुको सामाजिक रीतिस्थिति समाजवादी स्वभाव धर्महरु माथि आधारित भएको सामाजिक रीतिस्थिति भएको तथ्यलाई होश राख्नु पर्दछ ।[२] **२. यो तथ्य "संघ" खण्डमा स्पष्ट हुनेछ ।** आजकाल धेरै राष्ट्रहरुमा मानिसहरुले बसाई, लवाई खुवाई जीवन स्थिति उच्च पार्न र मानसिक सुख शान्ति लाभ गर्न समाजवादको मार्ग पद्धतिलाई आधार लिई विश्वास गर्ने गरिराखेका छन् । त्यो समाजवादी मार्ग पद्धतिको सफलता अनात्म धर्म माथि आधारित लिएको विचारधारा र दृष्टिकोणसित रहित हुन नसकिने तथ्य होश राख्नु योग्य छ ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# बुद्ध र बुद्धवाद

## खण्ड ५

## दुःख सत्य

### बुद्धि विवेकको विकास पनि दुःखसित सम्बन्धित छन् ।

अमेरिकी तथा विकसित राष्ट्रहरुको विकास आर्थिक प्रतिस्पर्धामा आधारित भएको र बुद्धि विवेकको विकासमा आधारित नभएको कारणले मानसिक सुखशान्ति उपलब्ध हुन नसकेको हो भनी कसैकसैले भन्ने गर्छन् । तर बुद्धि विवेक विकास हुनु पनि दुःखसित जोडिएको हुनसक्छ । जति जति बढि कुरा थाहा हुन्छ त्यति त्यति मानसिक रूपमा असन्तुलित हुँदै जाने यथार्थलाई पनि नकार्न सकिन्न । Sigmund Freud समेतले मानिस हीन एवं मलिन चित्रहरुलाई समन दमन गरी सभ्य जस्तो देखिएता पनि क्लेश चित्तहरु निरोध र शान्त नहुन्जेलसम्म मानसिक असन्तोष, अशान्त, अस्थिर हुने गर्छन् । यसकारण जर्मन दार्शनिक Schopenhauer को भनाई अनुसार संसारमा दुःख मात्र छन् र दुःख निरोध हुनु नै सुखशान्ति प्राप्ति गर्नु हो । Epicurus ले मानसिक सुखशान्ति खोज्नु पर्दैन मात्र दुःखबाट मुक्त हुनु पर्दछ भन्नु भएको छ भने Aristotle ले सुख शान्ति नखोजी दुःखबाट मुक्त हुने मात्र खोजी गर्नुपर्छ भनेका छन् । यसरी मानसिकतालाई शुद्ध नगरी दुःखबाट मुक्त सम्भव छैन ।

### सुखशान्ति प्राप्त गर्नुभन्दा इच्छापूर्ति गर्न मानिस लालायित छन् ।

मानिसहरु साँच्चै सुख शान्तिको खोजीमा लागेका हुन्छन् भनेर पूर्णतया भन्न सकिन्न । मानिसहरुको चाहना हेरेमा सुखशान्तपूर्वक जीवन जिउनु भन्दा पनि आफ्ना विभिन्न इच्छा पूर्ति गरेर मनोकांक्षा पूरा गर्नु रहेको हामी देख्छौं । एभरेष्ट चढ्नु गाह्रो एवं दुःखदायी काम हुँदाहुँदै पनि मानिसहरु आफ्नो नामको लागि त्यस्ता कामहरुमा लागिरहन्छन् । बर्मेलीहरु आफ्नो जीवन शोकपूर्ण छ भनेर बसेका हुन्छन् । तर उनीहरु शोक कम भएका नागाहरु जस्तै जीवन बिताउन चाहँदैनन् । वास्वतमा दुःख हुनाको मूल कारण इच्छा पूर्ति नहुनु नै हो । मानिसहरुको असीमित इच्छाहरु सामान्यत पूरा हुँदैनन् र पूरा भएता पनि परिवर्तनशील स्वभावको कारणले पूरा भईरहेको इच्छामा बाधा पुग्न सकिन्छ ।

### प्रतिपक्ष इच्छा दुःखको कारण

सीमित श्रोत र असीमित मानिसहरुको इच्छाको कारणले सबैलाई सबैथोक प्राप्त पनि हुँदैन । धेरैजसो एक व्यक्तिको इच्छा अर्को व्यक्तिको इच्छासित प्रतिपक्ष भइरहन्छ । तसर्थ उक्त व्यक्तिको इच्छापूर्ति वा मानसिक सुखशान्तिले अन्य व्यक्तिको इच्छापूर्ति वा मानसिक दुःखलाई उत्पन्न गराउँछ । यसरी विश्वमा व्यक्ति, जाति, राष्ट्र र विश्वनिकाय परस्परमा निरन्तर प्रतिपक्ष भइरहन्छन् ।

Downloaded from http://dhamma.digital/

धेरै दुःखलाई अनुभव गर्ने व्यक्तिहरु प्रायशः खानपान, रहनसहनमा सम्पन्न व्यक्तिहरु हुन्छन् । विश्वमा आत्महत्या गरी मरण हुने व्यक्तिहरुमध्येमा धनाढ्य सुखी व्यक्तिहरु दरिद्र व्यक्तिहरुभन्दा संख्यामा बढी छन् ।

**जीवनमा प्रतिपक्षी स्वभाव नभएपनि मानिसहरु दुःखी हुन्छन् ।**

मनुष्य भूमि साँच्चै दुःख भएको कुरा Heraclitus र Schopenhauer ले पनि विशेष रुपमा व्याख्या गरेका छन् । Schopenhauer को विचारमा त मानिसहरु प्रतिपक्षी हुनुबाट अलग भई विभिन्न क्षेत्रमा पूर्ण सम्पन्न अवस्थामा पुग्दा पनि केही प्रयास गर्नुपर्ने काम नहुनुको कारणले दुखी हुन्छन् । बिम्बिसार राजा र बुद्धमा को बढी सुखी छ भन्ने निगण्ठहरुको प्रश्नको सम्बन्धमा भगवान् बुद्धले बिम्बिसार राजा शरीर नचाली मुखले पनि केही नभनी पूरा हप्ता सम्म रहन सक्छ ? भनेर सोध्नु भएको थियो । प्रत्युत्तरमा एक हप्ता त के एक दिन पनि सक्दैन भन्ने जवाफ आउँदा भगवान् बुद्धले म शरीर नचाली र कुरा नगरी पूरा एक हप्तासम्म शान्ति सुख अनुभव गरी बस्न सक्छु भनी जवाफ दिनु भएको थियो ।

**बुद्ध दुःखवादी होइन ।**

पश्चिमीहरु बुद्धलाई मनुष्य संसारको अप्ठेरोपनलाई बढाई चढाई गर्ने दुःखवादीको रुपमा चित्रण गर्दछन् । तर दुःखलाई महत्व दिएर विश्लेषण गर्नु बुद्धवादको विशेष्ता भए पनि बुद्ध उनीहरुले भनेजस्तो दिक्दारपूर्ण र निराशा मात्र हुने दुःखवादी होइन । दुःखलाई महत्व दिएर विश्लेषण गर्नुको अभिप्राय दुःखबाट मुक्त हुनु हो त्यसकारण बुद्धलाई दुःखवादी भन्न मिल्दैन ।

**भौतिकपूर्णताले जीवन सुखमय हुँदैन**

अमेरिकी दार्शनिक मनोवैज्ञानिक विलियम जेम्सले दुःख वास्तविक रुपमा छ र त्यसलाई नकार्न सकिँदैन भनेर सधैंभरी सफलता प्राप्त गर्ने र रमाउनेहरु पनि कालान्तरमा जीवनप्रति दिक्दार र निराश भएको कुरा लाई Goethe लाई उदाहरणको रुपमा प्रस्तु गरेको छ जसले ७५ वर्षको उमेरमा जीवनप्रति दिक्दार मानेको थियो । जीवनमा राम्रो पक्ष मात्र हेर्ने सुखवादी दर्शन सम्पन्न दर्शन हुन सक्दैन किनभने संसारमा धेरै अनिष्टारम्मणहरु छन् जसलाई चिम्लेर बस्न सकिन्न ।

**बुद्धले दुखलाई व्याख्या गरेर त्यसबाट मुक्त हुने उपाय बताउनु भयो**

भगवान् बुद्धले दुःखलाई व्याख्या गर्दै दुःखबाट मुक्त हुने मार्ग देखाउनु भयो । यसको उदाहरणको रुपमा बुद्धको चतुआर्य सत्यलाई लिन सकिन्छ । दुःख, दुःखको कारण, दुःख निरोधको अवस्था र त्यस निरोध अवस्थामा पुग्ने मार्गको बारेमा सम्पूर्ण जानकारी दिनु भएको कारणले बुद्धलाई दुःखवादी भन्न कदापी मिल्दैन । किनभने पश्चिमका दुःखवादीहरुले दुःखबाट मुक्ति हुने मार्गको बारेमा जानेका हुँदैनन् । Byron, Shelly, Leopardi जस्ता दुःखवादीहरुको साहित्यहरु हेरेमा उत्साह, आश्वासन र

Downloaded from http://dhamma.digital/

आशावादीका कुनै पनि कुरा देखा पर्दैन । उनीहरुको दृष्टिकोण अनुसार मानिसहरु मरणपछि मात्र दु:खकष्टबाट विमुक्त हुनेछ । त्यसकारण उनीहरु मरण धर्मलाई प्रशंसा गर्दछन् ।

तर बुद्धले संसार दु:खमय भएको र मानिसहरुमा भएको दु:खको यथार्थलाई अघि सारेर यसको कारण तृष्णा भएको र यसलाई निर्मुल गरेर यसै जीवनमा निर्वाण प्राप्त गर्न सकिने कुरा बताउनु भयो । यथार्थ रुपमा भएको दु:खलाई विश्लेषण गर्नुको मूल उद्देश्य नै त्यसबाट मुक्त हुन हो । यदि रोगीले रागे लुकाई रहेको छ र त्यसबारे कसैलाई भन्दैन भने ऊ रोगबाट मुक्त हुन सक्दैन । यसैगरी दु:खको बारेमा अनभिज्ञता रहेर त्यसको निदान खोज्न सकिन्न ।

## बुद्धवाद मरणपछिको लागि मात्र होइन

बुद्धवाद मरणपछि मात्र दु:खकष्टबाट मुक्त हुने सिद्धान्त नभई मरण हुनुभन्दा अगाडि नै साक्षात्कार गर्नु पर्ने धर्म हो । तृष्णा जति जति फितलो हुँदै जान्छ दु:ख एवं निराशा कम हुँदै जान्छ । संसारप्रति दिक्दार भएर आत्महत्या गर्ने कुरा बुद्धवादले सिकाउँदैन । अरहत्त फललाई प्राप्त नगरेसम्म वीर्यलाई शिथिल पार्नु हुँदैन भनेर बुद्धले सिकाउनु भएको थियो । आचरण र उपयोग गर्दा प्राप्त हुने शान्त रमणीय जीवनको झलक हामीले थेरगाथा र थेरीगाथाको श्लोकहरुबाट प्राप्त गर्न सकिन्छ । कोशल राजाले भगवान् बुद्धका शिष्यहरुले अन्य धर्मावलम्बी श्रमणहरुको दाँजोमा मानसिक सुख प्राप्ति गरिहनु भएको कुरा बताउनु भई बुद्ध र धर्मको प्रशंसा गर्नु भएको थियो । यसरी मानिसहरुलाई मानसिक सुख प्रत्यक्ष जीवनमा दिन सक्ने बुद्धवादलाई दु:खवाद भन्नु कुनै पनि हिसाबले मिल्दैन ।

## कोविद मध्यम वर्ष

### अनात्मवाद

संस्कार धर्मको रुपमा प्रकट भएका सबै चीजहरु अनित्य दु:ख र अनात्मको क्षेत्र भित्र पर्दछन् । संसारको परिवर्तनशील स्वभावलाई अनित्य स्वभाव भनिन्छ र यो अनित्य स्वभावभित्रै अनात्म स्वभाव पनि समावेश भैरहेको हुन्छ । तर बुद्धवादमा अनात्मवादलाई विशेष रुपमा उल्लेख गर्नुको कारण अन्य सम्प्रदायले अनात्म धर्मलाई राम्ररी ग्रहण गर्न नसक्नु र अनात्मवाद बुद्ध शासनलाई अरु वादबाट विभेद गराइने वाद भएकोले पनि हुन सक्छ ।

तर अनात्मवाद सजिलै उच्चारण गरेता पनि यसलाई बुझ्न र बुझेपनि समर्थन गर्न सजिलो छैन । पालि वाङ्मयलाई अन्वेषण गर्ने पश्चिमी विद्वान्हरु र बुद्धवाद राम्ररी बुझेको दावी गर्नेहरु समेत अनात्मवाद बुद्धवाद होइन भनेर लेख्ने गर्छन् ।

आत्मा शब्द पुराना वेदग्रन्थहरुमा पाइने शब्द हुन् । यसै शब्दलाई उपनिषद्ले पनि लगातार उल्लेख गर्ने काम गरे । हृदयभित्र वास गर्ने एक अंगुल जतिको प्रमाण भएको र शरीरसँग अलग भएमा मृत्यु हुने कुराहरु आत्मवादीहरु गर्छन् । शरीरबाट निस्कने क्रममा शिरबाट निस्केमा सुगतिमा पुग्ने र शरीरको तलको भागबाट निस्केमा नर्क पुग्ने विश्वास गरिन्छ । मानिसहरु

Downloaded from http://dhamma.digital/

सुतिरहँदा पनि यो बाहिर जान सकिने कुरा पनि उल्लेख गरिएको छ । सजीव निर्जीव समस्त सत्वको मूल सार भएको आत्मालाई जान्न बुझ्न गाह्रो हुने कुरा उपनिषद् ग्रन्थले बताउने गर्दछ । आत्मावादीहरु यसलाई असंस्कृत महान धातु ब्रम्हको रुपमालिने गर्दछ । राम्रो नराम्रोको बारेमा जान्ने बुझ्ने क्षमता बढाउने शक्तिबीजको रुपमा रहेको यो आत्मा अजर अमर नित्य ध्रव र शाश्वत हुने कुरा आत्मवादीहरु गर्छन् । यसकारण आत्मालाई जान्नु बुझ्नु वा आत्मज्ञानी हुनु मानिसहरुको लागि ठूलो उपलब्धि हुने कुरा उनीहरु गर्छन् ।

यसरी उपनिषद् ग्रन्थले वर्णन गरिने आत्माको कुरालाई पालि वाङ्मयले कुनै रुपमा पनि स्वकिार गर्दैन । मानिसहरुलाई जीवनचक्रमा प्रवाहित गर्ने रुप, वेदना, संज्ञा, संस्कार र विज्ञान जसलाई पञ्चस्कन्ध भनिन्छ त्यो नित्य छैन, सुखमय छैन र यसलाई आत्म भन्न मिल्दैन भेनर भगवान् बुद्धले अनन्त लक्षण सुत्रमा स्पष्ट गरेको छ ।

अनन्तलक्षणसुत्त बाहेक संयुत्त निकाय अब्याकत संयुत्त अनुराधत्थेर सुत्तमा पञ्चस्कन्धलाई आत्मा भनी भाविता गर्नु हुँदैन भनेर स्पष्ट गरेको छ । संयुत्त निकाय सगाथा वग्गसंयुत्त समिद्धिसुत्तमा अरहन्तहरुले पञ्चस्कन्धलाई त्रिविध परिज्ञानले विभाजन गरी जानेको कारणले पुद्गल सत्व भर्ना सुनिने पुद्गललाई देख्न जान्न सकिन्न भनेर उल्लेख गरेको छ । सलायतना संयुत्त वीणोपमसुत्तमा वीणालाई सय टुक्रामा बाँडचुँड गरी टुक्रा टुक्रा पारिएता पनि वीणा शब्द खोजी गरेर नपाइने जस्तै कुनै भिक्षुले पञ्चस्कन्धलाई खोजेता पनि मेरो सम्पत्ति भनेर र मेरो आत्मा भनेर देखिँदैन भन्ने कुरालाई स्पष्ट गरेको छ ।

त्यस्तै मज्झिम निकायको अलगद्दुपमसुत्त र सब्बासवसंवर सुत्तमा पनि आत्मवादलाई सोझै तिरस्कार गरिएको हामी पाउँछौं । यसरी पञ्चस्कन्ध र पञ्चस्कन्धलाई अलग राखी परमार्थ हिसाबले पुद्गल सत्व आत्मा नभएको कारणले लोकशून्य छ भनी संयुत्त निकायको सलायतन संयुत्त सञ्ञलोक सुत्तमा स्पष्ट गरेको छ भने सुत्तनिपातको पारायन वग्ग मोघराजमाणव पुच्छामा लोकलाई शून्य रुपमा भाविता गर्न उपदेश दिनु भएको छ ।

उत्पत्ति विनासशको स्वभावलाई बार बार भाविता गर्ने भिक्षुमा म र मेरो भन्नेमा आशक्त हुँदैन । यसबाट कारण र कार्यको सम्बन्धको प्रतीत्य समुत्पाद धर्मबारेमा जानकारी प्राप्त हुन्छ ।

भगवान् बुद्धले दुःख आफूले सृजना गर्दछ कि अरुले सृजना गर्दछ भन्ने प्रश्नमा मध्यम मार्गको रुपमा प्रतित्य समुत्पन्न हुन्छ भनेर स्पष्ट गर्नु भएको थियो ।

दुःखलाई आफूले सृजना गर्छ भन्नु शाश्वत दृष्टि हो भने अरुले उत्पन्न गर्दछ भन्नु उच्छेद दृष्टि हो । यी दुवैलाई अन्त सम्झेर अविद्याको कारणले संस्कार, संस्कारको कारणले विज्ञान आदि तवरले बुझ्नु नै मध्यम मार्ग र सही मार्गको रुपमा भगवान् बुद्धले भन्नु भएको छ ।

**उपनिषद्मा वर्णन गरिएको आत्माको स्वरुपको संक्षिप्त व्याख्या गरी त्यस चीजको कुनै अस्तित्व नभएको कुरा त्रिपिटक शाहित्यका विभिन्न ग्रन्थहरुलाई उद्धृत गरी वर्णन गर्नु होस् । (१०)**

Downloaded from http://dhamma.digital/

## कोविद मध्यम वर्ष

## अनात्म धर्मलाई जोड दिनुको मूल कारण

भगवान् बुद्धले अनात्म धर्मलाई जोडतोडले उपदेश गर्नु भएको कारणमा मानिसहरुको मस्तिष्कमा किल्ला गाडिरहेझैँ आशक्त गडिरहेको कारणले हुने दृष्टि उपादान जसले दुखलाई मजबुत बनाई राख्छ, त्यसबाट मुक्त हुनको लागि अनात्म धर्मको आवश्यक रहेको उहाँको भनाई हो । चार प्रकारका उपादानमा दृष्टि वा वाद उपादान विशेषगरी आत्मवादको कारणले उत्पन्न हुने र यसले मानिसहरुलाई दुःखकष्ट दिने भएकोले यस वादलाई हटाउनको लागि पनि बुद्धले अनात्मवादको शिक्षालाई विशेष जोड दिएको हुनु पर्छ । त्यस्तै बुद्धको भनाईमा यदि स्थावर आत्माको अस्तित्वलाई स्वीकार गरिएमा आफ्नो उन्नतिको लागि प्रयास गर्नु व्यर्थ हुने र दुःखको अन्त्य गर्न ब्रम्हचर्यलाई पालन गर्नु पनि व्यर्थ हुन जाने हुन्छ ।

## सुत्तन्त पिटकमा अनात्मवादसित सम्बन्धित उपदेशहरु

**खन्धसंयुत्त खेमकसुत्तमा** भगवान् बुद्धले पञ्चउपादानस्कन्ध माथि म भनी आशक्त भइरहने, यसप्रति म आत्मा हुँ भन्ने दृष्टिद्वारा भाविता गर्ने, निरीक्षण, परामर्श गर्न नमिल्ने कुरा बताउनु भएको छ । **निदान संयुत्त** मा आयुष्मान् कोट्ठिकलाई जरा मरण आफूले, अरुले, विनाकारणले सृजना हुने नभई जातिको कारणले हुने कुरा बताउनु भएको छ । त्यस्तै **निदान संयुत्त सेला भिक्खुनी सुत्तमा** सेला भिक्षुणीले मारदेवपुत्रलाई "यो आत्मभाव शरीर खेतमा रोपिएको बीऊ, माटोको ओजदारपन र पानीलाई प्रत्यय गरी उम्रे जस्तै कारण धर्महरुलाई प्रत्यय बनाई उत्पन्न हुने" कुरा बताउनु भएको छ । **निदान संयुत्त बजीरा सुत्तमा** बजीरा भिक्षुणीले "पञ्चस्कन्ध भित्र सत्वलाई खोजी गरेर पाइन्न" भनेर अभिव्यक्त गर्दै सत्व भन्ने व्यवहार सम्मुति मात्र भएको स्पष्ट पार्नु भएको थियो । यही प्रसंग मिलिन्द प्रश्नमा पनि उल्लेख भएको छ । कथावत्थुका आचार्यले आत्मालाई अस्वीकार गर्दै यो जन्ममा र अर्को जन्ममा पनि आत्मा अवश्य छैन भनेर उल्लेख गर्नु भएको छ ।

## अर्थकथाहरुमा अनात्मको वर्णन

अट्ठकथाहरुमध्ये सबभन्दा ख्यातिप्राप्त ग्रन्थ आयुष्मान् बुद्धघोषको विसुद्धिमग्ग मा "सम्पूर्ण भव, सम्पूर्ण योनि, सम्पूर्ण गति, सम्पूर्ण विज्ञान स्थिति, सम्पूर्ण सत्वहरुमा कारणकार्य सम्बन्ध भएको हिसाबले क्रमशः उत्पन्न हुने नामरुपमात्र प्रकट छन् । योगीले धर्मभन्दा कारक ब्रम्हा, विष्णु आदि कर्तालाई विपाकको क्रमवद्ध रुपमा उत्पन्न हुनुलाई अतिक्रमण गरी विपाक फललाई अनुभव गर्न जान्ने पुद्गल कर्ता देख्दैन" भनेर उल्लेख गर्नु भएको छ । विशुद्धमग्गमा नै अनात्मवादसित सम्बन्धि स्पष्ट कथन यसरी छ ।

"दुःख मात्र छ र दुःखलाई अनुभव गर्नै जान्ने कोही पनि कर्ता छैन, निर्वाण छ र निर्माण छ र निर्वाण पुग्ने पुरुष छैन, निर्वाणतिर जाने आचरण मार्ग छ र निर्वाणतिर जाने पुरुष छैन" ।

Downloaded from http://dhamma.digital/

बुद्धको परिनिर्वाण पछि १८ संख्यामा विभक्त भएका निकाहरुमा अरु कुरामा विभेद भए पनि अनात्म विषयमा विवाद छैन । पुद्गलवाद स्वीकार्ने वज्जीपुत्तकहरुले समेत तिनीहरुको वादलाई अनात्म वाद भनेका छन् भने माध्यमिकहरुले त थेरवादले भन्दा बढी गहन रुपमा अनात्मवादलाई व्याख्या गरी धर्मस्कन्धलाई समेत स्वीकार गरेन । उनीहरुको भनाई अनुसार यो शून्य संसारमा रूप, वेदना, संज्ञा, संस्कार र विज्ञान छैनन् । नाम व्यवहार छैन, पञ्च आरम्मण छैन । विद्या, अविद्या, अविद्याको निरोध र उपशमन छैनन् । जरामरण र चतु:सत्य निर्वाण धर्म छैनन्" ।

## आत्म अनात्म समस्या

अनात्मवाद सम्पूर्ण निकायका बौद्धहरुको मूल सिद्धान्त भएपनि सबै बौद्धहरुले एक रुपले स्वीकारेको छैन । निकाय भेद पछि बनेका बज्जिपुत्तक र सम्मितियहरुले अनात्मवादलाई आफ्नै दृष्टिकोणले व्याख्या गरेको छ । उनीहरुले उपनिषद्मा आउने आत्मवाद र थेरवादीहरुको अनात्मवादलाई मान्यता नदिई पुद्गललाई मान्यता दिन्छन् । उनीहरुको भनाई अनुसार "मनुष्य सत्व आत्मा होइन, नामरुप द्वयमात्र पनि होइन, नामरुप धर्म समूहभन्दा बढी विशिष्ट पुद्गलको अस्तित्व छन्" । थेरवादको कथावत्थुमा र महायानका धर्मपाल, नागार्जुन र वसुवन्धु आदि महायानका नायकहरुले पनि यस पुद्गल वादलाई प्रतिकार गरेका थिए । यसरी पुद्गल वाद छोटो समयमै अस्तित्व विहिन् भएता पनि आधुनिक युगका बुद्धवादीहरुले अनात्मवाद सम्बन्धी पालि र संस्कृत साहित्यका कुराहरुलाई जस्ताको तस्तै मान्न तयार छैनन् ।

## कोविद मध्यम वर्ष

### Mrs. Rhys Davids र अनात्मवाद

बौद्ध विदुषी Mrs. Rhys Davids बुद्धशिक्षालाई प्रचार गर्ने विज्ञको रुपमा गनिन्छ । तर पछिल्लो समयमा आएर उनी पालिपिटकको अनात्मवादलाई अस्वीकार गर्ने तीव्र आलोचकको रुपमा प्रस्तुत हुन पुग्नुभयो । उहाँको भनाईमा भगवान् बुद्धले आत्मालाई कुनै अवस्थामा पनि स्पष्ट र निश्चित रुपमा तिरस्कार गर्नुभएको थिएन । उहाँको भनाईमा बुद्धले सुधारको गुञ्जाइस नभएको र अपरिवर्तनशील उपनिषद्को आत्मालाई अस्वीकार गरी परिवर्तनशील र सुधारको सम्भावना भएको आत्मालाई स्वीकार्नु भएको कुरा व्यक्त गरेकी छिन् । उहाँको भनाई अनुसार भगावन्बुद्धले आत्मालाई स्वीकार गरेता पनि उहाँको परिनिर्वाण पछि पुरानो भारतीय दर्शन सांख्यदर्शनमा अभ्यस्त स्थविरहरुले नामरुपको अस्तित्वलाई मात्र स्वीकार गर्ने वादको रुपमा बुद्धवाद विकास गरेको उहाँको जिकिर छ ।

तर पालि पिटक र इतिहास दृढपूर्वक अध्ययन गर्ने व्यक्तिको निमित्त उक्त धारणा र सिद्धान्तहरु आधार विहीन, युक्तिविहीन हुन्छ । सुत्तनिपात पारायन वग्गमा भगवान् बुद्धले मोघराजलाई संसारको आत्मा शून्य स्वभावलाई देख्ने गरी भाविता गर्नुपर्छ भन्नु भएको छ ।

Downloaded from http://dhamma.digital/

"सब्बे धम्मा अनत्ता" भन्ने कथनबाट पनि बुद्धको अनात्मवाद प्रष्टिन्छ । धम्म शब्दले संस्कृत र असंस्कृत धातुलाई पनि लिइने भएकोले पञ्चस्कन्ध र त्योभन्दा अन्य स्थलमा समेत आत्म शून्य छ भनी भगवान् बुद्धले भन्न चाहनु भएको कुरा स्पष्ट छ ।

पञ्चस्कन्ध आत्मा होइन, पञ्चस्कन्ध पुद्गल सत्वलाई परमार्थ हिसाबले खोजी गरेर पाइन्न र तथागतले फलानोले अनुभव गर्छ, स्पर्श गर्छ भनी उपदेश गर्नुहुन्न, प्रतीत्य समुत्पाद धर्मलाई उपदेश गर्छ भन्ने त्रिविध तथ्य पालिपिटकमा अनात्मवादसित सम्बन्ध राखी बार बार देखापर्ने तथ्यहरुले आत्मवादलाई पूर्ण रुपमा चुनौती दिएको छ ।

कथावत्थुको आचार्य मोग्गलिपुत्ततिस्स, नागसेन आदिहरुले पुद्गल परमार्थ हिसाबले अनुपलब्ध छ भनेर विश्लेषण गर्नु भएको छ । वजीरा स्थविराले पञ्चस्कन्ध आत्मा होइन भनेर विश्लेषण गर्नुभएको छ । तर आलोचकहरु भिक्षुणी वजीरा शारिपुत्र, महाकाश्यक जस्ता विद्वान् नभएको जिकिर गर्छन् ।

प्रारम्भिक बुद्धकालमा पञ्चस्कन्ध आत्मा होइन भन्ने कथन र पुद्गल सत्व आत्मा छैन भन्ने कुरालाई एउटै रुपमा लिन नहुने तर्क Mrs. Rhys Davids जस्ता विद्वान्हरुले राख्ने गर्दछ । उहाँले स्कन्ध वा खन्ध शब्द बुद्धले प्रयोग नगरेको शब्द भनेर जिकिर गर्नु भएको थियो । तर Dr. Thomas को भनाई अनुसार भगवान् बुद्धले आत्मा नभएको कुरालाई सुनिश्चित रुपमा उल्लेख गर्नु भएता पनि पञ्चस्कन्ध र नामरुपका उपदेशहरुलाई विचार विमर्श गरेमा बुद्धको विचार अनुसार आत्मा छैन भन्ने अभिप्राय स्पष्ट हुन्छ ।

राधाकृष्णन र कुमार स्वामीले भगवान् बुद्धले आत्मावादलाई स्वीकार गरेको भन्ने अभिप्रायले लेख्ने गर्छन् । तर बुद्धकालमा बुद्धले आफ्नो धर्म प्रचार गर्दा भ्रुल्नु भएका विभिन्न समस्याहरुको कारणहरुलाई यदि विश्लेषण गर्ने हो भने बुद्धको अनात्मवाद र अनिश्वरवाद नै भएको कुरा स्पष्ट हुन्छ ।

आत्मवादलाई बुद्धले आफ्नो उपदेशको अंङ्ग बनाइएको भए ब्राम्हणहरुले बुद्धको शिक्षालाई विरोध गर्नुपर्ने कुनै तुक नहुने तर्क राख्न सकिन्छ । तर बुद्धकालीन जैन तथा ब्राम्हणहरु खुलेरनै बुद्धवादलाई आत्मालाई तिरस्कार गर्ने वाद भनेर भन्छन् ।

माधवाचार्यले बुद्धवादलाई भौतिकवादी समान मिथ्यादृष्टि हो भनी भन्छन् । विनय पिटकको महावग्गमा निगण्ठनाठपुत्रले बुद्धलाई अकिरियावादी भनेर दोषारोपण गरेको छ । मज्भिम निकाय मागन्दिय सुत्रमा मागन्दिय ब्राम्हणले भगवान् बुद्धलाई उन्नति वृद्धिलाई नाश गर्ने व्यक्ति हो भनेर दोषारोपण गर्नु भएका यावत कुराहरुको कारण अनात्मवाद नै हो भन्न सकिन्छ ।

भगवान् बुद्धले सर्वप्रथम पञ्चभद्रवर्गीयहरुलाई धर्मचक्रप्रवर्तन गर्नु भएको बेलामा अनात्मको कुनै शिक्षाको बारेमा प्रकाश नपार्नुमा पनि आत्मवादमा चुर्लुम्म डुबेका तिनीहरुलाई एकैपटक अनात्मको कुरा सहज नहुन सक्छ भनेर द्वितीय सुत्रमा मात्र अनात्मको कुरा राख्नु भएकोबाट पनि

Downloaded from http://dhamma.digital/

बुद्धको शिक्षा ब्राम्हणहरुले मान्ने आत्मवादी भन्दा फरक भएको कुरा स्पष्ट हुन्छ । बुद्धले बताउनु भएको अनत्तलक्खन सुत्तको अनात्म ब्राम्हणवादीहरुले विश्वास गरिरहेको आत्मवाद भन्दा फरक भएकोले नै बुद्धले यस्तो गर्नु परेको कुरालाई सहज रुपमा अनुमान गर्न सकिन्छ ।

**Mrs. Rhys Davids को आत्म सम्बन्धी विचारको टिप्पणी गर्नु होस् । (१०)**

**कोविद बुद्धलाई वर्ष**

**भगवान् बुद्धलाई आत्मवादी भन्नेहरुले उद्धृत गर्ने कुराहरु**

यदि बुद्धवादमा अघिदेखि नै आत्मवाद भएको भए बुद्ध स्वयंले त्यस बारेमा स्पष्ट रुपमा किन उपदेश गर्नु भएन भन्ने प्रश्नको उत्तरमा Mrs. Rhys Davids ले आत्मवाद त्यस अवस्थामा प्रत्येक व्यक्तिले जाने बुझेको कुरा भएकोले बुद्धले उपदेश दिन आवश्यक ठान्नु नभएको अनुमान गर्नु हुन्छ । तर भवसंसार र कर्मनियामका कुराहरु जुन बुद्धकाल अघिका विषयवस्तुहरु हुन् त्यस सम्बन्धमा भगवान् बुद्धले बार बार देशना गर्नु भएको कारणले उहाँको कुरा त्यति तर्कपूर्ण नभएको स्पष्ट हुन्छ ।

बुद्धले प्रयोग गर्नु भएको केही शब्द तथा देशना गर्नु भएका केही सुत्रकहरुको आधारमा अनित्य दुःख र अनात्म जस्ता त्रिलक्षणको शिक्षा दिनुहुने बुद्धलाई अनात्मवादी नभएको प्रमाणको रुपमा प्रस्तुत गर्ने गर्छन् ।

उदाहरण रुपमा बुद्धले बारम्बार **अत्त** शब्द प्रयोग गरेकोलाई बुद्ध आत्मवादी हो भनेर लिनेहरु छन् ।

भगवान् बुद्ध एकपटक जङ्गलमा विहार गर्नु भएको बेलामा आफ्नो गरगहना चोरेर हिँडेकी एक स्त्रीको बारेमा सोध्दा भगवान्ले “स्त्रीलाई खोज्नु ठीक होला कि आफूलाई (आत्म) लाई खोज्नु ठीक” भनेर प्रश्न गरेकोलाई भगवान् बुद्ध आत्मवादी भएको तर्क आत्मवादीहरुले गर्छन् ।

भार (पञ्चस्कन्ध) भारवाहक (व्यक्ति) तथा भार बिसाउने (निर्वाण) को बारेमा म उपदेश दिन्छु भनेर भन्नु भएको कुरालाई वज्जीपुत्तकहरुले पुद्गलवादको प्रमाणको रुपमा प्रस्तुत गर्दछन् । पुद्गलवाद आत्मालाई मान्ने वाद नभए पनि आत्मावादीहरुसँग नजिकको सम्बन्ध राख्ने वादको रुपमा अन्य बौद्ध निकायहरुले लिने गर्दछन् । त्यस्तै “अत्ताहि अत्तनो नाथो” अथवा “आफू नै आफ्नो मालिक हो” भन्ने वाक्यमा आएको **अत्तले** बुद्ध आत्मवादी भएको तर्क आत्मवादीहरु दिन्छन् ।

Mrs. Rhys Davids ले भगवान् बुद्धले तत्कालीन समयमा आत्मवादलाई स्पष्ट उपदेश नदिएको कारणमा ई.पू.छैठौं शताब्दीको व्यवहारिक शब्दको अपूर्णता हो भनेर तर्क गरेको छ । तर तत्कालीन समयका उपनिषदाचार्यहरुले आफ्नै तवरले त्यसको व्याख्या गरिसकेको कारणले यस तर्कलाई पनि परिपक्व मान्न सकिन्न । अर्थात् उपनिषदाचार्यहरुले त्यसबेला आत्माको

Downloaded from http://dhamma.digital/

सम्बन्धमाआफ्नो तवरले धेरै वर्णन गरिसकेको थियो । फेरी उनीबाट उपनिषद् ग्रन्थहरुमा आएका अत, ब्रम्ह, धम्म आदि शब्द पालिमा भएका त्यस्तै शब्दहरुसँग अर्थ भिन्न राख्दछ भनेर भन्नुहुने उनले पालिको अत्त लाई ब्रम्हसित समान अभिप्राय भएको कुरा जुन व्यक्त गरेको छ यसबाट उहाँको धारणा आफूले चाहेतिर तान्ने स्वभावको भएको निष्कर्षमा पुग्न सकिन्छ ।

भगवान् बुद्धले कुनै कुरालाई लोकव्यवहारको दृष्टिकोणले उपदेश गर्नुभएको छ । जस्तै सूर्यको गमन (उदाउनु र अस्ताउनु), देवदूत यमराजले मरेको व्यक्तिलाई प्रश्न सोधेको आदि । बुद्ध देशनामा सम्मुति र परमार्थ भनेर दुईटा सत्यको विवरण पाईन्छ । यस सम्बन्धमा अभिधर्ममा धेरै कुराहरु विश्लेषण गरिएको छ । तर Mrs. Rhys Davids ले यी दुईलाई फरक हिसाबले समर्थन गर्दैन ।

लोक व्यवहारलाई सम्भाउन प्रयोग भएको सम्मुति सत्य र यथार्थ रुपमा विद्यमान परमार्थ सत्यको भेदलाई छुट्याउन नसक्दा बुद्धको वचनलाई पनि आत्मवादसित सामिप्यता राख्ने शिक्षको रुमा मिथ्यादृष्टि धारणा उपलब्ध हुने कुरा मिलिन्द प्रश्नमा नागसेन भन्तेले परमार्थ हिसाबले प्रकट भएको पुद्गल अनुपलब्ध छ भन्दा मिलिन्द राजाले त्यसो भएमा कुशलकर्म अकुशलकर्म नहुने भयो । कुशल अकुशलकर्मको परिणाम पनि नहुने भयो भनेर अनात्म धर्मलाई नासितकवाद वा भौतिकवादको रुपमा मिथ्या धारणा राखेको थियो । साधारण मानिसहरुमा यस किसिमका भ्रम हुन सक्ने सम्भावना देखेर नै भगवान् बुद्धले पुद्गल सत्व छैन भनी सोभै उपदेश गर्नु नभएको हो । वच्छ गोत्तले भगवान्सँग “आत्मा छ कि ?” भनेर सोध्दा जवाफ दिनु नभएको र पछि आनन्दले त्यसको कारण सोध्दा छ भने शाश्वतवादलाई स्वीकारे जस्तो हुने र छेन भन्दा वच्छगोत्तमा चित्त मलिन भई खलबलाउने स्थिति आउन सक्ने भएकोले जवाफ नदिएको कुरा भन्नु भएको थियो ।

यसरी भगवान् बुद्धले अनात्म धर्मलाई मिथ्या रुपमा विचार विमर्श नगराउन विशेष होश राखी उपदेश दिनु भएको हो । यो तथ्यसित सम्बन्ध राखी थेरवाद अट्ठकथाचार्यहरुले यस सम्बन्धमा विस्तृत रुपमा वर्णन नगरे पनि महायान अट्ठकथाचार्यहरुले विस्तृत रुपमा वर्णन गरी लेख्ने गरेका छन् ।

**भगवान् बुद्धलाई आत्मावादी भनेर वर्णन गर्नेहरुले उद्धृत गर्ने बुद्धको शिक्षाहरु उल्लेख गर्नु होस् ( १०)**

**कोविद मध्यमवर्ष**

**अनात्मवाद र बौद्धआचार्यहरु**

सर्वास्तिवाद र योगाचारवादका विज्ञ वसुबन्धुले वज्जीपुत्तक गणिकहरुका पुद्गलवादलाई प्रतिकार गर्नु भएको छ । पुद्गलवादले अनात्मको विचारलाई प्रकारान्तरले समर्थन गरेको उसको

Downloaded from http://dhamma.digital/

विश्लेषण छ। उहाँको अनुसार अनात्म धर्म सम्बन्धमा भगवान् बुद्धले शाश्वत दृष्टि र उच्छेद दृष्टि उत्पन्न नहुने किसिमले उपदेश दिनु भएको थियो। जसरी बघिनीले बच्चलाई मुखले च्यापेर लैजाँदा बच्चा पनि नखसोस् र सास्ति पनि नहोस् भनेर मध्यस्थ रुपमा लैजान्छन् अनात्मधर्मको कुरा गर्दा भगवान्ले पनि त्यस्तै गर्नु भएको उहाँको जिकिर छ।

नागार्जुनको भनाईमापनि बुद्धले अनात्मवादलाई बुझाउने क्रममा शास्वतवाद र नास्तिकवादको कुरा हाबी नहोस् भन्ने मनसायले कहिलेकाहीँ आत्मवादी जस्तो देखिने "अत्तानं गवेसेय्याथ", "अत्तदीष भिक्खवे विहरथ अत्तसरणा" आदि "अत्त" शब्द प्रयोग गर्नु हो । तर ती शब्दहरुको प्रयोगबाट बुद्ध कुनै पनि हिसाबले आत्मवादी नभएको उहाँको विश्लेषण छ । भगवान् बुद्धले विभिन्न देशनामा नाम धर्महरुमध्येमा चित्त विज्ञान प्रधान र प्रमुख भन्नुको मतलब यसलाई नित्य ध्रुव र असंस्कृत धातु भनेको होइन।

संस्कृत बौद्ध साहित्यमा भएका विभिन्न अभिप्रायहरुका कारणले पनि बुद्धलाई आत्मवादी भन्नेहरु छन्। जस्तै योगाचारमा आलय विज्ञान धातुलाई विश्वास गर्छन् जुन धातु सदा स्थिर भई निरन्तर रुपमा परिवर्तन नभई शुद्ध स्वच्छ भईरहने धातुको रुपमा लिइन्छ । साथै महायानी महापरिनिब्बान सुत्तमा तथागत गर्भ प्रत्येक मानिसमा हुन्छन् जसले प्रत्येक मनुष्यलाई बोधिज्ञान प्राप्त गर्न मद्दत गर्दछ भनेर उल्लेख गरेका छन् । तर आलय विज्ञान र तथागत गर्भ भनेको उपनिषद्मा विश्वास गरेको जस्तो आत्मा नभएको स्पष्ट रुपमा देखाइएको छ। संस्कृत साहित्यमा बुद्धको भनाई उद्धृत गर्नै "तथागत गर्भ आत्मासित धेरै फरक भएको, आत्मवाद मिथ्या र भूल नै हो" भनेर स्पष्ट गरेको छ । तर अनात्म धर्मबाट भयभीत हुनेहरु तथा आत्मवादीहरु समेतलाई बुझाउन तथागत गर्भको उपदेश दिएको स्पष्ट गर्नु भएको छ।

अनात्मवाद बुद्धको कालभन्दा अगाडि देखा नपरेको वा बुद्धको समयमा आत्मवादी ब्राम्हणहरुकै बोलावाला रहेको भनेता पनि बुद्ध प्रादुर्भाव हुनु भन्दा अगाडिको कथकोपनिषद्मा आत्मवादसित प्रतिपक्ष भएको एउटा वादको उल्लेख गरेको हामी पाउँछौं। उक्त ग्रन्थमा त्यस वादलाई मरुभूमिमा वर्षिने वर्षपानी जस्तो निरर्थक भनेर उल्लेख गरेको पाइन्छ।

संसारमा विभिन्न वादहरुको कमोवेश उपस्थिति भइरहेको हुन्छ । अल्प मानिसहरुले मात्र स्वीकारेको वा त्यसको प्रतिपक्षको रुपमा रहेको सशक्तवादले छोपेर पनि विभिन्न वादहरु त्यसै हराएर जान्छन्। तर यदि त्यस्ता वादहरु एक प्रभावशाली व्यक्तिको हातमा परेपछि उसको बुझाउने क्षमताले धेरैलाई प्रभावित गर्न सकेमा उसैका नाउँद्वारा त्यो वाद फेरि संसारमा चल्ने गर्छन् भन्ने उदाहरण धेरै छन् । चार्ल्स डार्विन को Theory of Evolution विकास वादको सिद्धान्त वास्तवमा उसको मौलिक सिद्धान्त नभई त्यसको अघि पनि यस सम्बन्धको विचार प्रभावित भइसकेको दावी Alfred Russel Wallace भन्ने विद्वान्ले गरेको छ। मार्टिन लुथर क्रिश्चियनहरुलाई चुनौति दिने प्रथम व्यक्ति नभई ऊ भन्दा अगाडि पनि त्यस्ता व्यक्ति भईसकेको उल्लेख छ । त्यस्तै भगवान् बुद्धले विश्लेषणात्मक रुपमा अनात्मवादको कुरा गर्नु भएता पनि त्यस सिद्धान्तलाई स्वीकार गरेर बामे सरिरहेको व्यक्तिहरु अगाडि पनि रहेको भन्ने केही केहि ग्रन्थहरुमा संकेत पाइन्छ । यसरी

Downloaded from http://dhamma.digital/

प्रभावशाली व्यक्तिहरुको प्रयासद्वारा छायाँमा परेका वादहरु पनि उचित समयमा जनमानसमा प्रचार भएर बहुजनले स्वीकार गरिने सिद्धान्तको रुपमा परिणत हुन सक्दछ ।

अनात्मवाद प्रत्येक व्यक्तिले स्वीकार्न सक्ने वाद नभएतापनि २५०० वर्षका दौरानमा वज्जीपुत्तकहरु बाहेक सबै बौद्धहरुले एकरुपले मान्यता दिँदै आइरहेको वाद हो । त्यस कुरालाई हृदयंगम नगरी Mrs. Rhys Davids ले बुद्धवादलाई आत्मवादीको रुपमा चित्रण गरिनु मेरो गुरुको बाह्रै तका जस्तो जिद्दि गर्नु मात्र हो भन्नु पर्दछ । हुनत उहाँको नियत नराम्रो नभएता पनि आफ्नो आत्मवाद उपादानको कारणले बुद्धवादको विकास अनात्मवादले हुन नसक्ने उहाँको धारणा प्रस्फुटन हुन गएको मात्र हो । तर पनि पिटकवाङ्मयको व्यापक अध्ययन भएका उनीबाट बुद्धलाई आत्मवादी भनेर चित्रण गर्नु इमान्दारीताको अभाव भनेर भन्नु पर्छ । बरु एकजना फ्रेन्च विद्वान् Barhelemy Saint Hilaire ले बुद्धवाद विषयमा लेख्दा अनात्मवादलाई उपहास गरेता पनि यसलाई बुद्धवाद होइन भनेर नलेखेको र अनात्मवादद्वारा बुद्धशासनले मनुष्यहरुलाई लाभ पुऱ्याएको कुरा स्वीकारेको छ ।

**संस्कृत बौद्धसाहित्यमा उल्लेख भएका केही सिद्धान्तहरुलाई राम्ररी बुझ्न नसकेको कारणले पनि बुद्धलाई आत्मावादी भन्ने आरोप लगाएको कुरालाई स्पष्ट पार्नुहोस् । (१०)**

**अनात्मवाद र आधुनिक प्रज्ञाविद्हरुको दृष्टि**

अनित्यलाई गहिराईमा बुझ्नेहरुलाई अनात्मको ज्ञान उत्पन्न हुने कुरा विज्ञहरु भन्छन् । अनित्यको अर्थ जरामरण स्वभावलाई मात्र देख्नु नभई स्वभाव शून्यको रुपमा पनि बुझ्नु पर्ने कुरा विज्ञहरु गर्छन् ।

बुद्धका समकालीन पश्चिमका Heraclitus ले अनित्यको बारेमा धेरै गम्भीर कुराहरु गर्नु भएको छ । एउटै नदीमा एक व्यक्तिले डुबुल्की मार्न नसकिने कुरालाई तर्कपूर्ण ढंगले उहाँले उल्लेख गर्नु भएको छ । महान् यथार्थवादी प्रज्ञाविद् Bertrand Russels ले पनि भौतिक शास्त्रकै आधार लिएर हिजोको कुर्सी आजभन्दा फरक भैसकेको तर्क गरेर अनित्यतालाई स्वीकारेको छ ।

अनात्मवादलाई सघाउने पश्चिमी विज्ञ Henry Bergson ले त कुनै परिवर्तन भईरहेको पदार्थ नै वास्तविक रुपमा नभएको बरु परिवर्तन मात्र भएको भनेर सूक्ष्मरुपमा अनित्यको वर्णन गर्नु भएको थियो । चित्त निरन्तर परिवर्तन भइरहने वस्तु भएको र त्यसलाई अनुभव गर्ने आत्मा छैन भन्ने धारणालाई उहाँले स्पष्ट पार्ने क्रममा सिनेमाको पर्दामा देखापरेका विभिन्न कार्यकलापहरु वास्तवमा अलग अलग छुट्टिएका निर्जीव तस्वीरहरु एक ठाउँमा जोडिराखेको फिल्मको चक्कालाई अति वेगले घुमाई देखाएको कारणले मात्र उत्पन्न भएको भन्ने उहाँको भनाई बुद्धवादसँग मिल्दोजुल्दो छ । नित्य आत्मविज्ञान नरही अलग अलग भइरहेका चित्तहरुको लगातार उत्पत्ति हुनु र विनाश हुनुलाई आधुनिक विज्ञानको Quantum Theory ले पनि स्पष्ट पारिरहेको छ । यस अनुसार Atom बीचमा Nucleus लाई परिक्रमा गरिरहने Electron हरुले आफ्नो निश्चित बाटोमा सीमित नभई उफ्रि उफ्रि

Downloaded from http://dhamma.digital/

बाटोहरु फेर्ने गर्दछ । यसरी Electron हरु अलग अलग गरी परिवर्तन भइरहनु भनेको अगाडिको Electron र पछिको Electron सँग केही सम्बन्ध नभएको सन्तति मात्र हो भन्न सकिन्छ । यसरी नामधर्म र रुपधर्म पनि एक क्षण नबिराई उत्पत्ति र निरोध हुनु मात्र हो भन्ने सिद्धान्त पश्चिमी राष्ट्रहरुमा आधुनिक शिक्षा प्राप्त धेरैजसो व्यक्तिहरुले स्वीकारेको सिद्धान्त हुन गएको छ ।

**अनात्मवादलाई समर्थन गर्ने २ जना आधुनिक प्रज्ञाविद्हरुको विचार उल्लेख गर्नु होस् । (५)**

Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

“पञ्ञा नरान रतन”

# दशपारमिता

## परियत्ति सद्धम्म कोविद मध्यम वर्ष

### (कक्षा ९, पञ्चम पत्र)

दशपारमिता प्राप्ताङ्क ३५ अंक, १५ घण्टा

**लेखक - भिक्षु कुमार काश्यप महास्थविर,**

**भिक्षु सुदर्शन महास्थविर**

Downloaded from http://dhamma.digital/

# प्रज्ञा पारमिता

प्रज्ञाको साधारण अर्थ राम्ररी जान्नु हो । साथै राम्ररी भन्नुको अभिप्राय हुन्छ लोकुत्तररूपमा । त्यसैले नै संज्ञा, विज्ञान र प्रज्ञाको काम थाहा पाउनु अर्थ उस्तै उस्तै भएता पनि यसको बीच वास्तवमा ठूलो भेद छ । संज्ञाले रातो हरियो आलम्बन मात्र जान्न सक्दछ । संज्ञा अनित्य, दुःखर अनात्म लक्षण प्रतिवेधसम्ममा पुग्न सक्दैन । उता अनित्य, दुःख र अनात्म सारा नाम धर्मको लागि त्यसैअनुसार सामान्य लक्षण अनुरुप भइरहने हुन्छ । आलम्बनतिर झुकेर जाने नाम, शीतोष्णको कारणले विनाश हुने रूपको विशेषता लक्षण स्वाभाविक हो । यही नै लक्षणको प्रतिवेधसम्म संज्ञा पुग्न नसक्ने हुन्छ । साथै विज्ञानले रातो हरियो आलम्बन पनि थाहा पाउँछ र लक्षणको प्रतिवेधसम्म पुग्न सक्छ तर त्यसो भए पनि विज्ञान प्रयत्न गरी मार्ग पाउन सक्दैन । प्रज्ञा मात्र नै आलम्बनलाई थाहा पाउँदछ, लक्षण प्रतिवेध गर्दछ । साथै कोशिस गरी मार्गको प्रादुर्भाव अवस्थासम्म पनि प्रज्ञा पुग्न सक्छ ।

प्राणीहरुको आँखाले संसारको वस्तु वा प्राणीहरु देख्दछ, कानले शब्द सुन्दछ, नाकले गन्ध सुँघ्दछ, जिब्रोले रस लिन्छ, शरीरले स्पर्श गर्छ- यति थाहा पाउँदछ । नयाँ देखेको वा सुनेकोलाई पहिले देखेको वा सुनेकोसँग तुलना गरी उस्तै हो भनी सम्झिन्छ । वस्तु देख्नासाथ नाम थाहा पाउँदछ । पानीले भिजेको देख्नासाथ भिजेको भनी जान्दछ । शत्रु देख्नासाथ आफन्तहरु होइनन् भनी भन्दछ । तर यी सारा ज्ञान लौकिक हुन् । पशुहरुमा पनि यसरी जानेर लिने क्षमता छ । त्यसैले यो ज्ञान हुँदैमा प्रज्ञा भएको भनिँदैन । अल्पज्ञान भएको मानिस साँढेजस्तै ठूलो हुन्छ । उसको शरीर त वृद्धि हुन्छ तर प्रज्ञा वृद्धि हुँदैन भनी धम्मपद (१५२) मा भनिएको उक्तिले पनि प्रज्ञाको यो विशिष्ट भाव देखाउँछ । जसलाई जानेर लिनुपर्ने वस्तुनिष्ठ कुरामा भित्र पनि बाहिर पनि राम्ररी जानेर लिनु नै प्रज्ञा हो । यसको पूर्ण व्याख्या प्रज्ञाको प्रभेदले मात्र पूर्ण हुन्छ । जसको चर्चा प्रतिसम्भिदामार्गमा र अभिधर्मको विभङ्ग नामक 'प्रज्ञाभेद' मा विस्तृत वर्णन गरिएको छ ।

यो पुण्य, यो पाप, यो दुःख, यो दुःखको कारण हेतु यो सिद्ध भएको यसको कारणले, यसो भएमा दुःख असिद्ध हुन्छ भनी जानेर लिनुलाई नै प्रज्ञा भनिन्छ । स्कन्ध, धातु र आयतन आदि गम्भीर धातु जानेर लिनुलाई पनि प्रज्ञा भनिन्छ । भगवान् बुद्धले यही एउटै आलम्बनमा विद्यामान हुने अरूपी चित्त चेतसिक धर्मलाई अलग गर्नु भएर यो स्पर्श हो, यो वेदना हो, यो प्रज्ञा हो, यो संज्ञा हो, यो चेतना हो भनी आज्ञा गर्नुभएको उपदेशप्रति नै मिलिन्द प्रश्नअनुसरा नागसेन भन्तेले *'बुद्धले गाह्रो काम गर्नुभयो'* भनी मिलिन्द राजालाई भन्नु भएको थियो । फेरि राजा मिलिन्दले नै 'विज्ञान, प्रज्ञा र जीव यी तीन शब्द र अर्थ दुबै अलगअलग हुन् कि एउटै अर्थको भिन्नभिन्न नाउँ हुन्' भनी सोधेको जवाफमा नागसेन भन्तेले भन्नुभयो *'थाहा पाउने, विज्ञानको काम हो, सम्यक्रूपमा बुझ्नु प्रज्ञाको काम हो र जीव भनेको कुनै चीज नै छैन ।'*

पञ्ञा (प्रज्ञा) शब्दको 'प' पूर्व 'ञा' धातुले सिद्ध भएको छ । विशेष रूपले थाहा पाउनु, देख्नुलाई नै प्रज्ञा भनिन्छ । प्रज्ञा आफूलाई चाहिने तीन सम्बोधिमध्ये एउटा सम्बोधिको पार तारिदिने

Downloaded from http://dhamma.digital/

भएकोले प्रज्ञापारमिता भनिएको हो । ज्ञानले गर्दा नै नैक्ष्क्रम्य पाइने हुन्छ । ज्ञानले देखेर लाभ भएको नैष्क्रम्य, त्यस ज्ञानले पाएको वीर्य महत्फल भएको हुनाले प्रज्ञा सप्ततिंस बोधिपक्षिय धर्ममा परीक्षा गर्ने पाँचौ. धर्मविचय संग्रहमा बीचमा पारी धर्मदेशना गरिएको छ । प्रज्ञा अविद्याले देख्न नसक्ने पाँच बलमध्ये एउटा बल हो । प्रज्ञाबलले नै अविद्या अन्धकार सबै नष्ट गर्ने हुनाले त्यो प्रधान भएको हो । आर्य अष्टाङ्गिक मार्गमा प्रज्ञा अन्तिम र मूल कारण भएको छ । शासनमा शील प्रारम्भ हो भने प्रज्ञा अन्तिम हो । प्रज्ञा मध्यम प्रतिपदा हुनलाई चित्त नरम बनाइदिन्छ । सबै भवदेखि पार हुनलाई मद्दत गर्छ । मिथ्यादृष्टिरूपी मयल पखालिदिन्छ । क्लेश नाश गर्न स्वयं हेतु बनिदिन्छ । साथै अर्हत फल लाभ गर्न एउटा कारण बन्छ । त्यसैले नै सूर्यलोक, चन्द्रालोक र अन्य आलोकभन्दा प्रज्ञालोक श्रेष्ठ हुन्छ । सूर्यलोक यस जीवनलाई नभई हुँदैन तर पनि त्यो जहाँ पनि र जहिले पनि पाईंदैन । प्रज्ञालोक जहाँ पनि र जहिले पनि प्राप्त हुन्छ । अभ्र प्रज्ञालोकले अभिज्ञा उत्पत्ति गरी दश लोक पनि प्रकाशित गर्न सक्दछ । तीनै आलोकले अन्धकार नाश गरिदिन्छ तर अविद्याको अन्धकार हटाउन सकिँदैन । अविद्यान्धकार त प्रज्ञाले मात्र हटाउन सकिन्छ । इच्छा गरेको सिद्ध गर्नलाई टेवा भएकोले प्रज्ञालाई विमसिद्धिपाद पनि भनिन्छ ।

## प्रज्ञा पारमिताको लक्षण

धर्मको यथार्थ स्वभाव जानेर लिनु प्रज्ञाको सामान्य लक्षण हो । कुशल धनुषकारले यताउता नलगाई लक्ष्यमा लाग्ने गरी वाणले हिर्काएझैं लक्ष्यालाई राम्ररी आवश्यक स्थानमा आवश्यकता अनुसार प्राप्त गर्नु पनि यसको लक्षण हो । बत्ती बल्दा बत्तीको प्रकाशले अन्धकार नाश गरिपठाएझैं धर्मको स्वभाव आरम्मण छोपिराखेको मोहको अन्धकार नाश गर्न प्रकाश गर्नु यसको रस (कृत्य) हो । जङ्गलमा जाँदा राम्ररी बाटो जान्ने व्यक्तिको बाटो नबिराएझैं नभुल्ने अथवा असमोह नै यसको प्रत्युप्रस्थान हो । समाधियुक्त एकाग्रचित्त अर्थात् चार आर्यसत्य नै पदस्थान हो । प्रज्ञायुक्त बोधिसत्वले कारणलाई यथार्थ बोध गरिलिन्छ । जति बुझ्नुपर्ने हो, त्यति बुझेर लिन्छ । मूढ र चञ्चल इन्द्रियले धर्मको हानि गर्दछ । एकाग्र र ज्ञानयुक्त चित्तले नै धर्मको अभिवृद्धि हुन्छ । प्रज्ञारूपी बत्ती बाल्न समाधि सलेदोजस्तै हो ।

## प्रज्ञा विभाजन

प्रज्ञालाई विभिन्नरूपले विभाजित गरी हामीले अध्ययन गर्न सक्दछौं । विशुद्धिमार्गमा यसको राम्ररी व्याख्या भएको छ । सात काम सुगति, सोह्र ब्रम्हलोक, चार अरूप ब्रम्हलोसम्म पुऱ्याइदिने लौकिकमार्गयुक्त लौकिकप्रज्ञा र जन्ममरणदेखि मुक्त निर्वाण प्राप्त हुने अलौकिकमार्गयुक्त अलौकिकप्रज्ञा भनी आश्रव नभएको अनाश्रव प्रज्ञा भनी, चार अरूप स्कन्धको व्यवस्थापन भएको रूप व्यवस्थापन प्रज्ञा यी दुईदुई प्रकारले विभाजित छन् ।

Downloaded from http://dhamma.digital/

त्यसैगरी प्रज्ञालाई तीनतीन प्रकारले परित्त आलम्बनको प्रज्ञा, रूपावचर र अरूपावचरप्रति प्रवर्तित अप्रमाण आलम्बनप्रज्ञा भनी, तीन प्रकारका प्रज्ञा छन् । त्यसैगरी आय, अपाय र उपाय कौशल्यप्रज्ञा पनि तीन प्रकारका प्रज्ञा छन् । आयको अर्थ उन्नति वा अभिवृद्धि हो । नराम्रो नबनाउने उन्नति, राम्रो बनाउने उन्नति अनुसार दुई प्रकारका आय प्रज्ञा छन् । उत्पन्न नभएको अकुशल धर्म उत्पन्न नगर्ने, उत्पन्न भएको अकुशलधर्म प्रहाण गर्ने, उत्पन्न नभएको कुशलधर्म उत्पन्न गर्ने, उत्पन्न भएको कुशलधर्म बृद्धि गर्ने, भावना परिपूर्ण गर्ने राम्ररी जानेको अमोह, धर्मविचय र सम्यक्दृष्टि नै आय कौशल्य हो । हानि परिहानि हुने नराम्रो राम्रो भएर आउनेको दक्षज्ञानलाई अपाय कौशल्य भनिन्छ । जुनसुकैमा पनि बीचको ज्ञानलाई वा जहाँ पनि त्यसत्यस कुराको सिद्धि त्यस समयमा उत्पन्न हुने स्थानोचित कौशल्यलाई उपाय कौशल्य ज्ञान भनिन्छ । अकस्मात् आईपर्ने आपद्‌विपद् वा विघ्नवाधाले राम्ररी मुक्त हुन समयोचित ज्ञान र त्यस्तै स्थानोचित ज्ञान सबैमा बनाउनुपर्छ । फेरि आफ्नो शक्तिअनुसारले यस ज्ञानको प्रयोग गर्नु पनि पर्छ । आफ्नो स्कन्धलाई लिएर प्रारम्भ गरिएको विपश्यनाप्रज्ञा अध्यात्म अभिनिवेशको प्रज्ञा, अरुको स्कन्धलाई वा बाहिरी रुख, पर्वत, फलामजस्ता अनइन्द्रियबद्ध रूपलाई लिएर प्रारम्भ गरिएको बाह्य अभिनिवेशको प्रज्ञा, साथै दुबैको स्कन्धलाई लिएर प्रारम्भ भएको अध्यात्म बाह्य अभिनिवेशको प्रज्ञा भनी तीन प्रकारका प्रज्ञा विभाजन गरिएको छ । तर यहाँ प्रज्ञाको विषयमा धेरैजसो तीन प्रकारका विभाजन गरिएको र बुझ्न पनि सजिलो चिन्तनमयप्रज्ञा, श्रुतमयप्रज्ञा र भावनामयप्रज्ञा विषयमा अलिक संक्षिप्त चर्चा गरिनेछ ।

दृश्यलाई भन्दा अदृश्यलाई सामिप्यमा ल्याउन सहज तुल्याई दिनुलाई चिन्तमयप्रज्ञा भन्दछ । बोधिसत्व सुमेधले तातो छ भने चिसो पनि अवश्य हुनुपर्छ, राग द्वेष र मोहको ताप हुन्छ भने यसबाट अलग शान्त अवस्था पनि अवश्य हुनुपर्छ भनी थाहा पाए । अरुसँग नसोधिकन तर्कानुकूल अथवा आफ्नो चिन्तनले आफैले प्राप्त गर्ने प्रज्ञा भएकोले यसलाई चिन्तनमयप्रज्ञा भनिन्छ । आफ्नो आफ्नो क्रमानुसार उत्पत्तिदेखि जोसुकैसँग पनि केही प्रमाण अनुसार ज्ञान रहन्छ, त्यसलाई प्रतिसन्धिप्रज्ञा वा जातिप्रज्ञा भनिन्छ । पहिलेको कर्मफलले लाभ भएको प्रतिसन्धिज्ञान भएको अलोभ, अदोष र अमोह तीनै ज्ञान भएकोलाई त्रिहेतुक प्रतिसन्धि भनिन्छ । त्रिहेतुक प्रतिसन्धि भएको व्यक्ति भाषा सिकेर, पढेर, मार्गफल लाभ गर्नुमा योग्य व्यक्ति हुन्छ । कल्पना गरी उत्पत्ति भएको प्रज्ञालाई उत्पत्ति लाभ भएको प्रज्ञा विशेष लाभप्रद हुन्छ । प्रतिसन्धिप्रज्ञा तीक्ष्ण उन्नत्ति गर्न चिन्तनमयप्रज्ञाले विशेष टेवा पुऱ्याउँछ । कल्पना गरी आफूले स्वीकार गरेको प्रज्ञा शिलालेखजस्तै स्थिर हुन्छ । बोधिसत्व सुमेधले जुन 'चिन्तनमय अजरामरण प्रज्ञा' प्राप्त गरे त्यो यस्तै स्थिर प्रज्ञा हो । बोधिसत्व महोषधले जुन आश्चर्यकारक विद्युतीकरण आविष्कार गरे, विज्ञानको जुन अनेक आविष्कार गरे, ती सारा चिन्तनमयप्रज्ञाको फल हुन् ।

श्रुतमय प्रज्ञाको शब्दार्थले यसको अर्थमा सुनेर प्राप्त गरेको प्रज्ञातिर संकेत गर्दछ वा प्रश्नोत्तर गरी, विज्ञजनसितको संगतले त्यस्तै किताब पढेर प्राप्त गरेको प्रज्ञालाई नै श्रुतमयप्रज्ञा भनिन्छ । श्रोतापत्ति हुनलाई पनि अरसँग सोधिएको प्रज्ञा उपकारक हुनसक्छ । प्रज्ञामा सबैभन्दा अग्र हुनुभएको सारिपुत्र भन्तेलाई समेत अस्सजित भन्तेको कुरा सुनेर श्रोतापत्तित्व प्राप्त भयो । यसले स्पष्ट गर्दछ कि महान् प्रज्ञावानलाई पनि प्रज्ञारूपी बत्ती बाल्नको निमित्त जरुरत पर्दछ । साथै यो

Downloaded from http://dhamma.digital/

निमित्त सुनेर पनि प्राप्त हुनसक्ने हुन्छ । अर्को कुरा श्रतुमयप्रज्ञा गल्ति हुनसक्दछ, दृष्टिदोषयुक्त हुनसक्छ । तर साँच्चै कै कल्याणमित्र वा गुरुको उपदेशले गल्ति नहुने गरी ज्ञान प्राप्त हुन्छ ।

समथ विपश्यना भावनाले उत्पत्ति हुने प्रज्ञालाई भावनामयप्रज्ञा भनिन्छ । नाम र रूपलाई अनित्य, दुःख र अनात्म अनुसार देखेर राग, द्वेष र मोहदेखि अलग हुने प्रज्ञा नै भावनामयप्रज्ञा हो । पहिले गएको दुबै प्रज्ञा बुद्धधर्म वा बुद्धशासनबाट बाहिर पनि लाभ गर्न सकिन्छ । तर भावनामयप्रज्ञा बुद्धशासनभित्र मात्र सम्भव छ । प्रथमध्यान आदि प्राप्त गरेर पनि अनित्य, दुःख र अनात्म त्रिलक्षण देखेर विपश्यना वृद्धि गरी निर्वाणोन्मुखी अवस्थामा पुग्दा मात्र भावनामयप्रज्ञा पूर्ण हुनसक्छ । यही प्रज्ञा वृद्धि गरी श्रोतापत्ति आदि मार्गमा पुग्नका लागि उत्साह गर्नाले निर्वाण लाभ हुन्छ । त्यसैले पारमिता गुणधर्म पालन गरेर बोधिसत्वले बुद्धत्व लाभ गरिलिने इच्छा भएको कारणले प्रज्ञा तुरुन्त निर्वाणोन्मुख नगरी बोधिज्ञान उन्मुख गरे ।

चिन्तनमय, श्रुतमय र भावनामयप्रज्ञा मध्ये भावनामयप्रज्ञा नै श्रेष्ठ छ । पहिलो दुबै प्रज्ञाको लोकुत्तरत्व नै लक्ष्य भएता पनि भावनामयप्रज्ञा नपुगेसम्म स्वरूपको दृष्टिले लौकिकप्रज्ञा नै सिद्ध हुन्छ । त्यसरी नै प्रज्ञा अष्टाङ्गिकमार्गमा सम्यक्दृष्टि र सम्यक्संकल्प समावेश हुन्छ । सम्यक्दृष्टिले नै चार आर्यसत्यलाई यथार्थरूपले देख्दछ । जन्म, बुद्धत्व, रोग र मृत्युको दुःख, मन नपर्नेसँग मिलन हुने र मननपर्नेसँग विछोडिने दुःख, इच्छा गरेको पूरा नहुने र संक्षिप्तमा पञ्चस्कन्ध शरीर नै दुःख देख्नुलाई दुःखसत्य देख्नु भनिन्छ । पञ्चकाम विषयमा लालसा, कामतृष्णालाई, रूपब्रम्ह र अरूपब्रम्हलोकको नित्यताको अति नै गहिरो आशक्तिको भवतृष्णालाई र कर्मफलको अविश्वास उच्छेदवादको विभवतृष्णालाई दुःख समुदयसत्य भनिन्छ । यिनै तृष्णादेखि सम्पूर्णरूपमा वैराग्य भएर तृष्णाको निरोध, परित्याग हुनु दुःख निरोधसत्य हो र दुःख निरोधगामिनी प्रतिपदामार्गसत्य नै अष्टाङ्गिकमार्ग हो ।

प्रज्ञालाई आर्यसत्य र प्रतिसम्भिदा अनुसार चार प्रकारले पनि विभाजन गरिन्छ । दुःख सत्यप्रति प्रवर्तित दुःखसत्यको ज्ञान, दुःख समुदयप्रति प्रवर्तित दुःख समुदयसत्यको ज्ञान, दुःख निरोधप्रति प्रवर्तित दुःख निरोधसत्यको ज्ञान र दुःख निरोधगामिनी प्रतिपदाप्रति दुःख निरोधगामिनी प्रतिपदासत्यको ज्ञान नै चार आर्यसत्यज्ञान हो । अर्थमा ज्ञान अर्थप्रतिसम्भिदा, धर्मको ज्ञान धर्म-प्रतिसम्भिदा धर्मको निरुक्ति भन्ने सक्ने ज्ञान निरुक्ति- प्रतिसम्भिदा ज्ञानमा पनि ज्ञानप्रतिभान-प्रतिसम्भिदा नै प्रतिसम्भिदाअनुसार चार प्रकारकाप्रज्ञा छन् । प्रतिसम्भिदायुक्त प्रज्ञाले चित्त स्थिर गर्न सकिन्छ । वास्तवमा -धम्मपद (३६) अनुसार) जसको चित्त अवस्थित छैन, जसले सद्धर्मलाई जानेको छैन फेरि जसको मनको शान्ति विनष्ट भइसकेको छ उसको प्रज्ञा पूर्ण नै हुन सक्दैन भनी भनिन्छ ।

स्थिरचित्तको प्रज्ञाले नै प्रज्ञाको स्तर उचाल्न सक्छ । तर बोधिसत्वहरुले प्रतिपदाज्ञान दर्शनविशुद्धिदेखि विपश्यनाज्ञानमा रोक्दछन् । कारण यसो नगर्नाले केही भएर भावना गऱ्यो भने श्रोतापत्ति लाभ हुन्छ र भविष्यमा बुद्धत्वमा पुगन सकिँदैन । वर्तमान भवमा मार्गफल लाभ अथवा निर्वाण प्राप्त गर्ने आशा नगरी बोधिसत्व, प्रत्येकबोधिसत्व, श्रावकबोधिसत्वहरुले विपश्यना गर्दछन् ।

Downloaded from http://dhamma.digital/

पूर्ण ज्ञानले नै प्रमादी स्वभाव भएका मानिसहरुलाई देख्न सक्दछ । धम्मपद (२८) अनुसार भनिएको पनि छ -

*पमादं अप्पमादेन यदा नुदति पण्डितो ।*

*पञ्ञापासाद मारुय्ह असोको सोकिनि पजं ।*

*पब्बतट्ठो व भुमट्ठे धीरो बालो अवेक्खति ॥*

अप्रमादले प्रमादलाई टाढा पठाउन सक्छ, त्यसबेला उसले प्रज्ञाको महलमा चढेर शोकरहित भएर शोकमुक्त प्रज्ञालाई आफैले देख्दछ, जसरी पर्वतको टाकुरामा बसेको मानिसले तल बसेको मानिसलाई, जसरी धैर्यवान् मानिसले मूर्ख मानिसलाई देख्दछ ।

अनेक ज्ञानमा सम्बोधिसँग नजिकिएको ज्ञानलाई विपश्यनाज्ञान भनिन्छ । बुद्ध हुनेहरु बोधिवृक्षमुनि रातमा विपश्यना ध्यान गरी सम्बोधिमा पुग्ने नै विपश्यना बलले हो । अझ पारमिता गुणधर्म पूर्ण गर्नको लागि जहिले पनि प्रज्ञाज्ञानले भरोसा दिइरहन्छ । प्राणघात अकुशल हो । प्राणघातमा जति पनि जुन प्रकारले मोह हुन्छ, किनकि सारा अकुशलचित्त नै मोहसहगत हुन्छ । साथै मोह प्रज्ञाको विपरीत स्वभाव धर्म हो । मोह र प्रज्ञा कहिल्यै एउटै हुन सक्दैन । यी दुई चित्तहरु कहिल्यै पनि सँगै रहँदैनन् । त्यसैले शीलादि पारमिता पूर्ण हुँदा प्रज्ञालाई अनुबल भइरहन्छ । यसै अनुसार अकुशल विषयमा उपाय वृद्धिले पनि प्रज्ञा वृद्धि हुँदैन भनी थाहा पाउनुपर्दछ । अकुशल गर्नलाई हुने ज्ञान पनि ज्ञान नै हो तर यो प्रज्ञाको दृष्टिकोणले अन्धज्ञान हो ।

## प्रज्ञामा मोह हुँदैन

प्रथमतः मिथ्यादृष्टि र भ्रमबुद्धिलाई नाश गर्नाले बौद्धदृष्टिको प्रज्ञा बुझ्न सकिने हुन्छ । त्यसो होइन भने कुण्डलकेशाको हिंसालाई पनि अर्थात् उनले आफूप्रति अकृतज्ञ भएको पुरुषलाई भीरबाट धकेलेर हत्या गरेको क्षणलाई पनि ठूलो प्रज्ञा भनी सम्झिन जानेछ । कुण्डलकेशाको त्यो काम साँच्चै कै प्रज्ञा कसरी हुनसक्छ ? यदि उसको प्रज्ञा यथार्थप्रज्ञा भएमा उनको चित्त विक्षिप्तजस्तै हुनुपर्ने थिएन । शान्तिको लागि दौडिरहनुपर्ने हुँदैन । सारिपुत्र महास्थविरको अगाडि कुण्डलकेशाको प्रज्ञाको पराजय पनि भएको छ । त्यसैले उनको प्रज्ञालाई लौकिकप्रज्ञा वा आफ्नो जीवन आरक्षको कुशलज्ञान मात्र नै भन्न सकिन्छ । उसले आफ्नो लोग्नेलाई पर्वतबाट धकेलिँदा देवताले उसको तारिफ गरेको थियो -

*नसो सब्बेसु ठानेसु पुरिसो होति पण्डितो ।*

*इत्थिपि पण्डितो होति तत्थ तत्थ विचक्खणा ॥*

Downloaded from http://dhamma.digital/

जहाँ पनि लोग्ने मानिसहरु मात्र पण्डित हुँदैनन् । कहीँकहीँ स्त्री जातिहरु पनि विदूषी-बुद्धिमती र विलक्षणाहरु हुन्छन् ।

यहाँ पण्डित शब्दको अर्थ भगवान् बुद्धले आज्ञा गर्नुभएको प्रज्ञा भएको भनिएको होइन । किनकि उनीबाट पहिला चोरसँग गरिएको प्रेम र माया नै मोह हो, फेरि माया पाएको अन्तरगत हुन्छ । त्यो काम मोहसहगत क्रिया हो । पहाडबाट धकेलिँदा द्वेषसहगत चित्त भएर गरिएकोले त्यहाँ पनि मोह छ । उनको प्रज्ञा भएता पनि त्यस्तो पापकर्मरहित हुने कुनै एउटै बाटो थिए होला । त्यसैले देवताको प्रशंसा उसैको अनुसारको ज्ञानले गरिएको प्रशंसा हो । लोकुत्तरअनुसारको उत्तम प्रशंसा होइन । लोकुत्तरको दृष्टिमा पुरुष पनि प्रशंसाको पात्र होइन, न त कुण्डलकेशा नै हो । मानिसहरुले दुष्कर्म भाव पुनः पुनः थप्नकावे लागि नै धेरै पापकर्म गर्ने गर्दछन् । आफूलाई दुःख भैरहेको बेलामा पापकर्म नगर्नु नै धर्मचर्या हो । आफूलाई अनावश्यक भएको समयमा त कसैले पनि पापकर्म गर्दैन । त्यसैले आपद-विपद् र दुःख हुँदा त्यसबाट मुक्त हुनलाई पापकर्म गर्नु पनि ठीक होइन ।

## प्रज्ञा शान्तिवादी हुन्छ

यसैरूपले अनेक बौद्धदार्शनिक जालमा परेर पनि प्रज्ञालाई देख्न नसकिने हुन्छ । बौद्धदर्शनको प्रज्ञा चिन्नलाई बोद्धदृष्टिकोणले शान्तिको अर्थ बुझ्नुपर्दछ । बौद्धआदर्शको उपशम र विजय भनेको देख्नुपर्छ । शौद्धप्रज्ञाले शीलधर्मको कहिले पनि उपेक्षा गर्दैन । पहिला शील त्यसपछि शान्ति भन्नेमा बौद्धआदर्शले विश्वास राख्दछ ।

## राजोवाद जातक (१५१)

वाराणसी नरेश ब्रह्मदत्तलाई आफ्नो राज्यमा सुशासनले गर्दा धेरै फुर्दस भयो । तब राज्यको व्यवस्थामा शान्ति हुनासाथ ब्रह्मदत्तले आफूमा कुनै दोष छ कि भनी खोज्ने विचार गरे । तर जहाँ पुगेर हेरे तापनि ब्रह्मदत्तले आफूलाई प्रशंसा गर्नेहरुबाहेक अरु भेट्टाउन सकेनन् । राजाले विचार गरे- 'सायद भयको कारणले यसो भएको हुनुपर्छ ।' त्यसैले राजा गाउँगाउँमा घुम्न गए । फेरि सीमान्त प्रदेश घुमे । तर त्यहाँ पनि उनले आफ्नो दोष कतै देखाएको पाएनन्, कहिल्यै सुनेनन् ।

उता कोशल नरेश मल्लिक पनि आफ्नो दोष देखाइदिने खोज्दाखोज्दै हिँडेका थिए । संयोगले दुबै राजाहरु एउटै पुलको बीचमा जम्काभेट भयो । तब सारथीहरुले उनले उनको रथ लैजाऊ भने, अर्कोले उनलाई रथ फिर्ता लैजाऊ भने । दुबै रथमा राजाहरु भएका कुरा थाहा पाउनासाथ सारथीहरुले आयु र ऐश्वर्यको भेदमा श्रेष्ठ र हीन थाहा पाएर रथ फर्काउने निर्णय गरे । तर आयु र

Downloaded from http://dhamma.digital/

ऐश्वर्यमा पनि दुबै समान हुन गए । तब सदाचार सम्बन्धी प्रश्न उठ्नासाथ कोशल नरेशको सारथीले यसरी भने -

*दल्हं दल्हस्स खिपति मल्लिको मुदुना मुदुं ।*

*साधुम्पि साधुना जेति असाधुम्पि असाधुना ।*

*एतादिसो अयं राजा मग्गा उय्याहि सारथि ॥*

ह्मम्रा राजा मल्लिकले कठोरहरुसँग कठोरको व्यवहार गर्ने, कोमलहरुसँग कोमल व्यवहार गर्ने, असलहरुलाई असल भएर जित्ने, खराबहरुलाई खराब भएर जित्ने स्वभावमा छन् । सारथी, यो राजाको रूपमा चिनिन्छ, तिमीले बाटो छोडिदेऊ ।

वाराणसी राजाको सारथीले 'यसैलाई गुण भनिने भएमा अवगुण भनेको के हुन्छ ?' भनी भनेर आफ्नो राजाको गुण प्रकाश पारे ।

*अक्कोधेन जिने कोधं, असाधुं साधुना जिने ।*

*जिने कदरियं दानेन, सच्चेन अलिकवादिनं ।*

*एतदिसो अयं राजा, मग्गा उय्याहि सारथि ॥*

क्रोधीलाई अक्रोधले, खराबलाई असलले, कन्जुसलाई दानले, असत्यलाई सत्यले जित्ने स्वभावका हाम्रा राजा हुन् । त्यसैले सारथ तिमीले बाटो छोडिदेऊ ।

पछि मल्लिक राजाले ब्रह्मदत्त राजालाई बाटो छोडिदिए । यसैले बौद्धप्रज्ञाको अर्थ कस्तो हुन्छ भन्ने कुरा स्पष्ट हुन्छ ।

## श्वेतकेतु जातक (३७७)

बौद्धप्रज्ञाले कार्यकारणसँग स्पष्ट र प्रत्यक्ष सम्बन्ध भएको कायकर्म र मनोकर्मको विशुद्धतातिर जोड दिन्छन् । तर विचरा वाराणसीको पाँचसय शिष्य समुदायको प्रमुख शिष्य श्वेतकेतुले यो कुरा थाहा पाएन । उसले जन्मज श्रेष्ठत्वको बाह्य देखावटीको प्रज्ञाधर्मलाई मात्र जान्दछन् । एकदिन घुम्न जाँदा उसले एउटा व्यक्तिलाई *'चण्डालपुत्र'* भनी भन्यो । फेरि हावा आइरहेकोतिर नै त्यो चण्डालपुत्र आइरहेकोले उसलाई छोएर गएको हावाले लाग्यो भनेर पनि श्वेतकेतु उसलाई गाली गऱ्यो । चण्डालपुत्रलाई पनि रिस उठ्यो । उसले श्वेतकेतुलाई 'पण्डित हौ भने प्रश्नोत्तर गर्छौ कि ?' भनी चुनौति दियो । जात्याभिमानी श्वेतकेतुले उसको चुनौति स्वीकार पनि गऱ्यो । तब उसले सोध्यो- *'दिशा कति प्रकारका छन् ?' जवाफमा* श्वेतकेतुले 'दिशा भनेको

Downloaded from http://dhamma.digital/

पूर्व, पश्चिम, उत्तर र दक्षिण चार दिशा छन्' भनी भन्दा चण्डालपुले भन्यो 'तिमीले भन्नुपर्छ र त्यो कुरा ? तिमीलाई मैले सुनेको दिशा नै थाहा छैन ।' यसो भनेर गर्दन पक्रेर उसलाई आफ्नो टाङ्गमुनि छिराइदियो । यो कुरा श्वेतकेतुको आचार्य बोधिसत्व कहाँ पनि पुग्यो । आचार्यले उसलार्य साँच्चैकै दिशाको अभिप्राय बताउँदै भने -

*मातापिता दिसा पुब्बा, आचरिया दक्खिणा ।*

*पुत्तदारा दिसा पच्छा, मित्ता मच्चा च उत्तरा ॥*

*दास कम्मकरा हेट्ठा, उद्धं समण ब्राह्मण ।*

*एता दिसा नमस्येय्य अप्पमत्तो कुले गिहि ॥*

आमाबाबु पूर्वदिशा र आचार्य दक्षिण दिशा हुन्, छोरा-श्रीमती पश्चिम दिशा र साथीहरु उत्तर दिशा हुन्, दास-कर्मचारीगण तल्लो दिशा र श्रमण-ब्राह्मण माथिल्लो दिशाका हुन् । गृहस्थहरुले यी दिशालाई प्रमादी नभई नमस्कार (पालन पोषण) गर्नुपर्छ ।

तर यो कुरा श्वेतकेतुको मनमा पसेन । यसले चण्डालपुत्रको कुरा र उसको काममा नै समर्थन भएझैं ठान्यो । तब रिसले श्वेतकेतुले आचार्यकूल नै छोडेर गयो । पछि स्वयं आफै आचार्यजस्तै भई बस्यो ।

एकदिन वाराणसीको राजा उसकहाँ आउने समाचार पुग्यो । उसले तुरुन्त आफ्ना शिष्यहरुमध्ये कतिलाई चमेरो ब्रत, कतिलाई कण्टक शैय्यामा सुत्न, कतिलाई पञ्चाग्नि ताप्त, कतिलाई टुक्रुक्क बस्ने, कतिलाई जलमा चढाउने, कतिलाई मंत्रपाठको काम दिइराखेर आफू पनि एक समूह विद्यार्थीहरुसँग प्रश्नोत्तरमा तल्लिनजस्तै भइबस्यो ।

वाराणसीका राजा आए । सुरुमा त राजा उनीहरुको व्यवहारबाट प्रसन्न नै भए । त्यसैले राजाले आफ्नो पुरोहितलाई सोधे-*'के यसरी कष्टकर तपश्या गर्नेहरु अपायबाट मुक्त भइसके कि ?'* जवाफमा बोधिसत्व पुरोहितले भने- *'बहुश्रुत भएर पाप गऱ्यो भने, धर्मको आचरण गरेन भने, वेद पढे तापनि आचरण गरेन भने दुःखबाट मुक्त हुँदैन ।* यो कुरा सुनेर राजाको श्रद्धा कम भयो । तब श्वेतकेतुको मनमा पस्यो- *'यो पुरोहित मेरो सम्मानमा लात हान्दैछ ।'* यसरी विचार गरी आफूसँग कुनै कुरा नसोधे तापनि आफैले पुरोहितसँग प्रश्नोत्तर गर्नलाई श्वेतकेतुले सोध्यो- *'यदि हजारौं वेद पढेर पनि त्यसको कारणले गर्दा विनाआचरण दुःख मुक्त भएन भने, मैले के वेदलाई नै निष्फल भनी भनौं त ? अनि संयमसहित आचरण नै सत्यधर्म हो त ?'*

तर यसरी प्रश्न मात्र के गरिएको थियो श्वेतकेतुको चुहिएको प्रज्ञाको धारा नै खोलिदिएझैं भयो । तब राजाले साधुभेषमा बसिरहेको त्यस श्वेतकेतुलाई वस्त्र फुकाल्न लगाई गृहस्थ बनाइदिए ।

Downloaded from http://dhamma.digital/

यस प्रयत्नभित्र पनि बौद्धप्रज्ञाको दर्शन स्पष्ट हुन्छ, आचरण विशुद्धि नै यसको पृष्ठभूमि हो । साथै जातिवादलाई बौद्धदर्शनले स्वीकार गर्दैन । प्रज्ञाको स्पष्ट व्याख्या शुद्धचरित्रको व्यवहार वा शुद्ध भएको चित्तको समयमा मात्र हुनसक्छ ।

## सम्भव जातक (५१५)

कुरुनरेश धनञ्जय कौरव्यको धर्मानुकूल राज्य गर्दागर्दै एकदिन धर्मयज्ञबारे प्रश्न उत्पन्न भयो । उसले आफ्नो पुरोहितलाई बोलाएर भन्यो- 'हे सुचरित, मसँग राज्य छ, मसँग आधिपत्य पनि छ । अब मलाई यो सारा पृथ्वी जित्न मन लाग्यो । तर यो काम धर्मपूर्वक गर्न मात्र मन छ, अधर्मपूर्वक होइन । अधर्म मलाई मन पर्दैन । किनकि राजाको धर्माचरण नै मानिसहरुको लागि नमूना हो । हे ब्राह्मण, मलाई त्यो काम गर्ने इच्छा छ, जसले गर्दा यहाँ पनि निन्दित हुँदैन पछि भविष्यमा पनि निन्दित हुनेछैन र देवमनुष्यहरुकाबीच यश लाभ गर्न सकिन्छ । हे ब्राह्मण ! मलाई धर्म र अर्थको काम गर्न मन लाग्छ । मलाई अर्थ र धर्मको कुरा बताऊ ।'

यसको जवाफमा पुरोहितले विद्याभिमान नगरी स्पष्ट भन्यो- *'यो कुरा त विदूर भन्नेले मात्र बताउन सक्छ ।'* राजाले विदूरलाई नै खोज्न पठाए । सुचरित ब्राह्मणले वाराणसीमा विदूरलाई भेट्यो तर उसले जनताको नानाप्रकारका मुद्दाहरुमा विचार विमर्श गरिराखेकोले गर्दा यस प्रश्नको उत्रर दिनुमा उसले असमर्थता प्रकट गऱ्यो । साथै उसले आफ्नो पण्डित छोरा भद्रकारकहाँ जान सल्लाह पनि दियो ।

ब्राह्मण सुचरित भद्रकारकहाँ गयो । तर उनले भन्यो- *'आजकाल म परस्त्री गमनमा परिरहेको छु । मेरो चित्त शान्त र स्वच्छ छैन । त्यसैले मैले तिम्रो प्रश्नको जवाफ दिन सक्दिन ।'* यति भनेर उसले आफ्नो भाइ संजयकुमारलाई देखायो । तर उसले पनि त्यसरी नै जवाफ दिएर आफ्नो भाइ सम्भवलाई देखायो । अल्प वयस्क र खेलिरहेको तर चित्त शुद्ध र शान्त भएको सम्भवकुमारले ब्राह्मण सुचरितलाई उसको प्रश्नको जवाफ दियो- 'युधिष्ठिर, अर्थ उत्पन्न हुनासाथ आजको काम भोलि भन्नु हुँदैन । राजाले आफ्नो अनुशासन आफैले पालन गर्नुपर्छ । अरुको देशको सीमा उल्लंघन गर्नु हुँदैन । अधर्म आचरण गर्नु हुँदैन । तीर्थ नभएको स्थानमा पाइला राख्नु हुँदैन । अनर्थयुक्त हुनु हुँदैन । जुन क्षत्रियले यसप्रकार आचरण गर्दछ उसको संवृद्धि शुक्लपक्षको चन्द्रमाजस्तै हुन्छ । ऊ आफू स्वयं सम्बन्धितहरुको मन पर्ने हुन्छ, साथीहरुको बीचमा चम्किने हुन्छ, फेरि त्यो बुद्धिमान व्यक्ति मरेर सुगतिमा उत्पन्न हुन्छ ।'

## प्रज्ञा आचरणमा निर्भर

Downloaded from http://dhamma.digital/

माथि उल्लेखित जातकीय प्रसंगले स्पष्ट हुन्छ कि प्रज्ञाको व्याख्या उसले गर्न योग्य छ, जसको आचरण परिशुद्ध छ । धम्मपद (५०) अनुसार अरुको वचनमा ध्यान दिनुअघि, अरुको कृत्याकृत्यमा आँखा लाएर हेर्नुअघि केवल आफ्नै कृत्याकृत्यमा विचार गर्नुपर्छ । स्वयं आचरण नगरी सिद्धान्त मात्र बुझेर अरुलाई बताउने व्यक्ति श्रेष्ठ हुँदैन ।

## पोटिठ्ल भिक्षुको कथा

स्वयं भगवान् बुद्ध जेतवन विहारमा विहार गर्नुहुँदा एकजना पोटिठ्ल नामक त्रिपिटकधारी धर्मकथिक थियो । उसले धेरै भिक्षुहरुलाई सिकाउने पढाउने गर्दथ्यो । तर ऊ आफू भने ध्यान प्राप्त व्यक्ति होइन, न त मार्गफल प्राप्त व्यक्ति नै हो । ऊसँग सिक्ने पढने गरेर कयौं भिक्षुहरु जङ्गलमा गएर ध्यान गरे र साथै मार्गफल पनि प्राप्त गरे । तर त्यो पोटिठ्ल धर्मकथिक भने अगाडि बढ्न सक्दैन, बस धर्मकथिक मात्रै भइरह्यो ।

एकदिन भगवान् बुद्धले उसलाई *'तुच्छ पोटिठ्ल'* भनी सम्बोधन गरे । यस सम्बोधनले उसलाई ठूलो संवेग प्राप्त भयो । पोटिठ्ल ध्यान गर्न एक्लै जङ्गलमा गयो । ऊ ३० जना अरहन्त भएको ठाउँमा पुग्यो । यहाँ उसले भन्यो- 'भन्ते, मलाई आश्रय दिनुहोस् ।' तर उनीहरुले जवाफ दिए- 'आवुसो, तिमी त हाम्रो त्रिपिटधारी धर्मकथिक हौ । यो तिमीले के भनिराखेको ?' पोटिठ्ल भिक्षुलाई आश्रय प्राप्त भएन । विद्वताले माथि परेर पनि तथागतको 'तुच्छ पोटिठ्ल' सम्बोधनले सचेत भएको पोटिठ्ल त्यसरी नै आश्रयको लागि सोध्दै रह्यो ।

एकदिन सातवर्षको श्रामणेरकहाँ पनि पुग्यो । श्रामणेरले भन्यो- 'तपाईंले मैले भनेझैं गर्ने हो भने म आश्रय दिनेछु । पोटिठ्लले जवाफ दियो- *'हे सत्पुरुष, मलाई भीरबाट हाम्फाल्न जाऊ भने पनि हाम्फाल्न जानेछु ।'* श्रामणेरले उसको परीक्षा गर्न भन्यो- *'त्यसो हो भने, तपाईले चीवर लगाएर नै यो अगाडि भएको पोखरीमा डुब्न जानुहोस् ।'* पोटिठ्ल स्थविरले साँच्चै त्यस्तै गर्न लाग्यो । श्रामणेरले स्थविरको आज्ञाकारीता बुझेर आश्रय दियो । त्यसपछि पोटिठ्ल विनम्र र शान्त चित्तले एकाग्रता प्राप्त गर्न सफल भयो । भगवान् बुद्धले उसलाई धम्मपद )२८२) आज्ञा गरे :-

*योगा वे जायति भूरि, अयोगा भूरि संखयों ।*

*एतं द्वेधापथं ञत्वा, भवाय विभवाय च ।*

*त्थ'त्तानं निवेसेय्य, यथा भुरि पवड्ढति ॥*

योगाभ्यासले प्रज्ञा उत्पन्न हुन्छ, फेरि यसको अभावले क्षय हुन्छ । उन्नति र विनाशको यो दुई विपरीत बाटो देखेर आफूलाई त्यस मार्गमा पठाऊ जसले प्रज्ञाको वृद्धि हुन्छ ।

Downloaded from http://dhamma.digital/

यस उदाहरणले स्पष्ट हुन्छ, प्रज्ञाको सार्थकता आचरणमा हुन्छ । आचरणविना प्रज्ञा निरर्थक हो ।

कथात्मक आदर्शमा बौद्धप्रज्ञाको स्पष्ट व्याख्या यसप्रकारले धेरै प्रकारले भएका छन् । सारांशमा बौद्धप्रज्ञा पूर्वानुग्रह पीडित हुँदैन, स्वार्थ प्रेरित हुँदैन । साथै करुणा र मैत्रीले विमुख त कहिले पनि हुँदैन । यसको उदाहरण तल प्रज्ञापारमिता, प्रज्ञा उपपारमिता र प्रज्ञा परमत्थपारमिताको व्याख्यामा विशेषतः महोषध चरित्रमा आउनेछ ।

## प्रज्ञा नै मानिसको रत्न हो

प्रज्ञा वृद्धि प्रज्ञाको महत्वलाई नै बुझ्नुपर्छ । जति भित्रैदेखि प्रज्ञाको महत्व देख्दछ त्यति नै बलियो प्रज्ञा बनाउन कोशिस गर्न सकिन्छ । हो, महत्व देख्न सक्नु पनि प्रज्ञा भएमा मात्र नै हुन्छ । त्यसैले यसो भन्दा बढी ठीक होला- प्रज्ञा भनेको क्रमशः अभिवृद्धि हुँदै जान सक्छ । वास्तवमा धम्मपद (३३३) अनुसार *सुखा पञ्ञाय पटिलाभो* अर्थात् प्रज्ञाको लाभ साँच्चै कै सुखकर पनि छ किनकि कायबल, भोगसम्पत्तिबल, अमात्य वा परिषद् बलभन्दा पनि प्रज्ञाबल श्रेष्ठ छ । प्रज्ञा हुनासाथ नै सुनेको कुरामा आफू स्वयं आफ्नो अनुरूप निर्णयमा आउन सकिने हुन्छ । तेसकुण जातक (५२१) अनुसार प्रज्ञावान मानिस नै दुःख भए तापनि सुखी हुनसक्छ । प्रज्ञा नै त्यो विशेषता हो, जसले मानिसलाई सम्पूर्ण प्राणीहरुमध्ये श्रेष्ठ बनायो । शक्र, गरुडराज, नागराजभन्दा मानिस नै प्रज्ञाको क्षेत्रमा श्रेष्ठ छ । शक्र, गरुड र नागराजको शंका समेत मानिसले समाधान गर्दछ । फेरि प्रज्ञारत्न भएका मानिसहरु कसैसँग पनि डाउँदैनन्, मरणभयले उनीहरुलाई छुन सक्दैन, जसको चर्चा विधुरजातक (५४५) मा पछि पनि गरिनेछ ।

जरासुत्त (१६) संयुक्त निकायअनुसार *पञ्ञा नरानं रतनं- प्रज्ञा* नै मानिसको रत्न हो । प्रज्ञा प्राप्त हुने उपदेश भएकोले बद्धको उपदेशलाई प्रणीत रत्न, त्यसैगरी संघहरुलाई अतुल्य संघरत्न भनिएको छ । बुद्धको उपदेशअनुसार प्रज्ञा निर्वाण धर्म साक्षात्कार गर्नलाई हो । त्यसैले भनिएको पनि छ *पञ्ञापन पच्चित्वा खादनत्थाय नहोति* अथात् प्रज्ञा भनेको पकाएर खानको लागि हुँदैन । बुद्धको उपदेश बुझ्नलाई प्रज्ञा चाहिन्छ । *पञ्ञावन्तस्स अय धम्मो, नाय धम्मो दुपञ्ञस्य* अर्थात् यो धर्म प्रज्ञावानहरुलाई हो, दुष्प्रज्ञाहुनेहरुको लागि होइनन् । यो प्रज्ञाको आभरणयुक्त बुद्ध राजरथमा चम्किरहन्छन् । प्रज्ञा मोहन्धकार हटाइपठाउने सूर्यजस्तै हो भने क्लेश टुक्राउने तलवार पनि हो । धम्मपद (३४०) अनुसार तृष्णा जताततै बहने श्रोत (प्रवाह) हो । त्यसैले लता (संसारको जाल) उम्रेर आइरहन्छ, वृद्धि भइरहन्छ । त्यस उत्पन्न भएको लतालाई देखेर प्रज्ञाले त्यसको जरा नै काटेर फ्याँकिदिनु पर्छ ।

प्रज्ञा भगवान्को आनिशंसको विषयमा आचार्य बुद्धघोषजस्ता प्रकाण्ड विद्वानले पनि विस्तारपूर्वक प्रकाशित गर्न सजिलो भनी भन्नु भएन । तापनि संक्षिप्त शब्दमा उहाँले भन्नुभएको छ

Downloaded from http://dhamma.digital/

- (१) नाना क्लेशलाई विध्वंस गर्नु, (२) आर्यफलको रस अनुभव गर्नु, (३) निरोध समापत्ति समापन्न हुने सामर्थ्य भएका र (४) आह्वाहनीय हुने इत्यादि नै प्रज्ञाको आनिशंस (फल) हुन् ।

पारमिताधर्म पूर्ण गरी सम्बोधिमा पुग्नलाई प्राप्त हुने प्रज्ञा नै लोकुत्तरप्रज्ञा हो । बुद्धको श्रावहरुका चार मार्ग र चार फलको चित्तमा भएको प्रज्ञालाई श्रावक सम्बोधिप्रज्ञा भनिन्छ । प्रत्येकबुद्धहरुका चार मार्ग र चार फलको चित्तमा भएको प्रज्ञालाई प्रत्येक सम्बोधिप्रज्ञा भनिन्छ । लोकुत्तर बुद्ध फलको चार मार्ग र चार फल चित्तमा भएको प्रज्ञालाई सम्यक् सम्बोधिप्रज्ञा भनिन्छ । बोधिसत्व यही नै प्रज्ञाको विकास गर्दछन् । फेरि यस विकास अवस्थामा उपकारमा *'अनाथानामहं'* अर्थात् अनाथहरुका नाथ, विनम्रतामा *'दासार्थिनामहं'* अर्थात् दास चाहिनेहरुको लागि दासजस्तै भएर अन्धकारमा रहेका मानिसहरुको समूहमा *'दीपार्थिनामहं'* अर्थात् बत्ती चाहिनेहरुलाई बत्तीजस्तै हुन्छन् । (बोधिचर्यावतार ३/१७/१८) ।

## प्रज्ञा प्राप्तिको हेतु

प्रथमतः प्रज्ञा बनाउन त्रिहेतुक प्रतिसन्धि हुनुपर्छ । त्यसपछि पुण्यकर्मको कामनासँगै अङ्ग पूर्ण हुनासाथ प्रज्ञा प्राप्तिको लागि पाइला सार्न सकिन्छ । एकारित निरोगीभाव अर्कोतिर प्रज्ञावरण हुने अतीत अकुशल कर्मरहित हुनासाथ प्रज्ञा प्राप्तिको मार्गमा बाधा हटेर जान्छ । धर्म जानेर लिने इच्छाजस्तै धर्म जानेर लिन सक्ने पनि भएर कोशिस गर्नुपर्छ । मिलिन्दप्रश्नअनुसार शुद्धचित्तले धर्मोपदेश सुन्नु, एकजनाले अर्कोसँग तर्कले बेर्नु, एकजनाले अर्कोको तर्कगाँठो फुकाल्नु, एकले अर्कालाई तर्कले समात्नु, एकले अर्काको तर्कबाट मुक्त हुनु, एकले अर्काको अगाडि तर्क राख्नु, त्यसलाई खण्डन गर्नु तर यसरी नै भए तापनि रिस कसैले ननिकाल्ने तवरले पण्डितवाद अनुरूप धर्मको छलफल गर्नु, मूर्खहरुको संगत छाड्नु, पण्डितहरुको संगत गर्नु र समाधि बलियो बनाउनाले प्रज्ञाको वृद्धि हुन्छ ।

प्रज्ञा प्राप्त गर्नको लागि साधारणरूपले उमेर पनि हुनुपर्छ भन्ने लोकधारणा छ । तर यो जुनसुकै स्थितिमा पनि अनिवार्य नै होइन । अत्यन्त अल्पआयु भएका पण्डित श्रामणेर (धम्मपद अर्थकथा ५/६), संकिञ्च श्रामणेर (धम्मपद अर्थकथा ८/९), सुख श्रामणेर (धर्मपद अर्थकथा ११/११), सुमन श्रामणेर (धम्मपद अर्थकथा २५/१२) आदि श्रामणेरहरु पनि अरहन्त हुनुभएकोले यो कुरा स्पष्ट गर्दछ । बुद्धले ३५ वर्षको उमेरमा बोधिलाभ गरे । कोही कोही ५० वर्ष, ६० वर्ष भएर पनि बुद्धि परिपक्व नभएकाहरु छन् । यश, परिवार र खानपिन पन ज्ञानलाभको सहयोगी हुनसक्छ । शरीरशक्ति पनि ज्ञानशक्तिको कारण हुनसक्छ । निरोगी र सुखी जीवन बिताएकाहरु फेरि ज्ञानले पनि परिपक्व भएकाले कुरुवासीहरुलाई सतिपट्ठान देशना सरल बोधगम्य भयो ।

Downloaded from http://dhamma.digital/

## दश पारमितामा प्रज्ञापारमिता

त्यागी र उदार चित्तमा प्रज्ञा स्थिर भएझैं प्रज्ञाले नै दानादि पुण्यकार्य अविच्छिन्न रूपले गराउँछ । बुद्धलेजस्तै दानको महत्व बुझेमा दान नगरी खाने कोही पनि हुँदैनन् । ज्ञानले अलग भएको दान जहाँ महाफल हुँदैन त्यहाँ नै लोकुत्तर पनि हुन सक्दैन । धन, छोराछोरी र जीवन समेत उत्सर्ग गर्न सक्नु नै प्रज्ञा भएर हो । प्रज्ञा नभएकाहरुले दान दिनाले पछि पश्चाताप हुनसक्छ । म दिन्छु, अरु मेरो तर्फबाट बाँचिरहन्छन्- यसरी आफूले आफूलाई माथि पारेर प्रतिग्राहकलाई तल पारेर दिएको दान क्लिष्टदान हुन्छ । भवभोगको आशा गरी दिने दानलाई तृष्णाले धमिल्याएको दान भनिन्छ । क्लेशले क्लिष्ट नभएको दान नै प्रज्ञायुक्त दान पारमिताको अङ्गयुक्त दान हुन्छ । प्रज्ञाहीन व्यक्तिको दान त्यसैले श्रेष्ठ हुनसक्दैन ।

शीलले बुद्ध चित्तमा प्रज्ञा राम्ररी चम्किएझैं प्रज्ञाले नै शीललाई दरिलो बनाउन बल पनि दिइरहन्छ । प्रज्ञा नहुनासाथ शील र मान अनेकरूपले क्लिष्ट हुनसक्छ । हामी शीलवान, अरु दुःशील भनी उग्रशीलवन्त भएर देखायो भने त्यस प्रकारको मानले उसको शील नै क्लिष्ट हुन जान्छ । भावना प्रबल भएको चित्तमा प्रज्ञा पनि हठ भएझैं प्रज्ञाले नै वास्तवमा भावलाई पनि बलियो बनाइराख्छ । प्रज्ञाविहीनसित ध्यान हुँदैन । ध्यान नगर्नेहरुमा प्रज्ञा हुँदैन । धम्मपद (३७२) अनुसार जोसँग ध्यान र प्रज्ञा छ, ऊ नै निर्वाणको नगिच हुन्छ ।

चार स्मृतिप्रस्थान, चार सम्यक्प्रस्थान, चार ऋद्धिपाद, पाँच इन्द्रिय, पाँच बल, सात बोध्यङ्ग आदि आर्यमार्गको बोधिपक्षीय धर्म राम्ररी बुझ्नको लागि भावनाको एकाग्रता र स्थिर निरीक्षणात्मक अध्ययन हुनुपर्छ । भावनामा गएर परिक्रमा समाधि प्राप्त गरेर मात्र अभिज्ञा बनाउन सकिन्छ, तब नाम र रूपधर्मको हेतु देख्न सकिन्छ । सारा धर्मको विनाश स्वभाव देख्न सजिलो हुन्छ । यसले के स्पष्ट हुन्छ भने दान, शील र भावना अथवा शील, समाधि र प्रज्ञा परस्पर आश्रित हुँदै एक अर्काको पूरक हुँदै जान्छ । तब सारा धर्मको मूल लक्ष्य हुन्छ प्रज्ञा प्राप्त गर्नु ।

## प्रज्ञा-परिहानिको हेतु

प्रज्ञा परिहानि हुने धेरै कारणहरु छन् । मिथ्यादृष्टि वा भ्रमबुद्धि यसको पहिलो कारण हो । भ्रमबद्धि भएको व्यक्तिले आफूले गरेको सबै मुर्खतापूर्ण कामलाई पनि ठीक छ भनी विचार गर्दछ । उसले आफ्नो गल्तिलाई देख्दैन । जसलाई पनि आफ्नो सन्तान मन परेझैं भएको मोहलाई पनि उसले प्रज्ञा नै ठान्दछ । त्यसैले वास्तवमा प्रज्ञा भनेको यस्तो हो भनेर नबुझेसम्म नै प्रज्ञा परिहानि हुनसक्छ । 'तन्नेरी अवस्थामा, त्यो पनि गुरु नभइकन ज्ञानलाभ भयो' भनी बुद्धले भन्नु हुँदा विचरा उपक परिव्राजकले विश्वास गर्न नसकेकोले नै बुद्धको पहिलो उपदेश सुन्ने अवसर गुमायो । तर पछि धेरै वर्षसम्म प्रज्ञाले घाटा परेर फेरि बुद्धको शरणमा नै आउनु पऱ्यो ।

Downloaded from http://dhamma.digital/

संयुक्त निकायअनुसार आलस्यभाव प्रज्ञा परिहानिको अर्को हेतु हो, समूह जम्मा गरेर बस्नुमा सुख मान्नु, धेरै सुत्नु, अनावश्यक कल्पना गर्नु, अशान्त चित्तको हुनु, पण्डितहरुको सङ्गतको अभाव, मूर्खको सङ्गत, रिसाउनु, रोगी हुनु, डराउनु र शोक गर्नु, कामच्छन्द, व्यापाद, थीनमिद्ध, उद्धच्च कुक्कुच्च र विचिकिच्छा पनि प्रज्ञालाभको लागि परिहानि हो । बुद्धले धम्मपद (२८०) मा आज्ञा गरेका पनि छन् -

*उट्ठान कालम्हि अनुट्ठहानो,*

*युवा बली आलसिय उपेतो ।*

*ससन्न सकप्पमनो कुसीतो,*

*पञ्ञाय मग्ग अलसो न विन्दति ॥*

उठ्ने समयमा जो उठ्दैन, युवा र बलवान भएर पनि अल्छी हुन्छ, जसको मन र संकल्प बलियो छैन, यस्तो दीर्घसूत्री र अल्छी व्यक्तिले प्रज्ञाको बाटो पक्रन सक्दैन ।

## प्रज्ञा पारमिता र अन्य पारमिता

दश पारमिता गुणधर्ममध्ये प्रत्येक पारमिता बुद्धकारक गुणधर्म हो । एउटा पारमिता अर्को पारमिताको पूरक पनि हो । त्यसरी नै प्रत्येक पारमितामा प्रज्ञा पारमिताको टेवा भइरहन्छ । प्रज्ञा भएको व्यक्तिले दिएको दान महत्फल दान हुन्छ । दान पारमिता पूर्ण गर्दा चित्त स्थिर र अकम्पित बनाउन प्रज्ञा चाहिन्छ । प्रज्ञाविना दानपारमिता पूर्ण गर्न गाह्रो हुन्छ ।

सम्भव जातक (५१५) अनुसार प्रज्ञा भएको व्यक्तिको शील पनि शुद्ध हुन्छ । शान्त शुद्ध चित्त भएको समयमा मात्र प्रज्ञाको उपदेश दिन सकिन्छ । फेरि उपदेश आफ्नो नैतिक दृढताको आधारमा हुँदा मात्र दृढतापूर्वक दिन सकिन्छ । काम सुखकर सम्झिनुमा कामले दिने दुष्परिणाम देखाएर त्यसबाट मुक्त गरिदिने काम पनि प्रज्ञाले गर्दछ ।

यसरी नैष्क्रम्यपारमिता पूर्ण गर्नको लागि प्रज्ञा बलजस्तै हुन्छ । प्रज्ञाको पछिपछि जाने वीर्यले जे पनि गर्न सक्दछ । प्रज्ञा नभएको वीर्य फल नफल्ने रुखजस्तै हो । फलयुक्त वीर्यको लागि प्रज्ञा अनिवार्य हुन्छ । यही नै प्रज्ञापारमिताको वीर्यपारमितासँगको सम्बन्ध हो । प्रज्ञाको हेतुले गर्दा अरुले आफूलाई छलकपट गर्दा पनि, दुःख दिए तापनि चित्त विचलित हुँदैन ।

यसरी प्रज्ञा हुनासाथ क्षान्तिपारमिता पूर्ण गर्दा अरुहरुले निन्दा गर्दा पनि, दुःख दिए तापनि प्रज्ञा भएको कारणले सहन गर्न सकिन्छ । आफूलाई पनि अरुलाई पनि हित हुने अनुसारले सत्यपारमिता पूर्ण गर्न सकिने पनि प्रज्ञाको आधारमाहुन्छ । ज्ञान नहुँदा चित्त विचलित हुनसक्छ ।

Downloaded from http://dhamma.digital/

प्रज्ञाज्ञान हुनासाथ चित्त विचलित हुँदैन । तब संकल्प पारमिता भएर पूर्ण हुन्छ । हितोपकार र अहितोपकारप्रति समभाव चित्त राखी मैत्री राख्न सक्नेलाई प्रज्ञाले देख्न सक्नुपर्छ । अरक जातक (१६९) अनुसार जो मैत्रीयुक्त हुँदैन ऊ पूर्ण प्रज्ञा भएको पनि हुँदैन । त्यसैले प्रज्ञार्थीहरुले मैत्री बनाउन सक्नुपर्छ ।

प्रज्ञाज्ञानले विचार गर्न नसके कि मध्यस्तशक्ति बनाउन सकिँदैन । प्रज्ञा भएन भने लाभअलाभ, यशअपयश, निन्दाप्रशंसा, सुख दुःखले गर्दा चित्तमा विकार उत्पन्न हुन्छ । प्रज्ञा हुनासाथ यो विकार चित्त उत्पन्न नभएर अष्टलोकधर्मको जुनसुकै अवस्थामा चित्त मध्यस्थ हुन्छ, जसले उपेक्षापारमिता पूर्ण हुन्छ ।

प्रज्ञापारमिता र अन्य पारमिताको सम्बन्धमा विचार गरिसकेपछि अब यहाँ प्रज्ञापारमिता, प्रज्ञा उपपारमिता र प्रज्ञा परमत्थपारमिता विषयमा जातकीय उदाहरणसहित व्याख्या हुनुपर्ने आवश्यकता देखिन्छ ।

बोधिसत्वहरुले आफूले सिकेर लिएको वा आफैले चिन्तन गरी प्राप्त गरेको ज्ञान र प्रज्ञा आचार्यमुष्ठि नराखी कसैसँग केही पनि आशा नराखी सबैलाई सिकाउँदछन् । फेरि बोधिसत्वहरुमा प्रज्ञाको अहंभाव पनि हुँदैन । न त उनीहरुमा बालमूर्खप्रति घृणा नै हुन्छन् । बोधिसत्वहरुले उपकारकहरुको उपकार त चिन्दछन् नै, साथै अनुपकारकहरुको लागि पनि उनीहरु उपकारक नै हुने गर्दछन् ।

आफ्नो धनधान्य आदि सम्पत्ति र छोराछोरीप्रति भएको तृष्णाबाट टाढिएर प्रज्ञा वृद्धि गर्ने नै प्रज्ञापारमिता हो । अथवा आफ्नो प्रज्ञाद्वारा परप्राणीको हित र कल्याण हुने हुनासाथ आफ्नो धनधान्य आदि सम्पत्ति र छोराछोरीको तृष्णासमेत त्याग गर्नुलाई पनि प्रज्ञापारमिता भनिन्छ । आफ्नो शरीरको हातखुट्टा र अङ्गप्रत्यङ्गसमेत वास्ता नराखी आफ्नो प्रज्ञाले आफू र अरुको हितसुख हुने काम गर्नेलाई प्रज्ञा उपपारमिता भनिन्छ । अझ साँच्चै नै भन्ने हो भने विशेष गरी प्रज्ञा उपपारमिता पूर्ण गर्ने क्रममा बोधिसत्वहरुले आफूमा भएको प्रज्ञाले प्राणीहरुको हित र कल्याणमा आफ्नो अङ्गप्रत्यङ्ग त्याग गरेका नै धेरै देखिन्छन् । आफ्नो जीवनको बारे समेत वास्ता नराखी प्रज्ञा सम्पादन गर्नु, विशषतः आफ्नो प्रज्ञाले प्राणीहरुको हित सुख गराउन आफ्नो प्राणको समेत माया नराख्नुलाई प्रज्ञा परमत्थपारमिता भनिन्छ । यसै अनुसार प्रज्ञाको हेतुद्वारा अरुको धनजन र छोराछोरीको आरक्षा गर्नुलाई प्रज्ञापारमिता, प्राणीहरुको अङ्गप्रत्यङ्ग आरक्षा गरिदिनुलाई प्रज्ञा उपपारमिता र प्राणीहरुको जीवन आरक्षा गरिदिनुलाई प्रज्ञा परमत्थपारमिता भनिन्छ । यी सारा सिद्धान्तको चरितार्थ हुने बोधिसत्व चर्यामध्ये यहाँ अहिले तीन चर्याको संक्षिप्त उल्लेख गरिनेछ, जुन चर्यामा यी तीनै प्रकारका पारमिताको उल्लेख भइरहेको छ ।

Downloaded from http://dhamma.digital/

# विधुर जातक (५४५)

कुरु नरेश धनञ्जयको धर्मानुशासक बोधिसत्व विधुर पण्डित मधुभाषण र धार्मिक प्रवचनको लागि सारै प्रसिद्ध थिए । धनञ्जयपुत्र कौरव्य कुमारले पनि आफ्नो बाबुपछि राजा भएर दान शील धर्मपालन गरिबसे । तर उनलाई भने साह्रै जुवा खेल्नुपर्दथ्यो ।

यसै समयमा देवराज इन्द्र, नागराज वरुण,गरुडराज आ-आफ्नो लोकमा उपोशथ व्रत पालन गर्न बाधा भएकोले राजा कोरव्यको बगैंचामा आएर बसिरहेका थिए । फेरि आ-आफ्नो शीलको श्रेष्ठता विषयमा कुरा गरी बसे । जन्मशत्रु गरुडप्रति पनि रिस नगरी बसेको नागराजको भनाई हो- 'जसले क्रोधपात्रप्रति पनि क्रोध गर्दैन, जुन सत्पुरुषलाई कहिल्यै पनि रिस उठ्दैन, फेरि जसले रिस उठे पनि प्रकट गर्दैन, यस्ता मानिसलाई नै लोकमा श्रमण भनिन्छ ।' अगाडि नै आफ्नो आहार नाग भए तापनि भोकाएर बसेको गरुडराजले भन्यो- *'जसले भोकाएको पनि सहन्छ, जो संयम, तपश्वी र सीमित भोजन गर्ने हुन्छ, जसले भोजनको लागि पाप गर्दैन, यस्तो मानिसलाई लोकमा श्रमण भन्दछ ।'* फेरि देवलोकको ऐश्वर्य छोडिआएको इन्द्रले भन्यो - 'जसले रतिक्रिडा सारा छोडेर बस्दछ, जसले झुठो कुरा बोल्दैन, जसले भूषणादि छोडी मैथुन पनि त्याग गर्दछ, यस्तो मानिसलाई लोकमा श्रमण भनिन्छ ।'

यो विवाद जब पण्डित विधुरकहाँ पुग्यो विधुरले तीनैजनाको गुणको प्रशंसा गरे । फेरि तीनै जनालाई समानस्तरमा राखिदिए । पछि यसै सिलसिलामा इन्द्रले दिव्यवस्त्रले, गरुडले स्वर्णमालाले, नागराजले मणिले विधुर पण्डितलाई धर्मपूजा गरे ।

यता नागराजको घाँटीमा मणि नभएको कारण बताउँदा नागभार्या विमलादेवीको पनि धर्म उपदेश सुन्ने इच्मणिले विधुर पण्डितलाई धर्मपूजा गरे ।

यता नागराजको घाँटीमा मणि नभएको कारण बताउँदा नागभार्या विमलादेवीको पनि धर्म उपदेश सुन्ने इच्छा भयो । विधुर पण्डित अन्य उपायले नागभूवनमा पुग्दैन भनी विचार गरी उनीले भनिन् - 'हे नाग श्रेष्ठ, मलाई धर्मानुसार ल्याएको विधुर पण्डितको हृदय चाहियो ।' नागराज एकातिर विमलादेवीको यस दोहद पूर्ण गर्न नसकेकोमा निराश भयो भने अर्कोतिर उसको विचारमा यो अनुचित जस्तै ठान्यो । तर उसकी छोरी इरन्दतीले यो दोहद पूर्ण गरिदिने विचार गरिन् । तब उनीले गीत गाउन थालिन् - 'म उसको भार्या हुनेछु, जसले विधुर पण्डितको हृदय धर्मपूर्वक ल्याइदिन्छ ।' यस गीत इरन्दतीको सौन्दर्यले यक्ष सेनापति पुण्णकलाई अति नै आकर्षित पार्‍यो । पुण्णकले इरन्दतीको अगाडि विधुर पण्डितको हृदय ल्याइदिने कबुल गरेर अनेक उपायपछि कौरव्यकहाँ आइपुग्यो । फेरि कौरव्यसँग जुवा खेल्यो ।

पुण्णकको मणिरत्न र कौरव्यको शरीर र राज्याशनबाहेक अरु सबसँग बाजी राखेर खेलेको त्यस जुवामा पुण्णक यक्षले जित्यो भने कौरव्य राजा हारे । तब पुण्णकले भन्यो - 'हात्ती घोडा मणिरत्न इत्यादि जनि पनि रत्न यस पृथ्वीमा छन् तीमध्ये विधुररत्न नै श्रेष्ठ हो । मैले उसलाई

Downloaded from http://dhamma.digital/

जितिसकें । ऊ मलाई देऊ ।’ तर राजाको तर्क हो- ‘विधुर पनि वास्तवमाम आफै हुँ । कारण ऊ नै मेरो शरणस्थान हो, ऊ नै मेरो गति, ऊ नै मेरो द्वीप, ऊ नै मेरो आश्रय हो । ऊ मेरो प्राण हो, त्यसैले ऊ स्वयं म नै हुँ ।’

यसरी लामो विवादपछि आखिर दुबै विधुर पण्डितकहाँ नै पुगे । विधुरले वास्तवमा न्यायको तराजु पुण्णकतिर नै झुकेको कुरा स्वीकार गरे । राजाले - ‘मेरो तर्फ लागेर कुरा गरेन’ भनी रिसले उनलाई लान वचन दिए । तर निर्भयी, निस्वार्थी तथा निर्द्वेषी विधुरले राजालाई अन्तिम उपदेश दिँदै भने- ‘अरुको स्त्रीजातिसँग आफ्नै स्त्रीजस्तै व्यवहार नगर्नु । मीठो वस्तु आफैले मात्र खानु हुँदैन । लोकायतवादीहरुसँग संगत गर्नु हुँदैन । यसले प्रज्ञाको अभिवृद्धि हुँदैन ।’ यसरी राजालाई उपदेश दिइसकेपछि आफ्नो परिवारलाई कुरा बुझाइदिन विधुरले पुण्णकसँग तीन दिनको समय लिए । श्रमती, छोराछोरीहरु यो कुरा सुनेर क्वाँक्वाँ रुए भने साथीहरु विरहमा डुबे । जनपद र निगमदेखि आएका मानिसहरु पनि रुए । तर विधुरले अविचलित भावले सबैलाई उपदेश दिए । फेरि जब विधुर गए, उनलाई यक्षले लगेको भनी थाहा पाएपछि त झन् सबै जना विरहमा डुबे ।

उता विधुरलाई लाने पुण्णक यक्षको मनमा कुरा खेल्यो- ‘विधुरलाई किन लिएर जाने, चुपचाप हृदय मात्र लगे पुगिहाल्छ नि ।’ यसरी विचार गरी मार्नको लागि भैरव राक्षसको रूप देखायो । तर बोधिसत्व डराएनन् । फेरि ठूलो स्वरले कराएर तर्साउन खोज्यो, तर पनि विधुर पण्डित रत्तिभर पनि डराएनन् । अन्त्यमा पुण्णकको अभिप्राय विषयमा बोधिसत्वलाई थाहा भयो । पुण्णकले इरन्दतीको लागि मलाई ल्याए तापनि, इरन्दतीकी आमा विमलालाई मेरो हृदय चाहियो भने तापनि वास्तवमा मेरो हृदय नै चाहिएको होइन होला । निश्चय पनि वरुणले मेरो उपदेशको प्रशंसा विमलाको अगाडि गर्‍यो होला, त्यसैले उसलाई पनि उपदेश सुन्न इच्छा भयो होला । त्यसैले हृदय चाहियो भनेको कुराको अर्थ नबझिकन वरुणले पुण्णकलाई यसरी आज्ञा दिएको होला ।’

विधुरले फेरि पुण्णकलाई मित्रदोह नगर्ने उपदेश दिए । यस मित्रदोहको उपदेशले पुण्णकलाई यति प्रभावित पार्‍यो कि तीन दिनसम्म विधुरको घरमा बसिसकेको कुरा सम्झेर उनलाई छोडिदिने विचार गर्‍यो । उसले भन्यो - ‘म तिम्रो घरमा बसें । तिमीले मलाई खुवाउने पिलाउने गर्‍यो । तिमी मेरो मित्र हौ । त्यसैले मैले तिमीलाई छोडिदिएँ । श्रेष्ठपुत्र, तिमी आफ्नो इच्छा अनुसार घर फर्केर जाऊ , नागकूलको कुरा पूर्ण नभए पनि नहोस् । नागकन्या मलाई चाहिएको छैन । हे प्रज्ञावान, तिमी आफ्नो सुभाषितको कारणले नै मेरो तर्फबाट मुक्त भयौ ।’

बोधिसत्व विधुर आफ्नो प्रज्ञामा दृढ हुँदै भने- ‘माणवक, मलाई तिमीले घर पठाउनु परेको छैन । मलाई नागभवनमा नै लैजाऊ । मैले तिमी जस्तौ कठोर हृदय भएकोलाई त धर्मोपदेशले प्रभावित गरी मृदुहृदय भएको बनाइदिएँ भने मेरो लागि नागराजलाई पनि कोमलहृदयी बनाउन गाह्रो हुने छैन । मलाई तिमीले त्यहीँ नै लैजाऊ । सायद त्यहाँ तिम्रो कार्यसिद्धि पनि हुन्छ ।’

Downloaded from http://dhamma.digital/

पुण्णकले बोधिसत्व विधुरको प्रज्ञामा विश्वास गरी आफ्नो र विधुरको राम्रै हुन्छ भनी सम्झेर विधुर पण्डितलाई नागभूवनमा बोलाएर लग्यो । फेरि नागराज वरुणलाई धर्मानुकूलले विधुरलाई लिएर आएको कुरा पनि भन्यो ।

नागराजले बोधिसत्वसँग अनेक प्रश्न गऱ्यो । सबैको जवाफ बोधिसत्वले मधुरभाषाले दिए । 'दानग्राहक नपाएर दानपुण्य गर्न नपाउने बित्तिकै के पुण्य गर्नुहुन्छ ?' भन्ने नागराजको प्रश्नको उत्तरमा बोधिसत्वले भने- 'आफूमा आश्रित भइबसेका जति पनि धर्मपत्नी, छोराछोरी र अन्य इष्टमित्रहरु छन् उनीहरुसँग सदा वाणी र कर्मले मैत्रीयुक्त चित्त हुने पुण्य गर्नु पर्दछ ।'

त्यसपछि बोधिसत्व विधुरलाई नागभार्या विमलाकहाँ लिएर गयो । तब स्थिर मौन भएका बोधिसत्व विधुरलाई नागभार्याले भनिन्- 'भयको कारणले तिमीले पूर्वअदृष्ट मानिसलाई पनि - नागभार्यालाई पनि) अभिवादन गरेनौ । यो बुद्धिमानहरुको लागि योग्य छैन ।' बोधिसत्वले जवाफमा भने- 'हे नाग, म मृत्यु भयले डराएको छुइनं, तर जुन 'वध्य' हो त्यसले न कसैलाई नमस्कार गर्छ, न कसैले त्यसलाई नमस्कार गराउँछ ।'

नागभार्याले यो कुरा स्वीकार गर्नासाथ पछि स्वयं बोधिसत्वले नागभार्याको कुशलक्षम सोध्दे भने - 'हे नाग, तिम्रो ऋद्धि, द्युति, बल, वीर्य, उपपत्ति सारा अशाश्वत हुन्, शाश्वत होइनन् । हे नाग, म सोध्दैछु - तिमीलाई यो विमान कसरी प्राप्त भयो ?' नागभार्याले- 'त्यो विमान आफ्नै निष्पाप पुण्यकर्मको फलस्वरूप लाभ भएको' भन्नासाथ बोधिसत्वले ऊसँग सोधे- 'हे नाग, तिम्रो के व्रत हो ? तिम्रो के ब्रह्मचर्य हो ? तिम्रो कुन शुभकर्मको परिणामले यी लाभ भएका हुन् ?' तब 'दान र शील जस्ता शुभकर्मको परिणामले यी वैभव र शक्ति लाभ भएको' भन्नासाथ बोधिसत्वले उसलाई उपदेश दिए - 'यदि तिमीलाई यसरी पुण्यकर्मको फलले नै विमान लाभ भएको हो भने, तिमी स्वयंलाई नै पुण्यकर्मको फलविषयमा राम्ररी थाहा छ । त्यसैले अहिले अप्रमादी भएर धर्माचरण गर, जसले गर्दा तिमीलाई फेरि यसरी नै विमान लाभ हुनेछ ।'

यसरी प्रकाश पार्दा नागभार्याले सोधिन- 'जहाँ दान प्रतिग्राहकहरु छैनन्, त्यहाँ बसेर कसरी कस्तो पुण्यकर्म गर्न सकिन्छ ?' उसलाई पनि नागरालाईजस्तै बोधिसत्वले भने- 'आफूमा आश्रित भइरहेका आफ्नो पुरुष र छोराछोरी, त्यसरी नै अन्य इष्टमित्रहरुसँग जहिले पनि वाणीले र कर्मले मैत्रीपूर्ण व्यवहार गर ।' तिमी यसरी मैत्रीयुक्त चित्तको भएर पुण्य गर्न सक्नेछौ ।' फेरि बोधिसत्व विधुरले नागभार्या विमलालाई भने- 'हे नाग, संकोच मान्नु हुँदैन । म यहीँ नै छु । मेरो शरीरको जुन काम लिनुपर्ने हो त्यो काम लेऊ । यदि हृदयमंस चाहिएको छ भने त्यहीँ नै लेऊ । यदि तिमीहरुले मलाई मारेर लिन सक्दैनौ भने तिम्रो इच्छाअनुसार म आफैले नै गरिदिन्छु ।'

तर जवाफमा नागराजाले भन्यो -

*पञ्ञा हवे हदयं पण्डितानं,*

*तेत्यम्ह पञ्ञाय मयं सुतुट्ठा ।*

Downloaded from http://dhamma.digital/

*अनुनमामो लभतज्ज दारं,*

*अज्जेव तं कुरुयो पापयातु ॥*

पण्डितहरुको प्रज्ञा नै उनीहरुको हृदय हो । हामी तिम्रो प्रज्ञा देखेर सन्तुष्ट भइसक्यौं । पुण्णकलाई उसको जहान पाउँछ । फेरि आज नै तिमी कुरुदेशमा फर्किन सक्छौ ।

पुण्णकले आफूले इच्छा गरेझैं इरन्दती लाभ हुनासाथ उसले बोधिसत्व विधुरलाई आफूमा भएको कौरव्य राजासँग राजासँग बाजी गरेको विचित्र मणिरत्न उपहार दियो । बोधिसत्वले पनि उसलाई धर्मपूर्वक दाम्पत्य जीवन बिताउने उपदेश दिए । अन्तमा पुण्णक प्रसन्न भएर बोधिसत्व विधुरलाई कौरव्य राज्यमा सकुशल फिर्ता राख्न ल्यायो । फेरि पनि सबैलाई धर्मउपदेश दिँदै बोधिसत्वले आफ्नो जीवन बिताए ।

## महाबोधि जातक (५२८)

अस्सी करोड धनसम्पत्ति र ऐश्वर्य त्याग गरी तक्षशीलाको शिल्पविद्याले निपुण भएका बोधिसत्वले परिव्राजक पव्रज्या लिए । फेरि धेरै वर्षसम्म हिमालयमा बसिसकेपछि महाबोधि चारिका गर्दै वाराणसी पुगे । उनको शान्त संयमित इन्द्रिय देख्नासाथ प्रसन्न भएर वाराणसी नरेशले उनलाई आफ्नो दरबारको बगैंचामा बसाए । तर बोधिसत्वले विचार गरे - 'दरबारमा अनेक दोष हुनसक्छ । धेरै शत्रु हुनसक्छन्' यसरी विचार गरेर उनले राजदरवारको एउटा कुकुर पिङ्गलवर्णलाई सधैं एकएक गाँस भात खुवाए ।

राजाको दरवारमा पाँचजना अर्थ र धर्म अनुशासक मन्त्रीहरु पनि थिए । ती पाँचैजना पाँच फरक वाद (सिद्धान्त) का थिए । एकजना *'प्राणीहरु संसारमा त्यसै नै जन्म हुन्छन्'* भन्ने अहेतुवादी, एकजना *'यो संसार नै ईश्वरकृत हो'* भन्ने ईश्वरवादी, एकजना *'यो संसार प्राणीहरुलाई हुने यावत सुखदुःख उसको पहिले गरिआएको कर्मको कारणले हुन्छ'* भन्ने पूर्वकृतवादी, एकजना *'यसपछि अर्को लोक छैन, त्यसैले मानिसहरु मरेर यही नै लोकमा उच्छेद (नाश) हुन्छ'* भन्ने उच्छेदवादी, एकजना भने *'आमाबाबुलाई मारेर भए पनि आफ्नो स्वार्थ सिद्ध गर्नुपर्छ'* भन्ने क्षतविधवादी आदि थिए । फेरि उनीहरु पाँचजना न्यायको आसनमा बसेर घुस खाँदै नै धनी पनि भएका थिए ।

एकदिन एकजना मानिस त्यसै अनावश्यकरूपले मुद्दामा हराइदिएकोले ठूलठूलो स्वरले कराउँदै आइरहेको थियो । फेरि उसले बोधिसत्वलाई देख्नासाथ 'संसार घुसले गर्दा विनाश भइरहेछ र पनि तपाईं कसरी उपेक्षावान भई बस्नुभएको' ? भनी करायो । तब बोधिसत्वले न्याय के गरिदिएका थिए मानिसहरुको प्रसन्नताको आवाजले राजदरवार नै घन्कियो । परिणाम यो भयो कि राजाले धेरै आग्रह गरेर बोधिसत्वलाई दिनको आठ विशेष प्रकारको मुद्दा हेरिदिनुहुन आग्रह गऱ्यो । उनले मुद्दा हेर्ने कार्य गरिदिनासाथ पाँच पण्डितहरुको लाभमा हानी पुग्यो । यसरी आफ्नो

Downloaded from http://dhamma.digital/

द्रव्यप्यासमा बाधा भएको बदला उनीहरुले राजाको मनमा बोधिसत्वप्रति शंका उत्पन्न गराउन थाले । आफ्नो राज्याशन कसैले लेला कि भनी डराएको, फेरि यस भयले जुनसुकै कुरा पनि आँखा चिम्लेर विश्वास गर्ने राजाले महाबोधि बोधिसत्वलाई पनि राज्यधनबाट र अझ राज्यबाट पनि निकाल्ने विचार गऱ्यो । फेरि पाँचजना अमात्य ब्राह्मणहरुको सल्लाह अनुसार नै उनको अनादर गर्दै लग्यो । आश्रममा ओछ्यान भएन । मिसिएको चामलको भात दिन थाल्यो । सिँढीमा नै भिक्षा दिने गऱ्यो । अझ कनिकाको भात ढोका बाहिर नै दिनेसम्म गऱ्यो । तर बोधिसत्व महाबोधि भने *'यो अश्रद्धाको यथार्थ कारण जानेर मात्र यहाँबाट जान्छु'* भनेर बसे ।

उता यसरी अपमानित भएर पनि महाबोधि परिव्राजक नगएको कारणको पाँचजना अमात्यहरुले आफूतिर फाइदा हुने गरी अर्थ निकालेर व्याख्या गर्ने भ्रमको खेती गरे- *'ऊ त खानको लागि बसिरहेको नै होइन । राज्यको लागि बसिरहेको हो'* भन्नासाथ राजा झन् तर्से । तब राजाले हुकुम गरे- *'दरवारमा आउँदाखेरि महाबोधिलाई ढोकामा नै टुक्रिने गरी काटिदिनू ।'* यसै विषयमा राजा र रानीबीच पनि कुरा भयो । जुन पिङ्गलवर्ण कुकुरले सुन्यो । तब भोलिपल्ट भिक्षाको लागि बोधिसत्व महाबोधि दरवारढोकातिर के आएका थिए कुकुरले भौं भौं गरी भुक्यो । तब उनी भिक्षा नलिई त्यसै चुपचाप दरवारको बगैंचामा फर्किए । राजाले यो कुरा सबै हेर्दै विचार गऱ्यो- *'यदि यो साँच्चैकै मेरो शत्रु हो भने यसले अब फर्किनासाथ युद्धको तयारी गर्दछ ।'* राजाले उद्यानमा गएर हेर्न गयो । बोधिसत्व फर्किएर जानको लागि तयार भइरहेको देखेर, मुख पुछ्नेझैं गरी राजाले- *'कहाँ जान लाग्नु भएको ?'* भन्नासाथ बोधिसत्वले भने- *'म बाह्र वर्षसम्म एक ठाउँमा बसें तर पिङ्गलले कहिले पनि भुकेन । अब तिमी र तिम्री जहानको मप्रति श्रद्धा रहेनछ भनेर थाहा पाउनासाथ उसले रिसले भौं भौं भुक्यो ।'* बोधिसत्वले फेरि भने- *'निकालेर पठाइनुभन्दा पहिले आफू नै पहिला गइदिनु राम्रो हुन्छ । पानी नभएको कुवाको भरोसा लिनु हुँदैन । त्यस्तो कुवा खनेर पानी नै निकाले तापनि त्यो पानी हिलोस्वाद आउने हुन्छ । हे महाराज, यदि यसरी घुम्दै जाँदा मेरो वा तिम्रो केही नभएमा सम्भव भए फेरि हाम्रो भेट हुने नै छ ।'*

यसरी बोधिसत्व महाबोधि हिमालय प्रदेशमा फर्किए । बोधिसत्व जानासाथ ती पाँचजना अमात्यहरुको हातमा फेरि न्याय आइपऱ्यो । धनसम्पत्ति लुट्न पाइयो । तब उनीहरुको विचारमा बोधिसत्व पूर्वआशक्तिले गर्दा फेरि फर्किएर आउँछ कि भनेझैं पनि भयो । त्यसैले भ्याएसम्म उनलाई मार्न लगाउने नभएमा दरवारको ढोका भए पनि सदाको लागि बन्द गरिदिने भनी राजाको कानमा महाबोधि र महारानीको पत्राचार भइरहेको कुरा पुऱ्याइदियो । महारानीको तर्फबाट राजाको गुप्त हत्या हुने कुरामा विश्वास हुनासाथ राजाले निरपराधी महारानीलाई गुप्तहत्या गराउन लगायो । महारानीको हत्या हुनासाथ उसका चारजना छोराहरुले बाबुको विरोधमा तलवार उठाए ।

यस संघर्षको आवाज बोधिसत्व महाबोधिको कानमा पुग्यो । तब तुरुन्त नै *'म बाहेक कसैले पनि कुमारहरुलाई बुझाएर राजालाई क्षमा दिलाउन सक्दैन'* भनी विचार गरेर राजालाई जीवनदान दिन, फेरि कुमारहरुलाई पनि पापबाट बचाउन, भोलिपल्ट नै बोधिसत्व वाराणसीतर्फ हिँडे । बाटोमा उनलाई दिइएको भिक्षामा बाँदरको मासु पनि परेको थियो । बोधिसत्वले तब यसलाई नै उपदेश

Downloaded from http://dhamma.digital/

दिन निमित्त बनाउने विचार गरे । फेरि बाँदरको छाला मागेर लिए । त्यो छाला सुकाएर एक एक पल्ट ओढ्ने, लगाउने, कुममा राख्ने गरे भने पानी ल्याएर एकपल्ट छर्किँदै त्यसलाई बिछ्याए पनि । तब पहिला उनले क्रुद्ध भएका कुमारहरुलाई उपदेश दिएर संयमित गरे । त्यसपछि राजाको दरवारको बगैंचासम्म गए ।

बोधिसत्व महाबोधि आएको खबर थाहा पाउनासाथ राजा आफ्ना पाँच अमात्यहरुसँग बगैंचामा आए । राजाले महाबोधिसँग कुशलक्षेम सोधे । तर बोधिसत्वले भने राजासँग कुरा नगरी बाँदरको छालामा मात्र हातले सुमसुम्याउँदै बसे । त्यसैले राजाले सोध- 'भन्ते, तपाईंले मलाई किन वास्ता नगरी बाँदरको छालामा मात्र सुमसुम्याउँदै बस्नुभयो । किन त्यो मभन्दा पनि अति नै ठूलो हो कि ?'

बोधिसत्वले जवाफ दिए - 'हो महाराज, यो बाँदर मेरो ठूलो उपकारी हो । म यसको शरीरमा बसेर घुमें । यसले मलाई पिउने पानी गाग्रो ल्यायो । यसले मेरो निवासस्थान सफा गर्‍यो । यसले मेरो सामान्य सेवा गर्‍यो । मैले आफ्नो चित्तको दुर्बलताको कारणले गर्दा यसको मासु खाएँ । छाला सुकाएर त्यसमा बसिरहेको छु, सुतिरहेको छु । यसप्रकार यो मेरो साँच्चै नै उपकारी हो ।'

बोधिसत्वले यसरी भनेको कुरामा ठूलो आन्तरिक अर्थ लुकेको थियो । छाला शरीरमाथि एकपल्ट ओढेकोलाई नै शरीरमा बसेर घुमेको छ, छाला कुममा राखी त्यसमा धुलो टकटकाएकोलाई नै निवासस्थान सफा गरेको छु, सुत्दा ढाडमा र उठ्दा खुट्टामा छुएकोलाई नै सामान्य सेव गरेको छु, भिक्षामा दिएको मासु खानु परेको नै आफ्नो दुर्बलताले गर्दा यसको मासु खाएको छु भनी भनेका थिए ।

तर यो अभिप्राय: नबुझ्ने पाँचजना अमात्यहरुले यो कुरा सुन्नासाथ तालि बजाएर उनलाई हाहा गरी उपहास गरे । वास्तवमा त बोधिसत्वलाई यही नै स्थिति ल्याउनु परेको थियो । बोधिसत्वले - *'किन तिमीहरुले मलाई यसरी उपहास गरेको ?'* भन्नासाथ उनीहरुले भने- *'तिमी भित्रद्रोही हौ । तिमीले प्राणीहत्या पनि गर्‍यौ ।'* तब बोधिसत्व महाबोधिले भने- *'तिमीहरु जस्तैले र तिमीहरुको जस्तै मतमा श्रद्धा राख्नेहरुले यस्तो काम गर्‍यो भने त्यसमा पश्चाताप मान्नुपर्ने कारण नै के छ र ?'*

अहेतुवादीको मुख हेरेर बोधिसत्वले भने- 'यदि तिम्रो भनाइअनुसार संसारमा जे जति, त्यसमा सारा त्यसै नै हुन्छ, अनिच्छाले नै करणीय वा अकरणीय कार्यहरु हुने हो भने मैले कसरी बाँदर मारेको हुन्छ ? त्यसै पनि मर्नुपर्ने, मेरो तर्फबाट पनि त्यसै मार्नेकार्य हुन गयो, यसमा किन हिंसा हुन्छ ? यदि तिम्रो 'संसारमा हुनुपर्ने कामकुरा त्यसै हुनुपर्ने अनुरूप हुन्छ' भन्ने मत कल्याणकारी हो, अकल्याणकारी होइन भने फेरि तिम्रो यो उपदेश यथार्थ हो भने तिम्रो लागि त मेरो तर्फबाट बाँदरको हत्या भएको छैन । जे भयो, त्यसै हुनुपर्ने भयो, ठीकै भयो । यदि तिम्रो मत ठीक छ भने तिमीले मेरो कामको निन्दा गर्नु हुँदैन । मेरो निन्दा गर्ने हो भने तिम्रो मतलाई नै तिमीले पहिला ठीक छैन भन ।'

Downloaded from http://dhamma.digital/

बोधिसत्वले उसलाई निरुत्तर गरिसक्नुभएपछि ईश्वरवादीको मुख हेरेर भने-

*इस्सरो सब्बलोकस्स, सचे कप्पेति जीवितं ।*

*इद्धिव्यसनभावञ्च कम्मे कल्याणपापकं ।*

*निद्देसकारी पुरिसो इस्सरो तेन लिप्पति ॥*

*सचे अत्थो च धम्मो च कल्याणो न च पापको ।*

*भोतो चे वचनं सच्चं सुहतो वानरो भया ॥*

*अत्तनो चे हि वादस्स अपराधं विजानिय ।*

*न मे त्वं गरहेय्यासि भोतो वादो हि तादिसो ॥*

यदि ईश्वरले सम्पूर्ण संसारको जीविकाको व्यवस्था गर्ने हो भने, यदि उसको नै इच्छा अनुरूप मानिसहरुलाई ऐश्वर्य पाइने हो भने, उनीहरुलाई विपत्ति आउने हो भने, उसले नै राम्रो नराम्रो गर्ने हो भने, यदि मानिस खालि ईश्वरको आज्ञा मान्ने हो भने यहाँ पनि ईश्वर नै दोषी ठहरिन्छ । ईश्वरले नै बाँदर मारेको हो, मैले मारेको होइन । यदि तिम्रो मत ठीक छ भने मेरो कामको निन्दा तिमीले गर्नु हुँदैन । मेरो निन्दा गर्ने हो भने तिम्रो मतलाई नै तिमीले पहिला ठीक छैन भन ।

फेरि पूर्वकृतवादीको अनुहार हेरेर बोधिसत्वले भने- 'यदि पूर्वकृत कर्मको कारणले नै यहाँ सारा सुखदुःख हुने हो भने, यदि यहाँको पापकर्म पुरानो पापकर्म ऋणमुक्तिको कारण हुने हो भने, यहाँ कसलाई के पाप लाग्छ भन्ने हुन्छ ? यदि तिम्रो मत ठीक छ भने तिमीले मेरो कामको निन्दा गर्नु हुँदैन । यदि मेरो निन्दा गर्ने हो भने तिम्रो मतलाई नै पहिला तिमीले ठीक छैन भन ।'

उच्छेदवादीको अनुहार हेर्दै बोधिसत्वले भने- 'यहाँ लिनेदिने केही पनि छैन भने- 'यहाँ लिनेदिने केही पनि छैन भने, यहीं नै प्राणीहरु उच्छेद भएर जाने, कोही परलोक जाने भन्ने छैन भने, फेरि तिमीले मेरो निन्दा किन गरिराखेको ? पृथ्वी आदि चार महाभूतले नै प्राणीहरुको रूपको उत्पत्ति हुन्छ भने, फेरि कहाँ रूपको उत्पन्न हुँदो हो त्यहीं नै विलिन भएर जान्छ । जीव यहाँसम्म मात्र जीवित हुन्छ, मरेर विनष्ट भएर जान्छ । पण्डित र मूर्ख साराको यहीं नै उच्छेद भएर जान्छ । यदि सत्य यस्तै नै हो भने यहाँ कसलाई पाप लाग्छ भन्ने हुन्छ ? यदि तिम्रो मत ठीक छ भने तिमीले मेरो निन्दा गर्नु हुँदैन । मेरो निन्दा गर्ने हो भने पहिला तिमीले आफ्नो मतलाई नै ठीक छैन भन ।'

फेरि क्षतविधवादीको अनुहार हेरे बोधिसत्व महाबोधिले भने- 'आयुष्मान्, यहाँ तिम्रो मत हो कि आमाबाबु मारेर पनि आफ्नो स्वार्थसिद्ध गर्नुपर्छ । फेरि तिमीले मलाई किन गिज्याएको ? आफूलाई आफैले पण्डित सम्झिने मूर्ख क्षतविधहरुको वचन हो- आमाबाबु र दाजुभाइ मार, त्यसरी नै जरुरत पर्‍यो भने छोराछोरी र पत्नी पनि मार, तर मेरो मत हो जुन रुखको छहारीमा बसेको छ,

Downloaded from http://dhamma.digital/

सुतेको छ, त्यस रुखको एउटा हाँगो पनि भाँच्नु हुँदैन । मित्रदोह पाप हो । तिम्रो मतअनुसार त आफूलाई मात्र चाहियो भने आफूलाई छहारी दिने रुखको हाँगा त के त्यस रुखको जरादेखि उखेलेर पठाउनुपर्छ । त्यसो हो भने मलाई पाथेय्य (यात्रा खर्च, आहार) चाहिएकोले मेरो तर्फबाट जुन बाँदरको हत्या भयो त्यो ठीक नै छ । त्यसैले तिम्रो मत ठीक छ भने तिमीले मेरो निन्दा किन गऱ्यौ ?'

यसरी पाँचैजना पण्डितहरुलाई पनि मुखभरि जवाफ दिएर आफूले बाँदरको हत्या नगरेको र बाँदरको छालासम्बन्धी कुरा राजालाई बुझाइदिएको कुरा स्पष्ट पारे । फेरि राजालाई भने - *'महाराज तपाईंले यस्ता पाँचजना राष्ट्र लुटाहाहरुका कुरा सुनेर बस्नुभयो । तपाईं कतिसम्मको मूर्ख ! यस्ता मानिसहरुको संगतले नै मानिसहरुले यस लोकमा पनि परलोकमा पनि ठूलो दुःख भोग्नुपर्ने हुन्छ । अहेतुवादी, ईश्वरवादी, पूर्वकृतवादी, उच्छेदवादी फेरि क्षतविधवादी यी दुनियाँमा असत्पुरुष हुन्, जसले वास्तवमा मूर्ख भएर पनि आफूलाई आफैले पण्डित सम्झिन्छन् । यिनीहरुले आफैले पनि त्यस्तै पाप गर्दछ । अरुको तर्फबाट पनि त्यस्तै पाप गराउँछन् । यस्ता असत्पुरुषहरुको संगतिले दुःख उत्पन्न गर्ने र तीतो फल दिने हुन्छ । यिनीहरु भेंडाको रूपमा बस्ने स्यालजस्तै हुन् जसले भेंडाको बथानमा बसेर भेंडा खाँदै बस्छन् ।'*

बोधिसत्व महाबोधिले फेरि राजालाई उपदेश दिए- 'जसले फल फल्ने रुखको हाँगा भाँच्छ, उसले त्यो रुखमा फलेको फलको स्वादको मूल्य नै बुझ्दैन । अझ उसले त्यस्तो रस दिने फलको बीउसमेत नष्ट गर्दछ । यसरी नै महानवृक्षजस्तै राष्ट्रको जसले अधर्मपूर्वक शासन गर्दछ, उसले उसको मूल्य थाहा पाउँदैन फेरि उसले राष्ट्रसमेत नष्ट गर्छ । जो अधार्मिक राजाले निरपराधी भार्याको हत्या गर्छ, ऊ नर्कमा पर्छ फेरि उसका छोराहरु स्वयं नै उसको विरोधी हुन्छन् ।'

त्यसपछि राजकुमारहरु चारैजना बोलाएर उनीहरुकै अगाडि राजाको अपराध विषयमा भनेर बोधिसत्वले राजालाई राजकुमारहरुबाट क्षमा दिलाए । पछि राजालाई भविष्यमा यस्तो दुस्साहस नगर्ने विषयमा सतर्क गराए । राजाले उनीहरुको कुरामा लागेर नै बोधिसत्वप्रति र देवीप्रति पापकर्म गर्न पुग्यो भनी उनीहरु पाँचैजना अमात्यहरुलाई मार्न लाग्यो । तर बोधिसत्वले रोके । फेरि राजाले उनीहरुको हातखुट्टा मात्रै भए पनि काटिदिने भनी भन्यो, यो पनि बोधिसत्वले हुन दिएनन् । अन्तमा राजाले उनीहरुलाई केश खौराएर, गोबर पोतेर अपमान गरेर देशनिकाला गरिपठाए । अन्तमा बोधिसत्व केही दिन त्यहाँ बसेर राजालाई अप्रमादी हुने उपदेश दिँदै हिमालयमा गए । त्यहाँ बोधिसत्व महाबोधि ध्यान अभिज्ञा लाभ गरेर ब्रह्मविहारको भावना गर्दै ब्रह्मलोकगामी भए ।

## महोषध जातक

बौद्धप्रज्ञाको कथात्मक व्याख्या प्रस्तुत गर्ने बौद्धवाङ्मयमा अनेक चरित्र छन् । फेरि यी अनेक चरित्रमध्ये प्रत्येक चरित्रले कति स्पष्ट बौद्धप्रज्ञाको विभिन्न स्वरूपमध्ये एउटा पक्षको स्वरूपमा

Downloaded from http://dhamma.digital/

स्पष्टता ल्याउँछ, त्यति एउटै बौद्धचरित्रले सारा बौद्धप्रज्ञापक्षको स्वरूप स्पष्टता ल्याउँदैन । त्यसैले पनि अनेक चरित्रले बौद्धप्रज्ञाको भिन्नभिन्न पक्षको कथात्मक व्याख्या सम्भव छैन । त्यसैले प्रज्ञापक्षको तेश्रो एउटा अर्को जातक महाउम्मग्ग जातकको कथात्मक व्याख्या भिक्षु अनुरुद्धद्वारा गरिएको अनुवाद महोषध महाजातकको सारांश पढ्नु लाभदायी हुने देखिन्छ ।

महोषध जातक जातकीय उद्‌बोधनको शब्दमा पढेमा गम्भीर प्रज्ञा, प्रमुदितप्रज्ञा, तत्क्षणप्रज्ञा, दुष्करप्रज्ञा, निर्वेदप्रज्ञा, परोपवादमर्दनप्रज्ञा र महाप्रज्ञाको कथा हो । फेरि बौद्धप्रज्ञापक्ष कति बहुजन हितवादी र बहुजन सुखवादी हुन्छ, कति न्याय, करुणा, सेवा, पवित्रता र अनुशासनसंयुक्त हुन्छ, फेरि कति कसरी तृष्णाभिभूत नहुने हुन्छ- यी सारा कुराको रमाइलो व्याख्या नै महोषध चरित्र हो । साथै अबौद्धप्रज्ञा कति इर्ष्या, द्वेष, स्वस्वार्थ, कुनियत र लोभ तृष्णाले ग्रसित हुन्छ, फेरि यसको लागि कति अबौद्ध पण्डितहरु बहुरूपी हुन्छन्, कतिसम्म फूलबुट्टा भरिएको हुनसक्छ भन्ने कुरा अगाडि राखेर नै बौद्धप्रज्ञाको निर्वेद निस्वार्थ भाव स्पष्ट गर्दछ ।

बोधिसत्व महोषधले आफ्नो शैशवकालमा नै आफ्नो हजारजना साथीहरुसँग मिलेर रमाइलो गरी खेल्न पोखरी बगैंचा भएको क्रिडाशाला, अनाथालय, प्रसूतिगृह, धर्मशाला र अतिथिभवन र वस्तु संरक्षणगृह बनाए । यही नै कृति वास्तवमा भन्ने हो भने बौद्ध पण्डितको आधारशीला हो ।

महोषधको लोकसेवाको कीर्तिकथाले पण्डित खोजिरहेको विदेह राजालाई अत्यन्त आकर्षित गऱ्यो । तर राजाको महामन्त्री सेनकले यसलाई विकर्षित गर्न धेरै कोशिस गऱ्यो । महामन्त्री सेनकको अगाडि नै महोषधले अनेक आफ्नो चमत्कार देखाए । चीलसँग भएको मासुटुक्रा चीलको छाँयासँग दौडिएर छालातल पुग्नासाथ बेस्सरी कराएर झारिलिए । एकजोडि गोरूप्रति मेरोमेरो भनी झगडा गर्दै हिँडेकाहरुलाई उनीहरुले गोरूलाई खुवाएर ल्याएको कुरा सुनेपछि आफूले बालाचि बोटको पातको रस पिलाएर गोरुहरुलाई छेर्न लगाएर वास्तवमा गोरु कसको हो भन्ने झगडा छिनिदिए । एउटै जन्तरमा एउटी गरीब वृद्धाको र एउटी तरुनीको दावीलाई उनीहरुले जन्तरमा कुनकुन तेल लगाइएको छ भनी उनीहरुसँगै सोधेपछि पानीमाजन्तर डुबाएर गन्ध निकालेर सुँघ्न लगाए । धागोको एक डल्लोमा दुई जनाले मेरोमेरो भन्ने झगडामा धागो डल्लोभित्र रहेको भित्रीकाठद्वारा सर्वमान्यरूपले सत्य अगाडि राखिदिए । एउटै बच्चालाई दुइटी महिलाहरुले मेरो बच्चा भनी भनेकोमा बच्चालाई दुबैले दुबैतिर तान्न लगाउनु भएर मातृत्वको मायामा न्याय प्रदान गरे । गोतकालको पत्नी दीघतालललाई दीघपिट्ठि भगाएर लान खोज्दा निस्केको झगडामा नाउँ, गाउँ र कुरा दुबैलाई एकाएकातिर राखी सोधेर वास्तविकताको रहस्य उद्‌घाटन गर्दै नैतिक प्रेमको न्याय जिताइदिए ।

तर यसरी अनेक तत्क्षणप्रज्ञा र तीक्ष्णप्रज्ञाको दसी प्रमाण प्रकट भए तापनि महामन्त्रीले महोषधलाई दरवारमा भित्र्याउनेमा बाधा दिई नै रह्यो । विदेहराजाले अनेक प्रकारले महोषधको बुद्धिको परीक्षा गऱ्यो । सारा परीक्षामा दुष्करप्रज्ञाको कारणले महोषध उत्तीर्ण भए तापनि अहंयुक्त गर्वले जुँगा मुसारेर भूँडी ढल्काएर हिँड्ने चारजना पण्डितहरुले राजाको मङ्गल घोडाको खुट्टा भाँचिदिएसम्म राजालाई महोषधको मुख देख्नाले अमङ्गल हुने धम्की दिए । तर त्यसो भए पनि चारजना

Downloaded from http://dhamma.digital/

पण्डितहरुले आखिरमा महोषधको लागि दरवारको ढोका बन्द गर्न सकेनन् । महोषध दरवारमा भित्रियो । अझ केही समय नबित्दै आफ्नो प्रज्ञाको चमत्कारले आफ्ना हजारजना साथीहरुका लागि समेत दरवारको ढोका खोलिदिनमा उनी सफल भए । उदुम्बराको सौन्दर्य र यौवनमा संकीर्ण आँखाले हेर्दा पनि महोषधले कुलक्षण र सुलक्षण स्वर्ग र पातालजस्तै फरक छ भनिदिए । यसले गर्दा उदुम्बरा महारानी मृत्युदण्डबाट मुक्त भयो । यता महोषधलाई स्वयं उदुम्बरा महारानीले भाइको रूपमा नाता जोडिन् ।

एकपल्ट प्रज्ञा र भवभोगमा कुन ठूलो भन्ने विषयमा विवाद भयो । विदेहराजाको प्रमुखमन्त्री सेनकको भनाई हो - 'लोकमा प्रज्ञा केही नभए तापनि हातमा कुनै शिल्प नभए तापनि, जातमा नीच नै भए तापनि धनदौलत हुनासाथ पुग्दछ ।' सेनकको यस भनाईमा उसको सम्पन्न कुलको संस्कार समाहित भएका छन् । साथै त्यसै देशको गोविन्द नामक महाजनको सुख ऐश्वर्यको प्रमाण उसको हृदयमा गाडिएको थियो । गोविन्द महाजन अति नै कुरूप, त्यसै गरी ज्ञान भएको पनि होइन । उसले कुरा गर्दा र्‍याल नै तुरुर झर्ने गर्थ्यो । तापनि उसको दायाँबायाँ दुइटी राम्री तरुनी जहानहरु बसेर उसको मुखको र्‍याल नीलकमलले थापेर लिने गर्दथे ।

महोषधको भनार्य हो - 'त्यस्तो ऐश्वर्य मूर्खहरुसँग धेरै अड्दैन । किनकि उनीहरुको मन आकाश र हावाको धार नहेरी मनपर्दो ठाउँमा प्रमुदित भएर दौडिरहन्छ । फेरि वास्तवमा भवभोग सम्पत्ति भनेको राम्रो छायाँजस्तै मात्र हो, जुन स्थीरले बसिरहँदैन । जब प्रज्ञाहीन मानिसहरु भवभोगबाट च्यूत भए कि बालुवामा परेको माछाजस्तै छट्पटिन्छन् । प्रज्ञा र भवभोग दुईमा कुन श्रेष्ठ भन्ने विवादमा अन्तमा महोषध पण्डितको नै विजय भयो ।

पछि महोषधको अमरादेवीसँग विवाह भयो । आफैले खोजेर योग्यसँग विवाह गरी ल्याउँदा महोषध झन् बलियो हुनेभयो भनी सोचेर चारजना पण्डितहरुलाई निद्रा लागेन । एकपल्ट त झण्डै महोषधलाई राजकुलको अनेक वस्तुको चोरीको आरोप लगाएर विनष्ट गर्न लागेका थिए । तर अमरादेवीको बुद्धिमत्ताले गर्दा चारजना पण्डितहरुकै इज्जत बरबाद हुनुपर्‍यो । तर यति भयो भनेर उनीहरु कहाँ चुप लागेर बसे र ? एकदिन राजाको मनमा महोषधले राज्याशन नै खोसेर लिन लाग्यो भन्ने शंका बीजारोपण गरिदिए । उनीहरुले प्रमाणको रूपमा यो पनि भन्यो- 'महोषधले इच्छा अत्यन्त गुप्त गरिराखेको छ । उसको सिद्धान्त नै गुप्तकुरा कसैलाई पनि बताउनु हुँदैन' भन्ने हो ।

राजाले साँच्चै महोषध आउनासाथ सबैसँग यो कुरा सोधे- 'गुप्त कुरा कसलाई बताउनु हुन्छ ?' सेनकले भन्यो - 'गुप्तकुरा पनि अत्यन्त विश्वासी कुनै साथीलाई बताउनु हुन्छ ?' पक्कुसले भन्यो - 'साँच्चै हितचित्त मिलेको भएमा गुप्तकुरा आफ्नो भाइलाई भन्नुहुन्छ ।' कामिन्दले भन्यो - 'गुप्त कुरा भए पनि आफ्नो कुरा मान्ने, आफूले भनेझैं भएको छोरालाई बताउनु हुन्छ ।' देविन्दले भन्यो - 'गुप्तकुरा कसैलाई भन्न नहुने भएमा मुख बलियो भएकी आमालाई बताउनु हुन्छ ।' तर महोषध पण्डितको भनाई हो- 'गुप्तकुरा कसैलाई पनि भन्नु हुँदैन । होइन भने त्यो काममा विघ्न हुनसक्छ ।'

Downloaded from http://dhamma.digital/

महोषधको कुराले राजाको मनमा भएको शंकाको पुष्टि भयो । तब राजाले महोषधको हत्या गरिपठाउनुमा नै धेरै असल हुने ठान्यो । यता महोषध पण्डितले राजाले त्यसरी प्रश्न गरेको कारण जान्ने विचार गरे । यसको लागि चारजना पण्डितहरुको धारणाभित्र रहेको आधार जान्ने पनि महोषधले विचार गरे ।

चारजना पण्डितहरु महोषध मार्ने खुशीमा आँखाले केही पनि देखेनन् । चारैजना एउटै टेबुलमा बसेर खुशियाली मनाइबसिरहे । त्यस टेबुलमुनि भने महोषध बसिरहेका थिए । राजाले महोषधको हत्या गर्न तलवार नै सुम्पेर पठाइसकेको कुरा पनि बताए । कुरैकुरामा उनीहरुले राजा अगाडि गुप्तकुरा कसलाई विश्वास गर्न योग्य छ भनेको हो त्यो आ-आफ्नो कल्पना हो कि यथार्थले नै भनेको हो भन्ने प्रश्न पनि ती पण्डितहरुको अगाडि खडा भयो । आ-आफ्ना साथीहरुलाई विश्वास गरी उनीहरुले आ-आफ्नो धारणाको आधार आ-आफ्नो अनुभव भएको कुरा पनि बताए ।

सेनकले भन्यो- 'मैले नगरकी एउटी वेश्यासँग दुराचार गरें । उसलाई मारेर उसको गरगहना पनि लिएँ । यो रहस्य मेरो एकजना साथीलाई थाहा छ । तर उसले आजसम्म कसैलाई पनि बताएको छैन । त्यसैले मैले गुप्तकुरामा साथीलाई विश्वास गर्नुहुन्छ भनेको हुँ ।' पक्कुसले भन्यो- 'मेरो तिघ्रामा कुष्ठरोग छ । मेरो भाइले एकैबिहान उठी त्यसमा औषधी गरिदिन्छ । मेरो त्यसै तिघ्रामा टाउको राखेर कतिपल्ट त राजा नै सुतिसक्यो । तर यो रहस्य मेरो भाइले रहस्य नै गरिराखेको छ । त्यसैले मैले भाइलाई विश्वास गर्नु हुन्छ भनेको हुँ ।' कामिन्दको भनाई हो - 'म अमावश्यपिच्छै पागल हुन्छु । तर मलाई मेरो छोराले पागल हुने दिन कोठामा थुनेर ढोका बाहिर बाजा बजाइदिन्छ । यो रहस्यमय काम मेरो छोराले कसैलाई पनि भनेन । त्यसैले मैले छोरालाई विश्वास गर्न योग्य भनेको हुँ ।' देविन्दले भन्यो - 'मैले लक्षण सम्पन्न माणिक्य एउटा चोरेर आमालाई दिइराखें । यो कुरा मेरी आमाले कसैलाई भनिनन् । त्यसैले मलाई विश्वास भएको हो - गुप्तकुरा आमालाई भन्दछन् ।'

यसरी चारैजनाको धारणाभित्रको रहस्य जानिसकेर महोषध आफ्नै घर फर्किए । उता राजाबाट महारानी उदुम्बराले महोषध हत्या हुने कुरा थाहा पाउनासाथ रोटीभित्र चिट्ठी राखेर सूचना गरिपठाइन् । भोलिपल्ट महोषध अति नै सतर्क हुँदै दरवार गए । टाढैबाट राजा देख्नासाथ रथबाट उत्रिएर उहाँले विनम्रताका साथ नमस्कार गरे । राजाको मनमा कुरा खेल्यो यति विनम्र र निश्चल देखिने महोषध पण्डित कसरी मेरो शत्रु हुन्छ ? महोषध पण्डित राजाको नगिच पुग्नासाथ राजाले महोषधको विषयमा केही सोध्यो । उनले आफूलाई मार्न षड्यन्त्र गरिराखेको कुरा राजालाई स्पष्ट भने । राजाले यो रहस्य प्रकट भएको उदुम्बरा महारानीबाट भएको होला भनी रिसले महारानीलाई हेऱ्यो । तर महोषधले तुरुन्त भने- 'मैले त भने नि महाराज गुप्तकुरा कसैलाई पनि भन्नु हुँदैन । मेरो हत्याको कुरा त छोडौं, महारानीले भनेर थाहा पाउनु भयो होला । तर महाराज, मैले यी चारजना पण्डितहरुको आ-आफ्ना विश्वासको आधारको रहस्य कसरी थाहा पाएँ हुँला ? शालबगैंचामा वेश्यालाई मारेर धन लुट्ने सेनक ज्यानमारा हो । म साक्षी बकाउन उसको साथी ल्याउन सक्छु, जसले आजसम्म यो कुरा कसैलाई पनि भनेने । पक्कुस मन्त्री तिघ्रामा कुष्ठरोग

Downloaded from http://dhamma.digital/

भएको व्यक्ति हो, जुन कुरा उसको भाइले आजसम्म कसैलाई भनेन । कामिन्द मन्त्री महिनाको एकचोटी पागल हुने व्यक्ति हो, जुन उसको छोरा मात्र जान्दछ । देवेन्द्र मन्त्री राजपरम्पराको माणिकरत्न चोर हो । उसले त्यो रत्न आफ्नी आमालाई दिइराखेको छ ।'

यसरी सारा रहस्य प्रकट हुनासाथ चारजना दुष्टचित्त भएका मन्त्रीहरुलाई पनि जेलमा थुनी दण्ड दिने भनि राजाबाट आज्ञा भयो । तर महोषध पण्डितले गुप्तकुरा पूर्ण नभएसम्म कसैलाई पनि सुनाउनु नहुने कुरा प्रमाणित भएको विषय खुलस्त पारेर चारजना पण्डितहरुलाई पनि क्षमा दिन लगाए ।

यसरी दरवारमा रहेका अबौद्ध पण्डितहरु दमन गरिसक्दा नै फेरि विदेह राजाकहाँ एउटा राजनैतिक समस्या आयो । उत्तर पाञ्चालमा चुलनी राजाले बत्तीसवटा राज्य जितिसकेपछि पनि महोषधको कारणले गर्दा विदेह राज्य जित्न सकेन । तब आफ्नी छोरी पाञ्चाल चण्डीको रूप र सौर्न्यको बयान विदेह राजाको कानमा पुऱ्यायो । फेरि मैत्रीसन्धि गरी छोरी दिने इच्छा पनि चुलनी राजाले प्रकट गरे । तर निर्वेदप्रज्ञा महोषध एकैचोटी खुशी भएनन् । यसको यथार्थता अध्ययन गरे । वास्वतमा चुलनी राजाले विदेह राजालाई बोलाएर बाघ थुनेझैं थुनेर राज्य जित्न खोजेको कुरा पनि थाहा पाए । यता राजालाई चाहिँ जति भने पनि यस कुराबाट विश्वास नभएकोले महोषध पण्डित आफू पहिला गएर विवाहको तयारी गर्न गए । फेरि दरबारदेखि विवाह मण्डपसम्म बनाउँदैछु भन्दै राज्यसीमा बाहिरसम्म चुलनी राजाको सुरुंगदेखि शाखा सुरुंग बनाउन दिए ।

राजा विदेहको राजकुमारी पाञ्चाल चुलनी विवाह गर्न शानदार राजयात्रा भयो । तर विवाह नक्षत्र के हेर्न लाग्यो, बत्तीस राजाहरुले सपनाजस्तै विदेह राजालाई घेरा दिए । शत्रुसेना देखेर राजाको हंसले ठाउँ छोड्यो । शत्रुको हातमा परेकाहरुले शत्रुतर्फबाट हुने अचिन्तनीय कष्टमुक्तिको लागि विचार गर्नासाथ सेनक पण्डितले भन्यो - 'झ्याल बन्द गरेर घरमा आगो लगाउनुपर्छ, तब उसले उसलाई, उसले उसलाई मारेर सबै छिट्टै मरिजानुपर्छ ।' पक्कुस पण्डितले भन्यो- 'विष खाएर सबै मुर्नपऱ्यो ।' कामिन्द पण्डितले भन्यो- 'घाँटीमा पासो राखेर छिटै सबै मुर्नपऱ्यो ।' देविन्द्र पण्डितले मात्र सेनक पण्डितको कुरामा नै सही थाप्यो । यसरी अबौद्ध प्रज्ञावानहरुले पहिला झ्याएसम्म आफूलाई फाइदा पुऱ्यायो । पछि नसक्नासाथ अरुसहित आफू पनि घाँटीमा बाँधेर मरेर मारेर जाने विचार गरेकाले राजा विदेहलाई उनीहरुको पाण्डित्याईं केराको थामजस्तै फुस्रो लाग्यो ।

यसरी मृत्युभयले हंस ठाउँ छाडिबसेका राजासहित चारजना मन्त्रीहरुलाई महोषध पण्डितले आश्वासन दिए । फेरि उनीहरुलाई सपनाजस्तै गरी सुरुंगभित्र लगे । उता महोषधको मानिसहरुले चुलनी राजाकी आमा, पत्नी, छोराछोरीहरुलाई राजाले जितेको विजयउत्सवमा जान भनी खास मार्ग त्यही सुरुंगमा ल्याए । तब महोषध पण्डितले राजालाई सुरुंगको बाटोबाट नदी किनारमा भएको डुंगामा पुऱ्याएर भने - 'त्यो तपाईंको सासु, यो पाञ्चालचण्ड भाइ र यो पाञ्चाल चण्डी तपाईंकी मन परेकी हो ।' यति भनेर उनीहरुप्रति राम्रो व्यवहार गर्ने कुरा बताएर उनीहरुलाई भगाएर महोषध पण्डित आफू चार महिना सुरुंग बनाउने छ हजार सहयोगीहरु भएको ठाउँमा फर्किए ।

Downloaded from http://dhamma.digital/

उता राजा चुलनी आफ्नो काम असफल भएकोले रिसले चुर भए । तर निर्भयी र निर्वेद प्रज्ञावान पण्डित महोषधले राजाको अगाडि यथार्थ कुरा बताएर फेरि सबै भागिसकेको कुरा पनि बताए । रिसले महोषध पण्डितलाई र उसको सेनालाई कठोर दण्ड के दिन लागेको थियो महोषधले भने - 'मलाई जस्तो व्यवहार गऱ्यो, उसको आमा, पत्नी, छोराछोरीहरुलाई पनि त्यस्तै व्यवहार गरिनेछ ।' फेरि रिसले अन्धो नहोस् भन्नका लागि राजाकी रानीको रूप र सौन्दर्यको खुब वर्णन गरे । तब राजाको मनले आफ्नी महारानी मारे तापनि तिमीलाई बाँकी राख्दिन भन्न सकेन । महोषध पण्डितको मनोवैज्ञानिक प्रयोग सफल भयो । राजाले आफ्नी आमा र महारानीलाई फर्काउने कुरा गरे । महोषधले पछि विदेह राजा र चुलनी राजाका मन्त्री बीच सन्धिको कार्य गरिदिए । ससम्मान चुलनी राजाकी आमा र पत्नी छोराछोरीलाई फिर्ता दिए । विदेह राजालाई पनि राजकुमारी पाञ्चाल चण्डी विवाह गरिदिए । महोषधको यस्तो आश्चर्य र अद्‌भूत प्रज्ञा पराक्रम देखेर राजा चुलनीले भने- *'महोषध यतिका प्रज्ञावान भएर पनि तिमीले राज्य किन लिएनौं ?'* तब महोषध पण्डितले जवाफ दिए- *'मैले चाहेमा सबै जम्बूदीपको राज्य लिन सक्दछु । तर अरुलाई मारेर ऐश्वर्य लिने कामलाई पण्डितहरुले प्रशंसा गरिराखेको छैन ।'*

वास्तवमा यही नै बोद्धप्रज्ञाको आदर्श हो । फेरि महोषध पण्डितले कति दुष्टहरुलाई क्षमा दिए, कति त स्वयं आफू राग, द्वेष र मोहले निर्लिप्त भई देखाएभने कति प्रज्ञाद्वारा आफ्नो र अरुको जीउधन र जीवनको समेत आरक्षा गरे । यसलाई नै प्रज्ञापारमिता, प्रज्ञा उपपारमिता र प्रज्ञा परमत्थपारमिताको कथात्मक व्याख्या हो ।

**फोटो**

Downloaded from http://dhamma.digital/

# वीर्य पारमिता

वीर्यको साधारण अर्थ उत्साह, उद्योग र शारीरिक एवं मानसिक साहसपूर्ण काम हो । तर यहाँ पारमिता गुणधर्मसँग विचार गर्दा वीर्यको अर्थ यतिमा मात्र सीमित हुँदैन । करुणापूर्ण हृदयले यस लोकमा पनि परलोकमा पनि भलाई हुने र हित हुने दक्ष ज्ञानसम्पन्न साथै उपाय कौशल्यसमेतले रक्षा गरिराखेको काय, वाक र मनले परप्राणीको लागि काम गर्नु नै वीर्य पारमिताको अर्थ हो । तीन बोधिमध्ये एउटा बोधिप्राप्त गर्न धुतांग आदि शील पालन गर्नु ज्ञानसम्प्रयुक्त कोशिस पनि वीर्य नै हो । अर्को शब्दमा वीरहरुको विशुद्ध स्वभावलाई पनि वीर्य भनिन्छ । तर अकुशल वीर्यपारमितामा समावेश हुँदैन । फेरि उता अव्याकृत वीर्यपारमिताले माथि परिसक्छ । वीर्यपारमिताको अर्थ यस आँखाले हेर्दा कामको सार्थकतामा वा परिणाममा निर्भर भइरहेको देखिन्छ । वीर्य महाफल हुनलाई प्रज्ञाविप्रयुक्त भावले मुक्त हुनु पनि अनिवार्य छ । वीर्य भनेको त्यसैले कायबलमा मात्र निर्भर हुँदैन, बरु परोपकारको निम्ति उत्साहपूर्ण कोशिस भनिएकोमा पनि निर्भर हुन्छ । परमार्थदृष्टिले कायबलभन्दा चित्तबल नै उत्तम हो । वीर्यत्वको प्रदर्शन शब्दज्ञानमा मात्र पनि सीमित हुनुहुँदैन । धम्मपद (१९) अनुसार *धेरै त्रिपिटक ग्रन्थको कुरा गर्न जाने तापनि प्रमादी भएर तद्नुसार कार्य नगर्नेलाई, अरुको गाईवस्तुहरु चराउने गोठालोलाई सारयुक्त दुध पिउन नपाउनेझैं, त्यस व्यक्तिलाई सारयुक्त श्रमणत्व लाभ हुँदैन ।* त्यसैगरी धम्मपद (५१) को उपमामय शब्दमा भन्ने हो भने - *'सुगन्ध नभएको फूल राम्रो भए तापनि काम छैन, त्यसरी नै कार्यहीन कुरा राम्रो भए तापनि काम छैन ।'* शुद्धोदन महाराजको अगाडि कपिलवस्तुमा पनि यही एउटा शब्द घन्कियो- *'उत्तिट्ठे नप्पमज्जेय्य, धम्मं सुचरितं चारे'* अर्थात् उठ, अल्छी हुनु हुँदैन, राम्ररी धर्माचरण गर । महासीलक जातक (५१) अनुसार वीर्यको प्रयोग लाभको लागि मात्र पनि हुँदैन । आफ्नो शान्ति र सहनशीलतामा आउने बाधामा धैर्यपूर्वक र साहसपूर्वक सहनुको लागि पनि हुन्छ ।

वीर्य पारमिताको लक्षण सामान्यतः उत्साह हो । उपस्तम्भ अर्थात् टेवा भइदिनु नै यसको रस (कृत्य) हो । काम गर्दा पछि नहट्नु नै यसको प्रत्युप्रस्थान हो । यसको पदस्थान वीर्यारम्भ वस्तु वा जारमरणको संवेगलाई हेतु हुन्छ ।

## बोधिपक्षीय धर्ममा वीर्य

वीर्यको महत्व बुझ्नको लागि बोधिपक्षीय धर्ममा विचार गर्नु धेरै महत्वपूर्ण हुन्छ । महापरिनिर्वाणको समयमा भगवान् बुद्धले जुन धर्मलाई *'मैले स्वयं जानेर, स्वयं साक्षात्कार गरें, अभिज्ञान गरें'* भनी आज्ञा गरेका थिए, त्यो नै बोधिपक्षीय धर्म हो । बोधिपक्षीय धर्मको उपदेशपछि नै भगवान् बुद्धले- *'जसले यस धर्ममा प्रमाद नभई उद्योग गर्दछ ऊ आवागमनलाई छोडी दुःखको अन्त गर्दछ ?'* भनी आज्ञा गरेका हुन् ।

Downloaded from http://dhamma.digital/

सैंतीस बोधिपक्षीय धर्म अन्तर्गत चार स्मृतिप्रस्थानमा पनि वीर्य अन्तरङ्ग अनुरूप समावेश भएको हुन्छ । तर चार सम्यक्प्रधान त स्वयं वीर्य नै हो । बुद्धशासनमा प्रधान शब्दको अर्थ नै निर्वाण सम्बन्धी प्रयत्न, पुरुषार्थ र वीर्यसाधन हो । यो शब्द नै सबथोक हो । यो शासन उद्योगको लागि हो, साधनाको लागि हो, सिद्धान्त वा बौद्धिक आयामको लागि मात्र होइन । तीव्र प्रयत्न वा पुरुषार्थको साधना नै सत्यको अधिगम हुन्छ । बुद्धले तीव्र प्रयत्नद्वारा नै सत्य पाउनुभयो । तब स्वयं प्रज्ञामय बत्ती हुनुभएर विश्वको लागि चम्किनुभयो । प्रयत्नले नै निर्वाण पाइन्छ त्यसैले यही नै प्रधान हो । चंकि सुत्तन्त, मज्झिमनिकाय (२.५.५) अनुसार जसले प्रधान गर्दछ उसले सत्य प्राप्त गर्छ र जसले प्रधान गर्दैन उसलाई सत्य पनि पाईंदैन ।

बोधिपक्षीय धर्मको चार ऋद्धिपादमा वीर्य दोश्रो ऋद्धिपाद हो । वीर्य यहाँ समाधिप्रधान संस्कारयुक्त ऋद्धिपादको भावनामा पर्दछ । अर्को शब्दमा भन्ने हो भने आफूले इच्छा गरेको पूरा गर्न आवश्यक भएको चार प्रकारका उत्साहमध्ये यो विरियिद्धिपाद पनि एउटा हो । आध्यात्मिक उन्नतिको साधनअनुसार बोधिपक्षीय धर्ममा श्रद्धा, वीर्य, स्मृति, समाधि र प्रज्ञा यी पाँच इन्द्रियको वर्णन गरिएको छ । अविद्या आदि विरुद्धधर्म दमन गर्ने हुनाले वीर्य इन्द्रिय भएको हो । श्रद्धामा प्रतिष्ठित भएर जहाँ साधकले वीर्यारम्भ गर्दछ त्यहीं नै विरियिन्द्रिय हुन्छ । साथै विरियिन्द्रियको कारणले स्मृति स्थिर हुन्छ । समाधिमग्न चित्तले प्रज्ञा प्राप्त गर्न आधार दिन्छ । बोधिपक्षीय धर्मको पाँचबलमा वीर्यबल पहिलो बल हो । अविद्याले नै बिगार्न नसक्ने भएकोले वीर्य पाँचबलमा प्रमखुबल भएको हो । सात बोध्याङ्गमा वीर्य सम्बोध्यङ्ग तेश्रो बोध्यङ्ग हो । बोध्यङ्गको अर्थ- सम्यक् सम्बोधि प्राप्तिको लागि सहायक तत्त्व । बोधिपक्षीय धर्म सबैभन्दा तल अष्टाङ्गिक मार्ग पर्दछन् । अष्टाङ्गिक मार्गको सम्यक् व्यायाम भनेको पनि वीर्य नै हो । यसप्रकार सैंतीस बोधिपक्षीय धर्महरु जसमा वीर्यको विषयमा चर्चा भइरहेको छ, बुद्धकारक सैंतीस धर्ममा नौवटा धर्माङ्ग वीर्य अन्तर्गत भएकोले झण्डै चार भागको एकभाग धर्म वीर्य अन्तर्गत पर्दछ ।

Dhamma.Digital

## वीर्य आफैले गर्नुपर्छ

वीर्यको जति महत्व छ त्यति नै यो स्वमुखी छ । यो आफैले नै पूर्ण गर्नुपर्ने गुणधर्म हो । वीर्यको बाटोमा आउने बाधालाई नै विघ्नबाधा भनिन्छ, मार भनिन्छ । यही विघ्नबाधा र मारप्रति जित्दै जानु संघर्षरत अभ्यासावस्था नै पारमिता हो । कुशलकर्म सिद्ध नभएसम्म काम गर्दै जाँदा पनि अनेक बाधा आउँछन् । काम नै नगर्नेलाई बाधा आउँछ ? त्यसैले आ-आफ्नो दुर्बल वीर्यको कारणले गर्दा धेरै मानिसहरु काम शुरु गर्न पनि गाह्रो मान्छन्, आँट गर्न हिच्किचाउँछन् । कतिले काम गरिसकेपछि पनि गाह्रो मानेर बीचैमा छोडिदिन्छ । काम गर्ने साहस र काम पूर्ण नभएसम्म नछोड्ने साहस नै वीर्यले दिन्छ । अझ बुद्धत्व प्राप्तिजस्ता काममा त झन् यस्ता साहसिक वीर्य बल कति चाहिन्छ भन्ने कुरा नै हुँदैन । त्यसैले दीपंकर तथागतले सुमेध ऋषिलाई - *'यो प्रार्थना पूर्ण गर्नु सजिलो छैन'* भनी भन्नुभएको हो । *'छाला वा नसा मात्र बाँकीरहेमा, मासु र रगत नै सुकेर गएमा, पुरुषपराक्रम र पुरुषबलले जहाँ पुग्नुपर्ने हो त्यहाँ नपुगेसम्म रोकिने छैन'* भन्ने चार अङ्ग समन्वागत

Downloaded from http://dhamma.digital/

वीर्यजस्तो उच्चवीर्यविना वीर्यपारमिताको पाइला नै सर्दैन । साधारण उपलब्धिको लागि त मन्द उत्साह र मन्द वीर्य नपुग्न सक्छ भने उच्चत्वको कुनै उपलब्धिको लागि कतिसम्म महान् उत्साह र स्थिर वीर्य आवश्यक पर्दछ त्यसै थाहा हुन्छ । साथै यस संसारमा लोकुत्तर भावभन्दा ठूलो अन्य कुनै तत्व नै छैन भने यसको प्राप्तिको लागि कति ठूलो र स्थिर दृढ वीर्य आवश्यक पर्छ भनिरहनु नै पर्दैन । त्यसैले धम्मपद (१७८) मा भनिएको पनि छ -

*पथव्या एक रज्जेन, सग्गस्स गमनेन वा ।*

*सब्बलोकाधिपच्चेन स्रोतापत्ति फलं वरं ॥*

चक्रवर्ती राज्यभन्दा पनि, स्वर्ग प्राप्तिभन्दा पनि, संसारको अधिपत्ति हुनुभन्दा पनि श्रोतापत्ति फल प्राप्त गर्नु नै ठूलो ।

श्रोतापत्तित्व नै यति महान् छ भने अर्हतत्व कति महान् हुन्छ ? यो महानता प्राप्त गर्नु परेकोले नै बुद्धले भिक्षुहरुलाई वीर्यको उपदेश दिएका हुन् । *'तायनसुत्त,* संयुक्त निकाय (२/१/८) अनुसार गर्नुपर्ने काम दृढ पराक्रमपूर्वक गर्नुपर्छ होइन भने शिथिल उद्देश्य भएको प्रव्रजितले धेरै धूलो मात्र उडाउँछ ।' अर्को शब्दमा भन्ने हो भने 'राम्ररी नफक्रिएको दूबोघाँसले हातमा घाउ पारेझैं शिथिलतापूर्वक ग्रहण गरेको अर्थात् वीर्य उद्योग नभएको श्रमणभावले दुर्गतिमा मात्र पुऱ्याउँछ । अर्हतत्वको लागि त यतिका वीर्य दृढ हुनुपर्छ भने अझ प्रत्येकबुद्ध र सम्यक् सम्बुद्धत्वको महानता त भन्नु नै पर्दैन । फेरि बुद्धत्वको लागि कति ठूलो कति सुदृढ वीर्य आवश्यक पर्छ यो विषयमा भन्नु नै के छ ? संक्षिप्तमा यति नै भन्न सकिन्छ यो वीर्य वीर्यपारमिताको वीर्य मात्र नै हुन्छ ।

अब यहाँ यही नै वीर्यपारमिताको व्याख्यामा प्रवेश गर्नुअघि वीर्य प्राप्त हुने हेतु वा कारण, वीर्यविष अल्छीको हेतु, आरम्भवस्तु विषयमा अलिक विचार गर्नु उचित जस्तै लाग्छ ।

## वीर्य उत्पन्न हुने कारण

१. प्रत्यवेक्षणद्वारा अपायभय सम्झिनु ।

२. वीर्यको आनिशंस जानिलिनु ।

३. बुद्धादि सत्पुरुषहरुको वीर्ययुक्त कोशिस र उहाँहरुको गमनमार्गको बारबार स्मरण गर्नु ।

४. दाताहरुले दिएको भोजनादि सहयोगलाई व्यर्थमा पठाउनु हुँदैन भनी विचार गर्नु ।

५. आफ्नो अधिकार र शक्ति ठूलो हो भनी सम्झिनु ।

Downloaded from http://dhamma.digital/

६. शास्ताको उपकार र मार्गदर्शनसशति उहाँको महत्व सम्झिनु ।

७. जन्मको सार्थकता बनाउन जन्मको महत्वभाव सम्झिनु ।

८. आफ्ना सब्रह्मचारीहरुको उपलब्धियुक्त महत्वभावको प्रत्यवेषणा गर्नु ।

९. अल्छी मानिसहरुको संगत छाड्नु ।

१०. शुरुको वीर्य अर्थात् आरद्धवीर्य जोसँग हुन्छ ऊसँग संगत गर्नु ।

११. वीर्य बनाउनको लागि चित्त भएको हुनु । यसैलाई नै अर्थकथामा वीर्य सम्बोध्यङ्ग हेतु भनी भनिएको छ ।

## वीर्यको प्रतिपक्षीधर्म : थीनमिद्ध

वीर्यको अर्को दोश्रो प्रतिपक्षधर्म हो थीनमिद्ध । जोसँग यी दुबै दुर्गुण रहिरहन्छ त्यो व्यक्ति वीर्यबाहिर परिरहन्छ । थीनको साधारण अर्थ हो चित्तको अकर्मण्यतासहितको चैनसिक । यस चित्तको प्रकृयासँगै हुने चैतसिकधर्म नै निद्रा लागेझैं तन्द्रा लागेझैं हुने आलस्यभावले हातखुट्टा चलिरहे तापनि मानिस वास्तवमा अडिरहेको हुनसक्छ । असल काम गर्नमा सन्तोष हुन नजानेको अरति, अलसी स्वभावले शरीरको शक्ति त्यसै रहिरहने र जाँगर नआउने चित्तमा थीनमिद्ध उत्पन्न हुन हेतु प्राप्त हुन्छ । यो थीनमिद्ध दमन गर्न, उत्पति नगराउन अथवा वृद्धि नगराउन वीर्यको क्रमिक विकासमा ध्यान राख्नुपर्छ । थीनमिद्धले जहाँ वीर्यलाई कुण्ठित गर्छ, त्यहीं नै वीर्यको क्रमिक विकास हुनासाथ थीनमिद्ध चकनाचुर हुन्छ । *आरम्भधातु, निक्खम* (नैष्क्रम्य) *धातु* र *परक्कम* (पराक्रम) *धातु* यी तीन वीर्य योनिसो मनसिकारमा बहुलरूपले बनाउनासाथ थीनमिद्ध हराएर जान्छ । कुनै काम गर्नअघिको वीर्यलाई आरम्भधातु भनिन्छ । गरेको कामलाई रोक्दै नरोकी गर्नुलाई आरम्भधातु भन्दा बलियो कुत्सीतभावले उत्पन्न भएकोले निक्कमधातु भनिन्छ । आफूलाई जति जति विघ्नबाधा आउँछ, त्यसलाई त्यति त्यति दमन गरी काम सिद्ध नभएसम्म अगाडि बढ्नुलाई परक्कधातु भनिन्छ । वीर्यको यो स्तर विचार गर्दा थीनमिद्धप्रति विजय प्राप्त गरिँदै अगाडि बढ्न सकिन्छ ।

## वीर्यविष अलसीको कारण

अलसी स्वभाव वीर्यलाई विष सरह नै हुन्छ । जतिजति यो स्वभाव धेरै हुन्छ, त्यतित्यति वीर्यजीवन मृततुल्य हुन्छ । वीर्यपारमिताको लागि प्रमादी स्वभाव अर्थात् बेहोशीपना सधैं बाधक हुन्छ । बुद्ध सुप्रभातको पनि सुप्रभात हो । उहाँका शिष्यहरु सदा ब्यूँझिएका अर्थात् अप्रमादी हुन्छन् । त्यसैले जो निर्वाणउन्मुख व्यक्ति हुन्छ, ऊ सदा जागरुक अप्रमादी हुन्छ । *'यस दृष्टिले यो संसारमा*

Downloaded from http://dhamma.digital/

*अलसी भएर बस्ने समय नै छैन ।'* जीवन क्षणभंगुर हो । 'सद्धर्म नजान्ने मात्रलाई नै यो संसार लामो हुन्छ ।' त्यसैले सधैं छिटोछिटो वीर्यउद्योग गर्नु नै श्रावकहरुको लक्ष्य हुन्छ । उद्योगहीन जीवन जीवन नै होइन । त्यसैले धम्मपद (११२) मा भनिएको पनि छ :-

*यो चे वस्ससतं जीवे, कुसीतो हीन विरियो ।*

*एकाहं जीवितं सेय्यो, विरियमारभतो दल्हं ॥*

अलसी र उत्साहहीन भएर सैयौं वर्षसम्म बाँचिरहनुभन्दा दृढ उद्योगी भएर एकदिन मात्र जीवित भइबस्नु नै श्रेष्ठ हो ।

मानिसहरुले तबसम्म उद्योग गर्दै लानुपर्छ, जबसम्म उद्देश्य सफल हुँदैन । विरोचन, असुरिन्द सुत्त, संयुक्तनिकाय (१२/१/८) अनुसार वास्तवमा भन्ने हो भने उद्देश्यको महत्व नै त्यहाँ छ जहाँ त्यसको सफलता छ ।

त्यसैले जीवनमा उद्योग गर्नुपर्छ । अझ उद्योग गर्नु भनेको समयमा नै हुनुपर्छ । भनिएको पनि छ -

*यो पुब्बे करणीयानि, पच्छा सो कातु मिच्छति ।*

*सुखा सो ठंसते ठाना, पच्छा च अनुतप्पत्ति ॥*

जसले पहिले गर्नुपर्ने काम पछि गर्छु भनी इच्छा गर्दछ ऊ इच्छाले परिहानि भएको हुन्छ । पछि उसले पश्चाताप मान्नुपर्छ ।

वरण जातक (७१) मा एकजना अलसी विद्यार्थीले सिक्ने बेलामा सुकेको रुख देखेर मक्ख भएर सुतिदियो । पछि व्युँझिदा अध्यारो भइसकेकोले आँखाले केही पनि देखेन । उसको भिजेको दाउराले सबैको सुकेको दाउरा छोपिदियो जसले गर्दा तक्षशिलाको आचार्यसमेत निमन्त्रित ठाउँमा समयमा खान नपाएर पुगन सकेन ।

*सब्ब रतिं सुपित्वान, दिवा संगणि केरतो ।*

*कदस्सु नामं दम्मेधो, दुक्ख सन्तं करिस्सति ॥*

रातभरी सुतेर दिउँसो अरुसँग कुरा मात्र गर्नुमा आशक्त हुने ज्ञान नभएको मानिसको दुःख कहिले मात्र शान्त होला ?

यसरी नै धम्मपद (२८०) मा पनि भनिएको छ -

*उट्ठानकालम्हि अनुट्ठाहानो, युवा बली आलसियं उपेतो ।*

Downloaded from http://dhamma.digital/

*संसन्नसंकप्पमनो कुसीतो, पञ्ञाय मग्गं अलसो न विन्दति ॥*

उद्योग गर्नुपर्ने समयमा उद्योग नगरी बलियो तन्नेरी भएर पनि अलसी भएर नभएको नभएको चिन्तना गरेर मन अलसी बनाइहिँड्ने अनुद्योगीहरुले प्रज्ञामार्ग प्राप्त गरिलिन सक्दैन ।

आलस्यजस्तो डरलाग्दो खाल्डो यहाँ अरु केही पनि छैन । त्यसैले आफू त फसिन्छ र डुबी नै हाल्छ भने साथै आफूसँगै अरुलाई पनि डुबाउँछ । ऊ ऐश्वर्य विमुख हुन्छ, क्लेशक्षय गर्ने अवसर गुमाएर दुःख र पाप जम्मा गरेर बस्छ । अलसी जीवनको पतनको कुनै सीमा छैन । कारण अलसी जीवन नै *'माछ्रा माछ्रा भ्यागुतो'* भने जस्तै खेल खेल्ने कोशिसले भरिएको एउटा जीवन हो । अलसी मानिस बत्ती नभएको ठाउँमा बसेको मानिस समान हो । उसको जीवनमा निरापद द्वीप नै हुँदैन । किनकि द्वीप चाहिएमा मानिसहरुले आफैले कोशिस गरेर आफ्नो द्वीप आफैले नै बनाउनु पर्छ । तब मात्र उद्योग गरी छिटै पण्डित हुनसक्छ । तर प्रायः मानिसहरुले साधारण उद्योग गरी सांसारिक सुख शान्तिको उपलब्धिसमेत प्राप्त गर्न नसकेको पाइन्छ । गृहविनयमा ६ प्रकारका अलसीहरुको वर्णन गरिएको छ । जस्तै :-

*अति सीतं अति उण्हं, अति सायमिदं अहु ।*

*अति विस्सट्ठ कम्मन्ते, अत्थ अच्चेन्ति माणवा ॥*

अति जाडो, अति गर्मी, अति ढिलो, अति छिटो, अति भोकलाग्यो, भरखरै खाएको भनी अलसीहरुले काम गर्दैनन् ।

वीर्यको खास विघ्नअनुसार जुन आठप्रकारका कारणको वर्णन अङ्गुत्तरनिकायमा गरिएको छ, त्यसैलाई कुसितवत्थु भनिन्छ ।

Dhamma.Digital

## कुसितवत्थु

१) काम भएको अवस्थामा 'मैले मात्र काम गर्नु बाँकी छ काम गर्दा, अलिक धेरै दुःख पाउनुपर्नेछ, त्यसैले दुःख पाउनुभन्दा अघि एकछिन भएपनि सुत्छु भनी वीर्य नगरी बस्नु मार्गफल आदिको प्राप्तिबाट हानी भइबस्नु सरह हुन्छ ।

२) काम गरी अलिक दुःख पाइसकेपछि 'अब त थाकियो' भनी काम रोकेर प्राप्त नभएको मार्गफलको लागि कोशिस नगरी सुतिबस्नु ।

३) 'कतै जानुपर्ने ठाउँ छ' भनी यताउता समय बिताएर प्राप्त नभएको मार्गफल प्राप्त गर्न ध्यानादि कोशिस नगरी बस्नु ।

Downloaded from http://dhamma.digital/

४) कहिले यता कहिले उता जानुपर्ने ठाउँमा गएर फर्किएर आएर 'आज थाकियो' भनी काम नगरी बसेर वा सुतेर प्राप्त नभएको मार्गफल प्राप्त गर्नुमा ध्यान नदिनु ।

५) जति खानको लागि चाहिएको हो, त्यति खाना प्राप्त नभएमा 'पेट नै भरिएको छैन, शरीरमा शक्ति नै छैन' भनी यहाँ प्राप्त नभएको मार्गफल प्राप्त नगरीकनै बस्नु ।

६) जति खानुपर्ने हो त्यति खाएर पनि 'भरखरै खाएर पेट नै भारी भएको छ' भनी मार्गफल प्राप्त गर्नुमा अलसी मान्नु ।

७) शरीरमा अलिकता पनि कुनै शान्ति नभए कि 'मलाई सञ्चो छैन नि' भनी सुतेर मार्गफल लाभ गर्नुमा अलसी मान्नु ।

८) आफूमा भएको रोग निको भएर पनि *'अझै काम गर्न सक्ने भएको छैन'* भनी त्यसै बसेर मार्गफल लाभ गर्नुमा अलसी मान्नु ।

## आरम्भ वीर्य

माथि उल्लेखित कुसितवस्तु अथवा अलसी वीर्यको मार्गमा बाधा हो भने निम्न आरम्भवस्तु वीर्यको लागि टेवा हुन् । माथि गइसकेको दुर्गुण नाश गर्नको लागि निम्न सद्गुण बनाउनु उत्तम देखिने हुन्छ ।

१) काम पर्दा 'मेरो आज काम छ साथै काम गर्ने अवस्थामा बुद्धको अनुशासन सम्झेर बस्न गाह्रो हुन्छ त्यसैले अहिले नै प्राप्त नभएको मार्गफल प्राप्त गर्नको लागि कोशिस गर्नुपर्‍यो' भनी उद्योग गर्नुलाई पहिलो आरम्भवीर्य भनिन्छ ।

२) काम गरेर काम सकिएपछि पनि 'मलाई भगवान् बुद्धको अनुशासन सम्झेर बस्नु पनि सजिलो छैन त्यसैले यो याद हुँदा अहिले नै मार्गफल प्राप्त गर्नुपर्‍यो' भनी कोशिस गर्नु दोश्रो आरम्भवीर्य हो ।

३) कतै जानुपर्‍यो भने 'जाँदा बुद्धको अनुशासन सम्झेर बस्नु सजिलो छैन । त्यसैले याद हुँदा नै प्राप्त नभएको मार्गफल प्राप्त गर्नुपर्‍यो' भनी कोशिस गर्नुलाई तेश्रो आरम्भवीर्य भनिन्छ ।

४) जहाँ जानुपर्ने हो त्यहाँ गइसकेपछि 'गइरहेको अवस्थामा मलाई भगवान् बुद्धको अनुशासन सम्झेर बस्ने समय छैन । अब म पुग्न नसकेको मार्गफलमा पुग्नुपर्‍यो' भनी कोशिस गर्नुलाई चार आरम्भवीर्य भनिन्छ ।

Downloaded from http://dhamma.digital/

५) उचितरूपले र प्रणीतरूपले भोजन प्राप्त नहुँदा 'मलाई भोजन सुलभ नभए तापनि मेरो शरीर दुर्बल भए तापनि मेरो शरीर झन् धेरै दुर्बल हुनुभन्दा पहिला नै म प्राप्त नभएको मार्गफल लाभ गर्दछु' भन्ने कोशिस गर्नुलाई पाँचौं आरम्भवीर्य भनिन्छ ।

६) आफूलाई जति चाहिने हो, त्यति प्रणीत आहार प्राप्त हुँदा 'आज मलाई प्रणीत आहार प्राप्त भयो, अब मसँग बल हुँदा नै नभएको मार्गफल प्राप्त गरिलिन्छु' भन्ने कोशिस गर्नुलाई छैठौं आरम्भवीर्य भनिन्छ ।

७) आफ्नो शरीरमा सानो रोग भए कि 'मलाई रोग लग्यो, यो रोग वृद्धि भयो भने मैले भगवान् बुद्धको अनुशासन अनुस्मरण गरी धारण पालन गर्न सक्ने छैन । त्यसैले अहिले नै प्राप्त नभएको मार्गफल प्राप्त गरिलिन्छु' भनी कोशिस गर्नुलाई सातौं आरम्भवीर्य भनिन्छ ।

८) रोग आदि भएर निको भइसक्दा पनि 'मलाई रोग लाग्दा मैले चाहिएको भगवान् बुद्धको अनुशासन सम्झना गर्न सकिन । अहिले अनुशासन सम्झेर धारण पालन गर्ने अवसर प्राप्त भएको छ' भनी प्राप्त नभएको मार्गफल प्राप्त गर्नको लागि कोशिस गर्नुलाई आठौं आरम्भवीर्य भनिन्छ ।

वीर्यको अर्को दोश्रो पक्ष प्रतिपक्षी धर्म हो - थीनमिद्ध । जोसँग यी दुबै गुणहरु वृद्धि हुँदै जाने हुन्छ , त्यस व्यक्ति वीर्यभन्दा धेरै टाढा रहने हुन्छ । 'थीन' को साधारण अर्थ हो- अकर्मण्यतायुक्त स्त्यान चैतसिक चित्त हो भने 'मिद्ध' को साधारण अर्थ हो- चैतसिकको अकर्मण्यता लक्षण सहित मिद्ध चैतसिक । यस चित्तको प्रक्रियासँगै चैतसिक धर्म नै निंद्रा लागेजस्तै झुम्म भएजस्तै आलस्यभावले हातखुट्टा सल्बलाइरहेर पनि मानिस एकै क्षेत्रमा रोकेर बसेझैं हुन्छ । कुशल कर्म गर्नुमा सन्तोष हुन नजान्नु अरति, अलसी स्वभावले शरीरको शक्ति त्यसै परिराख्ने हुन्छ र धेरै भातले मात लागेको चित्तमा थीनमिद्ध उत्पत्ति हुन हेतु अर्थात् कारण प्राप्त हुने हुन्छ । थीनमिद्धलाई दुर्गुण उत्पति नगराउन अथवा वृद्धि नगर्न मूलतः वीर्यको क्रमिक विकासमा ध्यान पुऱ्याउनु पर्दछ । जहाँ थीनमिद्धले वीर्यलाई कुण्ठित पार्ने हुन्छ, त्यहीं वीर्यको क्रमिक विकास हुने क्रममा थीनमिद्ध चकनाचुर हुन्छ । आरम्भधातु, निक्कम धातु र परक्कम धातु तीन वीर्य योनिसो मनसिकारोमा बहुल रूप निर्माण गरिसकेपछि थीनमिद्ध विलाएर जाने हुन्छ । कुनै पनि प्रकारका कार्य गर्न अगाडिको वीर्य-अवस्थालाई आरम्भ धातु भनिन्छ । आरम्भ धातुभन्दा पनि बलियो कुत्सित भावले गरिरहेको कामलाई रोक्दै नरोकी गर्दै जाने भाव श्रृजना हुने अवस्था निक्कम धातु हो । काम गर्दै जाँदा जे-जस्ता बाधा अवरोधहरु हुन्छन् त्यसलाई पन्छाउँदै आफ्नो कार्य सिद्ध नभएसम्म अगाडि बढ्नेक्रमलाई परक्कम धातु भनिन्छ । यसरी वीर्यको स्तरलाई विचार पुऱ्याउँदै जान सके हामीले थीनमिद्धप्रति विजय प्राप्त गर्दै जान सक्ने हुन्छौं ।

थीनमिद्धदेखि अलग हुनलाई अर्को पनि उपाय छ । प्रमाणभन्दा ज्यादा खानुबाट जोगिनु पहिलो उपाय हो ।

१) *आहारहत्थक* :- अरुले उठाउनुपर्ने गरी खानु ।

Downloaded from http://dhamma.digital/

२) *भुत्तवमित्तक* :- बान्ता हुने गरी खानु ।

३) *तत्थवट्टम* :- त्यहीँ बस्नुपर्ने गरी खानु ।

४) *अलसातक* :- लगाएको लुगा फुकाल्नुपर्ने गरी खानु ।

५) *काकमासक* :- मुखको आहारलाई कागले चुच्चाले ठुंगेर लान सक्ने गरी घाँटीसम्म आउने गरी खानु आदि नै प्रमाणभन्दा बढी खानु हो । खाना सेवनको विषयमा बौद्ध आदर्श रहेको छ -

*चत्तारो पंच आलोपे, अभुत्वा उदकं पिवे ।*

*अल फासु विहाराय, पहितत्तस्स भिक्खुनो ॥*

चारपाँच गाँस खान मन लागेजस्तो बेलामा खान छोड, पानी पिइदेऊ । यसो गर्ने निरोगी हुन्छन् । यस्तो गर्नेहरु निरोगी हुन्छन् । बलवीर्य पनि पाउँदछन् ।

थीनमिद्ध हटाउन अर्को उपाय हो- इर्यापथ बनाउनु, आलोक सम्झेर बस्नु, खुल्ला स्थानमा बस्नु कल्याणमित्रको सेवन गर्नु र सार्थक कुरा गर्नु ।

यसप्रकार यी कुसितवस्तु र आरम्भ वीर्यको तुलनाले फेरि थीनमिद्धको उत्पत्ति र विनाशको उपायले हामीले जान्न सक्यौं कि वीर्य गर्नेले जहिले पनि वीर्यको लागि कोशिस गर्न सक्दछ र गर्दछ । अलसीले जस्तोसुकै निहुँ पारेर भए पनि चुपचाप बस्न खोज्छ । तर बुद्धको उपदेश अनुसार उद्योग र वीर्य जीवनको लक्षण हो । बुद्धधर्ममा वरदान भनेको नभएकोले फेरि आफ्नो राम्रो नराम्रो कर्मको उत्तरदायी आफै भएकोले पनि यो वीर्य उद्योग वास्तवमा सार्थक भइरहेको छ । लोकजीवनमा तोरी भित्रको तेल मात्र पनि नपेलिकन निक्कँदैन, सिंहको मुखमा मृग त्यसै बस्न आउँदैन भने विना कोशिस यहाँ के हुन्छ र ? त्यसैले जहाँ वरदान र ईश्वरीय देनलाई बढावा दिइन्छ, त्यहाँ मानिसको कर्मशक्तिको अवमूल्यन हुन्छ । त्यसैले बुद्धले धम्मपदमा स्पष्ट भनेका छन् -

*तुम्हेहि किच्चं आपप्पं अक्खातारो तथागता ।*

काम त आफैले गर्नुपर्छ, केवल तथागत त मार्गदर्शक मात्र हुन् ।

बुद्धधर्ममा आ-आफैले उत्साह वीर्य नगरी कसैको तर्फबाट पनि मुक्ति लाभ हुन्छ भन्ने आशा गरिएको छैन । वास्तवमा जोसँग वीर्य छैन उसलाई केही पनि हुँदैन । यस जन्ममा सुखी हुनु चार कारणधर्ममा *'उत्थान सम्पदा'* नै प्रमुख हो । निर्वाणको लागि त सदा प्रयत्न, सतत् प्रयत्न र पवित्र प्रयत्नको जरूरत पर्दछ ।

त्यसैले त बोद्धप्रेरणा र जागरणले युक्त गाथाहरु सदा बुलन्द भएर बस्छन्-

Downloaded from http://dhamma.digital/

*अज्जेव किच्चं आतप्पं, को जञ्ञा मरणं सुवे ।*

*नहिनो संगरं तेन, महासेनेन मच्चुना ॥*

गर्नुपर्ने काम जति आजै पूरा गर, भोलि नै मर्ने हो कि भन्ने कसलाई थाहा हुन्छ र ? किनकि महासेना भएको मृत्युमारसँग हामीले कुनै प्रकारको सम्झौता गरिराखेका छैनौं ।

*आरभथ निक्कमथ, युञ्जथ बुद्ध सासने ।*

*धुनाथ मच्चुनोसेनं, नलागारव कुञ्जरो ॥*

वीर्य गर, अलसी भाव हटाऊ, बुद्ध शासनमा प्रतिष्ठित भएर प्रतिपत्ति पूर्ण गर्नमा दत्तचित्त होऊ । जसरी हात्तीले बाँसको घरलाई काचाकुचुक पारिदिन्छ, त्यसरी नै मारसेनालाई टुक्राटुक्रा गरिपठाऊ ।

बौद्धआदर्शले मानिसलाई सक्रिय पार्दछ न कि अरुको भरोसामा बस्ने निष्क्रिय श्राप नै दिनेहुन्छ । त्यसैले सक्रिय गर्नलाई नै आफ्नो उत्तरदायित्व बुझाइदिन्छ भने पुनः वीर्यको महत्व देखाइदिन्छ । शुभकार्यमा अलसी नभइकन कोशिस गर्ने वीर्यले नै इच्छा गरेको लौकिक वा लोकुत्तरमुखी चिन्तामणि वा कल्पवृक्ष प्राप्त हुने वीर्य नै प्रगतिको पनि सिंढी, अर्थसिद्धिको साँचो, आलस्य हटाउने औषधि, गरीबभाव हटाउने निधान, पण्डितहरुको सधैं चम्किने आभरण, सुगति जाने सिंढी, संसारको दुःख अन्तकारक वास्तविक उपाय, संसार सागरबाट तर्ने डुंगा, निर्वाणसम्पदा लाभ गर्न हातजस्तै हो । जो मानिससँग आरम्भवीर्य हुन्छ, त्यस व्यक्तिले त्यस्ता महानिशंस भएको वीर्य प्राप्त गरिलिनमा थाकियो भन्दैन । थकाइ नभएको वीर्याधिपति बोधिसत्वहरु नै आफ्नो चरित्र निर्माणमा स्वयं नाथ, स्वयं अधिपति र स्वयं अधिकारी बन्दछन् । आफू निर्वाण हुन, परप्राणीको पनि मुक्ति इच्छा नभएकोले सकल सत्वप्राणीको हित उपकार गर्छ भन्ने कल्पना गर्नुसम्म पनि असम्भव छ । त्यसैले बोधिसत्वहरुको वीर्य साधारण वीर्य हुँदैन । पारमिता गुणधर्ममा भएको वीर्यपारमिताको कथात्मक व्याख्या र विश्लेषण पछि गरिनेछ । यसभन्दाअघि वीर्यपारमिताको अन्य पारमितासँगको सम्बन्ध विषयमा केही चर्चा गर्नु उचित हुनेछ ।

## दश पारमितामा वीर्यपारमिता

वीर्यले परिवेष्ठित प्रज्ञा महफल हुने हुँदा फेरि क्षान्तिको परिवेष्ठित प्रज्ञाको ठूलो आरक्षण आनिशंस पाइने हुनाले प्रज्ञा र क्षान्तिको बीचमा वीर्यको देशना भइरहेको हो । प्रज्ञा वीर्यभन्दा माथि परे तापनि वीर्यदेखि अलग भएको प्रज्ञा भयो भने आवश्यकता अनुसार उसले प्रयोजन लाभ गर्न सक्दैन । प्रज्ञाले देखाएको बाटोमा वीर्य जुनसुकै काम सफल गर्न अति श्रेष्ठ हातजस्तै हो । चिन्तामणि रत्न र कल्पवृद्वारा इच्छित वस्तु प्राप्त हुन्छ भन्ने लोकोत्तिप्रज्ञा र वीर्य दुबै एउटै भएमा

Downloaded from http://dhamma.digital/

चरितार्थ हुन्छ । कसि भारद्वाज सुत्त, संयुक्तनिकाय (७२।१) अनुसार *'अमृतफल फलाउन जुन धर्मको खेती हुन्छ, त्यसमा प्रज्ञा हलो हो भने वीर्य नै हलो तान्ने हली गोरु हो ।'*

वीर्य पारमिताको प्रतिपत्ति विषयमा चर्चा गर्नु-लेख्नु पनि सजिलो छैन । यसको कारण हो, वीर्यपारमिताको पूर्णरूपले एकाधिकार भएको विशेष प्रतिपत्ति भनेको नै छैन । वीर्यपारमिता अन्तर्गत प्रतिपत्तिको चर्चा गर्दा दश पारमिताको अन्य पारमितासँग हुने सम्बन्ध बारे चर्चा हुने नै छ । वीर्यले दान र शीलपामिता पूर्ण गर्दा जुन उद्योग प्रस्तुत गर्दछ त्यही वीर्यपारमिताको प्रतिपत्ति प्रष्टिने हुन्छ । दान आदि कुशल काम नगरी उचित तवरले राम्ररी गर्नु, सिधा मार्ग अपनाउनु, सम्बोधिमा नपुगेसम्म प्रयास गर्नुमा पनि वीर्यपारमिता समावेश हुन्छ । विशेषतः सम्यक् सम्बोधिप्रार्थी बोधिसत्वले पारमिता पूर्ण गर्न सदा तत्पर भइबस्नुपर्छ । मैले के के पुण्य गरिसकें, के के पारमिता पूर्ण गरिसकें, के के गर्न बाँकी छ भनी बोधिसत्वले सधैं विचार गर्दछन् । पूर्णरूपले सकल सत्वप्राणीप्रति करुणाले विचार गर्नु, आफ्नो धन ऐश्वर्य, पत्नी, छोराछोरी, आफ्नो शरीरको अङ्गप्रत्यङ्ग र जीवनसम्म परित्याग गर्न पारमिता गुणधर्म पालन गर्दा वीर्य उत्साह भई नै रहन्छ । त्यसैले बोधिसत्वहरुले दश पारमिता पूर्ण हुने कोशिस गर्दा नै वीर्यपारमिता पनि पूर्ण हुँदै जाने हुन्छ ।

## वीर्य पारमिता, उपपारमिता र परमत्थपारमिता

धनसम्पत्ति सुख ऐश्वर्य र छोराछोरी त्याग गरेर पनि उत्साह नछोड्नु नै वीर्यपारमिता हो । अर्को शब्दमा धनसम्पत्ति सुख ऐश्वर्य र छोराछोरीको समेत पर्वाह नगरी सम्बोधिको निम्ति वीर्य खुकुलो नबनाइकन बस्नु नै वीर्यपारमिता हो । आफ्नो आँखा, कान, नाक आदि शरीरको अङ्गप्रत्यङ्ग त्यागेर पनि सम्बोधिको वीर्य उत्साह नछोड्नु अथवा सम्बोधिको लागि दान शील आदि काममा शरीरको अङ्गप्रत्यङ्ग विनष्ट भए तापनि अडान नछोड्नुलाई नै वीर्य उपपारमिता भनिन्छ भने जीवन नै त्याग गरेर पनि सम्बोधिको लागि उत्साह गर्नु अथवा दान शीलादि पारमितामा जीवनको लागि वीर्य नरोकिनुलाई वीर्य परमत्थपारमिता भनिन्छ ।

*वीर्य पारमिताको कथात्मक व्याख्या :*

बोधिसत्वहरुको वीर्यले विघ्नबाधालाई प्रगतिको निम्ति खुड्किलोजस्तै बनाउँछ । बोधिसत्वहरुको वीर्यले देव र भाग्यको भरोसा लिँदैनन् । त्यस काममा उनीहरुलाई अहंकार भन्ने नै हुँदैन । प्रायः बोधिसत्वहरुको वीर्य मध्यम प्रमाण हुन्छ अर्थात् कार्यसिद्धिको आधारमा वीणाको तारजस्तै प्रमाणित मात्रामा हुन्छ । बोधिसत्वहरुले सकल सत्वप्राणीप्रति व्याप्त करुणाको हेतुले गर्दा आफूलाई प्राप्त भएको निर्वाणसम्म पनि छोडेर आफ्नो वीर्यको हेतुद्वारा बुद्धत्व लाभार्थ प्रार्थना गर्दछन् । जब 'म बुद्ध हुन्छु' भनी बोधिसत्वले कल्पना गरे, तबदेखि अनेक प्रकारका दुःखकष्ट पीडालाई उनले सहनुपर्दछ । तर विघ्नबाधाको संघर्षमा बोधिसत्वहरु कहिले पनि पराजित हुनन् ।

Downloaded from http://dhamma.digital/

सधैं विजयी नै हुन्छन् । यसको उदाहरण नैष्क्रम्य पारमितामा उल्लेखित महाजनक जातक (५३९) को बोधिसत्व महाजनकलाई लिन सकिन्छ ।

## संख जातक (४४२)

कथा अनुसार संख महाजनले डुंगा फुटेर समुद्र बीचमा पर्दा पनि पौडी खेली नै रहेका थिए । अझ उपोसथको दिनमा उनले आफ्नो उपोसथव्रत पनि लिए । सबैभन्दा त संख महाजनले त्यस्तो समुद्रमा सात दिनको भोकाएकोलाई खाना ल्याइदियो तापनि उनले उपोसथव्रत भङ्ग गरेनन् । जुन वीर्यबलले आफ्नो उपोसथव्रत उनले पूर्ण गरे त्यो अमूल्य उपोसथ हो ।

## भोजाजानीय जातक (२३)

बोधिसत्वहरुले थालिसकेको कोशिसलाई अलिकता दुःख हुनासाथ छोडिदिन्नन् । युद्धमा पाँच व्यूह नष्ट गरिसकेपछि खुट्टामा घाउ भयो भनी भोजाजानीय घोडालाई छोडेर सेनापतिले अर्को घोडा लान आँट्यो । भोजाजानीयले विचार गऱ्यो- 'बाँकीरहेको छैठौं व्यूह एउटा तोड्नु छ, त्यसलाई त्यसै छाड्नु हुँदैन । वीर्यको सार्थक फल आउने बेलामा वीर्यबल फ्यालिदिनु उचित हुँदैन ।' भनी भोजाजानीय घोडाले घाइते भएतापनि आफैले परिश्रम गरी छैठौं व्यूह पनि तोड्न सहयोग गऱ्यो । यसरी बोधिसत्वहरुले शरीर अङ्गप्रत्यङ्गको मायामा वीर्यलाई छोडिदिन्नन् ।

## पञ्चावुध जातक (५५)

वाराणसी नरेशपुत्र पञ्चावुध कुमार तक्षशिलाको शिल्पविद्यामा निपूर्ण भए । गुरुदक्षिणा दिएर वाराणसी फर्किएको बेलामा पञ्चावुध कुमार बाटोमा जङ्गलछेउ पुगे । मानिसहरुले भने - 'यहाँ जानु हुँदैन । त्यहाँ जङ्गलमा श्लेषलोम नामक यक्ष छ । उसले देखेमा जस्तोसुकै मानिसलाई मारेर खान्छ ।'

राजकुमार पञ्चावुध कुमारमा त्यही श्लेषलोम यक्षसँग संघर्ष नें साहस आयो । राजकुमार जङ्गलभित्र प्रवेश गरे । जङ्गलबीचमा श्लेषलोम यक्ष देख्नासाथ राजकुमारले वाणले उसलाई प्रहार गरे । पचासवटा तीर हाने तापनि उसलाई केही भएन । उसको शरीरको रौंमा नै वाणहरु अड्किए । तापनि राजकुमारले आफ्नो उत्साहलाई कम गरेनन् । यक्षलाई तलवारले प्रहार गरे तर त्यो पनि निष्फल भयो । मुंग्रोले हिर्काए त्यो पनि त्यसै खेर गयो । तर अझैं पनि राजकुमार पञ्चावुध हतोत्साह भएनन् र भने- 'हे यक्ष म पञ्चावुध कुमार हुँ । म यस जङ्गलमा धनुषवाण आदिको

Downloaded from http://dhamma.digital/

भरोसामा मात्र प्रवेश गरेको होइन । म आफ्नै शक्ति र पराक्रम भरोसामा प्रवेश गरेको हुँ । आज तिमीलाई मैले बाँकी राख्ने छैन ।'

यसरी भन्दै राजकुमारले आफ्नो दाहिने हातले यक्षलाई प्रहार गरे । तर त्यो पनि केशैमा अड्कियो । देब्रेहातले प्रहार गरे त्यो पनि त्यस्तै भयो । अझै हतोत्साहित नभएर दुबै खुट्टा र टाउकोले प्रहार गरे तर उसैकै केशमा टाँसियो, तापनि पञ्चावुध कुमारको अनुहारमा हतोत्साहको चिन्ह नै देखापरेन । तब यक्षले भन्यो- 'हे माणवक के तिमी अझै पनि डराएका छैनौ कि ?' तर पञ्चावुध कुमारको जवाफ थियो- 'म किन डराउनु ? जन्म भएपछि एकदिन सबै मुर्न नै पर्छ । तर त्यसै पनि तिमीले मलाई मार्न सक्दैनौ । किनभने मेरो पेटमा यस्तो आयुध छ जसले तिमीले मलाई खाए भने तिम्रो आन्द्राभुँडी टुक्राटुक्रा पारिदिन्छ ।

बोधिसत्वले त्यो आयुध ज्ञान आयुधको विषयमा भनेका हुन् । यक्षलाई उनको निर्भयताले गर्दा विचित्र वीर्य उत्साहमा उनीसँग त्यस्तो केही चीज हुनुपर्छ भन्ने विश्वास लागेर उनलाई छोडिदियो । त्यसैले भनिएको हो :-

*यो अलीनेन चित्तेन, अलीन मनसो नरो ।*

*भावेति कुसलं धम्मं, योगक्खेमस्स पत्तिया ॥*

*पापुणे अनुपुब्बेन, सब्बसंयोजनक्खयं ॥*

जो कुनै उत्साही पुरुषले योगक्षेम (निर्वाण) को प्राप्तिको लागि उत्साह चित्तले शुभकर्म गर्दछ, उसले क्रमानुसार सारा संयोजनलाई क्षय गर्दछ ।

## कुरुंगमिग जातक (२१)

बोधिसत्वहरु वीर्यवान हुन्छन् । उनीहरु कहिले पनि असल आवश्यक मार्गबाट पन्छिन्नन् । जहाँ विचार नगरी बोधिसत्वहरुले पाइला सार्दैनन् त्यहीँ नै अनावश्यक र आपदयुक्त मार्गमा पनि कहिले पनि एक पाइला पनि सार्दैनन् ।

मृगको पदचिन्ह हेरेर मृग शिकार गर्ने एकजना शिकारी सेपण्णि रुखमाथि बसेर लुकिबस्यो । सदाजस्तै सेपण्णि रुखको फल खान आएका कुरुंगमृग आफ्नो नियमअनुसार एकक्षण रुकेर यताउताको स्थिति विचार गरिबसे । तर त्यसबेलासम्म रुखमाथि बसेको शिकारीको कुरुंगमृग रुखमुनि ल्याउन शिकारीले मृगलाई रुखमुनि ल्याउन हतारियो । त्यसैले मृगलाई आकर्षित गराउन शिकारीले एउटा सेपण्णि फल भुईंमा खसाई गुड्काएर पठायो । तब कुरुंगमृगले भने- 'हे वृक्ष, तिमीले पहिला सीधा मात्र फल झार्दथ्यौ तर आज यता टाढासम्म पुग्नेगरी फल गुड्काएर ल्यायौ । आज तिमीले आफ्नो स्वभाव छोड्यौ । त्यसैले मैले पनि आज तिमीकहाँ आएर बस्ने स्वभाग छोड्छु

Downloaded from http://dhamma.digital/

। त्यो फल मलाई मन परेन ।' बोधिसत्वले आफ्नो ज्ञान अरुलाई पैसा नलिइकन बाँडिदिएझैं आफ्नो वीर्य पनि परार्थमा मात्र खर्च गर्दछन् । उनीहरुको काय, वाक र चित्तले जुन काम गर्दछन्, त्यो अरुको लागि मात्र नै हुन्छ । तब परोपकार गरेर प्रत्युपकारको आशा पनि गर्दैनन् । कसैको उपकार लाभ भयो भने आफू सदा कृतज्ञ हुन्छन् । जतिसुकै निन्दा गरे तापनि, अपमान गरे तापनि परोपकारको स्वभावले बोधिसत्वहरुलाई विमुख गर्न सकिँदैन । अझ यो परार्थचर्यामा आफ्नो अङ्गप्रत्यङ्ग नाश भए तापनि जीवनमा नै अन्तराय आए तापनि त्यसमा बोधिसत्वहरुलाई विचलित गर्न सकिँदैन । यसर्थ एक अर्को जातकीय उदाहरणलाई हेरौं ।

## महाकपि जातक (५१६)

हराएको गोरु खोज्दै एकजना कृषक ब्राह्मण आफ्नो जङ्गलबीचमा पुग्यो । उसले बाटो बिरायो, यताउता अल्मलिने क्रममा पछि ऊ भोकले छट्पटायो । बल्ल उसले एउटा रुखमुनि एउटा फल खसिराखेको देख्यो । खसेको फल टिपे । खाइसकेपछि उसले रुखमाथि भएको फल खाने पनि विचार गरी ऊ रुख चढ्यो । एउटा फल टिपेर खाइसकेपछि अर्को फल टिप्न मात्र लागेको के थियो, हाँगा भाँचिएर ऊ आफै रुखमुनि भएको ठूलो खाल्डोमा खस्यो । ब्राह्मण खाल्डोबाट माथि आउनै सकेन । विना खानपिन धेरै दिनसम्म त्यसै खाल्डोमै परिरह्यो ।

रुख चढ्दै गर्दा एकदिन बोधिसत्व कपिराजले उसलाई खाल्डोमा देखे । देख्ने बित्तिकै उसप्रति दया राखेर कपिराजले ढुङ्गा खसालेर माथि आउन सानो बाटो बनाए । फेरि स्वयं आफू खाल्डोमा झरेर त्यस ब्राह्मणलाई पिठ्यूँमा बोकेर माथि ल्याए । कपिराज अति नै थाके । तब त्यसै मानिसलाई बाघभालु आउँदा हेर्न पालो दिएर केहीछिन आराम गरे । तर त्यस अकृतज्ञ मानिसको मनमा विचार उत्पन्न भयो- 'यसको मासु खाएर किन आफ्नो भोक नमार्ने ?' यति विचार गरी त्यस ब्राह्मणले आफूलाई नयाँ जीवन दिए सरह त्यति ठूलो उपकार गर्ने कपिराजलाई ढुङ्गाले हिर्कायो । ढुङ्गा कपिराजको टाउकोमा लाग्यो, तर ब्राह्मणको हात कमजोर भएकोले टाउको फुट्न मात्र सकेन । कपिराजलाई ठूलो चोट लाग्यो । तर त्यसो भए पनि बोधिसत्वले भने- 'हे मानिस, अब म तिमीलाई पत्याउन सक्दिन । तापनि तिमीलाई यस जङ्गलबाट बाहिर जानको लागि बाटो देखाइदिनेछु । तिम्रो जीवन आरक्षाको लागि मैले आफ्नो कोशिस छोड्नै छैन । तिमी रुख मुनिमुनि हिँड, म रुख माथिमाथिबाट हिँड्छु । अब म तिमीलाई यसरी नै बाटो देखाउन सक्छु ।' भनेझैं गरी बोधिसत्वले आफू रुख माथिमाथिबाट गएर अकृतज्ञ ब्राह्मणलाई रुख मुनिमुनि लगेर जङ्गलबाट पार गरिदिए ।

परोपकारमा त्यसरी निर्वेदरूपले बोधिसत्वहरु अगाडि बढ्न सक्नुको कारण हो- स्वयं आफ्नो क्लेश विरुद्धको संघर्षमा बोधिसत्वहरुले मृत्यु स्वीकार गर्नुपर्दासम्म पनि पराजय स्वीकार नगर्ने पवित्र वीर्य । उनीहरुको आदर्श हुन्छ- *'सगामे मे मतं सेय्यो, यञ्चे जीवे पराजितो'* अर्थात् संग्राममा गएर पराजित हुनुभन्दा मरेर जानु नै श्रेष्ठकर हो । दुर्बलता आलस्य र आपदविपद्को राक्षसले मानिसलाई त्यसबेला खान्छ जब उसको पौरषशक्ति कम हुन्छ । उसलाई त्यसबेला खाँदैन, अझ त्यस राक्षसले उल्टो बल थपिदिन्छ जब ऊ वीर्यवान हुन्छ । उत्साहमा विघ्न भनेको बत्तीसँगै

Downloaded from http://dhamma.digital/

छाँयाजस्तै स्वाभाविक हो । त्यसैले एउटा विघ्नपछि अर्को विघ्नमा विजय प्राप्त गर्न एउटा उपायपछि अर्को उपाय गर्नुपर्छ ।

*'मा निवत्त अभिक्कम'* - 'निवृत नहोऊ, अगाडि बढ' भन्ने उक्तिको चरितार्थ हामीले बोधिसत्वहरुको वीर्य उत्साहभित्र देख्छौं ।

## वण्णुपथ जातक (२)

पाँचसय व्यापारीहरु मरुभूमि पार गरेर व्यापार गर्न गए । मरुभूमिको लागि आवश्यक पानी, काठ र अन्य आहार लिएर गएका थिए । तर एकदिन दिशाप्रदर्शकले आकाशमा तारा हेरी नक्षत्र अनुसार *'भोलि नै मरुभूमि पार हुन्छ त्यसैले अनावश्यक किन भारी बोक्ने'* भनी पानी, दाउरा फ्याँक्न लगाए । त्यसबेला बोधिसत्व त्यस यात्राको दिशाप्रदर्शक तथा नाइके थिए । दिशाप्रदर्शकले रात्री ताराको अवस्था हेरेर भोलिको लागि बाटो देखाउँदथे । तर अन्तिम यात्राको रातमा दिशाप्रदर्शकलाई पनि निंदा लाग्यो । गाडाहरु सबै पहिलेको बाटोबाट नै फर्किए । कसैलाई कुनै होश भएन । भोलिपल्ट बिहान दिशाप्रदर्शकले गोरुहरुले बाटो बिराएको देखे । तर जतिसुकै कोशिस गरे तापनि उनीहरुले मरुभूमि तुरुन्त पार गर्न सकेनन् । पानी दाउरा आदि केही छैन । सबै निराश भए । घाम चर्किंदै आएपछि सबै गाडाको मुनि जाँदै उत्तानो परेर बस्न थाले । तर बोधिसत्वले वीर्य उत्साहपूर्वक प्रातःकालदेखि नै मरुभूमिमा घुम्दै खोज्न गए । तब एक ठाउँमा लेऊ उम्रेको देखेर खाल्डो खन्न लगाए । त्यहाँ खन्दै जाँदा आखिरमा ठूलो चट्टान फेला पारे । यो देख्दैमा खाल्डो खन्नेहरु सबै निराश भए । तर बोधिसत्वले ढुङ्गामुनि कान थाप्दै सुन्दा पानी बहेको आवाज सुने । तब फेरि एकपल्ट साहस गर्दै ढुङ्गा फोर्न लगाए । ढुङ्गा पनि फुट्यो र मुहान फुटेर पानीको धारा माथिमाथिसम्म आयो । सारा व्यापारीहरु र गोरुहरुका प्राण बच्यो । तब भन्न थाले - 'वीर्यबलले मानिस प्रयत्नशील हुनासाथ उसले आफ्नो हृदयमा शान्ति लिन सक्दछ भने अरुलाई पनि उसले शान्ति दिन सक्दछ ।

## कुक्कुर जातक (२२)

मानवजीवनमा एकजनाले अपराध गर्दछ तर दण्ड भने अरुले भोग्नु परिरहेको हुनसक्छ भनेजस्तै दरवारको कुकुरहरुले राजाको रथको एउटा छालाको बाल खाइदिए । राजाले यो काम बाहिरी कुकुरको होला भनी कुकुरको छाला काढ्ने आदेश दिए । तब बाहिरी कुकुरहरुलाई धमाधम मार्ने काम भयो । कुकुरहरु भागाभाग भए ।

त्यसबेला बोधिसत्व कुकुर भएर जन्मेका थिए । आफ्नो जातिको रक्षा गर्न आफ्नो जीवनको वास्ता नराखी बोधिसत्व कुकुर दरबारमा गए । वास्तवमा अपराधी को हो ? भनी चिनाउन

Downloaded from http://dhamma.digital/

दरबारको कुकुरलाई औषधी खुवाएर वान्ता गर्न लगायो । दरबारकै कुकुरहरुको पेटबाट रथको छालाका टुक्राहरु पाएपछि राजाले बाहिरी कुकुरहरुलाई नमार्ने आदेश दिए । यसरी स्वजाति निरपराधी बन्धुहरुको प्राण बचाउनु बोधिसत्वहरुको कर्तव्य हो ।

बोधिप्राप्तिको लागि बोधिसत्वहरुको प्रणिधान हुन्छ । सिंह उठ्दा पनि, सुत्दा पनि, बस्दा पनि, हिँडिरहँदा पनि सधैं निरालसी निर्भयी भएर उद्योगी र दृढमनस्क भएझैं बोधिसत्वहरु प्रत्येक जन्ममा दृढ उद्यागी वीर्यवान हुन्छन् । बोधिसत्वको प्रत्येक जन्म दश पारमिता गुणधर्ममध्ये कुनै न कुनै एउटा गुणधर्म वीर्य अन्तर्गत भइरहेको छ भनी भन्न सकिन्छ । बोधिसत्वको प्रत्येक जन्म र चरित्र नै वीर्यपारमिताको उदाहरण हो । बोधिसत्वको यो वीर्यले बुद्धत्व प्राप्ति अवस्थासम्म उनलाई टेवा दिइरहन्छ । सिद्धार्थले महाभिनिष्क्रमण गरेको केही क्षणअघि मात्र नै राहुलको जन्म भयो । महाभिनिष्क्रमण गरिसकेपछि प्रव्रजित हुनुभन्दा अघि अनोमा नदीले पनि उनलाई रोक्न खोज्यो । प्रव्रजित हुनासाथ मगध सम्राट बिम्बिसारको आग्रह र ठूलो राज्य भोगको प्रलोभनले रोक्न खोजेको थियो । बोधिज्ञान प्राप्तिको लागि कोशिस भइरहेको बेला पनि पञ्चभद्र वर्गीयहरुले छाडेर गए । जीवनको अस्तित्व नै अस्थिपंजरको शरीरभित्र मात्र परिरहृयो । तर यी सारा अवस्थामा पनि पन्छिएर नभै अगाडि बढ्न सकेको नै उनले आफ्नो वीर्यलाई नछोड्नाले हो । बुद्धत्व प्राप्तिको अभ्यासरतमा मृत्युको भाव मात्र रहँदाको त्यो जीवनको गम्भीर अवस्थामा समेत उनले भनेका थिए -*'रगत सुकेर जाँदा पित्त पनि सुकेर जान्छ, मासु सुकेर जान्छ, चित्त त झन्झन् प्रसन्न नै हुन्छ ।'* अत्यन्त विपरीत परिस्थितिलाई पनि अनुकूल स्थितिमा परिणत गर्नु वीर्यले बोधिप्राप्तिपूर्व बोधिसत्वले अधिष्ठान गरे - *'चाहे मेरो छाला, नसा र हड्डी मात्र मेरो शरीरमा बचोस्, चाहे शरीरको मासु रगत सुकोस् तापनि म यथार्थज्ञान प्राप्त नगरी यो आसनबाट उठ्ने छैन ।'* यो अनुत्तर अधिष्ठानपछि सिद्धार्थलाई बोधिज्ञान त्यही आसनमा प्राप्त भयो । यही अधिष्ठानभित्र बोधिसत्वको वीर्यपारमिताको अनुत्तर तेज छ, अक्षय प्रकाश छ र सर्वकालीन शान्तिको किरण पनि समाहित छ ।

Dhamma.Digital

**पेज १८१ देखि २०० सम्म छैन ।**

Downloaded from http://dhamma.digital/

## खन्तिवादी जातक (३१३)

वाराणसीमा कलाबु नामको एकजना विलासी र क्रोधी राजाले राज्य गरिरहेको समयमा एउटा ब्राह्मण कुलमा बोधिसत्वको जन्म भयो र उनलाई कुण्ड कुमार नाम राखियो । उनको आमाबाबुहरु अस्सी करोड धनको मालिक थिए । कण्ड कुमार ठूलो भएर तक्षशिलामा गएर अनेक शिल्पविद्या सिके । फेरि त्यहाँबाट फर्की आमाबाबुको सेवा गरिबसे ।

आमाबाबु मरिसकेपछि बोधिसत्व कुण्ड कुमारले विचार गरे - *'मेरा आमाबाबु मरेर गए । उनीहरुले केही केही पनि धनद्रव्य लिएर गएनन् । मैले किन यसो गर्ने ? म त यी सारा धनद्रव्य लिएर जाने छु ।'* यसरी विचार गरी सारा सम्पत्ति *'मन पर्नेलाई मन परेको लैजाऊ'* भनी छोडिदिए । फेरि स्वयं ऋषिप्रव्रजित भएर हिमालय प्रदेशमा गएर बसे । केही समयपछि नून र अमिलो स्वादको लागि चारिका गर्दै बोधिसत्व वाराणसीको राजाद्यानमा आई पुगे । वाराणसीको सेनापतिले बोधिसत्वको चरित्रमा प्रसन्न भएर उनको सेवा उपस्थान गरिरह्यो ।

एकदिन वाराणसीको राजा कलाबु रक्सीले मस्त भएर तमाशा गर्दै उद्यानमा आइपुगे । उद्यानमा मंगलशिलाको छेउमा ओछ्यान लगाउन लगाएर राजा कलाबु आफूलाई मनपर्ने एउटी केटीको काखमा टाउको राखेर पल्टिए । कोही केटीहरु नाचे, कोहीले गीत गाए, नाच हेर्दाहेर्दै राजा निदाए । तब केटीहरुले विचार गरे राजालाई निंद्रा लाग्यो, अब हामी नाच्नु आवशयक छैन, गीत गाइरहनु परेन, बाजाबिजा उद्यानमा त्यसै राखेर उद्यान घुम्न जाने कुरा भयो । सबै उद्यानमा घुम्न गए, ढकमक्क फुलेका फूल हरियाली रुखहरुमा भुल्दै उनीहरु पुष्पित शालवृक्ष मुनि पुगे, जहाँ बोधिसत्व प्रव्रज्यासुखको आनन्दमा लीन थिए । बोधिसतव देख्नासाथ ती केटीहरु अगाडि गएर बसे । फेरि राजा सुतिरहञ्जेलसम्म उनीसँग केही सोध्छौ भनी उनीहरुले प्रार्थना गरे - 'भन्ते हामीलाई सुहाउँदो कुनै उपदेश दिनुहोस् ।' उनीहरुको प्रार्थनाअनुसार बोधिसत्वले उपदेश दिए ।

यता राजा सुताइरहेकी केटीको तिघ्रा अलिकता चल्नासाथ राजाको निद्रा खुल्यो । गीत गाएको सुनिँदैन, नाच्नेहरु पनि देखिँदैनन् । तब राजाले रिसले सोधे - 'कहाँ गए ती चण्डाल्नीहरु ?' 'महाराज, उनीहरु एकजना तपश्वीकहाँ बसिरहेका छन् ।' रक्सीले चूर क्रोधित भएका राजाले रिसले आँखा देखेन । तलवार निकालेर सरासर अगाडि बढे । राजा रिसले अन्धो भएको देखेर राजाको सबैभन्दा मन पर्ने केटीले राजाको तलवार खोसेर लिइन् । राजाले तब बोधिसत्वको छेउमा बसेर सोधे -

*'श्रमण तिम्रो वाद के हो ?'*

*'महाराज, मेरो वाद क्षान्तिवाद हो ।'*

*'यो क्षान्ति भनेको के हो ?'*

*'गाली गरे तापनि, प्रहार गरे तापनि, कसैले रिस उठाए तापनि रिस नउठाउनू ।'*

Downloaded from http://dhamma.digital/

*'त्यसो भए हेर्छु नि तिमीमा कति क्षान्ति छ ।'*

यति भनेर राजाले एकजना पिट्ने मार्ने जल्लादलाई बोलाए । त्यो मानिस चुपि र कोर्रा लिएर रातो माला पहिरिएर आयो । राजाले- *'यो दुष्ट तपश्वीलाई पक्र । पक्रेर जमिनमा पछार, बेसकरी पिट ।'* भनी आज्ञा दिए ।

त्यस मानिसले पनि आज्ञाअनुसार नै गऱ्यो । बोधिसत्वको छाला फाट्यो । मासु चिरियो । रगत भलभल बग्यो । राजाले सोधे-

*'श्रमण तिम्रो वाद के हो ?'*

*'महाराज, मेरो वाद क्षान्तिवाद हो, म क्षमावादी हुँ । के तिमीले विचार गऱ्यौ कि मेरो क्षान्ति छालाभित्र छ ? त्यसलाई देख्न सकिँदैन । क्षान्ति मेरो वाद हो । क्षमा त मेरो हृदयमा छ ।'*

राजाले भने- *'यसको दुबै हात टुक्रा पारिदिनु ।'*

साँच्चै नै बोधिसत्वको दुबै हात चुपिले टुक्रिने गरी काटिदियो । यसो भए तापनि बोधिसत्वले राजालाई गाली गरेनन् । राजाले पछि फेरि भने-

*'खुट्टा पनि टुक्रा पारिदिनु यसको ।'*

खुट्टा पनि टुक्राइदियो । हात खुट्टाबाट रगतको भल बग्यो । राजाले पुनः सोधे-

*'तिमी के वादी भन्यौ ?'*

*'महाराज, म क्षान्तिवादी हुँ । मेरा क्षान्ति र क्षमा हात र खुट्टामा रहेको छैन । त्यो त मेरो हृदयभित्र बसिरहेको छ ।'*

राजाबाट फेरि हुकुम हुन्छ-

*'यसको नाक र कान पनि काटिदिनू ।'*

बोधिसत्वको नाक र कान पनि त्यस जल्लादले राजाज्ञानुसार काटिदियो । बोधिसत्वको सारा शरीरबाट रगत बग्न थाल्यो । राजाले फेरि पनि सोधे-

*'भन तिमी के वादी हौ ?'*

*'महाराज, मेरो वाद क्षान्तिवाद हो, म क्षमावादी हुँ । मेरो क्षान्ति र क्षमा त मेरो हृदयको भित्रभित्र अन्तस्करणमा निहित छ ।'*

रिसले गर्दा राजाले झन् आँखा देखेन । तब राजाले बोधिसत्वको छातीमा हिर्काएर भने-

Downloaded from http://dhamma.digital/

*'दुष्ट तपश्वी, तिम्रो क्षान्ति र क्षमाले नै तिमीलाई अब उठाउन पनि आउनेछ ।'*

राजा रिसले सरासर फर्के । राजा जानासाथ सेनापतिले बोधिसत्वको शरीरमा भएको रगत पुछेर हातमा, खुट्टामा, नाकमा र कानमा कपडाले बेरिदियो । फेरि एकातिर बसेर रुँदै विन्ति गऱ्यो-

*यो ते हत्थे च, पादे च कण्हनासञ्च छेदयि ।*

*तस्स कुज्झ महावीर, मा रट्ठं विनस्स इदं ॥*

हे महावीर, जसले तपाईंको हातखुट्टा र नाककान काटिदियो, उसप्रति मात्र नै तपाईं क्रोधित हुनुहोस् । यो काशीराष्ट्रको विनाश एउटा नगरिदिनोस् ।

यो कुरा सुनेर बोधिसत्वले विस्तारै यसरी जवाफ दिए-

*यो मे हत्थे च पादे च, कण्हनासञ्च छेदयि ।*

*चिरं जीवतु सो राजा, नहि कुज्झन्ति मा दिसा ॥*

जुन राजाले मेरो हातखुट्टा काटिदिए, नाककान काटिदिए, त्यस राजा पनि चिरञ्जीवि होस् । मजस्तो मानिससँग कसैप्रति पनि रिस छैन ।

तर राजा कलाबु उद्यानबाहिर मात्र निस्केको के थियो महापृथ्वी फुट्यो । राजा त्यहीँ पतित भएर महाअवीचि नरकमा पर्न गयो ।

बोधिसत्व पनि त्यसै दिन परलोक भए । तर राजपुरुष र नागरिकहरुले फूलमाला पहिराएर धूप बत्तीहरु बालेर उनको अन्तिम संस्कार अत्यन्त श्रद्धापूर्वक र भव्य हुनेगरी सम्पन्न गरे ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/

# सत्य पारमिता

सत्यको साधारण अर्थ हो जस्तो छ त्यस्तै कुरा गर्नु । तर शील र गुणकोआधारले यसको अर्थ यस यथार्थमा पनि फराकिलो छ । त्यसैले नै सत्य शब्दको अनेक अर्थमध्ये अभिसंवाद अर्थात् अरुलाई नठग्नुको अर्थमा धेरै प्रयोग भएको छ । धेरै नै गुण भएको भएतापनि सत्यमा बस्दैन भने उसलाई गुणवान भनी भनिँदैन । जो सत्यमा बस्छ, जसले दिएको वचन उल्लंघन गर्दैन ऊ नै उसको ठूलो गुण हो, जुन प्रभावसम्पन्न आनुभावयुक्त हो । यसर्थमा सत्य गुणको पनि आधारभूमि हुन्छ । त्यसैले नै सत्यको विश्लेषणमा भनिएको छ कि छलकपट नगर्नु सत्यको सामान्य स्वभाव हुन्छ । जस्तो छ त्यस्तै देखाउनु सत्यको रस (कृत्य) हुन्छ भने प्रत्युप्रस्थान हुन्छ- साधुत्व ।

सत्यपारमिता पारमिता गुणधर्ममा सातौं पारमिता हो । आफूलाई इच्छा भएको अथवा प्रणिधान गरेको सम्बोधि पूर्ण गर्न पार गरिदिने हुनाले नै सत्य पनि पारमिता अन्तर्गत पर्दछ । शीलपारमिता अन्तर्गत असत्यभाषण छोड्नुमा पनि सत्यलाई केही पूर्ण गर्दछ । तर यहाँ सत्यपारमिताको विशेष अर्थ आफैले भने अनुसार वा आश्वासन दिएअनुसार उल्लंघन नगरी पूर्ण गर्नु हुन्छ । यस लोक र परलोकमा काम सिद्ध हुने मार्ग भनी विचार गर्नुमा दक्षज्ञान फेरि उपायकौशल्यले आरक्षित भएको पहिलो वचन दिएर पछि विमुख हुनुबाट रहित भएको प्रभेद आदिले नठग्नु, धोका नदिनुलाई नै सत्यपारमिता भनिन्छ ।

बोधिको आकांक्षा नै प्राणीहरुको कल्याणकामना हुने हो । त्यसैले बोधिसत्वहरुको चरित्रमा नै प्राणीहरुको छलकपट गर्ने भन्ने हुँदैन । बोधिसत्वहरुले चित्तले कल्पना गरेका असल विशेषतः करुणा र ज्ञानले युक्त कुरा मुखले प्रकाश गर्दछन् । जुन यसरी प्रकाश भइसक्छ तब उनीहरुले त्यसलाई पालन पनि गर्दछन् । कराल गरिसकेको उल्लंघन नगर्नु, आत्मार्थमा वा परार्थमा पनि असत्यवचनले संयमित हुनु सत्यको तीन वर्गीकरण पनि यस अवस्थामा नै पूर्ण हुने गर्दछ । जुन कुनै काम कसैलाई गरिदिन्छु भनी भनिसकेपछि पनि विविध कारणले गर्दा गर्न गाह्रो हुनसक्छ । यस अवस्थामा आफ्नो असमर्थता स्पष्टअनुसार उसको अगाडि प्रकट गर्नु उसको सचरित्रता हुन्छ । यसले गर्दा उसलाई असत्यवादबाट बचाइदिन्छ । तर त्यसो भए पनि यो सत्यको सबलता होइन, पूर्णसम्पन्नता पनि होइन । यसैले नै हामीले थाहा पाउन सक्छौं कि सत्य एकातिर शक्ति हो भने अर्कोतिर सत्यको परिपालनको लागि पनि शक्ति वा बल आवश्यक पर्दछ ।

## अंगुलिमालको कथा

सत्यक्रिया दृढ गरी र राम्ररी पालन गरिएको सुचरित्रमा आधारित सत्यवचन अति नै फलदायी हुन्छ, प्रभावशाली हुन्छ । अनगिन्ति मानिसहरु मारेर औंलाको माला पहिरिएर बसेको क्रुर अंगुलिमाल बुद्धशासनमा दिक्षित भए । पछि भिक्षु भइसकेपछि अंगुलिमाल करुणाहृदययुक्त व्यक्तिमा परिणत भए । एकदिन उनले प्रसववेदनाले पीडित महिलालाई देखे । तब अंगुलिमाल भिक्षुले भने-

Downloaded from http://dhamma.digital/

*'जहिलेदेखि म उत्तम आर्यकुलमा जन्म भएँ, तबदेखि कुनै प्राणीको जीवितेन्द्रियमा नै मार्ने चेतनाले प्रहार गरेको भनेको मलाई थाहा छैन । हे बहिनी, यो सत्यवचनको प्रभावले तिमीलाई गर्भकल्याण होस् । तिम्रो गर्भस्थित सन्तानको पनि कल्याण होस् ।'* यस सत्यक्रियाले प्रसववेदनाले पीडित महिलालाई त्यस वेदनाले तुरुन्त मुक्ति दियो ।

बुद्ध, धर्म र संघको गुणस्मरण गरी यदि ती गुणहरु साँच्चै हो भने यही गुण सत्यको प्रभावले प्राणीहरु निरोगी होस् निःदुःखी होस्, मङ्गल होस भनी कामना गर्ने सत्यक्रियालाई नै सत्यवाचा अथवा सत्यक्रिया पनि भनिन्छ, जसलाई परित्राण भनिन्छ ।

स्वस्तिसेनको जहानले परपुरुष गमन नगरेको सत्य वचनानुमुखले आफ्नो लोग्नेलाई कुष्टरोगबाट मुक्त गरिदिइन् । त्यसरी नै सामजातक (५४०) मा सत्यको यस्तै अद्भूत आनुभावले विषवाणले लागेर मूर्छित भएको बोधिसत्व सामलाई विषप्रभावले मुक्त गरिदियो । त्यसरी नै वट्ट जातक (३५) मा *'मसँग पखेटा भएर पनि म उड्न नसकेको सत्य हो भने, मेरो खुट्टा छ तर त्यसो भए पनि म हिँड्न नसकेको सत्य हो भने, मेरा आमाबाबुहरुले मलाई छाडेर गएका सत्य हुन् भने हे आगो, तिमी फर्किएर जाऊ'* भनेर आगोलाई फर्काउन सक्नु पनि प्रभावयुक्त सत्यक्रियाले गर्दा नै हो ।

तर सत्यक्रिया शीलको आनुभावयुक्त भएमा बढी प्रभावशाली हुन्छ । मच्छ जातक (७५) मा एउटा माछाले आफू माछा खाने स्वभावको भए तापनि आजसम्म मैले कुनै एउटा माछा पनि खाएको छैन, यो अहिंसा सत्य हो भने वर्षा होस् भनी भन्दा वर्षा भयो, आफ्नो समूहको माछाहरुलाई पोखरीमा पानी सुकेर जीवन्ततामा छाएको पीडाबाट मुक्ति प्राप्त गराइदियो । सुप्पारिक जातक (४६३) मा समुद्रबीचमा पर्न जाँदा सुप्पारकले ज्ञानले थाहा पाएदेखि अहिंसक भएको सत्यवचन कराल गरेर डुङ्गासमूहलाई सकुशल पार गरिदिए ।

## कण्हदीपायन जातक (४४४)

एकपल्ट बोधिसत्व ब्राह्मणकुलमा जन्मिए । ब्राह्मण अस्सी करोड धनको मालिक थिए । तर बोधिसत्वले आमाबाबु मरिसकेपछि सारा सम्पत्ति त्याग गरेर दीपायन नामले प्रव्रजित भए । पछि दीपायन आफ्नो साथी मण्डव्यले बनाइदिएको विहारमा बसिरहे । एकदिन मण्डव्य आफ्नी जहानसँग कुरा गरिबसे । बच्चा दिपायन तापसको चंक्रमण स्थानमा खेलिरहेका थिए । बच्चाको भकुण्डो एउटा प्वालभित्र पऱ्यो । बच्चाले प्वालभित्र हात घुसारेर भकुण्डो लिन खोज्दा प्वालभित्रको सर्पले बच्चालाई डस्यो । आमाबाबु दुबैले बच्चालाई सर्पले डसेको देखे । बच्चा सर्पको विषले मूर्छित भयो । शोकले विह्वलित दम्पति बच्चालाई बोकेर तापसकहाँ आए । उनीहरु दुबै क्वाँक्वाँ रुए । उनीहरुले रुँदै भने- *'प्रव्रजितहरुले मन्त्र जानेको हुन्छ । जसरी भए पनि यस बच्चाको विष निकालिदिनोस् ।'*

Downloaded from http://dhamma.digital/

बोधिसत्वले उनीहरुलाई सहानुभूतिपूर्वक धैर्य दिए- *'म मन्त्रतन्त्र गर्न जान्दिन । म औषधी पनि गर्न जान्दिन ।'* उनीहरुले फेरि विन्ति गरे- *'हे तापस, त्यसो हो भने तपाईंले यस बच्चाप्रति अनुकम्पा राख्नु भएर सत्यक्रिया मात्र भए पनि गरिदिनुहोस् ।'* तापसले उनीहरुको आग्रह सुनेर मूर्छित भएको बच्चा यज्ञादत्तप्रति मैत्रीपूर्वक सत्यक्रिया गर्दै- *'म प्रव्रजित भएदेखि सात दिन मात्र भए पनि प्रसन्नरूपले श्रमण जीवनमा बसें । त्यसपछि सात वर्षभन्दा बढी मन नपरीनपरी श्रमणधर्म गरिबसेको छु । यो मेरो यथार्थ र सत्यवाचा हो । यस सत्य वचनको आनुभावले यस बच्चाको सर्पविष शान्त होस् भनी कामना गरे ।'*

तापस दीपायनको सत्यक्रियाले बच्चाको हृदयसम्मको विषप्रभाव शान्त भयो । तब बाबुले सत्यक्रिया गर्‍यो- *'म आगन्तुकहरुलाई घरमा आउँदा मन नपरे तापनि खुवाउने पिलाउने गरिरहेको छु । श्रमणहरुलाई मेरो अतिथि अप्रिय-स्वभाव थाहा छैन । तापनि मैले त्यसै दान गरिरहेको छु । मैले आफ्नो कुरा जस्तो हो त्यस्तै भनें । यस सत्यको आनुभावले मेरो बच्चाको विष डाह शान्त होस् ।'* यस सत्यक्रियाले बच्चाको विषप्रभाव घुँडासम्म शान्त भएर गयो ।

तब आमाचाहिँले सत्यक्रिया गर्ने कुरा आउनासाथ उसले भनिन्- *'म मेरो लोग्नेको अगाडि भन्दिन ।'* तर उसको लोग्नेले जस्तोसुकै भए तापनि तिमीले भन्न हुन्छ भनेपछि बच्चाको आमाले सत्यक्रिया गरी भनिन्- *'मलाई मेरो लोग्ने त्यति नै मन पर्दैन जति बाबु, तिमीलाई टोक्ने सर्प मन पर्दैन । तर पनि यो कुरा कसैलाई पनि भनिनं । मैले पनि यो कुरा जस्तो छ त्यस्तै भनें । यस सत्यको प्रभावले तिमीलाई स्वस्ति होस् ।'* आमाको यस सत्यक्रियाले पछि बच्चाको विषपीडा पूणरूपले शान्त भयो । बच्चाको विषपीडा शान्त हुनासाथ बच्चा मुर्छाबाट उठेपछि ब्राह्मणीले विचार गरिन्- *'मैले भन्नु नहुने कुरा तापसको अगाडि भनें ।'* त्यसो विचार गरी तापस र लोग्नुसँग क्षमा मागिन् ।

फेरि उसले- *'मन नपरी किन तापस भइबसेको ?'* भनी सोध्दा तापसले भने- *'लोकनिन्दादेखि डराएर मात्र नै गृहस्थ भईनँ ।'* गृहस्थले पनि मन नपरीनपरी अतिथि सत्कार गरेको बारे भन्यो- *'कसैलाई केहि दिन चित्त दुख्छ । तर त्यसो भए पनि मेरो पालामा यो कुल परम्परा किन रोक्ने भनेर मैले अतिथि सत्कार गरी नै रहेको छु ।'* त्यसैगरी महिलाले भनिन्- *'मलाई मेरो लोग्ने मन पर्दैन । तर त्यसो भए पनि हाम्रो कुलमा आफ्नो लोग्ने छोडेर माइत आएकी आजसम्म कोही पनि छैन । त्यसैले मैले मात्र किन घर फर्किने भनी यहीँ बसिरहेकी हुँ ।'*

यसरी सबैले आ-आफ्नो हृदयको कुरा फुटाइसकेपछि बच्चाको आमाले भनिन्- *'अब म सँगै बस्नुपरेपछि मन पराएर बस्न सिक्ने छु ।'* बाबुले भन्यो- *'म पनि अब दिनुपर्ने भएपछि दिँदा श्रद्धापूर्वक नै दिने गर्नेछु ।'* तब तापसले भन्यो- *'म पनि तापस भएपछि श्रद्धाले दिएको दान दिनेहरुलाई महत्फल हुनेगरी शीलवान भएर संयमित चित्त भएको पुण्यक्षे नै हुन सिक्नेछु ।'*

Downloaded from http://dhamma.digital/

यसको पूर्ण व्याख्या तल सत्यपारमिताको कथात्मक व्याख्यामा आउने नै छ । अहिले यहाँ सत्य र सत्यपारमिता पूर्ण गर्न सक्नुको लागि सहयोग हुने उपायबल विषयमा नै अलिक विचार गरिनेछ ।

## सत्य पारमिता पूर्ण गर्नको लागि बल

सत्यपारमिता पूर्ण गर्न असत्यभाषणको विपाक देख्नुपर्दछ । सत्यमा बस्नुको आनिशंस चिन्नुपर्दछ । सत्यवादीहरुको सत्यले सत्यवादीहरुको र प्राणीहरुको असल कामकुरा पूर्ण भएको सम्झिनुमा पनि सत्यपारमिता पूर्ण गर्नलाई अनुबल दिइरहन्छ ।

असत्यभाषण गर्नु नीचत्वको लक्षण हो । उत्तम पुरुषहरुले जीवनको लागि पनि असत्य कुरा बोल्दैनन् । जसले झुठो कुरा गर्दछ, उसलाई संसारले नै घृणा गर्दछ । असत्यभाषणले विश्वासलाई छिपाउने हुन्छ । जहाँ विश्वास छैन त्यस संसारमा गति नै हुँदैन जीवन स्पन्दन पनि हुँदैन । विश्वासमा नै मानिसहरुले आफ्नो जीवन सुम्पिन्छन् । मोटर वा हवाईजहाजबाट जान मानिसले कसैको कार्य कुशलताको विश्वासमा जीवन बिताउँछ । यो विश्वास भनेको सत्यतामा नै जग बसेको हुन्छ । असत्य कुरा गर्नेहरुलाई अरुहरुले विश्वास गर्दैन, त्यसैले असत्यवादीले कसैलाई पनि उपकार भनेको नै गर्न गाह्रो भइरहन्छ । कारण उसलाई अरुहरुले उपकारको अवसर दिन नै डराउँछ । अझ असत्यवादीहरुकोबारे धम्मपद (१७६) अनुसार यस्तो भनिएको पनि छ :-

*एकं धम्मं अतीतस्स, मुसावादिस्स जन्तुनो ।*

*वितिण्ण परलोकस्स, नत्थि पापं अकारिय ॥*

परलोकको विश्वास नहुने, फेरि झूठो कुरा गर्नेले संसारमा नगर्ने पाप भनेको केही पनि हुँदैन ।

असत्य कुरा गर्ने मरणपछि दुर्गतिमा पुग्दछ । दुर्गतिबाट मुक्त भएर मनुष्यलोकमा जन्म भए तापनि बाँकी पाप सयौं जन्मसम्म असत्य कामकुरामा दण्डभागी हुनुपर्दछ । असत्य भाषणले गर्दा ऊ लाटालाटी हुन्छ । कुरा गरे तापनि लठेउरो हुन्छ । आफूले बोलेको कुरामा छोराछोरीहरुले र अरुले सुन्न नचाहने हुन्छ । उसको मुख गन्हाउँछ र नराम्रो दाँत हुन्छ ।

सत्य दुःखमा परिरहेको लागि सुखी गर्ने मन्त्र हो । मृत्यु पीडाले पीडितहरुलाई शितल बनाई आराम दिलाउने औषधी हो । अनेक द्वन्द हुनाले जल्ने हृदयलाई स्वभावतः शितल बनाउने अर्थमा सत्य अमृतको वर्षा भने पनि हुन्छ । भ्रमको अंधकार नबनाउन सत्य सूर्यजस्तै हो भने, सौम्यरसको अर्थमा सत्य चन्द्रमाजस्तै हो । त्यसरी नै सत्य साँच्चैको माणिक, अपराजित युद्धभूमि, क्लेश फुटाउने वज्र, सुगति जाने मार्ग, निर्वाण देख्ने बत्ती हो । आलवक सुत्त, संयुक्त निकाय (१०/१८) अनुसार

Downloaded from http://dhamma.digital/

आलवक यक्षको- *'रसमा स्वादिष्ट रस के हो ?'* भन्ने प्रश्नको जवाफमा बुद्धले स्पष्ट जवाफ दिएका छन्- *'सबै प्रकारका रसहरुमा सत्य रस नै स्वादिष्ट रस हो ।'*

असत्य कुरा नगर्नासाथ अनेक फल प्राप्त हुन्छ । विशेष गरी राम्रो आँखा आदि इन्द्रिय हुन्छ, क्रममिलेको दाँत हुन्छ, ठीकको सुसंगठित शरीर हुन्छ, वास्नादार श्वास हुन्छ, आफन्त र नोकरहरुले उसको कुरा सुन्छ ।

बुद्ध र उनको शिष्य श्रावकहरुको सत्यक्रिया सम्झिनु पनि सत्यधर्म पालन गर्नलाई बलजस्तै भइरहन्छ । बोधिज्ञान लाभ गरिसकेपछि भेट्न आउँछु भनी सम्राट बिम्बिसारलाई दिएको वचनअनुरूप बुद्धले राजालाई भेट्न गएकै हुन् । सत्यपालनको अवस्थामा कहिलेकाहीँ अति नै अप्ठ्यारो परिस्थिति आउँछ । तर यस्तो परिस्थितिमा पनि विचलित नहुनाले सत्य स्वयं नै कीर्तिमान हुन्छ, यस्तै नै सत्यले आत्मार्थ र परार्थ हितको लागि काम गर्न सक्छ ।

## अधिमुक्त श्रामणेरको कथा

संकिच्च स्थविरको शिष्य अधिमुक्त श्रामणेर आफ्नो गुरुको आज्ञाअनुसार आफ्नो उमेर सोध्न आफ्ना आमाबाबुकहाँ गए । तर जङ्गलबीचमा उनलाई चोरहरुले भेट्टाए । चोरहरुले उनलाई पक्रेर मानेए विचार गरे । श्रामणेरले विचार गऱ्यो- *'यो जीवनमा नै अर्हत् हुन पाइन भने फेरि कहिले अर्हत् हुने ?'* यति विचार गरी श्रामणेरले चोरको नाइकेलाई भन्यो- *'मलाई मार्नुअघि मेरो एउटा कुरा सुन । पहिले त्यस्तै एकजना मानिस एउटा लोखर्केलाई पक्रेर माऱ्यो । तर लोखर्केलाई के मारेको थियो, यहाँ त धेरै डरलाग्दो रहेछ भनी मृग, चराचुरुङ्गी आदि सारा प्राणीहरु जङ्गल छाडी भागे । त्यसरी नै मजस्तो प्रव्रजितलाई त माऱ्यो भने यस मार्गमा प्रव्रजितहरुलाई त बाँकी राखेनन् भने अरु कसलाई बाँकी राख्छ भनी यो मार्गमा कोही पनि आउँदैनन् । त्यसैले मलाई छोडिदेऊ ।'* त्यसपछि चोरको नाइकेले श्रामणेरलाई यो कुरा कसैलाई पनि भन्दिन भनी वचन लिएर मात्र छोडिदियो । संयोगवश जङ्गल पार गर्नासाथ नै श्रामणेरले आफ्ना आमाबाबुहरु भेट्यो । उसले आफ्नो उमेर सोध्यो । आमाबाबुहरु जङ्गलतिर प्रवेश गरे । तर पनि श्रामणेर त्यो कुरा बताएन । जङ्गलबीचमा पुग्दा उनीहरुलाई चोरहरुले समाते । तब श्रामणेरकी आमा रोइन् । किन अधिमुक्त श्रामणेरसँग मात्र एकदिन बसेनौं ? भन्दै रोइन् । त्यसैबेला नै चोरको नाइकेले भन्यो- *'त्यो श्रामणेरले तिमीहरुलाई केही पनि भनेन र ?'* उनीहरुले जवाफ दिए- *'केही पनि भनेन ।'* पछि वास्तविक कुरा बुझेर आमाचाहिँ खुब रुइन् । अधिमुक्तले कति ठूलो अपकार गऱ्यो भनी रुइन् । यता चोरको नाइकेको मनमा विचार आयो, अधिमुक्त श्रामणेर साँच्चै के सत्यवादी हो । यस्तो सत्यवादीको सत्यलाई धमिल्याइदिनु हुँदैन, निरर्थक गरिदिनु हुँदैन । त्यति विचार गरी चोरहरुको नाइकेले उनीहरुलाई छोडिदियो । पछि अन्तमा आफ्ना पाँचसय चोर साथीहरुसहित ऊ आफै पनि अधिमुक्त श्रामणेरको शिष्य बन्न गए । श्रामणेर अधिमुक्त पहिला आफू उपसम्पदा भए र पछि चोरहरु पनि उपसम्पदा भए । अन्त्यमा उनीहरु सबै अर्हत् भए ।

Downloaded from http://dhamma.digital/

सत्यवचनको पालन यसरी गाह्रो हुने गरी मात्र नै पालन हुन्छ भन्ने छैन । कहिलेकाहीँ उपाय कुशलताले पनि सत्य वचनको पालनमा सरलता देखिने हुन्छ । सम्भाव्य भयको भार बोक्नुपर्दैन । श्रीलंकामा दुट्ठगामिनी राजाले आफ्नो भाइ तिस्सलाई लखेट्दै खेद्यो । तिस्स भागेर एकजना भिक्षुको खाटमुनि लुकेर बस्यो । दुट्ठगामिनी राजाले भनी सोधे- 'तिस्स खोइ ?' खाटमा बसिरहेको भिक्षुको लागि त्यसबेला साह्रै अप्ठ्यारो पर्‍यो । एकातिर राजा अर्कोतिर तिस्स । राजा पनि नरिसाउने तिस्स पनि बच्ने गरी- *'थाहा छैन'* भनेमा असत्य वचन हुने । त्यसैले त्यस भिक्षुले- 'तिस्स यस खाटमाथि कहाँ छ र ? भनी जवाफ दियो ।

अर्को उदाहरणमा कपिलवस्तुको शाक्यवेश प्रति जाति नै संहार गर्ने प्रतिशोधात्मक रिस बोकेर विडुडभ आए । प्रत्येक व्यक्तिलाई पक्रेर सोध्ने गरिन्थ्यो- *'तिमी को हौ ?'* भनेर । *'शाक्य'* भन्नासाथ मारिदिने । *'होइन'* भन्यो भने असत्य हुने । त्यसैले कति शाक्यहरुले मुखमा घाँस राखेर भने- *'सक्का होइन घाँस हो ।'*

वानरिन्द जातक (५७) को एउटा अभिव्यक्तिले त यस उपाय कुशलतालाई अति नै फराकिलो पारिदिएको छ । स्वास्नीको कुरा सुनेर बाँदरको मुटु कलेजो लिन्छु भनी एउटा गोही नदीबीचको ढुङ्गामा बसिरह्यो । बाँदर भने नदी वारपार गर्दा त्यही ढुङ्गामा एकपल्ट उफ्रेर आधार लिएर मात्र पारी जान सक्दथ्यो । ढुङ्गामा गोही बसेको देखेर सोध्दा गोहीबाट आफूलाई मारेर मुटु लिनको लागि बसिरहेको कुरा बुझेर पारी जाने उपाय केही पनि नदेखेपछि बाँदरले भन्यो- *'लौ मुख बाएर बस, म आउन लागेको छु ।'* गोहीले मुख बायो । गोहीको स्वभावअनुसार मुख बाउँदा आँखा चिम्लिने हुन्छ । त्यसै अवस्थामा गोहीको टाउकोमा बुद्रुक उफ्रेर बाँदर आफू पार भयो । गोही निराश भयो । तर बाँदरको यस बुद्धि कुशलतामा गोही पनि प्रसन्न भयो ।

यस अभिव्यक्तिले भने यस्तो बुझिन्छ कि आफ्नो प्राण बच्ने हो भने साथै अर्कोको प्राण नजाने हो भने, कसैलाई अकुशलबाट मुक्त गराउने हो भने, शब्दले केही घुमाएमा पनि असत्यवादी हुँदैन । चरिया पिटकमा यही चर्चाको वर्णन गरिसकेपछि भनिएको छ- 'मैले उसलाई झुठो कुरा गरिन, जस्तो मैले भने त्यस्तै मैले गरें (कपिराज चर्या) । '

सत्यप्रकाश गर्नलाई पनि कहिलेकाहीँ समय चाहिने हुन्छ । सत्य सत्यजस्तै मात्र कुरा गरिरहनुको अर्थले मात्र नै सत्यवादी हुने होइन । पानी छोएर यो पानी यो हो भनेर भात छोएर यो भात, यो भात हो भनेर बस्यो भने के लाभ ? सत्य कुरा पनि समय हेरेर सार्थक हुने गरी मात्र प्रकाश गर्नुपर्छ । भगवान् बुद्धले एकदिन अति नै आश्चर्यजनकको प्रेतलाई देखे । तर त्यो कुरा उनले प्रकाश पारेनन् । जब यसै प्रेतलाई मौद्गल्यायन स्थविरले पनि देखे, तब यस बारे मौद्गल्यायनले कुरा उठाई सकेपछि मात्र उचित सार्थक भाव देखेर यो कुरा बुद्धले भिक्षुहरुको अगाडि प्रकाश पारे । यसैले सत्यवचन पनि सार हुने अवसरमा मात्र प्रकाशि गर्नुपर्दछ ।

फेरि कुनै कुनै सत्य कसैकसैलाई मन नपर्न पनि सक्छ । तर त्यो प्रकाश गरी नराम्रो हुनुभन्दा राम्रो हुने धेरै हो भने त्यो वचन अप्रकाशनीय हुँदैन । रूपयौवनले सम्पन्न भएकी मागन्धी

Downloaded from http://dhamma.digital/

बुद्धको अगाडि राखेर बाबुचाहिँले बुद्धसँग छोरीको रूप र यौवनको प्रशंसा गरेर विवाहको प्रस्ताव राख्यो । तर बुद्धले उसको प्रार्थना स्वीकार गर्ने कुरा त परै जाओस् उल्टो रूप र सौन्दर्यको दोषबारे प्रकाश पारे । जसले गर्दा मागन्धी रिसाइन् तर उसको आमाबाबु दुबै अनागामी भए । त्यसरी नै बुद्धले अग्गिक्खन्धोपम सुत्त देशना गर्नुभएको अवस्थामा साठीजना भिक्षूहरुले हृदयले सहन सकेनन् । साठीजना दुःशील भिक्षुहरु दुःशीलबाट बचे भने साठीजना भिक्षुहरु अर्हत् भए । यसरी राम्रो वा नराम्रो फल दिने काम भयो कि राम्रोको गौरव राख्नु बुद्ध र बोधिसत्वहरुको चरित्र हुन्छ । यो प्रसंगमा राहुलोवाद सुत्त र अभय राजकुमार सुत्त प्रस्तुत गर्नु उचित हुनेछ । किनकि पहिलो सुत्तमा कस्तो कुरा बोल्नु राम्रो भन्ने उपदेश छ भने अर्को सुत्तमा तथागतले कस्तो कुरा बोल्नु हुँदैन भन्ने जान्नलाई आदर्श पाइन्छ ।

## राहुलोवाद सुत्त

एकदिन ध्यानबाट उठेर भगवान् बुद्ध अम्बलट्ठिक विहारमा पुगे । त्यहाँ आयुष्मान् राहुल बसिरहेको थियो । राहुलले भगवान् बुद्ध आउँदै गरेको टाढाबाटै देख्नासाथ आसन र खुट्टा धुनको लागि पानी ठिक पार्‍यो । भगवान् बुद्ध ओछ्याइराखेको आसनमा बसे । राहुल पनि अभिवादन गर्दै एक छेउ बस्यो ।

तब भगवान्ले कतिकता बचेको पानी लोटामा त्यसै राखेर प्रश्न सोधे- 'राहुल लोटामा यति थोरै पानी बचेको देखेका छौ ?'

'देखें भन्ते ।'

'राहुल त्यसरी थोरै उसको श्रमणभाव हुन्छ, जो जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'

फेरि भगवान्ले त्यो बचेको थोरै पानी पनि भुईंमा खन्याएर सोधे- 'राहुल, देख्यौ के मैले थोरै भएको पानी पनि फ्यालिदिईसकें ।'

'देखें भन्ते ।'

'राहुल, उसको श्रमणभाव पनि त्यसरी नै फ्यालिराखेको श्रमणभाव हो, जसले जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'

फेरि भगवान्ले लोटा घोप्ट्याएर सोधे- 'राहुल, तिमीले यो लोटा घोप्ट्याएको देख्यौ कि ?'

'देखें भन्ते ।'

Downloaded from http://dhamma.digital/

'राहुल, त्यसरी नै घोप्ट्याएको तुच्छ उसको श्रमणभाव हो, जसले जानीजानी असत्य कुरा गर्नमा लाज मान्दैन ।'

राहुल, जसरी कि लामो दाँत भएको, ठूलो शरीर भएका, असल जातको, संग्राममा जाने राजाको राजाको हात्तीले संग्राममा जाँदा आफ्नो अगाडिको खुट्टाले पनि काम गर्छ, पछाडि खुट्टाले पनि काम गर्छ, शरीरले पनि काम गर्छ, टाउकोले पनि काम गर्छ, दाँतले पनि काम गर्छ, पुच्छरले पनि काम गर्छ । तर त्यसो भए पनि त्यो हात्तीले सूँढको काम लिएन भने माहुतेले विचार गर्छ 'यो हात्तीको दाँत लामो भए तापनि, यो हात्ती ठूलो भए तापनि, असल जातको भए तापनि ठीक छैन । यस्तो हात्तीको तर्फबाट राजाको जीवन युद्धक्षेत्रमा आरक्षित हुँदैन ।' 'तर राहुल, यस्तो हात्तीले सूँढले पनि काम लिए भने त्यो राजाको लागि विश्वसनीय हात्ती हुन्छ । त्यसरी नै राहुल, जोसँग जानीजानी असत्य कुरा बोल्नुमा लाज छैन उसको लागि कुनै पनि पापकर्म अकरणीय छैन - यसरी म विश्वास गर्छु । त्यसैले राहुल, तिमीले जीवनमा कहिल्यै जिस्केर वा ख्याल ठट्टा गरेर पनि झूठो कुरा गर्ने छैन भनी सिक्नुपर्छ, गम्भीर भई धारण गर्नुपर्छ ।'

## अभय राजकुमार सुत्त

अभय राजकुमारले आफ्नो गुरु निगंठनाथपुत्तको सल्लाह अनुसार महान् गौतमसँग शास्त्रार्थ गरी सुयश फैलाउने मनसुवा गरे । भगवान् बुद्धले अरुलाई मन नपर्ने वचन बोल्नुहुन्छ कि हुँदैन भन्ने कुरामा अनेक तर्कवितर्क गर्ने गरिका सिकेर अभय राजकुमार भगवान् बुद्धकहाँ आए । फेरि त्यसदिन केही पनि नसोधी भोजनको लागि बुद्धलाई निमन्त्रणा गरे । तर पनि उनको विचार थियो- घरमा बोलाएर प्रश्न गर्छु ।

भोलिपल्ट भोजन गरिसकेपछि अभिवादन गरी अभय राजकुमारले सोधे- *'भन्ते, के तथागतले त्यस्तो वचन बोल्नुभएको छ जुन अरुलाई मन नपरेको होस् ?'*

बुद्धले जवाफ दिए- *'एक दृष्टिकोणले अर्थात् एकांश होइन ।'*

बुद्धको जवाफ सुन्ने बित्तिकै अभय राजकुमारले भने- *'भन्ते, निग्रन्थको नाश भयो ।'*

त्यस समयमा अभय राजकुमारले काखमा बसिरहेको सानो बच्चा थियो । भगवान् बुद्धले सोधे- 'राजकुमार तिम्रो वा धाइको प्रमादले यस बच्चाको मुखमा काठटुक्रा वा कुनै वस्तु अड्किएमा तिमी के गर्छौ ?'

'भन्ते म त्यो निकालिदिन्छु । यदि पहिले नै मैले बच्चाको मुखमा रहेको सोझै निकाल्न सकिन भने देब्रे हातले टाउको समातेर दाहिने हातले मुखमा औंला दोब्राएर पसाएर भएपनि निकालिदिन्छु । मुखमा रगत नै आउने भएमा पनि म निकालिदिन्छु ।'

Downloaded from http://dhamma.digital/

'त्यसो किन गर्ने त ?'

'किनभने, मेरो बच्चाप्रति माया छ।'

त्यसरी नै राजकुमार-

१) तथागतले जुन वचन अतथ्य र अनर्थयुक्त भनी जान्दछन्, फेरि त्यो अरुलाई अप्रिय अमनाप हुन्छ, ती वचन तथागतले बोल्दैनन्।

२) जुन वचन भूत र अनर्थक हो, फेरि त्यो अरुलाई अप्रिय अमनाप पनि हुन्छ, ती कुरा तथागतले बोल्दैनन्।

३) जुन कुरा अभूत र अनर्थक छ तर अरुलाई प्रिय र मनाप भयो भने पनि ती कुरा तथागतले बोल्दैनन्।

४) जुन कुरा भूत र सार्थक छ, साथै त्यो अरुलाई प्रिय र मनाप पनि हुन्छ, कालज्ञ तथागतले ती कुरा गर्दछन्। किनकि राजवकुमार, तथागतको प्राणीहरुप्रति दया छ।'

बोधिसत्वहरुले उच्चगुण अभिवृद्धि गर्न सत्यपारमिता परिपालन गर्दछन्। बोधिसत्वहरुको तर्फबाट कहिलेकाहीँ कुनै कुनै अवस्थामा एउटा असत्यभाषण छोडेर बाँकी पञ्चशीलमध्ये चारवटा शीलहरु कतैकतै बिग्रेको देखिन्छ। तर अरुलाई अहित हुनेगरी असत्यभाषण कहिले पनि बोलेनन्। हिरि जातक (३६९) अनुसार बोधिसत्वहरुको आदर्श हुन्छ-

*यं हि कयिरा तं वदे, यं न कयिरा तं न वदे।*

*अकरोन्तं भासमानं, परिजानन्ति पण्डिता॥*

जुन गर्ने हो त्यही नै भन। जुन गर्ने होइन त्यो भन्नु पनि हुँदैन। नगर्ने कुरा भनेर मात्र हिँड्नेलाई पण्डितहरुले चिन्दछ।

सत्यसह पण्डित चर्या, चरिया पिटकअनुसार बोधिसत्वले सत्य नामक ऋषि भएको अवस्थामा सत्यको बलले नै लोकको पालन गरे फेरि मानिसहरुका बीच परस्पर प्रेमपूर्वक मिलिजुलि वातावरण श्रृजना गरे।

असत्यभाषण नगरेको, सार वचनमा स्थर भएका अरुलाई कहिले पनि वञ्चना (ठग्नु) नगरेको सत्यपारमिताको कारणले गर्दा नै भगवान् बुद्धको एउटा रौंप्वालमा एउटै मात्र रौं उम्रिएको थियो भने उनको भृकुटीमा उण्हलोम (उष्णा) पनि उम्रिउको थियो।

Downloaded from http://dhamma.digital/

# दश पारमितामा सत्यपारमिता

दश पारमितामा सत्यपारमिता सातौं पारमिता हो । दिन्छु भनिसकेकोलाई दिएर नै छोड्नुमै दान र सत्यको सम्बन्ध छ । असत्य कुरा नगर्नु शील अन्तर्गतजस्तै सत्यको अन्शील अन्तर्गतजस्तै सत्यको अन्शील अन्तर्गतजस्तै सत्यको अन्तर्गत पनि हुन्छ । सत्यको र अधिष्ठानको संयुक्तभावको आधारमा प्रज्ञाज्ञानले दृढ भएमा नैष्क्रम्य पूर्ण हुन्छ । सत्यसार्थक गर्नलाई प्रज्ञाको सहभाव आवश्यक छ । सत्यवचन भाषणको लागि वा सत्यको पालनको लागि कहिले वीर्यको बल चाहिन्छ भने कहिले आउने शारीरिक मानसिक पीडा सहन क्षान्ति आवश्यक पर्दछ । यही नै सत्यपारमिताको सम्बन्ध हो ।

*<u>सत्यपारमिताको कथात्मक व्याख्या</u> :*

बोधिसत्वचर्या जसमा सत्यको पालन भइरहेको छ, त्यो नै सत्यपारमिताको कथात्मक व्याख्या हो । बोधिसत्वहरुले सत्यपालन गर्ने क्रममा काललाई समेत एकछिन पर्ख है भने र पनि पारमिता पूर्ण गर्दछन् । दान पारमितामा उल्लेखित जयद्दीस्स जातक (५१३) मा बोधिसत्व अलिन्द कुमारले आफ्नो बाबुको सट्टा आफू मर्न तयार भए । यस सत्य पालनको लागि आत्मउत्सर्गको समयमा राक्षसको मनमा पनि सत्यले प्रभावित पाऱ्यो । उसले भन्यो- *'यस्तो धर्मस्थित, सत्यवादी, उदारपुरुषलाई कसले खान सक्छ ? जसले यस्तो सत्यवादीलाई खान्छ उसको टाउको सात टुक्रा भएर फुट्छ ।'*

महासुत्तसोम जातक (५३७) मा महासुत्तोसोमले पनि दिएको वचनअनुसार उपदेश सुन्नको लागि अवसर लिएर फिर्ता गए । फेरि उपदेश सुनिसकेपछि मनुष्य भक्षककै ठाउँमा फर्किएर गए । 'आफ्नो जीवनको माया नराखी फेरि किन तिमी फर्किएर आएको' भनी मनुष्य भक्षकले सोध्दा महासुत्तोसोमले भने-

*यं केचि मे अत्थि रसा पथव्या,*

*सच्चं तेसं साधुतरं रसानं ।*

*सच्चं ठिता समण ब्राह्मणा च,*

*तरन्ति जाती मरणस्स पारं ॥*

पृथ्वीमा जति पनि रस छ, सत्यरस नै त्यसमा सर्वश्रेष्ठ छ । सत्यमा जो श्रमण ब्राण स्थित हुन्छ, ऊ जम्ममरणको बन्धनबाट पार हुन्छ ।

Downloaded from http://dhamma.digital/

## पद्म जातक (२६१)

अयथार्थताले राम्रो गरे तापनि सार्थक हुँदैन । यथार्थलाई राम्ररी अगाडि राख्नु नै फलप्रद हुन्छ । एकपल्ट तीनजना श्रेष्ठीपुत्रहरु फूलमाला पहिरिएर सजिएर वाराणसी जाने इच्छा भयो । तब तिनीहरुमध्ये एकजना गएर नाक नभएको बगैंचा पालेको प्रशंसा गऱ्यो - 'हे माली दाह्रीजुँगा भनेको खौरेर पठाए पनि फेरि फेरि उम्रेर आउँछ । त्यसरी नै तिम्रो नाक ठूलो भएर आओस् । मलाई कमल फूल अतिकता देऊ ।' यो कुरा सुनेर उसलाई रिस उठ्यो । अर्कोले भन्यो- 'शरदऋतुमा रोपिएको बीउ राम्ररी उम्रेर आउँछ त्यसरी नै तिम्रो नाक उम्रेर आओस् ।' मलाई कमलको फूल दुई थुँगा देऊ । तर पनि मालीले यो असत्य बकवास भनी रिसायो । तब अर्कोले गएर भन्यो- 'कमल फूलको आशाले यी दुबैले पनि असत्य कुरा गरे । यिनीहरुले नाक उम्रेर आओस् भन्दैमा अथवा यिनीहरुले नाक ठूलो नहोस् भन्दैमा न तिम्रो नभएको नाक भएर आउँछ, न त तिम्रो भएको नाक हराएर नै जाने हो । हे मित्र यथार्थ कुरा गरे, त्यसैले मलाई केही कमल फूल देऊ ।' त्यो कुरा सुनेर यसले त सत्य नै कुरा गऱ्यो भनेर मालीले उसलाई कमल फूल दियो । वास्तवमा यो नै स्वाभाविक यथार्थ वचन भाषण प्राप्तिको लागि बोधिसत्वसम्मत मार्ग पनि हो ।

बोधिसत्वहरुले असत्य कुरामा प्रशंसा गरी आफ्नो स्वार्थसिद्ध गर्दैनन् । त्यसरी नै अरु खुशी पार्न आफ्नो गुण पनि प्रकाश पार्दैनन् । आफ्नो जीवनको लागि पनि असत्य कुरा गर्दैनन् । यसको उदाहरणको लागि प्रज्ञापारमितामा उल्लेखित विधुर जातक (५४५) अनुसार विधुरले आफ्नो प्राणको मायाले असत्य कुरा नगरी पुण्णक यक्षको पक्षमा नै निर्णय दिए ।

## सत्य पारमिता, उपपारमिता, परमत्थपारमिता

सम्बोधि लाभको इच्छा गरी पालन गरिने सत्य नै सत्यपारमिता हो । सम्यक् सम्बोधिको लागि सत्यवचन बोल्दा पनि धमसम्पत्ति, छोराछोरीको हानि हुनसक्छ । त्यसैले यो हानिमुक्त हुनलाई समेत सत्यको उल्लंघन नगर्नु नै सत्यपारमिता हो । त्यसरी नै शरीरको अङ्गप्रत्यङ्गलाई हानि भए तापनि कराल गरिसेको उल्लंघन नगर्नुलाई सत्य उपपारमिता भनिन्छ । साथै आफ्नो जीवन जाने भए तापनि वचन उल्लंघन नगरी पालन गरिने सत्यलाई नै सत्य परमत्थपारमिता भनिन्छ । यहाँ यस पारमितासँग सम्बद्ध दुई बोधिसत्व चर्याको चर्चा गरिनेछ ।

## दशरथ जातक (४६१)

वाराणसीको राजा दशरथले चार अगती नपर्ने गरी राम्ररी राज्य गरिरहे । राजा दशरथको पटरानीको तर्फबाट तीनजना सन्तान भए । दुई छोरा राम पण्डित र लक्षण, एकजना छोरी सीता । पटरानीको मृत्यु भएपछि अमात्यहरु धेरै कराए । तब राजा दशरथले अर्की पटरानी स्वीकार गरे ।

Downloaded from http://dhamma.digital/

उनको तर्फबाट राजाको एउटा बच्चा भयो, नाम हो भरत । पुत्र भरतको स्नेहले अभिभूत भएर राजा दशरथले आफ्नी पटरानीलाई एउटा वरदान दिए । पटरानीले पनि वरदान आवश्यक पर्दा लिन्छु भनी वरदान त्यसै थाति राखिन् । केही वर्षपछि भरत राजकुमार पनि ठूलो भए । एकदिन पटरानीले भनिन्- 'महाराज दशरथ, मलाई मेरो वरदान दिनुहोस् । मेरो छोरा भरत ठूलो भयो । उसलाई उत्तराधिकारी बनाउनुहोस् ।'

यो कुरा सुनेर राज दशरथ साह्रै रिसाए । पटरानीलाई गाली पनि गरे । तर त्यसदिनदेखि राजालाई निद्रा लागेन । द्वेष र ईर्ष्याले आफ्नो छोराहरुलाई विशेषतः ठूलो छोरालाई पटरानीले केही गरिदिने हो कि भनेर धेरै चिन्ता भयो । त्यसैले आफ्ना छोराहरुलाई बोलाएर राजा दशरथले भने- 'राजकुमार जङ्गलमा गएर बाह्रवर्ष बस्न जाऊ । तब म मरेपछि फर्केर आएर राज्याशन लिन आऊ ।' राजाले यसो भन्नुको कारण हो- ज्योतिषीहरुले उनको आयु बाह्रवर्ष बाँकी छ भनिएको थियो ।

बाबुको वचन शिरोपर गर्दै बोधिसत्व राम पण्डित जङ्गल जान तयार भए । तर भाइ लक्षण र बहिनी सीता पनि रुँदै सँगै जाने भने । तब तीनैजना दाजुभाइ बहिनी बनवास गए । पुत्रशोकले गर्दा नौ वर्षमै राजा दशरथको मृत्यु भयो । तब राज्याशनको अधिकारीको कुरा आउँदा अमात्यहरुले भने- 'राज्यको अधिकारी जङ्गलमा बसिरहेको छ । तब भरतले पनि नौ वर्षको पुरानो रहस्य बुझ्यो । राम र लक्षणको जङ्गलगमनको कुरा पनि बुझ्यो । भरत अति नै भातृभक्त, त्यसैले भरत आफै गएर दाजुलाई बोलाउन गए ।

जब भरतले दशरथको मृत्यु भएको कुरा बताए, बाबाको शोकमा भरत र सीता धेरै रुए । राम पण्डितले उनलाई धैर्य दिँदै अनित्य धर्मको उपदेश गरे । राम पण्डितलाई वाराणसी फर्किन आग्रह गर्दा राम पण्डितले जवाफमा भने - *'मैले बाबुलाई बाह्रवर्षसम्म जङ्गलमा बसेर आउनेछु भनेको थिएँ । त्यसैले म बाह्रवर्ष जङ्गलमा बस्छु । मैले दिइसकेको वचन पूरा गरेरै मात्र फर्किनेछु ।'* धेरै आग्रह र अनुरोध गरियो तापनि राम पण्डितले राज्यमा फर्किने कुरा स्वीकार गरेनन् । लक्षण र सीतालाई मात्र भरतले आफ्नो साथमा लगे ।

राम पण्डित बाबुको अगाडि स्वीकार गरेको वचनअनुरू अझ तीनवर्ष बनवासमै रहे । यस तीन वर्षसम्म भरतले राम पण्डितको घाँसको जुत्ता राज्याशनमा राखेर राज्य गरे । यसरी बोधिसत्व राम पण्डितले राज्य प्राप्त हुने भएतापनि दिएको वचन उल्लंघन नगरी पालन गरेरै प्रतिज्ञा पूरा गरे ।

## हारित जातक (४३१)

बोधिसत्वहरु लोकनिन्दादेखि डराएर अथवा दण्ड देखेर डराएर अथवा असत्य कुरा बोले पनि विश्वास गर्छन् भनेर असत्यभाषी हुने गर्दैनन् । यथातथ्य भन्नु नै उनीहरुको स्वभाव हुन्छ ।

Downloaded from http://dhamma.digital/

उनीहरुले दुष्चरित्रलाई सुचरित्र गरी वर्णन गर्दैनन् । आफ्नो सुचरित्र पनि अनावश्यक रूपले लोकहितार्थमा नभइकन प्रकाश गर्दैनन् ।

अस्सीकोटी धनद्रव्य त्याग गरेर, सारा तक्षशीलाको शिल्प जान्ने हारित प्रव्रजित भएर जङ्गलमा गए । धेरै वर्षसम्म जङ्गलमा बसेर नून र अमिलोको स्वाद लिन हारित ऋषि वाराणसी आए । वाराणसीको राजाको हारितप्रति धेरै श्रद्धा उत्पन्न भयो । राजाले ठूलो श्रद्धाले आफ्नो दरवारको बगैंचामा परिव्राजक हारितलाई एउटा कुटी पनि बनाइदिए भने उनलाई सधैं भोजन पनि प्रदान गरे ।

एकदिन प्रत्यन्तदेशमा विद्रोह भयो । विद्रोह दमन गर्न राजा स्वयं प्रत्यन्त देशमा जानुपर्‍यो । तर जानअघि हारितलाई सधैं भोजन गराउने काम राजाले आफ्नी महारानीलाई सुम्पिदिए । महारानीले पनि अप्रमादपूर्वक सधैं भोजन दान गर्दै रहिन् ।

एकदिन हारितऋषि धेरै समयसम्म भोजनार्थ आएनन् । महारानी पनि त्यसैले सुगन्धित पानीले एकपल्ट नुहाई नि हाल्छु भनी नुहाउन गइन् । नुहाएर रेशमी वस्त्र बेरेर त्यसै बसिरहिन् । त्यसैबेला नै हारित भिक्षार्थ आइपुगे । पहेंलो वस्त्र अचानक देख्दा महारनी तर्सिन् । हतारहतारमा उठिन् । महारानी यसरी हतारिएर उठ्दा शरीरमा बेरेको रेशमी वस्त्र सबै तल खस्यो । प्रतिकूल आलम्बनले गर्दा बोधिसत्वको आँखामा वासनात्मक चोट पर्‍यो । शान्त भएको राग झोलिभित्रको सर्पजस्तै फुँकार्दै बाह्य रूपमै प्रकट भयो । ध्यानबल छुट्यो । स्मृति ठीक ठाउँमा परेन । तब हारित ऋषि महारानीसँग लोकधर्म सेवन काम वासनमा लीन भए ।

यस लोकधर्मले हारितलाई अभिभूत गर्‍यो । देशमा यस कुराको प्रचारले हारित बोधिसत्वको निन्दा भयो । अमात्यहरुले पनि भएको कुरा राजालाई पत्रद्वारा अवगत गराए । तर राजाले भने विचार गरे - *'यसरी लेखेर मेरो मन बिगार्न यसरी लेखेर पक्कै चाल चलिरहेको होला ।'* केही दिनपछि प्रत्यन्त देशको विद्रोह शान्त गरिसकेपछि राजा आफ्नो दरवारमा फर्के । दरबारमा राजाले स्वयं महारानीसँग हारितको विषयमा सोधे । महारानीले पनि आफूले हारितसँग लोकधर्म सेवन गरेको कुरा स्वीकार गरिन् । तर अझै पनि राजालाई विश्वास लागेन । सिधै उद्यानमा गएर हारित तपश्वीसँग नै राजाले सोधे- *'हे मुनि, मैले सुने हारित अब कामभोगी भइसक्यो । के यो कुरा असत्य हो कि ? अझै शुद्ध विहारी नै भइबसेकै हौला होइन ?'*

त्यसबेला बोधिसत्वले विचार गरे- *'यदि मैले कामोपभोग गरेकै छैन भनेर भन्छु र पनि यस राजाले अवश्य विश्वास गर्छन् । तर यसो भन्दा ममा सत्यता भएको पनि नाश हुन्छ । यस लोकमा सत्यजस्तै ठूलो प्रतिष्ठा कुनै छैन । जसले सत्यलाई उखेल्छ, उसले बोधिवृक्षको मुनि बसेर बुद्धत्व प्राप्त गर्न सक्दैन । त्यसैले मैले जीवनको माया नलिई यथातथ्य सत्यभाषण नै गर्नुपर्छ ।'* यसरी विचार गरी बोधिसत्वले जवाफ दिए -

*एवमेतं महाराजा, यथा ते वचनं सुतं ।*

Downloaded from http://dhamma.digital/

*कुमग्गे पटिमन्नोम्हि, मोहनेय्येसु मुच्छितो ॥*

महाराज, जसरी यहाँले सुन्नुभयो त्यो कुरा त्यस्तै हो । म कामभोगमा मूर्छित भएर कुमार्गगामी भएँ ।

यो स्पष्ट स्वीकारोक्ति सुनेर, बोधिसत्व हारितको सरल सत्यभाषा सुनेर राजा प्रसन्न नै भए । त्यसैले क्रोधित नभएर राजाले हारितलाई कामको कुमार्ग छोड्न सुझाव दिए । राजाको सुझावसहित आग्रह के भयो तुरुन्त बोधिसत्व हारितले कामभोगको दुष्परिणाम फेरि छर्लङ्ग देखे । बोधिसत्वले प्रण गर्नुरे - *'कामभोग अन्धो बनाउने तत्व हो, दुःखदायी हो, महाविषैली हो । मैले यसको जरा पत्ता लगाउने छु । मैले बन्धनसहित रागलाई नष्ट गर्नेछु ।'* यसरी प्रण गर्नासाथ बोधिसत्व हारित तुरुन्त पर्णशालामा प्रवेश गरे । कसिणमण्डलको भावना गरी पुनः ध्यानबल प्राप्त गरे । राजालाई उपदेश दिएर राजालाई रुवाउँदै बोधिसत्व हारित हिमालय प्रदेशतिर लागे ।

Dhamma.Digital

Downloaded from http://dhamma.digital/